# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ शोधपत्रको शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "कवि झाँक्रीखोलेका कविता कृतिको अध्ययन, विश्लेषण र मूल्याङ्कन" रहेको छ ।

## १.२ शोधार्थीको नाम : कल्पना गुरुङ्ग

## १.३ शोधपत्रको प्रयोजन :

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम नेपाली विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनको लागि प्रस्तुत गरिएको छ ।

## १.४ शोधपत्रको विषय परिचय :

नेपाली साहित्यका विविध फाँटमा कलम चलाएर सफलतासाथ उदाएका कवि झाँक्रीखोलेले कथा, कविता,खण्डकाव्य,गजल,निबन्ध,गीत आदि क्षेत्रमा ठूलो योगदान दिएका छन् । कवि झाँक्रीखोलेका पुस्तकाकार कृतिहरु निम्नलिखित रहेको छ ।

१. "चारखोलाको लहर" कविता संग्रह २०५९

२. "कवितासँग बिछोड" खण्डकाव्य २०६०

३. "ब्यौलीढुङ्गामन्तिर" खण्डकाव्य २०६०

४. "भूमिगत" खण्डकाव्य २०६६

५. "कथा भित्रको व्यथा" कथा संग्रह २०६६

माथिका कृतिहरु मध्ये यो शोधपत्रमा झाँक्रीखोलेका कविता र खण्डकाव्य कृतिको मात्र अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

झाँक्रीखोलेका यी कविता कृतिहरुमा गरिबी, विपन्नता, निराश्रायता, सामाजिक वर्गभेद, राजानैतिक अस्थिरता, राष्ट्रिय भावना, मानवतावादी सचेतना, जीवनवादी

दृष्टिकोण, शान्तिको आकाङ्क्षा र स्थानीय चित्रण पद्यलयमा पाइन्छ । नारीहरुले भोग्नुपर्ने समस्या र विवशताको परिचय पनि उनका कृतिहरुमा पाइन्छ। प्रकृति चित्रण, गाँउले परिवेश, नेपालकै हिमाली, पहाडी तथा गाँउले र शहरी समाजवाट विषयवस्तु लिएका छन् । नेपाली साहित्यका केही जीवित र केही दिवङ्गत साहित्यकारहरुको चर्चा गरिएको छ।

समाजसँग निराशावादी बन्दै अब आउने समाजमा नयाँ नौला कामहरु गरेर आशाको ज्योति बाल्नुपर्ने आवश्यकतालाई टड्कारो रुपमा देखाएका छन् । उनका कविता कृतिहरुमा पद्यलयका साथै सरल भाषाशैलीको प्रयोग पाइन्छ । उनका कविता कृतिहरुको अध्ययन, विश्लेषण र मुल्याङ्कन नै यो शोधको विषय रहेको छ।

## १.५ समस्या कथन :

अनेकौ साहित्यकारहरु मध्ये आधुनिक नेपाली साहित्यका क्षेत्रमा देखापरेका स्रष्टाहरु मध्ये साहित्यकार झाँक्रीखोले वर्तमान अवस्थाका क्रियाशिल साहित्यकार हुन् । साहित्यकार झाँक्रीँखोलेको बारेमा जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन भइसके तापनि उनका कविता कृतिको मूल्याङ्कन र विश्लेषण गर्नु यस शोधकार्यको समस्या हो । प्रस्तुत शोधकार्य निम्नलिखित समस्याहरुसँग सम्वद्ध रहने छ ती समस्याहरुलाई प्रश्नात्मक रुपमा यसरी प्रस्तुत गरिएको छ।

१. साहित्य स्रष्टा कवि झाँक्रीखोलेको जीवनी, व्यक्तित्व र कृतित्व के कस्तो रहेको छ ?

२. कवि झाँक्रीखोलेको साहित्ययात्रालाई कति चरणमा विभाजन गरी हेर्न सकिन्छ ?

३. कवि झाँक्रीखोलेका कविता तथा खण्डकाव्यहरुको अध्ययन, विश्लेषण र मूल्यांकन कसरी गर्न सकिन्छ ?

४.कवि झाँक्रीखोलेको नेपाली साहित्यमा योगदान के कस्तो रहेको छ ?

## १.६ शोधकार्यका उद्देश्यहरु

प्रस्तुत शोधपत्रको समास्या कथनमा उल्लेख गरिएका प्रश्नहरुको समस्या समाधान गर्न निम्न उद्देश्यहरु राखिएका छन् ।

१. साहित्य स्रष्टा कवि झाँक्रीखोलेको परिचय दिई उनको जीवनी र व्यक्तित्वको निरुपण गर्नु ।

२. कवि झाँक्रीखोलेको साहित्ययात्रालाई विभिन्न चरणमा बिभाजन गरी अध्ययन गर्ने ।

३. झाँक्रीखोलेद्वारा लिखित प्रकाशित कविताकृतिहरु तथा खण्डकाव्यको अध्ययन विश्लेषण र मूल्याङ्कन गर्ने ।

४. झाँक्रीखोलेको प्रवृत्तिगत योगदानको निरुपण गर्ने ।

## १.७ पूर्वकार्यसमीक्षा

कवि झाँक्रीखोले पूर्वाञ्चलका एक चर्चित साहित्यिक साधक हुन् । उनले नेपाली साहित्यमा उच्चतम् मूल्य बोकेका कविता, कथा, खण्डकाव्य,गजल, निबन्ध आदि लेखेका छन् । लामो समय देखि साहित्य सिर्जनामा क्रियाशील रहँदै आएका झाँक्रीखोलेको वारेमा कमैमात्रमा चर्चा परिचर्चा भएको पाइन्छ । उनका कविता कृतिको बारेमा विस्तृत र सुव्यवस्थित रुपमा अध्ययन र अनुसन्धान भएको पाइदैन । यिनका कविता र खण्डकाव्यको वारेमा जेजति अध्ययन विश्लेषण भएको देखिन्छ । यसक्रममा झाँक्रीखोलेका कविता कृतिको वारेमा भएका चिनारी, भूमिका र कृति विश्लेषणका केही पूर्वकायहरुको विवरण कालक्रमिक रुपमा तल चर्चा गरिएको छ ।

क. डा. चन्द्रमणि अधिकारी

गरिबी बिपन्नता,निराश्रयता सामाजिक वर्गभेद, राजनैतिक अस्थिरता, अन्यौलमया परिस्थिति, चारखोलाको हराभरा,शस्यश्यामला धाराका मनोहरी वातावरण नै कवि यादव अधिकारीका कवित्व प्रस्फूटनका कारक तत्व हुन् ।[१]

ख. माधव भण्डारी

कवि झाँक्रीखोलेका काव्यमा विविध ठाँउको भौगोलिक, प्राकृतिक वर्णन पाइन्छ ।[२]

ग. प्रा. डा. नरेन्द्र चापागाई

कवि झाँक्रीखोँले सुन्दर काव्य रचना गर्ने वहुमुखी प्रतिभाका धनी हुन् ।[३]

१. अधिकारी, डा. चन्द्रमणि, ‘‘चारखोलाको लहर” लाई नियाल्दा (भुमिका खण्ड)

२. भँडारी, माधव, “ब्यौलीढुङ्गामन्तिर” (भुमिका खण्ड)

३. चापागाँई, प्रा. डा. नरेन्द्र “कविता सँग विछोड” (भुभिका खण्ड)

घ. मोहन भण्डारी

कवि झाँक्रीखोलेको काव्यमा भाव, भाषा र लयको सन्तुलित संयोजन पाइन्छ ।[४]

ङ. रमेश खकुरेल

कवि झाँक्रीखोँलेको काव्यमा विगतका स्रष्टा र कृतिको चर्चाका साथै कविताको वर्तमान धारा र भविष्यको केही आश पनि राखेको पाइन्छ ।[५]

च. गुरुप्रसाद पाठक

कवि झाँक्रीखोले ईश्वरवादी र अनीश्वरवादी धारणामा द्वन्द्व प्रस्तुत गर्ने साहित्यकार हुन् ।[६]

## १.८ प्राक्कल्पना

कवि झाँक्रीखोले स्वच्छन्दवादी, प्रगतिवादी  साहित्यकारका साथै प्रकृतिवादी कवि हुन् भन्ने कुरा यस शोधापत्रमा देखाइएको छ ।

## १.९ शोधकार्यको औचित्य, महत्व र उपयोगिता

प्रस्तुत शोधपत्रको अध्ययनबाट नेपाली साहित्यका क्षेत्रमा योगदान दिने साहित्यिक साधक झाँक्रीखोलेका बारेमा जिज्ञासुलाई तथा नेपाली साहित्य कै कुनै महत्वपूर्ण अनुसन्धान परम्परामा धेरै हदसम्म सहयोग पुऱ्याउने छ । यस शोधकार्यको माध्यमबाट नेपाली साहित्यका एक सर्जकका रुपमा कवि झाँक्रीखोलेलाई चित्रण गर्न सकिन्छ । उनको व्यक्तित्वको निर्माण कुन रुपमा कस्तो अवस्थामा भएको छ । प्रकाशित र प्रकाशोन्मुख कृतिहरु के कस्ता छन् ? उनका प्रकाशित कृतिहरुबाट नेपाली साहित्यमा उनीबाट पुगेको योगदानको समीक्षात्मक विश्लेषण गर्ने एवम् कृतिहरुले नेपाली साहित्यमा के कति महत्व राखेको छ भन्ने कुराको अध्ययन यस शोधकार्यमा गरिएको हुँदा यो शोधकार्य औचित्यपूर्ण पनि रहेको छ । यस अध्ययनबाट कवि झाँक्रीखोलेको व्यक्तित्वको चर्चा एवंम् उनका प्रकाशित कृतिहरुको निरीक्षण, अध्ययन र विश्लेषण गरिएको हुनाले यो शोधपत्र नेपाली साहित्यमा एक महत्वपूर्ण उपलब्धि बन्न पुगेको छ ।

---

४. भण्डारी, मोहन “कविता सँग विछोड” (भूमिका खण्ड)

५. खकुरेल, रमेश ‘भुमिगत खण्ड -काव्य हेरेपछि’ (भुमिका खण्ड)

६. पाठक, गुरुप्रसाद, कवि झाँक्रीखोलेको जीवनी व्यक्तित्वको अध्ययन स्नातकोत्तर शोधपत्र, नेपाली विभाग, म.र.ब. इलाम २०६६ । पृ.१९

यस्ता स्रष्टाहरुका रचना उपर शोध गर्ने शोधार्थीहरुका लागि पनि यस अध्ययनले महत्वपूर्ण सामग्री उपलव्ध गराउन सक्ने विश्वास लिइएको छ ।

## १. १० शोधको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा साहित्यकार झाँक्रीखोलेका २०६६ कार्तिक २ गते सम्म प्रकाशित भएका पुस्तकाकार कविता कृतिहरु कवितासङ्ग्रह “चारखोलाको लहर (२०५९) खण्डकाव्यहरु क्रमशः “कवितासँग बिछोड” (२०६०), ‘ब्यौलीढुङ्गामन्तिर’ (२०६२) र ‘भूमिगत’ (२०६६) को अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिने हुँदा यी चार कृति भित्रका कविता र खण्डकाव्यसम्म यस शोधपत्रको सीमाङ्कन रहेको छ । माथि संकलित कविता कृतिहरु बाहेक अन्य अप्रकाशित कविताकृतिहरुको अध्ययन यस शोध कार्यमा गरिने छैन ।

## १.११. सामग्री सङ्कलन र विधि

शोधकार्यका लागी विशेष गरी सामग्री सङ्कलन विशेषत पुस्तककालयबाट उपयोग गरिएको छ । कवि झाँक्रीखोलेको कृतिहरुको अध्ययन सैद्धान्तिक आधारमा गरिएकोले सैद्धान्तिक पुस्तकालयीय अध्ययन गरेर सामग्री जुटाइएको छ । त्यसैगरी उनलाई विशेषरुपमा चिन्ने प्राध्यापक सवै गुरुहरुबाट जानकारी र शोधनायकसँग सम्वद्ध विषयक्षेत्रका विज्ञ व्याक्तिसँग साक्षात्कार गरेर पनि सामग्री सङ्कलन गरिएको छ । यसका अतिरिक्त विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित यस शीर्षकसँग सम्वन्धित लेख रचनाका साथै कृतिपरक अध्ययनमा वर्णनात्मक, विवरणात्मक व्याख्या एवंम विश्लेषणात्मक विधि अपनाइएको छ ।

## १.१२ शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रको संरचना संगठित र सुव्यवस्थित रुपमा पस्तुत गर्नका लागि यस अध्ययनलाई निम्नानुसार परिच्छेदमा विभाजन गरी प्रस्तुत गरिएको छ ।

१. पहिलो परिच्छेद

शोध परिचय

२. दोस्रो परिच्छेद

कवि झाँक्रीखोलेको जीवनी र व्यक्तित्व

३. तेस्रो परिच्छेद

कवि झाँक्रीखाोलेको साहित्यिक यात्रा र चरण विभाजन

४. चौथो परिच्छेद

कवि झाँक्रीखोलेका कविता कृतिको अध्ययन विश्लेषण मूल्याङ्कन

५. पाँचौ परिच्छेद

५.१. उपसंहार

५.२. सन्दर्भ ग्रन्थसूची

५.३. परिशिष्ट

# दोस्रो परिच्छेद

## २.१. कवि झाँक्रीखोलेको जीवनी

### २.१.१. जन्म,जन्म स्थान, बाल्यकाल र शिक्षादीक्षा

कवि झाँक्रीखोलेको जन्म एउटा गरिब परिवारमा वि.सं. २०१० सालमा मेची अञ्चलको पाँचथर जिल्लाको मौवाडाँडाँ गाउँ विकास समिति वाड् नम्बर १ मा भएको थियो । उहाँको हजुरबा स्व. जनकलाल अधिकारी, बुबा स्व. मनोरमा अधिकारी, हुनुहुन्थ्यो । कवि झाँक्रीखोलेको बाल्यकाल मौवा पाँचथरको प्राकृतिक रमणीयतामा  आनन्दित भएर बितेको थियो । बाल्यकालमा साथीहरुसँग घाँस दाउरा गर्न जाने ,गाई, ब्राखा चराउन मन पराउने वनजंगलमा गीत गाउन रुचाउन स्वभावले गर्दा बाल्यकाल ज्यादै रोमान्चक थियो । कवि झाँक्रीखोलेको शिक्षादीक्षाको शुरुवात जन्मथलोबाटै शुरु भएको पाइन्छ । प्राथमिक शिक्षा मौवा गाँउमा रहेको श्री इन्द्रेणी प्राथमिक विद्यालयबाट वि.स. २०२२ सालमा पाँच कक्षा उतीर्ण गर्नुभयो । श्री दुर्गा माध्यमिक विद्यालय रबिबाट वि.स.२०२७ सालमा एस. एल. सी. उतीर्ण गर्नुभयो । श्री महेन्द्ररत्न महाविद्यालय इलामबाट आइ. एडको पहिलो र दोस्रो सेमेष्टर शैक्षिक सत्र वि.स.२०२९/३० मा पुरा गर्नुभयो । वि.स. २०३२/३३ सालमा धनकुटा क्याम्पसबाट तेस्रो र चौथो सेमेष्टरमा पुरा गर्नुभयो ।वहाँले ऐच्छिक अंग्रेजी विषय राखी वि.स. २०५४ सालमा वी.ए. उतीर्ण गर्नुभयो । ऐच्छिक नेपाली विषय राखी वि.स. २०५२ सालमा वी. एड. उतीर्ण गर्नुभयो ।[1]

### २.१.२ उपनयन एवं विवाह

कवि झाँक्रीखोलेकी आमा मनोरमा अधिकारी वि.सं. २०२० सालदेखि नै इलाम जिल्लाको फूएतप्पा गा.वि.स. मा बसोवास गर्दै आउनु भएको थियो ।

त्यसैले वहाँको उपनयन पनि ब्राह्मण परम्परा अनुसार १२ वर्षको उमेरमा वि.सं. २०२२ सालमा फूएतप्पा गा.वि.स. वाड् नं. ५ मा भएको थियो । कवि झाँक्रिखोलेको परम्परागत रुपमा पाँचथर जिल्लाको यासोक गा.वि.स. वार्ड नं. आठ निवासी प्रतिमान पो्खरेल र दमन्ता पोखरेलकी जेठी छोरी तुलसा पोखरेलसँग वि.सं २०२९ सालमा १९ वर्षको उमेरमा विवाह भएको थियो ।

### २.१.३ पारिवारिक स्थिति

कवि झाँक्रीखोलेको परिवार मध्यम संङ्ख्याको रहेको छ । दाजु भाई जम्मा ५ जना जेठो चन्द्रशेखर अधिकारी, माहिलो यादवप्रसाद अधिकारी, साहिलो गंगाप्रसाद अधिकारी

१. लेखकसँगको कुराकानिबाट शोधार्थीलाई प्राप्त जानकारी

(खोलाघरेसालो) काइलो इश्वरम अधिकारी, कान्छो स्व. खगेन्द्र प्रसाद अधिकारी को चाहिँ २०५० सालमा असामयिक निधन भइसकेको छ । दिदिहरु जम्मा २ जना खेवरादेवी ढुङ्गाना र पुण्येश्वरा पौड्याल छोराछोरी जम्मा ५ जना, ५ जना मध्ये छोरी ३ जना र छोरा २ जना रहेका छन् । छोरी जेठी सञ्जीवना, माहिली मन्जीला, कान्छी वन्दना अधिकारी छोराहरुमा जेठो मातृका अधिकारी र कान्छो पशुराम अधिकारी तथा एक श्रीमती तुलसा अधिकारी हुनुहन्छ ।

## २.१.४ साहित्य सिर्जनाको प्रेरणा र आरम्भ :

साहित्य लेखनमा अरुको प्रेरणा महत्वपूर्ण पक्ष मानिन्छ । गुरुको प्रेरणा, अबिभावकको प्रेरणा, दार्शनिकको प्रेरणा, राजनैतिक चिन्तनको प्रेरणा, कवि कलाकारको प्रेरणा आदिले कवि साहित्यकारहरुलाई लेखन कार्यमा उत्साहित पार्दछ । एक दुई ओटा कृतिहरु प्रकाशन गरेपछि पाठक वर्गले दिएको प्रेरणा त सबैभन्दा ठूलो प्रेरणा बन्दछ । प्रेरणाले नै साहित्यकारलाई प्रगतिको चुचुरामा पुऱ्याउँछ । कवि भ्काँक्रीखोलेको लागि साहित्य रचनाको मुख्य प्रेरणा घरायसी वातावरण बन्न पुग्यो । यसै क्रममा मनोरमा अधिकारी (भ्काँक्रीखोलेकी आमा ) शिक्षाका दृष्टिले पछि परे पनि श्लोकहरु लय हालेर गाउँनुहुन्थ्यो । आमाले गाएका रामायणका श्लोकहरुले भ्काँक्रीखोलेको बालमस्तिस्कमा गहिरो छाप पऱ्यो । यही छापका कारण छोटा-छोटा कविताहरु रचना गर्न शुरु गर्नुभयो । यसका अतिरिक्त माधवप्रसाद घिमिरेको प्रभाव, भानुभक्त, भूपिशेरचन, गोपालप्रसाद रिमाल आदिको प्रभाव भ्काँक्रीखोले पाइन्छ ।

कवि भ्काँक्रीखोले वि.स.२०२३ सालमा 'अर्ति' कविता लेखेर लेखनकार्यमा अगाडी वढेको पाइन्छ ।[२]

## २.१.५ सम्मान तथा पुरस्कार :

कवि भ्काँक्रीखोलेले राष्ट्रिय स्तरबाट प्रोत्साहन पाउन सकेको छैन । सञ्चारको विकास हुदैं विभिन्न एफ.एम. हरुको प्रसारण हुन थालेपछि प्रोत्साहित हुन थालेको पाइन्छ ।

उहाँको साहित्यिक रचनाहरु गणस्तरिय भएर पनि खासै धेरै प्रात्साहिन र पुरस्कार भने पाउन सकेको छैन । स्थानिय स्तरका कविगोष्ठिहरुबाट पुरस्कृत हुदै अगाडी बढेका भ्काक्रीखोलेले निम्नलिखित पुरस्कार तथा अभिन्दन प्राप्त गरेका छन् ।[३]

२. लेखकसँगको कुराकानिबाट शोधार्थीलाई प्राप्त जानकारी

३. लेखकसँगको कुराकानिबाट शोधार्थीलाई प्राप्त जानकारी

१. कन्चनजघां एफ.एम. द्धारा सञ्चालीत "अनेक प्रतिभाा एक कविता" कार्यक्रममा पुरस्कारद्धारा सम्मानित ।

२. वृहत साहित्यिक एवम् साँस्कृतिक कार्यक्रम अन्तर्राष्ट्रिय स्तरको त्रिदिवसिय कार्यक्रम दमक झापावाट कृति विमोचनका साथै अभिनन्दीत २०६० ।

३. सप्तकोशी एफ.एमद्धरा अभिनन्दन ।

४. कञ्चन साहित्य समाज पाँचद्धारा अभिनन्दन २०६५ ।

५. महाकवि लक्ष्मीप्रसाद देवकोटा शतबार्षिकी मूल समारोह समिती इलामद्धारा प्रशंसा -पत्र ।

६. देवकोटा शतबार्षिकी मूल समारोह समितिद्वारा संमान-पत्र २०६८

७. रबी पर्यटन महोत्सव पाँचथरद्वारा प्रशंसा-पत्र २०६८

## २.१.६ प्रकाशित लेख रचनाहरु :

झाँक्रिखोलेको साहित्यिक लेखनको मूख्य विधा कविता विधा नै हो । गौण विधाका रुपमा भने गजल,निबन्ध र कथा रहेका छन् । स्वच्छन्दवादी भाव अंगालेर नेपाली साहित्यको विविध विधामा उत्कृष्ट पुस्तककार कृतिहरु प्रकाशित गरेका छन् । कवि झाँक्रीखोलेका पुस्तककार कृतिहरु कालक्रम अनुसार तल दिइएको छ ।[४]

१. "चारखोलाको लहर कविता" संग्रह (२०५९)

२. "कविता संग विछोड" खण्डकाव्य (२०६०)

३. "व्यौलीढुङ्गा मन्दिर" खण्डकाव्य (२०६२)

४."कथाभित्रको व्यथा" कथा संग्रह (२०६६)

५. "भूमिगत" खण्डकाव्य (२०६६)

## २.१.७. साहित्यिक दृष्टिकोण :

कुनै पनि साहित्यकारका साहित्यिक कृतिका यथार्थ मूल्य निर्धारण गर्नका लागि उनको जीवन जगत प्रतिको दृष्टिकोणलाई बुझ्न पनि नितान्त आवश्यक हुन्छ । यस सन्दर्भमा कवि झाँक्रीखोलेलाई हेर्दा उनी स्वच्छन्दवादी प्रगतिवादी साकिहत्यकार भएकाले उनको जिवन जगत् प्रतिका धारणा पनि स्वच्छन्दवादी प्रगतिवादी तथा अलिक नैरस्याबादी पनि छ । उनको विचारमा साहित्यकारले आफ्नो वरिपरिको परिवेशमा भएका सामाजिक,

४. लेखकसँगको कुराकानिबाट शोधार्थीलाई प्राप्त जानकारी

आर्थिक, राजनैतिक पक्षले ल्याएका राम्रा/नराम्रा दुबै कुराहरुलाई साहित्यको विषयवस्तु वनाउनु पर्दछ । साहित्य लेखन कुनै वर्गका लागि मात्र लक्षित नभई  सबै पाठकका लागि बराबर स्वाद चखाउटन सक्ने हुनुपर्दछ । साथै भाषामा सजिवता ल्याउनका लागि लेखनमा पनि बोलीचालीको भाषा प्रयोग गरिनुपर्दछ भन्ने कविको भनाई छ ।

## २.१.८ झाँक्रीखोलेको व्यक्तित्व

### २.१.९.१ पृष्ठभूमि :

सामान्यतया व्याक्तित्व दुई प्रकारका हुन्छन् । १. आन्तरीक व्यक्तित्व   २. बाह्य व्याक्तित्व कवि झाँक्रीखोलेको व्याक्तित्वका विभिन्न पक्षहरुलाई यसरी प्रस्तुत गरिन्छ ।

### २.१.९.२ शारीरिक तथा साहित्यिक व्यक्तित्व :

कवि झाँक्रीखोलेको शारीरिक उचाई ५ फिट ६ इन्च रहेको छ । शारीरिक तौल ६० के.जी. रहेको छ ।वर्ण गहुँगोरो, शरिर दुव्लो पातलो रहेको छ । सानै देखि उहाँ ग्यास्टिक र अल्सर रोगबाट पिडित हुनुहुन्छ । पोषाकमा सट, पाइन्ट, कम्मरमा छालाको पेटी, पाउमा काला जुत्ता, शिरमा ढाका टोपी, आखाँमा आखाँको क्षमतासँग मिलाएर चस्मा लगाउनु हुन्छ ।[५]

कवि झाँक्रीखोलेले नेपाली साहित्यका विविध विधामा कलम चलाएका छन् । झाँक्रीखोलेको साहित्यकारितालाई हेर्दा वहाँका कविता, खण्डकाव्य,कथा र निबन्धमा आफ्नै गाउँ ठाउँका सामाजिक, साँस्कृतिक, भौगोलिक वस्तु स्तिथिको प्रस्तुति भएको पाइन्छ । वहाँका साहित्यिक रचनाहरुमा व्यङ्ग्य, विरोध,प्रसंसा र युवा जागृतिको आवज पाइन्छ । समग्रमा वहाँका साहित्यिक व्यक्तित्वलाई विधागत रुपमा प्रस्तुत गरिन्छ ।

### क. कविका रुपमा झाँक्रीखोले

कवि झाँक्रीखोले साहित्यिक व्यक्तित्वमा कवि व्यक्तत्व उल्लेखनीय छ ।झाँक्रीखोलेको कविताकारितालाई द्वन्द्ववादी र छन्दमुक्त दुवैखाले मान्न सकिन्छ । चारखोलाको लहर' (२०५९) कविता संग्रह प्रकाशित भएको छ । गरिबी, विपन्नता, निराश्रयता, सामाजिक वर्गभेद, राजनैतिक अस्थिरता, अन्यौलमय परिस्थिती तथा चारखोलाको हराभरा शस्यश्यामला धाराको मनोहरी वातावरणनै कवि यादव अधिकारीको कवित्व प्रस्फुटनका कारक तत्व वनेका देखिन्छन् ।[६]

---

५. लेखकसँगको कुराकानिबाट शोधार्थीलाई प्राप्त जानकारी

६. अधिकारी, चन्द्रमणी, 'चारखोलाको लहरलाई नियाल्द,'भूमिका खण्ड

उनका कविताहरुमा कतै भानुभक्तिय शैली कतै देवकोटाको शैली कतै मोहन कोइरालाको शैली जस्तो विसङ्गतीवादी दृष्टिकोणको प्रस्तुतीकरण भएको पाइन्छ ।

## ख. कथाकारका रुपमा झाँक्रीखोले :

कविताका क्षेत्रमा विशेष प्रसिद्धि कमाएका झाँक्रीखोलेले कविताका साथै कथाकारका रुपमा पनि आफूलाई स्थापित गराएका छन् । उनका कथाहरुको संग्रह "कथा भित्रका व्यथा" ( २०६६) प्रकाशित भएको छ । विशेष गरेर कथाकार 'झाँक्रीखोले' गाउँले जनजीवनका दुख, पीडा, आरोह अवरोह तथा घटना-दूर्घटनाहरुलाई यस कथा संग्रहमा प्रस्तुत गरेका छन् ।[७]

## ग. गजलकारका रुपमा झाँक्रीखोले

मोतिराम भट्टबाट सुरु गरिएको नेपाली गजललाई विभिन्न गजलकार हस्तिहरुबाट गोडमेल र विकास गर्दै आउने क्रममा झाँक्रीखोले पनि थप टेवा दिएको पाइन्छ । उनका 'जीवनी' गजल सँग्रह अप्रकाशित रुपमा रहेको छ ।

## घ. खण्डकाव्यकारका रुपमा झाँक्रीखोले

खण्डकाव्य कविताको मझौला रुप हो । कवि झाँक्रीखोलेको 'कविता सँग विछोड' ( २०६०) पहिलो प्रकाशित खण्डकाव्य हो । यस खण्डकाव्यमा कविको कविता सँगै विछोड पो होला की ! भन्ने त्राशदिपूर्ण कवि उद्‌गार यहाँ व्यक्त भएको छ । कवितासँग कहिलै विछोड नहोस भन्ने कवि कामना यहाँ व्यक्त भएको छ ।[८] ''ब्यौलीढुङ्गामन्तिर'' (२०६२) दोस्रो प्रकाशित खण्डकाव्य हो । यस खण्डकाव्यले पौराणिक किम्वदन्तिलाई विषयवस्तु वनाई प्राचिनकालको मान्छेको अवस्थालाई चित्रण गरेको पाइन्छ । "भूमिगत" (२०६६) तेस्रो प्रकाशित खण्डकाव्य हो । यस खण्डकाव्यमा प्राचिनकालदेखि हालसम्मका कविहरुको प्रसंग उल्लेख गरिएको छ ।

## ङ. निबन्धकारका रुपमा झाँक्रीखोले

निबन्धकारीताको दृष्टिले पनि झाँक्रीखोले सफल व्याक्तित्व मान्न सकिन्छ । उनको २१ औं शताव्दीको दन्ते "न" नै निवन्ध संग्रह अप्रकाशित रुपमा रहेको छ । यसैका आधारमा पनि उनको निबन्धकार व्यक्तित्वलाई नियाल्दा निजात्मकता, विचारप्रवाह कम तर व्यङ्ग्यचेत बढी भएका निवन्धकारका रुपमा उनलाई राख्न सकिन्छ ।

---

७. तिमसिना, अनिरुद्ध, 'कथाभित्रको व्यथा' भित्र केही क्षण विचरण गर्दा भूमिका खण्ड

८. भण्डारी, मोहन 'दुई शव्द' भूमिका खण्ड

## २.१.९.४ साहित्येत्तर व्यक्तित्व

### क. शिक्षक व्यक्तित्व :

कवि झाँक्रीखोले पेशाका दृष्टिले शिक्षक हुनुहुन्छ । गाउँकै विद्यालयमा ज्ञानको ज्योति बाल्न चाहनुहुन्छ । क्षमताको दृष्टिले हेर्दा वहाँ विद्यालय तहमा नेपाली र अंग्रेजी दुवै विषयमा पढाउन सक्षम हुनुहुन्छ । वि.स. २०३० सालदेखि हाल २०६८ साल सम्म शिक्षण पेशामा आवद्ध रहेर सेवा गर्दै हुनुहुन्छ । विद्यार्थीहरुलाई ज्ञानरुपी भोजन दिएर अज्ञानताका समस्याहरुवाट तारी रहनुभएको छ ।[९]

### ख. समाजसेवक व्याक्तित्व

कवि झाँक्रिखोले लेखक, साहित्यकारका साथै समाजसेवक व्याक्तित्व हुन् । समाजमा वसेपछि सामाजिक सेवा गर्नु असल नागरिकको कर्तव्य हो । समाज सेवाका दृष्टिकोणले विभिन्न संघ संस्थाहरुमा संलग्न रहेर सेवा गर्दै जीवन बिताउँदै हुनुहुन्छ ।

सामाजिक संघ संस्थाहरुमा संलग्न हुने क्रममा वहाँ श्री विष्णु मा.वि. फुएतप्पाका प्रधानाध्यापक , सूर्योदय शिक्षा सदन मंगलबारेको सियर सदस्य, इलाम एफ.एम. इलाममा सियर सदस्य, साहित्य कला सङ्गीत मञ्च मंगलवारे इलामका सदस्य, जडिवुटी बहुउद्धेश्य सहकारी संस्था रवि पाँचथरमा आवद्ध , नेपाल रेडक्रस सोसाइटीका आजीबन सदस्य रहनु भएको छ । यसका साथै गाउँ स्तरीय विभिन्न स-साना सामाजिक संघ संस्थामा पनि आवद्ध हुनुहुन्छ ।[१०]

---

९. लेखकसँगको कुराकानिबाट शोधार्थीलाई प्राप्त जानकारी

१०. लेखकसँगको कुराकानिबाट शोधार्थीलाई प्राप्त जानकारी

### २.१.९.५ जीवनी, व्यक्तित्व र साहित्यिक लेखन बीच सम्वन्ध

कवि झाँक्रीखोलेको जीवनलाई हेर्दा उनको जीवनचक्र विभिन्न परिवेशका माध्यमबाट साहित्य क्षेत्रमा प्रवेश गरेको पाइन्छ । सानै उमेर देखि शिक्षा दीक्षा पाएका कवि झाँक्रीखोलेले विभिन्न पूर्वीय तथा पाश्चात्य साहित्यकारका कृतिहरुको स्वअध्ययनवाट र वाल्यकालमा आमाका मुखबाट उद्गार भएका रामायण  महाकाव्यका रसिला श्रुति मधुर स्वरहरुबाट उनमा साहित्यिक रचनामा रस भिजेको पाइन्छ । यसकै फलस्वरुप २०२३ सालमा १३ वर्षको कलिलो उमेरमा चेतनामूलक कविता 'अर्ति' शीर्षकमा रवि पाँचथरमा आयोजित कविता गोष्ठीमा प्रथम छनोट भई साहित्य भित्र छिर्न सफल भएको पाइन्छ । झाँक्रीखोले स्रष्टा व्यक्तित्वमा कवि व्यक्तित्व नै प्रमुख रुपमा देखिन्छ । उनको लगाव पनि यसै क्षेत्रमा वढी देखिन्छ । सरल र स्पष्ट शैली छन्दमा कविता रचना गर्ने झाँक्रीखोले सम्पूर्ण पाठकहरुको मन जित्न सफल भएका छन् । गाउँ समाज र राष्ट्रिय परिवेशसँग परिचित झाँक्रीखोलेको जीवनी व्यक्तित्व र साहित्यिक लेखनबीच दह्रो सम्वन्ध रहेको पाइन्छ ।

# तेस्रो परिच्छेद

## ३.१. कवि झाँक्रीखालेको साहित्यिक यात्रा र चरण विभाजन

कवि झाँक्रीखोले नेपाली साहित्य विधाका विविध फाँटमा कलम चलाएका छन् । उनी कविता यात्राका साथसाथै कथा, खण्डकाव्य, गजल, निवन्ध लेखनमा समेत सक्रिय देखिन्छन् । कवि झाँक्रीखोले 'चारखोलाको लहर' (२०५९) कविता सङ्ग्रहबाट साहित्य क्षेत्रमा उदाएका हुन् । झाँक्रीखोलेका खण्डकाव्यहरु क्रमशः 'कवितासँग विछोड' (२०६०), ब्यौलीढुङ्गामन्तिर ( २०६२), 'भूमिगत' 'कथाभित्रको व्यथा' कथा संग्रह (२०६६) पुस्तककार रुपमा प्रकाशित कृतिहरु हुन् । यसका अतिरिक्त 'जवानी गजल संग्रह' 'घोप्टो काठ्माडौँ' कविता संग्रह र २१ औँ शताव्दीको दन्ते "न" निबन्ध संग्रह प्रकाशोन्मुख कृतिको रुपमा रहेका छन् ।[१] साहित्यरचनाको समय अवधी र त्यस समय अवधिमा रचना भएका साहित्यिक कृतिका आधारमा साहित्य रचना यात्रालाई निम्न अनुसार प्रस्तुत गरिन्छ ।

### ३.१.१ प्रथम चरण (२०२३ - २०४३)

कवि झाँक्रीखोलेको साहित्ययात्राको प्रथम चरण वि.स. २०२३ सालमा रवि पाँचथरमा आयोजित कविता गोष्ठीबाट भएको हो । उनको 'चेतवानी' कविता पहिलो प्रकाशित कविता हो ।[२] यस अवधिलाई कविता रचनाको अभ्यास कालमा रुपमा मान्न सकिन्छ ।

### ३.१.२ दोस्रो चरण (२०४३ - २०५९)

कवि झाँक्रीखोलेको पहिलो चरणपछि उनका कृतिहरु प्रकाशित भएका छन् । यस चरणमा 'चारखोलाको लहर' कविता संग्रह (२०५९) प्रकाशित भएको छ । यस कविता संग्रहमा गरिवी, बिपन्नता, निराश्रयता, सामाजिक वर्गभेद, राजनैतिक अस्थिरता, अन्यौलभमय परिस्थिति तथा चारखोलाको हराभरा आदिको अभिव्यक्त गरेका छन् । झाँक्रीखोलेको चरणमा निम्नलिखित कविताकृतिहरु पाइन्छन् । झाँक्रीखोलेका यस चरणमा प्रकाशित "चारखोलाको लहर" भित्र निम्न लिखित कविता कृतिहरु संङ्कलित छन् ।[३]

१. इलाम २. शिक्षा ३. जन्मेको हुन्छ नेपाली भिजेको आफ्नै माटोमा ४.राष्ट्र - स्वाभिमान ५. रेखामुनीको मान्छे ६. सत्ता गुमाएपछि ७. गगां तिमी शुद्ध छयौ ८. अभिमन्यु अव उठ ९.सभ्यता र विसङ्गति १०.मेरो परिचय ११. थुनिएको आवाज

---

१. लेखकसँगको कुराकानिबाट शोधार्थीलाई प्राप्त जानकारी

२. लेखकसँगको कुराकानिबाट शोधार्थीलाई प्राप्त जानकारी

३. लेखकसँगको कुराकानिबाट शोधार्थीलाई प्राप्त जानकारी

१२.सौता रोज्ने पुरुषलाई १३. यसले सकेन १४. एउटा मरेको आत्मा १५. आन्दोलनको ज्वाला १६. आत्माहत्या १७. तिम्रो रहस्य के छ ? १८. टुका टाक्री १९. थुक्क २०. कुनै आखाँको खाँचो छ २१. कस्ती सुन्दरी २२. चुनाव महिमा २३. के खाने के नखाने २४. खै के के चाहिएको छ ? २५. समय २६. होसियार रहनुपर्छ २७. निभ्न आँटेको वत्ती २८. यो कविता भएन २९. काग र काकाकुलहरु ३०. पौरखीको इतिहास ३१. शहर र गाँउ ३२. सगरमाथा ३३. मेरो रविहाट ३४. हिम - वैभब ३५. वसन्त ३६. भ्रष्टाचार ३७. तिनतिर्की ३८. जुवाडे यसरी कवि झाँक्रीखोले १६ वर्षे लामो समयमा जम्मा 'चारखोलाको लहर' (२०५९) कविता संग्रह मात्र पाठकलाई दिन सकेको पाइन्छ । यस चरणमा कवि झाँक्रीखोलेको साहित्यिक यात्रा उपलब्धिपूर्ण रहेको छ ।

## ३.१.३ तेस्रो चरण (वि.स. २०६० देखि हालसम्म)

तेस्रो चरणलाई पहिचान गर्ने मुख्य माध्यम भनेको खण्डकाव्यहरुको रचना काल हो । यस चरणका खण्डकाब्यहरु क्रमशः "कवितासँग विछोड" (२०६०) "ब्यौलिढुङ्गामन्तिर" (२०६२) र "भूमिगत" (२०६६) हुन् । यसै चरणमा 'कथा भित्रको व्याथा' (२०६६) कथा संग्रह पनि प्रकाशित भएको छ । "कवितासँग विछोड" खण्डकाव्यमा कवितासँग बिछोड पो होला की ! भन्ने त्रासदिपूर्ण उद्गार यस खण्डकाब्यमा व्यक्त गरिएको छ ।[४] "भुमिगत'' खण्डकाव्यमा दिवंगत महाकवि देवकोटासँग बार्तालाप गरेको शैलीमा नेपाली साहित्यका केही विगतका स्रष्टा र कृतिको चर्चा गरिएको छ । "कथा भित्रको ब्यथा" कथा संग्रहमा १४ वटा कथाहरु संकलित छन् । बिशेष गरेर कथाकार झाँक्रीखोलेले गाउँले जनजीवनका दुःख, पीडा, आरोह, अवरोह तथा घटना-दुर्घटनाहरुलाई प्रस्तुत गरेका छन् । त्यसैले यस चरणमा कवि झाँक्रीखोलेको साहित्यिक यात्रा दोस्रो चरणको भन्दा उपलब्धि पूर्ण रहेको छ । यसपछि पनि साहित्य रचनामा निरन्तर लागिरहेको पाइन्छ । गजल, कविता र निवन्ध संग्रहको विकासमा उत्कर्षता आइरहेको अवस्थामा कविको "जवानी" गजल संग्रह, "घोप्टो काठमाण्डौं" कविता संग्रह र २१ औं शाताब्दीको दन्ते "न" निबन्ध संग्रह प्रकाशोन्मुख अवस्थामा रहेको छ ।

---

४. भण्डारी, मोहन 'दुई शव्द' भूमिका खण्ड

## निष्कर्ष

साहित्यकार झाँक्रीखोलेको अन्ठाउन्न (५८) वर्ष सम्मको जीवनावधिलाई विभिन्न पक्षबाट हेर्न सकिन्छ । पारिवारिक पृष्ठभूमि, शिक्षा दीक्षा तथा विभिन्न समयमा पाएका सम्मान तथा पुरस्कार आदिले उनको जीवनमा प्रभाव पारेको देखिन्छ । कविता विधाबाट लेखनयात्रा शुरु गरेका झाँक्रीखोलेले कविता, कथा, निवन्ध, खण्डकाव्य, गजल आदीमा प्रवेश गरी आफूलाई वहुमुखी प्रतिभाका धनी तुल्याएका छन्  कवि झाँक्रीखोलेले नेपाली समाजमा प्रचलीत छुवाछुत भेदभाव, घृणा द्वोष, स्थानीय चित्रण, विकृति विसंगति, जस्ता विविध पक्षलाई ढाल्दै साहित्य सिर्जना गरेका छन् ।

# चौथो परिच्छेद

## ४.१. झाँक्रीखोलेका कविता कृतिको अध्ययन, विश्लेषण र मूल्याङ्कन

### ४.१.१ कविताको सैद्धान्तिक परिचय

#### ४.१.१.१ कविताको शव्दको व्यूत्पति

साहित्यको एउटा महत्पूर्ण विधा कविताका बारेमा पूर्व र पश्चिम दुवै तिर प्रसस्त चर्चा परिचर्चा भएको पाइन्छ । पूर्वीय साहित्यशास्त्रमा काव्य शव्दको व्यूत्पति कवि शव्दमा (व्यत्) प्रत्यय लागेर भएको हो ।[१] यसले कविद्धारा गरिएको रचना अथवा कविको सिर्जना भन्ने अर्थ बोध हुन्छ । काव्य सिर्जना गर्ने व्यक्तिलाई कवि भनिन्छ । कवि शव्दको निर्माण 'कव्' धातुमा ई प्रत्यय लागेर भएको हो ।[२] कव्को अर्थ सर्वज्ञाता वा वर्णन कौशल भन्ने हुन्छ ।

पूर्वीय साहित्यमा काव्यको समानार्थीका रुपमा लिइएको कविता शव्दको व्यूत्पति कवि शव्दमा 'त' र 'आ' अर्थात कवि + ता बाट भएको हो ।[३] कविले रचनाकारलाई तथा 'ता' ले कविको रचनालाई बुझाउँछ । पूर्वीय साहित्यमा काव्य, कविता र कवि शव्द परस्पर सम्बद्व देखिन्छ । पश्चिमी साहित्यशास्त्रमा कवितालाई पोएट्री अथवा पोएम् भनिन्छ । पोएट्री अथवा पोएम् शव्दले कविद्धारा सिर्जित पद्यात्मक रचना अथवा कविकर्म भन्ने अर्थ बुझिन्छ । यसर्थ पूर्व र पश्चिम दुवैतिर यिनले दिने अर्थ पनि प्रायः समान रहेको देखिन्छ ।

#### ४.१.१.२ कविताको परिभाषा

पूर्वीय तथा पश्चिमी साहित्यका विभिन्न विद्धानहरुले प्राचिन कालदेखि नै कवितालाई चिनाउने क्रममा यस समवन्धि अवधारणाहरु अगि सार्दै आएको पाइन्छ । ती मध्ये केही अवधारणाहरुलाई यहाँ प्रस्तुत गरी एउटा उपयुक्त परिभाषा तयार गर्न आवश्यक देखिन्छ । संस्कृत साहित्यशास्त्रीहरुले प्राचीनकालदेखि नै काव्य सम्वन्धि धारणाहरु प्रस्तुत गरेपनि संस्कृतमा स्पष्टः कविता नै भनेर कहिले पनि परिभाषा गरेको पाइदैन । कविताको परिभाषा खोज्ने क्रममा सारिएका काव्य सम्वन्धि प्रमुख धारणाहरु तल प्रस्तुत गरिन्छ ।

---

१. लुइटेल, खगेन्द्रप्रसाद, कविता सिद्धान्त र नेपाली कविताको इतिहास काठमाण्डौ : (नेपाल राजकीय प्रज्ञा - प्रतिष्ठान, २०६०। पृष्ठ १

२.लुइटेल, खगेन्द्रप्रसाद, कविता सिद्धान्त र नेपाली कविताको इतिहास काठमाण्डौ २०६०। पृष्ठ १

३.लुइटेल, खगेन्द्रप्रसाद, कविता सिद्धान्त र नेपाली कविताको इतिहास काठमाण्डौ, २०६०। पृष्ठ १

भामह - “शव्द र अर्थको सहभाव काव्य हो ।”[४]

विश्वनाथ - “रसात्मक वाक्य काव्य हो ।”[५]

जगन्नाथ - “रमणीय अर्थ प्रदान गर्ने शव्द काव्य हो ।”[६]

यसरी पूर्वीय साहित्यमा प्रारम्भदेखि नै काव्यका शव्द, अर्थ, अलङ्कार, ध्वनी जस्ता वाह्यान्तरिक पक्षहरुका बारेमा चर्चा गरेको पाइन्छ । उत्तरवर्ती आर्चायहरु मध्ये कुन्तकले बक्रोक्रिलाई क्षेमेन्द्रले औचित्यलाई काव्यको आरम्भ मानेर आ-आफ्ना धारणहरु अगि सारेका छन् ।

पाश्चात्य साहित्यका विभिन्न कवि, समालोचक, एवम् चिन्तकहरुले प्राचिनकालदेखि नै कवितालाई विभिन्न ढगंले परिभाषित गरेको पाइन्छ । केहि प्रमुख परिभाषाहरु यस प्रकार छन् :

फिलिप सिडनी - “अनुकरणको कलानै साहित्य हो ।”[७]

एडगर एलेन पो - “सौन्दर्यको लयात्मक सिर्जना कविता हो ।”[८]

विलियम हेनरी हड्सन - “कविता कल्पना र भावनाद्धारा गरिएको जीवनको व्याख्या जस्तै हो ।”[९]

यसरी हरेक परिभाषामा पाइने पृथक विशिष्ट पक्षहरु मध्ये कल्पना मनोवेग भावनाविचार, लय, संगित, भाषिक अभिव्यक्तिगत विशिष्टता आदिलाई समन्वय गरेर समग्रमा कवितालाई यसरी चिनाउन सकिन्छ ।

---

४. लुइटेल, खगेन्द्रप्रसाद, कविता सिद्धान्त र नेपाली कविताको इतिहास (काठमाण्डौं : नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, २०६०)पृष्ठ ६

५. लुइटेल, खगेन्द्रप्रसाद, कविता सिद्धान्त र नेपाली कविताको इतिहास पृष्ठ ६

६. लुइटेल, खगेन्द्रप्रसाद, कविता सिद्धान्त र नेपाली कविताको इतिहास पृष्ठ ६

७. लुइटेल, खगेन्द्रप्रसाद, कविता सिद्धान्त र नेपाली कविताको इतिहास पृष्ठ ९

८. लुइटेल, खगेन्द्रप्रसाद, कविता सिद्धान्त र नेपाली कविताको इतिहास पृष्ठ ११

९. लुइटेल, खगेन्द्रप्रसाद, कविता सिद्धान्त र नेपाली कविताको इतिहास पृष्ठ ११

श्रुतिमधुर भएको, लयवद्ध, कल्पना र भावनाद्धारा जीवनको व्याख्या गरिएको सौन्दर्ययुक्त रसात्मक विधा नै कविता हो । नेपाली साहित्यको कतिपय कवि समालोचक एवम् चिन्तकहरुले पनि कविताको परिभाषा गरेका छन् । तल केही स्रष्टाहरुको परिभाषाहरु दिएका छन् । पारसमणि प्रधानले कवि र कविता (२०१४) मा कवितालाई यसरी चिनाएका छन् ।[१०]

कवि कविता होस,

कविता कवि होस्

कविता तव पो हुन्छ ।

शव्द थुपारी कन के हुन्छ ?

भाव भए पो हुन्छ ।

युग कवि सिद्धिचरण श्रेष्ठले सिद्धिचरणका प्रतिनिधि कविता (२०४५) मा मानसिक ग्रन्थि फुकाएर यर्थाथताको झलक दिलाउनु कविता हो र यो सत्यको उद्‌घाटन पनि हो भनेका छन् । मोहन राज शर्माले समकालिन समालोचना सिद्धान्त र प्रयोग (२०५५) मा विचार, भाव वा घटनाको लयात्मक संरचनालाई कविता भनेका छन् । नेपाली शव्द सागर उक्त कथनलाई पुष्टि गर्दै आफ्ना सम्वेदनशिल अनुभुति र मानसरोवरवाट तरङ्गीत हुदै आएका भावनालाई छन्द वा लयमय रुपले प्रकट गरिएको कृति वा रचना नै काव्य हो ।

प्रारम्भ कालदेखि वर्तमान काल सम्म आईपुग्दा कविताले आफ्नो अभिव्यक्तिलाई युगानुकुल बनाउँदै लगेको छ । कविता पद्य रचना मात्र नभएर गद्यात्मक रुपमा विविध विषयवस्तुलाई अंगाल्न सक्ने विधाका रुपमा रहेको छ । संस्कृत, पश्चिमी र नेपाली विद्धानहरुका माथि प्रस्तुत गरिएका कविताका परिभाषाहरुलाई समग्र अध्ययन विश्लेषण गरि कविताको संरचना तत्वहहरुको निर्धारण गर्ने गरिन्छ ।

### ४.१.१.३ कविताको संरचना

संरचना भनेको वनोट हो । कविताको लय, बिम्ब, गण, पाउ, पंक्ति, आदि विविध आधारमा कविता कसरी निर्माण भएको छ भन्ने कुरा यसमा पर्दछ । त्यसका साथै कविताको मुल भाव, विचार आदिको उठान, विकास, परिणति पनि यसै अन्तर्गत पर्दछ । यसमा भाषिक सामार्थ्य र शैली सिपको कौशललाई पनि हेर्ने, र केलाउने गरिन्छ ।

---

१०. लुइटेल, खगेन्द्रप्रसाद, कविति सिद्धान्त र नेपाली कविताको इतिहास (काठमाण्डौं : नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, २०६०) पृष्ठ१६

अंग्रेजी शव्द स्ट्रक्चर को नेपाली रुप संरचना हो । सामान्यतया संरचनाले कुनै वस्तुलाई संगठित एवं व्यावस्थित रुपमा एकितृत गर्नु भन्ने वुभिन्छ । संरचनाले साहित्यिक कृतिलाई एकिकृत ढगंले पूर्ण आकृति प्रदान गर्ने अंशहरुको रचनालाई वुभ्राउँछ । समग्रमा संरचनालाई परिभाषित गर्दा यसो भनेको पाइन्छ ।

"विभिन्न अनुभव वा घटकहरुको पारस्परिक सम्वन्धद्धारा निर्मीत वस्तु वा कृतिको पूर्ण जिवन्त र स्वनिष्ठ अस्तित्व वा संज्ञालाई संरचना भनिन्छ ।"[११]

एउटा सफल कविता निर्माणका लागि आफ्नै आन्तरिक वाह्य घटकहरुले महत्वपूर्ण भूमिका खेल्दछन् । साहित्यिक संरचनाको अभिव्यक्ति भाषिक संरचनावाट हुन्छ । भाषा कविताको आधारभूत सामाग्री हो । भाव, विचार वा घटनाको विशिष्ट लयात्मक भाषिक संरचनाको रुपमा लिने कविता आफै पनि एउटा संरचना हो । पश्चिमी काव्य जगतमा विषयवस्तु, भाषा शैली, लय, छन्द, विम्व, प्रतिक आदिलाई कविताको तत्वको रुपमा लिइएको देखिन्छ । कविताको बारेमा उल्लेखित पूर्वीय  र पश्चिमी दुवै तर्फका तत्वहरुलाई मिलाएर यसका तत्वहरु किटान गर्न सकिन्छ ।

## ४.१.१.४ कविताका तत्वहरु

अनुभुति र चिन्तनका अनेक तरेलीहरुलाई विविध शैलीको बान्की र छटाभित्र सजाएर प्रस्तुत गरिने मनमोहक, हृदयमोहक तथा श्रुतिरम्य विधा भएकोले कविता विधाले वाल युवा तथा वृद्धहरुको जमातलाई रसास्वदन गराइरहेको छ । प्राचिनकालदेखिनै प्रसिद्धिको शिखर चुम्न सफल बनेको यो विधा २१ औं शताब्दी सम्मको यात्रामा पनि सबभन्दा लोकप्रिय विधा बन्न सफल भएको छ । ऋग्वेध देखि २१ औं शताब्दीको यात्रा सम्म आइपुग्दा अनेक रुप स्वरुप अंगाल्दै आइरहेको छ । अहिले सम्म आइपुग्दा यसका तत्वहरुले मानक रुप लिइ सकेका छन् ।

आधारभूत रुपमा हेर्दा कविताका तत्वहरुले निम्नलिखित रुपमा विभाजन गर्न सकिन्छ । १. शीर्षक २. विषय वस्तु ३. चरित्र ४. लय विधान ५. भाव विधान ६. परिवेश ७. विम्व विधान ८. प्रतीक विधान ९. उद्देश्य १०. भाषा विन्यास र शैली

यी तत्वहरुलाई सामान्य व्याख्या यसरी गर्न सकिन्छ ।

### १. शीर्षक :

प्रत्येक कवितामा निश्चित शीर्षक रहेको हुन्छ । शीर्षक विनाको कविताको कल्पना असम्भव हुन्छ । कवितामा बोलिएका प्रत्येक कविताको वोलीले एउटा निश्चित नाम निर्क्यौल गर्न पुग्दछ । त्यही नै शीर्षक हुन्छ ।

११. लुइटेल, खगेन्द्रप्रसाद, कविति सिद्धान्त र नेपाली कविताको इतिहास (काठमाण्डौं : नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, २०६०) पृष्ठ ७५ ।

## २. विषय वस्तु :

कविता रचनाका लागि छानिएको वस्तु चयनलाई नै मूल रुपमा कविताको विषय वस्तु भनिन्छ । यस्ता विषय वस्तुहरु ब्रह्माण्ड भित्रका यावत वस्तु, मानवीय स्वभाव, ज्ञान, विज्ञान, धर्म, संस्कार, सँस्कृति, देश काल समाज, राजनिति आदि विविध पक्ष सँग सम्वन्धित हुन्छन् । विषय वस्तु आफैमा सुन्दर, कलापूर्ण उपयुक्त, आकर्षक र प्रभावपूर्ण हुनुपर्दछ ।

## ३. चरित्र

कुनै साहित्यिक कृतिमा सम्लग्न व्यक्ति वा पात्रलाई चरित्र भनिन्छ । चरित्रहरु मनविय, मानवेत्तर, सक्रिय, निष्क्रिय, प्रमुख, सहायक, गौण, नारी पुरुष जे पनि हुन सक्छन् । कृतिमा पात्रहरु चित्रण गर्दा अनुकुल स्वभाविक यर्थाथ, जिवन्त, मौलिक, पूर्ण गुणहरुमा विशेष ध्यान पुऱ्याउनु पर्दछ ।

## ४. लय विधान

लालित्यपूर्ण अभिव्यक्ति नै कविता हो । यहि लय विधानले गर्दा नै कविता प्राचीन काल देखि हाल सम्म लोकप्रिय र प्रभावपूर्ण विधा भएको हो । कवितालाई लयवद्ध गराउनका लागि मात्र वर्ण, गण, गति, यति,पाउ, अनुप्रास आदि मिलाउनु पर्दछ ।

## ५. भाव विधान

भावलाई कविताको मुल तत्व मानिन्छ । शव्द - शव्द बाट निस्केको लयात्मक भाव नै यर्थातमा भाव हो । कविता लेखनका क्रममा कविका मन भित्र उठेका विविध तरेलीहरु, उतार-चढाबहरु, भाव, तरङ्गहरु, विरह, व्यथा र तिनीहरु सँग सम्वन्धित विचारलाइ कविले कलापूर्ण सौन्दर्यमय स्वरुप प्रदान गर्न सक्नुलाई नै उत्कृष्ट भाव विधान भनिन्छ ।

## ६. परिवेश

कृतिमा प्रयुक्त चरित्रहरुले कार्यव्यापार सम्पन्न गर्न तथा घटनाहरु घटितहुने ठाउँ, समय र वातावरणलाई परिवेश भनिन्छ । यसलाई देश, काल, वातावरण, कार्यपीठिका पृष्ठभूमि आदि पनि भनेको पाइन्छ । जुन सुकै प्रकारमा पनि व्यापक, विस्तृत, संक्षिप्त, साँकेतिक, प्रतीकात्मक आदि मध्ये कुनै न कुनै ढगंमा परिवेश अनिवार्य रुपले आउने हुँदा यसलाई कविताको महत्पूर्ण तत्व मानिएको हो ।

## ७. विम्ब विधान

कवितामा विम्ब विधानको स्वरुप कवि पिच्छे फरक हुन सक्छ । विम्बको शाब्दिक अर्थ प्रतिभा, छायाँ, प्रतिविम्ब, प्रतिकृति, प्रतिरुप समानाता आदि हुन्छ । विम्बहरु सामुहिक रुप वा समुहलाई बिम्ब विधान भनिन्छ । विम्ब एकल शव्द, पदावली, वाक्य वा कतिपय सन्दर्भमा

छोटोपूर्ण कवितामा पनि पाउन सकिन्छ । विम्बले कवि र कवितालाई परिचित तुल्याउन र कवितालाई शक्ति प्रदान गर्न मद्दत गर्दछ । त्यसैले विम्ब कविताको महत्वपूर्ण संरचक तत्व हो ।

## ८. प्रतीक विधान

प्रतीक शव्द सँस्कृतबाट नेपालीमा आएको तत्सम शव्द हो । यसलाई अंग्रेजी साहित्यमा सिम्बोल भनिन्छ । यसको अर्थ संकेत चिन्ह भन्ने हुन्छ । कुनै चिजलाई संकेत गर्न सजीव वा निर्जीव वस्तुलाई नै प्रतिक भनिन्छ । कविताको भाषालाई विशिष्ट तुल्याउन माथि उल्लेखित सवै तत्वहरुलाई महत्वूर्ण मानिन्छ । लय, छन्द, अलंकार आदिलाई पनि कविताको महत्वपूर्ण तत्वको रुपमा प्रयोग गरि कविताहरु सहज, सरल र श्रुतिमधुर बन्दछन् ।

## ९. उद्देश्य

साहित्यको उद्देश्य र प्रयोजनले एउटै कुरालाई जनाउछ । यसले अपेक्षित परिणाम तथा वैयत्तिक प्रयोजनका लागि हुने सहभागिता समेतलाई वुझाउँछ । हरेक विधाका साहित्यिक कृतिको सिर्जना उद्देश्यमुलक ढगंले गरिने हुँदा साहित्य सिर्जनाका पछाडि प्रत्यक्ष वा परोक्ष रुपमा कुनै न कुनै प्रकारको उद्देश्य अन्तरनिहीत हुन्छ । विना उद्देश्य कुनै पनि साहित्यिक कृतिको रचना गरिदैन र हरेक कृति कुनै न कुनै प्रयोजन पूर्तिका लागि रचिन्छन् । आधुनिक कविता लेखनको उद्देश्य मनोरञ्जन शिक्षा, आनन्द, लोककल्याण, यर्थाथको प्रकटीकरण आदि देखिन्छ ।

## १०. भाषा र शैली

सुव्यवस्थित ढगंले क्रमवद्धरुपमा राख्ने कामलाई विन्यास भनिन्छ । सुहाँउदिलो रुपमा मिलाएर व्यावस्थित गर्ने वा योजना बद्धरुपमा राख्ने तरिका नै विन्यास हो । कृतिको संरचक तत्वको सन्दर्भमा भाषाशैली, विम्ब, प्रतिक, लय, छन्द, अलङ्कार आदिको व्यावस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ । भाषा भनेको कृतिलाई प्रस्तुत गर्ने माध्यम हो । भाषाको माध्यमबाटै साहित्यिक कृतिको रचना हुन्छ । गद्यमा सामान्यतया सोझो अभिव्यक्ति र व्याकरण सम्मत भाषाको प्रयोग हुन्छ भने पद्यमा विशिष्ट अभिव्यक्ति र विचलन युक्त भाषाको प्रयोग हुन्छ । साहित्यमा भाषाको महत्वपूर्ण स्थान हुन्छ । मुलतः भाषिक प्रयोगले नै कवितालाई अन्य विधाबाट पृथक तुल्याउँछ । कविताको भाषालाई विशिष्ट तुल्याउन शैलि, विम्ब, प्रतिक, अलङ्कार, लय, छन्दविविधता आदिले पनि महत्वपूर्ण भुमिका खेल्दछन् ।

शैली शव्द अंग्रेजी शव्द ‘स्टाइल’ को नेपाली रुपान्तरण हो । शैलीले साहित्यिक रचनामा लेखकका व्यक्ति विशेषको छाप दिने वा विषयवस्तुका अनुकुल भाव अभिव्यक्ति हुने खास ढाचाँलाई वुझाउँछ । भाषा र शैलीका विचमा अन्योन्याश्रित सम्बन्ध छ । भाषा अभिव्यक्तिको ढंग वा तरिका नै शैली हो । यो कविताको तत्व महत्वपूर्ण हो ।

## ४.१.२ नेपाली कविताको विकासक्रम

नेपाली भाषाको लिखित प्रयोग एघारौँ शताव्दीवाट भएपनि अभिलेख काल र वाङ्मय लेखनकालमा नै धेरै समय नेपाली साहित्य अल्भन पुगेको देखिन्छ । सुबानन्द दासको पृथ्वीनारायण शाह (वि.स.१८३०) कविता नै प्राथमीक नेपाली साहित्यको प्रारम्भ विन्दु हो । नेपाली कविताको विकासक्रमलाई हेर्दा निम्न लिखित तिन कालमा विभाजन गर्न सकिन्छ ।

क. प्राथमिक काल : (वि.स. १८७१-१९४०)

ख. माध्यमिक काल : (वि.स. १९४१-१९७४)

ग. आधुनिक काल : (वि.स. १९७५- हाल सम्म)

क. प्राथमिक काल (वि.स.१८७१-१९४०) :

नेपाली साहित्यको प्रारम्भनै पद्यविधावाट भएको हो । नेपाली पद्य जगतमा सुबानन्द दासको पृथ्वीनारायण शाह कविता नै पहिलो नेपाली कविता हुन पुगेको छ । नेपालको एकिकरण अभियान सँगै सुरु गरिएको यो कालमा पूर्णत : राज्य एकिकरणको अभियान भएकोले युद्धकालीन यस समयमा यौद्धाहरुको साहश, वलिदान र त्यागको गाथा गाउँदै वीर रसले भरिएको कविता यस बेलाका कविहरुले सिर्जना गरेको पाइन्छ । विस्तारै अंग्रेज नेपाल युद्ध र सुगौली सन्धीले नेपाली समाजमा नराम्रो धक्का पुऱ्याएपछि अर्ति र उपदेशवादी कविताहरु लेखनकार्यको प्रारम्भ भएको हो । यसरी प्राथमीक नेपाली साहित्यको वीर र भक्ति गरि दुई धारामा वर्गिकृत हुन पुगेको देखिन्छ ।

प्राथमिक नेपाली कविताको भक्ति काल यस चरणकै उर्वराकाल हो । सामाजिक जिवनमा धार्मिक, नैतिक, औपदेशिक भावनाको विकास हुन थाले पछि वीर कालीन कविता भक्तिभावनाले भरिएको आध्यात्मिक चेतनामा प्रस्तुत भएको पाइन्छ । भक्ति धारा पनि स्पस्टरुपमा तीन किसिमको देखिन्छ ।

१. कृष्ण भक्ति धारा

२. राम भक्ति धारा

३. निगुर्ण भक्ति धारा

भगवान श्रीकृष्णलाई पूज्य व्यक्ति मानेर लेखिएका कविताहरु कृष्ण भक्तिधारामा पर्दछन् । यस धाराका कवि र कविताहरुमा इन्दिरसको गोपिका स्तुती, गोपीरक्षा, वसन्त शर्माका श्रीकृष्ण चरित्र, समुन्द्र लहरी, वीरशाली पन्तको श्रीकृष्ण चरित्र जस्ता काव्य रचनाहरु फेला परेका छन् ।[१२]

१२. पौड्याल, कृष्णविलास, नेपाली साहित्यको ऐतिहासिक परिचय र समालोचना नविन प्रकाशन, २०५९ । पृ. ८२

भगवान रामलाई आस्थाका केन्द्रमानि लेखिएका कविताहरु रामभक्ति धारामा पर्दछन् । यस कालकै उत्कृष्ठ धारा बन्न पुगेको यो धारामा रामको आर्दश, विरता, अनुशासन, सत्यता आदिको महिमा गाइएको पाइन्छ । यो धाराको प्रशिद्ध कवि भानुभक्त आचार्य हुन् । उनका रामायण, वधुशिक्षा, रामगीता आदि काव्य कृति अत्यन्तै चर्चित छन् । राम लाई आर्दश देवताका रुपमा सम्मान दिदैं संख्यात्मक र गुणात्मक दुवै स्तरमा यिनी सफल हुन पुगेका छन् ।

यो कालको तेस्रो धारा निगुर्ण भक्ति धारा हो । कृष्ण र राम दुवैलाई पुज्य देव नमानी सांसारिक मोह त्यागेर वैराग्यलाई वरण गर्न शन्तहरुद्धारा निगुर्ण भक्ति कविताहरु लेखिएकाछन् । त्यस्तै कर्मकाण्ड, वलि प्रथा, जातियवर्गभेद, दुराचार आदिको तिब्र विरोध गर्छन् । यस धाराका प्रमुख कविहरुमा शशिधरको वैराग्वरण, अखण्ड दिलदासको पाँच निगुर्ण भजन, ज्ञानदिलदाशको उदयलहरी आदि कृतिहरु देखिन्छन् । यसरी नेपाली साहित्यको प्राथमीक काल वीर भक्ति धारा हुँदै अगाडि वढेको पाइन्छ । नेपाल एकीकरण सँगै वृद्धि भएको उत्साह र जोशले भरिएको वीरतापूर्ण भावभक्ति वीरकालीन कवितामा पाइन्छ भने सुगौली सन्धी जस्ता घटनाबाट प्रभाबित भई राम, कृष्ण र निर्गुण भक्तिका उपसनाहरु भक्तिकालीन कवितामा पाइन्छ ।

## ख. माध्यमिक काल : (वि.स. १९४१-१९७४)

नेपाली साहित्यमा वि.स. १९४० देखि मोतिराम भट्टको प्रवेश भएको पाइन्छ । मोतिरामको प्रवेश सँगै माध्यमिक कालको थालनी भएको हो । भट्टले विस्मृतिको पर्दाभित्र पुगिसकेका कवि भानुभक्त आर्चायका विभिन्न रचनाहरु खोज्ने र जीवन चरित्र सहित सबैको प्रकाशन गर्नेकाम गर्दछन् । अर्कातिर साहित्यकारहरुको मण्डली (मोती मण्डली) तयार गरि साहित्यिक छलफल, विचारको आदानप्रदान, गोष्ठी गरी थप सक्रियता देखाउँदछन् । मोतिरामसँग देखापरेका यस कालका उल्लेखनिय कविहरुमा गोपिनाथ लोहनी, लक्ष्मीदक्त पन्त, कृष्ण प्रसाद रेग्मी, कुञ्जविलास गौतम, कुलचन्द्र, केदारनाथ खतिवाडा, कालिदास पराजुली आदि देखिन्छन् । मोतिराम भट्टका पिकदूत, गजेन्द्र मोक्ष, तीजको कथा, प्रल्हाद् भक्तिकथा, केदारनाथ खतिवाडाका शुभ विवाह, श्रृङ्गार दर्पण यस चरणका प्रमुख रचनाहरु हुन् ।[१३] माध्यमिक कालिन पद्यधारामा श्रृङ्गारिक भावमा फुटकर कविता र गजलहरुको रचना भएको भेटिन्छ । मुख्यतः अनुवाद रुपान्तरण गर्ने श्रृङ्गारिक परम्परा र भक्ति एवम् वर्णनात्मकता जस्ता विशेषता यस कालका मुख्य उपलब्धि हुन् ।

---

१३. लुइटेल खगेन्दप्रसाद, कविता सिद्धान्त र नेपाली कविताको इतिहास काठमाण्डौ नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान २०६० पृ. १९० ।

## ग. आधुनिक काल : (वि.स. १९७५- हाल सम्म)

शृङ्गारिकतालाई चरमोत्कर्ष प्रदान गर्ने सुक्ति सिन्धु (१९७४) पछि नेपाली कविताले आधुनिकता पाएको हो । माध्यमिक कालिन कवितामा मूलतः श्रृङ्गारिक भावयुक्त र गौणतः पूर्वकालिन भक्तिभाव प्रस्तुत भएका छन् । नेपाली आधुनिक कवितालाई हेर्दा यसका निम्न धारा हेर्नुपर्ने हुन्छ ।

### अ. परिष्कारवादी धारा

आधुनिक नेपाली कवितामा परिष्कारवादी धाराको थालनी लेखनाथ पौड्यालवाट भएको हो । उनको ऋतुविचार, बुद्धिविनोद, सत्यकलि संवाद, तरुणतपसी आदि कृतिहरुले यस धारालाई विकसित गराएका छन् । यिनी पछि सोमनाथ सिग्देलको आदर्श राघव, बालकृष्ण समको आगो र पानि जस्ता कृतिहरुले यस धारालाई उन्नत तुल्याइएका छन् ।

लेख्य नेपाली व्याकरणको अनुसरण गर्ने, सँस्कृत काव्य नियम पछ्याउने र बगांली हिन्दी शास्त्रीय साहित्यको धाराको प्रभाव ग्रहण गर्ने मुल प्रवृद्धि विकसित भएको पाइन्छ । कवितामा भाषा, शैली, र संरचनाका कमजोरीहरु हटाएको पाइन्छ । मानवीय चारित्रिक, नैतिक आध्यत्मिक चेतनाको परिष्कार यस धाराको कविताको मूलभुत विशेषता रहेको पाइन्छ ।[१४]

१४. पौड्याल, कृष्णविलास, नेपाली साहित्यको ऐतिहासिक परिचय र समालोचना नविन प्रकाशन, भोटाहिटी, काठ्मण्डौ २०५९ । पृ. १५७

## आ. स्वच्छन्दतावादी - प्रगतिवादी धारा :

वि. स. १९९१ मा थालिएको यस धाराले पूर्ववर्ती शास्त्रीयतावाद वा परिस्कारवादको विरुद्धमा कविता प्रस्तुत गरेको छ । आधुनिक नेपाली कवितामा स्वच्छन्दतावादी प्रगतिवादी धाराको थालनी लक्ष्मीप्रसाद देवकोटाबाट हुन्छ । देवकोटको कविताको वढी भावुकता राष्ट्रवादी विचार प्रकृतिप्रेम विद्रोह मानवता आदि विशेषता पाइन्छ । यस पछि सिद्धिचरण श्रेष्ठ, युद्धप्रसाद मिश्र, माधव घिमिरे, भवानी भिक्षु, केदारमान व्यथित, गोपालप्रसाद रिमाल, म.वि.वि. शाह, विजय मल्ल यस धारामा सम्मलित देखिन्छन् । राष्ट्रिय जागरणका स्वरहरु यतिवेला प्रजातान्त्रिक एवमं मानवतावादी मूल्यमा रुपान्तरित भई स्वच्छन्दतावादी सेरोफेरोमा क्रान्ति चेतना प्रस्तुत गर्न पुगेका छन् । यो नै यस धाराको विशेषता हो । सहज, स्वच्छ अभिव्यक्ति, विवेक र वौद्धिकताको घेराबाट मुक्त र प्रतिभा कल्पनाको सहायतामा स्वतःस्फूर्त लालित्यछटा यस धाराका कवितामा पाइन्छ । उनीहरु प्रकृतिको आत्मापरक वर्णन गर्दछन् ।

वर्तमान सामन्ती एवमं पूँजीवाद र औद्योगिक सभ्यताबाट विमोहित भई मानवीय संवेदनायुक्त परिवेशमा हराउन चाहन्छन् र मानवतावाद तथा आर्दशवादको पक्षमा रहन्छन् । सामाजिक, आर्थिक विसमता र अन्याय अत्याचारका विरुद्ध कविहरु न्यायपूर्ण समाजको पुनः निर्माण गर्न चाहन्छन् ।

यसरी स्वच्छन्दतावादी प्रगतिवादी आधुनिक नेपाली कविता धारामा सामाजिक, आर्थिक, न्यायिक, विभिन्न आन्दोलन र राष्ट्रिय जागरणका स्वरहरु, मानवातावादी चेतनाको आवाज, काव्य सौन्दर्यको सफल प्रयोग जस्ता विशेषताहरु पाइन्छन् ।[१५]

## ई. प्रयोगवादी धारा

काठमाण्डौमा रुपरेखा (२०१७) पत्रिकाको प्रकाशन भएपश्चात आधुनिक नेपाली कवितामा प्रयोगवादी धाराको थालनी हुन्छ । यस धाराको नेतृत्व गर्ने कवि मोहन कोइराला हुन् । रुपरेखामा कोइरालाको 'घाइते युग' कविता प्रकाशन भएपछि यस धाराको प्रारम्भ भएको हो । यिनीसँगै मोहनहिमांशु थापा मदन रेग्मी, वासुशशी, जगदीश शमशेर राणा, द्वारीका श्रेष्ठ, तुलसी दिवस आदि प्रयोगवादी कविहरुले विभिन्न कविताहरु प्रस्तुत गर्दछन् । प्रयोगवादी नेपाली कवितालाई आयमेली आन्दोलनले पनि साथ दिएको छ । तेस्रो आयमवाट जीवनको गहिराईको खोजी गर्दै ईश्वरवल्लभ, वैराँगी काँइला आदिले नयाँ प्रयोग धर्मी कविताहरु यसै चरणमा प्रकाशन गर्न पुग्दछन् । यसका साथै पूर्ववर्ती चरणमा ख्याती कमाइ सकेका परिष्कारवादी स्वच्छन्दवादी र प्रकृतिवादी कविताहरु पनि यस चरणमा देखापरेको पाइन्छ ।[१६]

---

१५. पौड्याल, कृष्णविलास, नेपाली साहित्यको ऐतिहासिक परिचय र समालोचना २०५९ । पृ. १६०/१६१

१६. पौड्याल, कृष्णविलास, नेपाली साहित्यको ऐतिहासिक परिचय र समालोचना २०५९ । पृ.१६५

## ई. समसामयिक धारा

प्रयोगवादी जटिलता र सम्प्रेषण बिहिनताबाट मुक्त हुने क्रममा वि.स. २०३० को दशकपछि भएको हो । समसामयिक धाराको सुरुवातमा कविहरु विभिन्न साहित्यिक आन्दोलनवाट प्रस्तुत भएका छन् । यस धाराको प्रारम्भमा नै सडक कविता क्रान्ति थालिन्छ । युवा कविहरुले राल्फा, अस्विकृत जमात, भोको पिढी योङ्ग राइट्स फ्रन्टस् आदिका माध्यमबाट कवि र पाठक बीचको सम्वन्ध पुर्नस्थापन गर्ने जर्मको गर्दछन् । मुक्तकस्तरका कविताहरु पनि लेखिन थालिएको यस चरणमा थुप्रै कवि प्रतिभाहरु देखापरेका छन् । यस धारामादेखिएका कविहरुमा तोया गुरुङ्ग, कृष्ण भुषण वल, शैलेन्द्र साकार, विश्वमोहन श्रेष्ठ, हरि अधिकारी, मञ्जु काचुँली, हरिभक्त कटुवाल, दिनेश अधिकारी, नेत्र एटम आदि धेरै स्रष्टाहरु पर्दछन् । समसामयीक आधुनिक नेपाली कविताले नेपाली समाजमा देखिएका सामाजिक राजनैतिक, आर्थिक विसंगति र मानविय मूल्यको ह्रासप्रति तिखो व्यङ्ग्य प्रहार गरेका छन् । यस कालका कविताहरुमा व्यक्त भएको शैली, सौन्दर्य र मानविय तात्पर्यका प्रगतिवादी दृष्टि उपलब्धि पूर्ण देखिन्छन् ।

यसरी आधुनिक नेपाली कवितामा देखिएका यी मुख्य चार धारा र त्यस भित्रका नवीन प्रयोगहरुले नै नेपाली कवितालाई विकसित तुल्याएको पाइन्छ । यति बेलाका कवितामा तार्किकता र वैज्ञानिकताको प्रयोग, परम्पराको विरोध गरि विद्रोहात्मक स्वरको अभिव्यक्ति, युगीन मुल्य मान्यताको स्थापना, गद्यकविता तर्फको आर्कषण, विभिन्न विम्ब प्रतीक युक्त नवीन भाषाशैलीको प्रयोग जस्ता विशेषता भेटिन्छन् ।[१७]

## ४.१.३ कविताको विकासक्रमको सम्वन्धमा कवि झाँक्रीखोलेको उपस्थिति

नेपाली कविता साहित्यको परम्परा वीरधाराबाट उठान भई रामभक्ति धारा, कृष्ण भक्ति धारा र निर्गुण भक्ति धारा जस्ता चरणहरु पर गर्दै माध्यमिक कालमा शृङ्गारिक कवितालेखनमा अभ्यस्त बनेको देखिन्छ । यसैगरी लेखनाथ पौड्यालले परिष्कारवादी कविता लेखेर नेपाली कविता परम्परालाई आधुनिकतातिर धकेल्न सफल भए । आधुनिकताको प्रवेशपछि पाश्चात्य साहित्यमा देखा परेका विविध वाद र प्रणलीमा आवद्ध भएर कविता सिर्जना गर्ने नेपाली स्रष्टाहरु प्रशस्त देखा पर्दै गए । फलस्वरुप नेपाली कवितामा स्वच्छन्दतावाद, प्रगतिवाद, अस्तित्ववाद, प्रयोगवाद, जस्ता विभिन्न वाद र प्रणालीहरु स्थापित भइसकेका छन् । वर्तमान समयमा उत्तरआधुनिकवादसम्म साहित्य हिडिसकेको छ । वर्तमान समयका नयाँ स्रष्टाहरु अझ नयाँ - नयाँ लेखनतर्फ अग्रसर भइरहेका पनि पाइन्छन् ।

समाजमा आफूले देखेका भोगेका, अनुभव गरेका विषयवस्तुहरुको केस्रा-केस्रा केलाउँदै कविता लेख्ने झाँक्रीखोलेलाई स्वच्छन्दतावादी प्रगतिवादी कविका रुपमा लिन सकिन्छ ।

१७. पौड्याल, कृष्णविलास, नेपाली साहित्यको ऐतिहासिक परिचय र समालोचना २०५९ । पृ. १६७

समाजमा विद्यमान सामाजिक, आर्थिक, राजनैतिक तथा साँस्कृतिक विसङ्गति विरुद्ध र नवजागरणका स्वरहरु घन्काउँदै भाव र भाषामा परिष्कार गरी लेखिएका कविताहरु हामी झाँक्रीखोलेका कविताहरुमा पाउन सक्छौँ । भावुकता, प्रकृतिप्रेम, राष्ट्रवादी विचार, विद्रोह, मानवता आदिलाई विशेषरुपमा अंगालेर लेखिएका कविताहरु पनि पाइन्छ । राष्ट्रिय जागरणका स्वरहरु सहज स्वच्छन्द अभिव्यक्ति झाँक्रीखोलेका कवितामा पाइन्छ । उनलाई हामी आधुनिक नेपाली इतिहासमा स्वच्छन्दवादी प्रगतिवादी धारामा राख्न सक्छौँ ।

## ४.२ चारखोलाको लहर कविता सङ्ग्रह २०५९ को अध्ययन र विश्लेषण :

'चारखोलाको लहर' कविता सङ्ग्रह कवि झाँक्रीखोलेको पहिलो प्रकाशित कृति हो । हुनत यो भन्दा अगाडी पनि उनले कृतिको रचना नगरेको होइनन् । फूटकर कविताहरु पत्रपत्रिकाहरुमा प्रकाशित हुदैं आएता पनि पुस्तककार कृतिका रुपमा भने 'चारखोलाको लहर' (२०५९) लाई पहिलो प्रकाशित पुस्तककार कृति मानिन्छ । गरिबी, विपन्नता, निराश्रयता, सामाजिक वर्गभेद, राजनैतिक अस्थिरता, अन्यौलमय परिस्थिति तथा चारखोलाको हराभराको कविले सजीव चित्र उतारेका छन् । यस भित्र मात्रिक छन्द , शिखरिणी छन्द, मन्दाक्रान्ता छन्द आदि र गद्यलयमा रचिएका ३८ वटा कविताहरु संकलित गरिएका छन् । 'चारखोलाको लहर' कविता संग्रहमा संकलित कविताहरु यस प्रकार छन् ।

## १. 'इलाम'

कवि झाँक्रीखोलेद्धारा लेखिएका र प्रकाशित भएका "चारखोलाको लहर" संग्रहमा संकलित कविताहरुमध्ये पहिलो कविता 'इलाम' हो । १४ अक्षरे वसन्ततिलक छन्दमा संरचित 'इलाम' शीर्षकको कविता जम्मा ६१ श्लोकहरुमा २४४ पाउ रहेका छन् । पहिलो प्रकाशित यो कविताको शीर्षक अभिधात्मक छ । यो कविता सरल भाषाशैलीको प्रयोग गरिएको छ । पद्यलयमा लेखिएको यो कवितामा विम्ब तथा प्रतीकको प्रयोग गरिएको छैन । खास गरी इलाम जिल्लाको भौगोलिक र साँस्कृतिक विविधतालाई चित्रण गर्ने काम यस कवितामा भएको छ । सूर्योदयको जिल्ला इलाम, चारखोलाको जिल्ला इलाम, प्रसिद्ध तीर्थस्थल नै कुने माइपोखरीको पवित्रताको वर्णन, देउमाइखोलाको वर्णन गरिएको छ । श्रीअन्तुले विहानको सूर्योदयको उद्घाटन गर्दछ भने सिद्धिथुम्काले सूर्यस्तको संकेत वा सूर्यलाई विर्सजन गर्दछ । इलाम जिल्लाको पुवाखोला र माइखोलाबाट विद्यूत् उत्पादन सिँचाइका लागिव ज्यादै महत्वपूर्ण मानिन्छ । इलाम जिल्लाको महिमाको वर्णन गर्ने क्रममा यी अशंहरु संभिmन लायक छन् ।

श्री अन्तु झैं शिखर "प्याङ" पहाडलाई
श्री सूर्यले नव प्रभात दिए जगाई ।
चम्कियो चमक्क गिरि दिव्य प्रकाश पाई
सुनमा सुगन्ध थपिएछ इलामलाई ॥ १

श्री फाल्गुनन्द तपधाप छ घाँचभित्र
देवी गजुर्मुखि छ तीर्थ बुझ्यौ पवित्र ।
पाथीभरा छ (कुटीडाँडाधाम) अझ चर्चित धाम एक
बेनी र माई - शिर (माइपोखरी) शुद्धभए विशेष ॥ २१

ठूली दुवै भगवती इ पुवा र माई
सिंचाइ विद्यूत पु-याइ इलामलाई
बग्छन् दुवै शिर पुछार इलाम छेकी
मिल्छन् पुगेर तल सोक्तिम छेउदखि ॥ ३१

(श्लोक १/२१/३१)

नेपालको सबैभन्दा राम्रो चियाखेती भएको जिल्ला इलाम हो । यस जिल्लाको चियाले देशविदेशमा ख्याती कमाएको छ । प्राकृतिक, साँस्कृतिक र शैक्षिक समग्र रुपमा हेर्दा अनेक खोला, खोल्सा, पाखा, पखेरा, हिमाली, लेकाली विशेषता बोकेको सुन्दर जिल्ला इलाम नेपालकै अग्रस्थान ओगट्न सफल भएको छ भन्ने सन्देश यस कवितामा पाइन्छ ।

## २. शिक्षा

'चारखोलाको लहर' मा प्रकाशित झाँक्रीखोलेको 'शिक्षा' कविताको शीर्षक अभिधात्मक छ । शिक्षा कविता शार्दूलविक्रीडित छन्दमा रचना गरिएको छ । यस कवितामा जम्मा २० श्लोक र असी पाउहरु रहेका छन् । सरल र रोचक भाषाशैलीमा लेखिएको छ । यो कवितामा शिक्षाको ज्योति हरपल आवश्यक पर्ने भाव व्यक्त भएको छ । प्रतीक र विम्बको प्रयोग गरिएको छैन । शिक्षा विनाको जिवन अर्थहिन हुन्छ । शिक्षा ऐनाको छायाँ जस्तो एकछिन रहने वस्तु होइन । यो मानिसको जीवनभर रहने वस्तु हो । शिक्षाले नै स्रष्टा, कलाकार बनाउँछ । राष्ट्रको उन्नतिको लागि शिक्षा अनिवार्य आवश्यक तत्व हो । शिक्षा नै मानव मस्तिष्कमा शुप्त रहने धन शिक्षा नै हो । शिक्षा नै बालक हो, किताब हो, पढ्ने र लेख्ने सिप हो भन्ने कुरा कविले यसरी व्यक्त गर्दछन् ।

शिक्षा बालक हो, किताब पनि हो, पढ्ने र लेख्ने सिप

आमाबाबु, गुरु : र मित्रजनको आत्मीय आशा दिप ॥

रेखाज्ञान, गणितज्ञान, ग्रहको संक्षेप विश्लेषण

अध्यात्मादि र भौतिकादि रुपको सामिप्य अन्वेषण ॥ (श्लोक १७ )

विद्या गुरुको गुरु हो । शिक्षा कहिल्यै बुढो हुदैंन सधै युवा हुन्छ । शिक्षाकै कारण नयाँ - नयाँ वस्तुको आविश्कार भए, नयाँ दर्शन वने सिद्धान्त वने, राजनीतिज्ञ, कवि प्राज्ञिक व्यक्ति र शासनको उत्पादन शिक्षाले नै गराएको हो । समग्रमा हेर्दा यस 'शिक्षा' कविता झाँक्रीखोलेको कविताहरु एउटा उपदेशक कविता मानिन्छ ।

## ३. जन्मेको हुन्छ नेपाली भिजेर आफ्नै माटोमा

यो कविता अनुष्टुप छन्दमा संरचित छ । दुई पाउको एक श्लोकका दरले जम्मा नौ वटा श्लोक र अठार पाउ रहेका छन् । 'जन्मेको हुन्छ नेपाली भिजेर आफ्नै माटोमा' कवितको शीर्षक अभिधात्मक रहेको छ । सरल र रोचक भाषाशैलीमा लेखिएको यो कवितामा वीर नेपालीहरुको महिमा गाइएको छ । नेपाल हिमाल, पहाड र तराई प्रतीकात्मक रुपमा परिश्रमको प्रतीक, पशिना दुःखको प्रतीक आँसु, वीरताको प्रतीक सूर्य, दया र शितलताको प्रतीक चन्द्र रहेको छ । नेपालमा सर्वोच्च शिखर सगरमाथा रहेको छ । विश्वका मानिसहरु नेपाललाई सगरमाथाको देश भनेर चिन्दछन् । नेपालमा विभिन्न जातजातिका मानिसहरु

बसोवास गर्छन् । नेपाल वहुजातीय वहुभाषीय मुलुक हो । नेपालीहरु वीर, र शाहषी छन् । दुष्टहरुको सामु कहिले पनि झुक्तैनन् भनी कवितामा यसरी व्यक्त गरिएको छ ।

झुत्तैन दुष्टका सामु, यो छोरो कर्म-वीरको

सुक्तैन प्यासीलो आत्मा, नालापानी मुहान हो (श्लोक ३)

नेपालीहरु एकअर्कामा मैत्री, शान्ति र सद्भावना राख्दछन् । नेपालीहरु आफ्नो मातृभूमिको रक्षा गर्न कहिले पछि पर्दैनन् । देशको रक्षाका लागि शत्रुहरुसँग ज्यानै दिएर लड्न पनि नेपाली जाति तयार छन् । नेपालीहरुले एक समयमा नालापानी किल्लामा नेपालीहरुका सवैभन्दा ठूला शत्रुहरु सँग सात दिनसम्म पानी पनि नखााई लडेर नेपाल प्रतिको देश भक्तिको भावनाको ज्वलन्त उदाहरण दिएका थिए । नेपालको चन्द्र र सूर्य अंकित झण्डा नेपाली वीरताको प्रतीक हो । जबसम्म आकाशमा चन्द्र र सूर्य रहन्छ त्यतिबेलासम्म रहीरहन्छ भन्ने भाव हाम्रो झण्डाले व्यक्त गर्दछ ।

राष्ट्र सेवामा समर्पित नेपालीहरु नेपाल आमालाई फलाउने फुलाउने कार्यमा दत्तचित्त भएका छन् । सेवाको भावना हरेक नेपालीमा रहेको छ । भन्ने सन्देश यस कविताको रहेको छ ।

## ४. राष्ट्र - स्वाभिमान

'राष्ट्र-स्वभिमान' कविता 'इन्द्रावज्रा' छन्दमा रचना गरिएको छ । यस कवितामा २२ श्लोक र ८८ पाउहरु रहेका छन् । यस कविता रचनाको काल वि. स. २०४६ साल भाद्र ५ गते रहेको पाइन्छ ।

यसमा नेपालीले आफ्नो पहिचानलाई प्रस्तुत गरेको छ । नेपाल प्राकृतिक सुन्दरताको खानी हो । पूर्वमा मेची नदी सम्म पश्चिममा महाकाली नदीसम्म नेपालको सिमाना रहेको छ । नेपालको सर्वोच्च शिखर सगरमाथाले नेपालको पहिचान दिन सफल रहेको छ । नेपाली खुकुरी वीरताको प्रतीक वन्न पुगेको छ । नेपालको रोटी, पिठो, गाई भैसिको दुध, घिउ खाई, स्वदेशी कपडा लगाएर नेपाली वीर साहसी बनेका छन् भन्दै कवितामा यसरी वर्णन गरिएको छ ।

रोटी पिठो गुन्द्रुकको छ खाना

पुर्खा सहासी बलिया जवान ॥

गाई र भैसी दुध घिउ खाई

आफ्नै स्वदेशी कपडा लगाई ॥(श्लोक ६)

मानिसहरु कर्ममा बहादुर छन् । जवानी नेपालीहरुको उत्साह जनक हुन्छ । सत्रुलाई परास्त गरेर आफ्नो बहादुरीको परिचय नेपालीहरु दिन्छन् । उमेरले वृद्ध भए पनि नेपालीहरु

वहादुर हुन्छन भन्ने कुरो सत्तरी वर्षको उमेरमा भक्ति थापाले देउथलको किल्लामा नेपालीहरुका त्यस वेलाका परम् सत्रु अंग्रेजहरु सँग गरेको लडाईले पुष्ठि गर्दछ । नेपालमा हजारौं खोलानालाहरु छन् । यहाँको माटो उर्वरा छ । त्यसैले परिश्रम गरे यहाँ मोती फल्न सक्छ । आज यो देशमा स्वलम्वी पुरुषार्थीहरुको खाँचो छ । स्वलम्वीहरुले राष्ट्रलाई स्वर्ग तुल्याउन सक्छन् । नेपालीहरु आफ्नो परिश्रमले खान्छन् ।

यो देशभक्ति व्यक्त गर्ने कविता हो । प्रतीकात्मक रुपमा हेर्दा रोटी, पिठो र गुन्द्रुकले नेपालीहरुको साधा जिवन वताउँछ । गगां र यामुनाको नेपाली माटोमा उत्पन्न भएको पवित्र जलको प्रतिनिधित्व गर्दछन् ।

## ५. रेखामुनिको मान्छे

शिखरिणी छन्दमा लेखिएको यो कवितामा जम्मा १२ श्लोक र ४८ पाउ रहेका छन् । यो कवितामा अभिधात्मक रुपमा शीर्षक राखी गरिब नेपालीहरुको यर्थाथता व्यक्त भएको पाइन्छ ।

मान्छ-मान्छेमा फरक हन्छ् । दुःखी मानिसको जीवन मुलुक भर धमिलो भएर फैलन्छ । उसको जीवन भयभित बन्छ । पीडाले सताए पनि नेपालीहरुमा दुःखमा धैर्यधारण गर्ने क्षमता भने प्रकृतिलेनै निर्धारण गरिदिएको हुन्छ । कतिपय मानिसहरुको नियति नै हो वा भाग्यको खेल दुःखमा जन्मन्छन् दुःखमा हुर्कन्छन् । गरिवहरुले धनिहरुको शोषण र दमन सहनुपरेको छ । प्रकृतिको नियम नै यस्तै छ, गरिवहरुले न्याय पाउने कुनै ठाउँ छैन भन्दै काव्यमा भनिएको छ ।

छुटायौ यो चोला कुर नियतिको नोकर बनी

कहाँ मिल्ला न्यायः कतियुग अझै बित्छ नगनी ॥

अँ त्यो बेला हाम्रो दलित जनको राज्य-लहना

मिलीजाला नौला प्रकृति विधिको शासन कला ॥ (श्लोक ११)

गरिबहरुको उत्पीडन, हिनता व्यक्त गर्ने काम यस कविताले गरेको छ । निराश भएर वाच्ने गरिवहरुको आवाज यस कविताले बुलन्द गरेका छन् । 'रेखामुनिको मान्छे' मा निराशवादी ध्वनी भएको छ । मानिस रेखामुनी रहेका छन् कोही रेखामाथी रहेका छन् । समय - समयमा देशमा आन्दोलन र लडाँइहरु हुन्छन् । मुक्तिपाउने आशामा तिनै गरिवहरु आन्दोलन र युद्धमा समाहित हुन्छन् । गरिवहरुले रगत र पशिना यस धर्तिमा बगाएको छ । त्यसवाट पाएको मीठो फल भने सम्भ्रान्त वर्गले भोग गर्दछ भन्ने सन्देश यस कविताले दिन खोजेको छ ।

## ६. सत्ता गुमाएपछि

अभिधात्मक शीर्षक राखिएको झाँक्रीखोलेको यो कविता पद्यलयमा लेखिएको छ । यस कवितामा जम्मा ६ श्लोक र १२ पाउमा संरचित भएको द्विपदी कविता हो, छन्दका दृष्टिले हेर्दा संस्कृत भाषाको प्रसिद्ध छन्द 'शादूर्लविक्रीडित' छन्दमा रचना भएको छ । यस कविताले खास गरि २०५०/०५१ साल तिरको तत्कालीन राजनैतिक अवस्थालाई व्यङ्ग्य प्रहार गरेको छ ।

राजनितिक पार्टीहरु आफू सत्तामा पुग्दा खुसी र सत्ताबाट बाहिरिनु पर्दा दुःखी वन्दछन् । सबै पार्टी र व्यक्तिलाई सबै भन्दा ठूलो वस्तु भनेको पद हो । सत्ताबाट च्युत भए पछि ओइलाएको साग हुने प्रवृति राजनीतिक पार्टीका नेताहरुमा रहेका छन् । सत्तामा हुँदा जनतालाई दिएका आश्वासनहरु सत्ता गुमाए पछि अपुरो रहने सारा जोस जागँरहरु सेलाएर जाने, निराश बन्न बाध्य हुन्छन् । सत्तामा हुँदा नेताले केही गर्लान् भन्ने आशामा डुबेका कार्यकर्ताहरुमा पनि सत्ता गुमाएपछि निराशाको जालोले घेर्छ । यस्तै निरास व्यक्त गर्दै कवितामा भनिएको छ ।

हाम्रामा म गएँ, निभेर नसकी ज्वालो हराएपछि

हाम्रा हुन् ती गए सपिण्डि गरिने बन्धुः गनाएपछि ॥ (श्लोक ४)

सत्ताबाट बाहिरिनुपरेपछि सारा सपना चकनाचुर भएर जान्छ । यस कविताले हाम्रो देशको राजनैतिक अवस्थालाई प्रस्तुत गरेको गर्छ । सत्तामा हुँदा जोशजाँगर हुने सत्ताबाट च्यूत हुँदा छाउने नैराश्य, घिनलाग्दो राजनैतिक खेल, नेताहरुको वास्तविकताको चित्र उर्तानु, राजनीतिक विकृति र विसंगतिहरुको व्यङ्ग्य गर्नु यस कविताको ध्येय देखिन्छ ।

## ७. गगां तिमी शुद्ध छ्यौ ?

अभिधात्मक शीर्षक राखिएको झाँक्रीखोलेको यो कविता गद्यलयमा लेखिएको छ । लामा छोटा गरि ६२ चरण र ५ वटा खण्डमा संरचना भएको छ ।

विम्ब र प्रतीक प्रयोग गरिएको छ । यो कविता सरल भाषा शैलीमा लेखिएको छ ।

गगां पवित्र छ, शुद्ध छ, हरेक मानिसको हृदयमा पवित्रताको छाप छोडेको छ । नेपालकै पहाडी भु-भागबाट निस्किएर भारतमा पुगेपछि गगाँ नामले परिचित विशाल नदि भारतका अनेकौ धार्मिक पबित्र नदीहरुमध्ये एक हो । गंगा नदीको पवित्रताले अत्यन्त धेरै भक्त जनहरुलाई प्रभाव पारेको छ । गंगा नदि जति पवित्र छ त्यतिनै नारी जातिको आत्मा पनि पवित्र छ । नारी जाति दया र करुणाका खानी पनि हुन् । गंगा नदि नाममा जति शुद्ध छ हृदयमा पनि उतीनै शुद्ध हुनुपर्छ भन्दै कवितामा भनिएको छ ।

तर गंगा तिमी नाममा जति शुद्ध छ्यौ

हृदयमा पनि उति नै शुद्ध बन्ने गर है ॥ (श्लोक४)

मानविय कलङ्कलाई पखालेर उ मानिस शुद्ध भएको होइन ? गगां जस्तो पवित्र प्राणी मान्छेमा खराव प्रवितिले समाजमा नराम्रो गन्ध त छोडेको थिएन ? र अहिले चाँहि देखावटी रुपमा शुद्ध सफा भएको छ भन्दै कवितामा भनिएको छ ।

तिम्रो शुद्धताको छवि जताततै गन्हाएर

परपरसम्म लगी

चिकित्सकहरुको सहयाताले

कतै कतै धोई – पखाली गर्नु त परेन ?(श्लोक४)

यसरी गगां तिमी शुद्ध छयौ कविता प्रतीकात्मक रुपमा मानव जतिकै चरित्र र गगां नदिको पवित्रतामा आकाश पातालको फरक भइरहेको छ । मानिस पनि गगां नदि जस्तै पवित्र हुनुपर्छ, मानिस भित्र पबित्रता, शुद्धता, निश्चिता जस्ता गुणहरुको विकास हुनुपर्छ । असल चरित्र, असल विचार र असल व्यावहार हुनुपर्दछ भन्ने सन्देश यस कविताले दिएको छ ।

## १. अभिमन्यु । अव उठ

गद्य लयमा रचना भएको 'अभिमन्यू अव उठ' कविता सात खण्डमा संरचित कविता हो । सरल भाषाशैलीमा लेखिएको क्रन्तिकारी विचारधारा बोकेको उत्कृष्ठ कविताहरु मध्ये एउटा मान्न सकिन्छ । यस कवितामा राष्ट्रिय पहिचानको लागि एक जुट भएर लाग्नु पर्छ भन्ने सन्देश पाइन्छ । ढुङ्गा जस्तो बलियो छाती पारेर शोषण गर्नेहरुको बिरुद्ध अघि बढ्नु पर्दछ । हातेमाला गर्दै आफ्नो देशको निम्ती ज्यान बलिदान दिर्नुपरेपनि पछि हट्नुहुदैन । सवै नेपालीहरु एकजुट भएर संर्घषको मैदानमा उत्रनु पर्छ अनि मात्र शोषित पीडित जनताको मुक्ति सम्भव छ भन्दै कवितामा भनिएको छ ।

एक्लो भएर होइन, हजारौ भएर नै

योद्धै योद्धाको उपहार झैं

बलिदानी चढाउन, बाचौं बाचौं लाग्छ

बलिदानी हाँसोमा, नाचौं नाचौं लाग्छ

नाँचौं, नाचौं,लाग्छ ॥ (श्लोक ३)

अन्याय, अत्याचार जस्ता दमनका बिरुद्ध आगो भएर उठ्न सम्पूर्ण जनतालाई आवह्नन गरिएको छ । सच्चा देशभक्त जनता राष्ट्रका लागी जस्तोसुकै त्याग गर्न पनि तयार हुनु पर्दछ

। अत्यचारीहरुको चक्रव्यूलाई तोड्नु पर्दछ अनि आततायी दुस्मनहरु आफै सेलाउने छन् । बिहानीको झुल्के घाम सँगै राष्ट्र भक्तिको गीत वनेर उदाउनु पर्दछ । अन्याय अत्याचार दमनको विरुद्ध युद्धको मैदानमा उत्रनको लागि लाँखौ गर्भेशिशुहरु जन्मिसकेका छन् । अब त चक्रव्यूहका आततायीहरु आफैँ मरिसके यो धर्ती सबैको साझा फूलबारी हो । त्यसैले सवै मिलेर नयाँ विजहरु रोपेर नव नव फलहरु फलाउनु पर्छ ।

अभिधात्मक अर्थमा लेखिएको 'अभिमन्यू अव उठ' कवितामा क्रान्तिकारी विचारधाराले ओतप्रोत भएको कविता हो । यस कविताको नेपाली जनताहरुको देश भक्तिको भावना स्वतन्त्रताको चाहाना प्रगाढ रुपमा व्यक्त भएको छ ।

## ९. सभ्यता र विसङ्गति

अभिधात्मक अर्थ लिएर अत्यन्त सरल भाषाशैलीमा लेखिएको छ । यो कविता अनुष्टुप छन्दमा रचना भएको 'सभ्यता र विसङ्गती' शीर्षकको कविता द्विपती कविता हो । संरचनात्मक रुपमा हेर्दा २४ श्लोक र ४८ पाउ रहेका छन् । मानव जीवनको विसङ्गतिको धारणाको नजिक देखिन्छ ।

हरेक श्रष्टामा सिर्जनशील कला हुन्छ, उसले जे देख्छ त्यो लेख्छ । दोषमुक्त रचना लेख्नु स्रष्टाको मुख्य ध्येय रहेको हुन्छ । स्रष्टाको भावना व्यक्त गर्न कलमलाई कसैले पनि रोक्न सक्दैन  स्रष्टाको कल्पना समुन्द्रको गहिराइ जस्तो हुन्छ जहाँ लाखौँ पाठकहरु डुवे पनि थाहै पाइदैन । स्रष्टाको कल्पना शक्ति समुन्द्रभन्दा पनि वृहद हुन्छ । जसको यात्रामा पार गर्न सकिदैन । त्यस्तै भाव व्यक्त गर्दै कवितामा भनिएको छ ।

राष्ट्रको बेदना पनी हैन आँसु बराबर,

स्रष्टाको कल्पनाभन्दा, कान्छो हुन्छ सरोवर ॥ (श्लोक २)

कयौँ व्यक्तिहरु स्रष्टालाई सिर्जना गर्न दिदैनन् । स्रष्टा कहिल्यै पनि झुक्दैन । अझ कठोर संघर्ष गर्दै अघि बढ्छ । स्रष्टाको पीर र व्यथा कसैले वुझ्न सक्दैन । यो मानिसको विसङ्गत पक्ष हो । स्रष्टाको कतिपय अवस्थामा विना अर्थ प्रयोग हुने गर्दछ । संसार नै विसंगत भएको वेला जोसुकै सज्जनहरुको प्रयास निरर्थक वन्दछ भन्दै कवितामा विसंगतिवादी र अर्थहीन दृष्टिकोण व्यक्त गर्दै भनिएको छ ।

कोशिको बाँध बाँधेर, धोती टालेर के भयो ?

घैलाको रुप चाहिन्थ्यो, लोटाले यो गति भयो ॥ (श्लोक १७)

यस सभ्यता र विसंगती कवितामा मानव जीवनप्रति व्यंग प्रहार गरेको पाइन्छ । एकले अर्कालाई दवाएर मानिसले दानवी चरित्रको प्रदर्शन गरेको पाइन्छ । मानवजातिको यस धर्तिमा

सृष्टि भए पश्चात नै अर्कालाई होच्याउने प्रवृतिको विकास भएको पाइन्छ । मानिस भित्र रहेको दानवी चरित्र सृष्टिकै रचना हो भन्दै कवि यसरी भावहरु व्यक्त गर्दछन् ।

सृष्टिको भूल हो लोभ, दानवी राज्य गर्जन,

सृष्टिकै रचना भित्र, मोहमत्त छ आसन ॥ (श्लोक२१)

यसरी सभ्यता र विसंगति कविताले कवि झाँक्रीखोलेको कवित्व कलाको बेजोड प्रस्तुतीकरण भएको पाइन्छ । यस कवितामा विम्ब प्रतीकको माध्यमबाट सिँगो नेपालको सभ्यता र सँस्कृति विकृति र विसंगतिलाई प्रष्ट पारिएको छ । दुःख, आँशु वेदना प्रतीकका रुपमा आएका छन् वैस्य मन्थन, उमङ्गको प्रतीक, नारीजाती दया र करुणाको प्रतीक, हुन् र पशिना संर्घषको प्रतीक, विशालु मदिरा विसंगतिका प्रतीक रहेका छन् ।

## १०. मेरो परिचय

यो कविता मन्दाक्रान्ता छन्दमा रचना भएको छ । अभिधात्मक शीर्षक राखिएको झाँक्रीखोलेको यो कविता पद्यलय र सरल भाषाशैलीमा लेखिएको छ । संरचनाका दृष्टिकोणले हेर्दा २० श्लोक र ४० पाउ रहेका छन् । समग्ररुपमा यस कवितामा हेर्दा गरिब दुःखी अथवा आर्थिक अवस्था कमजोर भएको मानविय जीवनको प्रस्तुतीकरणे पाइन्छ ।

सबै मानिसको जीवन एउटै हुँदैन । जीवन संघर्षमय छ, बाँच्नका लागि सङ्घर्ष गर्नु पर्दछ । सफल मानिस वन्नका लागि कठोर मेहनत र परिश्रम गर्नु पर्दछ , नत्र जिवन घिन लाग्दो अस्तित्वविहिन वन्छ । मानिसमा स्वर्थी पन हुन्छ, दुःखी गरिवहरुको लागि जनताको आशाको दलहरु अगाडि बढ्दैन । आफ्नो स्वार्थको निम्ति मात्र अगि सर्दछ भन्दै कवितामा भनिएको छ ।

आयो सत्ता जनहितविना आफूमात्र रमाई,

सिङ्गै साथी तल तल गिरे, गर्न छाड्यो भलाइ, ॥ (श्लोक ५)

अर्थहीन जीवन बिताउन मानिसहरु बाध्य भएका छन् । मानिस आफ्नो यर्थाथतालाई छोप्दै बाच्न बाध्य छ, उ बाहिर जस्तो देखिन्छ भित्र फरक छ, देखावटी रुपमा हाँस्नै पर्ने बाध्यता मानिसमा रहेको छ । हामी सबै नेपाल आमाको सन्तान हौं, नेपाल बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक मुलुक हो । नेपाल सबैको साझा फूलबारी हो । त्यसैले नेपालको सम्पतिमा समान अधिकार हुनुपर्दछ । आफ्नो बाहुबलको भर भए सम्म बाँच्न सक्ने अवस्था सिर्जना भयो भने बाहुबल कमजोर भएमा पेट भर्न मुस्किल हुन्छ भन्ने भाव यस कविताले प्रष्ट पारेको पाइन्छ । निर्धा मानिसहरु रात दिन पिल्सिनु परेको छ । नेपाल आमा सबै मेरा सन्तानहरु बराबरी हुन् भन्दै धुरुधुरु रुन्छिन् भन्दै कवितामा भनिएको छ ।

आमा मेरी धुरुधुरु रुँदैं भन्दथिन् ए टुहुरा

मैले जाने जनकपछिको छैन मेरो सहारा ( श्लोक १६)

गरिब दुःखी मानिसहरुको लागि कोठी बारी, झुपडी नै प्यारो लाग्छ । डोको बोकी, घासँदाउरा गर्दै रमाउन चाहान्छ । वीर नेपालीहरु डोकोबोकी शिखरमा चढ्न पनि पछि पर्दैनन् । यस कवितामा मानवीय जीवनको संर्घष साथै गरिब र धनि मानिस बीचको द्वन्द्वलाई देखाउन खोजीएको छ । 'मेरो परिचय' मा वैयत्तिक दुःख भोग र विवश परिस्थिति युक्त जीवनको चित्रण रहेको छ ।

## ११. थुनिएको आवाज

यो कविता गद्यलयमा लेखिएको छ । सरल भाषाशैलीमा संरचना गरिएको छ । 'थुनिएको आवाज' केहि हल्का रङ्ग पोतिएको नारीवादि कविता हो । यसलाई मार्क्सवादी सौन्दर्यशास्त्रका आधारमा विवेचना गर्दा 'प्रगतिशील' साहित्यको पक्षपातिहरुको फाँटमा राख्न मिल्ने भन्न सकिन्छ । जस्तोसुकै परिस्थितिमा पनि साहित्यकारहरु आफ्नो रचनामा तल्लीन भइरहन्छन् भन्ने सन्देश यस कविताले दिन खोजेको छ ।

राष्ट्रिय संकट परेको बेला पनि कवि आफ्नो कविता कोर्ने गर्दछ । खाना नपाए पनि लाउनै नपाएपनि, तागत नपुगेपनि, छातीभरी मातृ व्यथा बोकेर पनि नेपाली साहित्यकारहरु साहित्य सँग नजिक हुन्छ । यदि कसैले साहित्यको मर्म बुझ्नेन भने नेपाली साहित्य धरायसीमा पर्न सक्छ । नेपाली भाषाको यर्थाथतानै मर्छ भन्दै कवितामा भनिएको छ ।

यसो गर्छौं भने नेपाली आवाज मर्छ,

नेपाली नाता मर्छ,

नेपाली भाषा मर्छ

नेपाली भाषाको यर्थाथता नै मर्छ

र नेपाली शिरोमणिहरुको टोपी नै झर्छ ॥ (श्लोक ३)

'थुनिएका आवाज' कवितामा नारीहरुको महिमागान गाइएको छ । आमा नै जन्म भूमी हो । आफ्नो जन्म दिने आमाप्रति हामीले सदैब भक्तिभाव राख्नु पर्दछ । आफ्नो सन्तानको लालनपालन गर्न आमा खाइ नखाई आँसु पिएर बाँच्दछिन् । जबसम्म समाजमा नारीहरुको स्थान र उनीहरुको महत्वलाई बुझिदैन् तबसम्म हाम्रो समाजको उत्थान हुँदैन । त्यसैले नारीको पुरुषले सम्मान गर्नुपर्दछ । यहाँ समाज चलाउन नारी र पुरुषहरु दुवैको मिलेमतो अपरिहार्य छ ।

## १२. सौता रोज्ने पुरुषलाई

'सौता रोज्ने पुरुषलाई'शीर्षक अभिधेय अर्थ प्रदान छ । यो कविता सरल भाषा शैलीमा लेखिएको छ । नैतिक आदर्श, सत्मार्गमा लाग्ने औपदेशिक शिक्षा, मानवकल्याण र विश्वकल्याण गर्ने आर्दशवादी चिन्तन कवितामा व्यक्त भएको छ । मानिसको वुद्धि सकियो भने उन्नतिको शिखरमा पुग्न कहिले पनि सक्दैन । ज्ञानात्मक सन्देशका लागि महत्वपूर्ण मानिन्छ । अर्ती उपदेशले मानिसको चरित्र सुर्धाछ, सत्य व्यावाहार गर्न, चरित्रवान नागरिक हुन वाल्यकालदेखि अनुशासनको पाठ सिकेको हुनुपर्दछ । एउटा खराव चरित्रको मानिसले अरु धेरै मानिसहरुलाई नकारात्मक असर गर्छ । मानविय कल्याणका लागि समाजमा सत् चरित्र भएको मानिसहरुको संगति हुनु पर्दछ । छल्नु, ढाट्नु जस्ता कृयाकलापहरु भनेका ज्यादै ठूलो अपराध हो । यसले छली आफैलाई सताउँछ । समयमा होस नपुऱ्याए जीवन अर्थहीन बन्दछ, त्यसैले सार्थक जीवन व्यथित गर्न चरित्रवान्, अनुशासित, परोपकारी जस्ता गुणहरुको विकासहुनुपर्दछ । खराब चरित्रले दुर्गन्ध फैलाउँछ, दुर्गन्धमय जीवन बिताउनु ज्यादै घृणित कुरा हो भन्दै कवितामा भनिएको छ ।

गन्हाउने जीवन भित्र बाँची

व्यर्थै भयो जीवन तुच्छ लाछी

दाम्पत्य खल्लो अधुरो जहिले

के काम आर्ज्यौ ?दुलही पहिले ॥ (श्लोक ५)

जीवनमा आएका बाधा अर्चनहरुलाई पन्छाउनु पर्छ । कमिकमजोरीहरुको मूल्याङ्कन नगरी काम गर्दा कार्य सफल हुन सक्दैन । असल व्यावहार असल पक्षतिर दृष्टि लगाउनु पर्छ । सफलता पाउन परिश्रम गर्नु पर्छ । परिश्रमको फल मिठो हुन्छ । मान्छे गुणी हुनुपर्छ भन्दै कवितामा भनिएको छ ।

मान्छे गुणी कण्ठ हलाहलैको

सौदा छिटो हाट छलाछलैको

यो शान्ति आराम समाज पेसा

नाता छिमेकी सहयोग जे छ ॥ (श्लोक ३२)

## १३. यसले सकेन

'यसले सकेन' शादूलविक्रीडित छन्दमा रचना भएको छ । यो कवितामा ८ श्लोक र १६ पाउ रहेका छन् । तृतीय पुरुष कथन ढाचाँमा संरचना भएको विसंगतिवादी दृष्टिकोण राख्ने उत्कृष्ट कविता हो ।

मानिसको जीवन संघर्षशील छ । सफलता, असफलता जीवनचक्रका क्रममा आइरहन्छ । यस कवितामा जतातत्तै उदाएका कवि लेखकहरुको वास्तविकतालाई प्रस्तुत गरिएको छ । यसले सकेन शीर्षकनै विसंगत छ, कवि लेखनका विवशतालाई प्रस्तुत गर्दै कवितामा भनिएको छ ।

यस्ले लेख्न सकेन यो गहभरी नौलो कुनै काव्य नै

पाखा पार्न सकेन भित्र मनको आलो कथा व्यक्त नै ॥ (श्लोक १)

लेखक साहित्यकारहरुको मनमा अनेकौं भावनाहरु रहेका छन् । तर ती भावनाहरु व्यक्त भएर काव्य रचना गर्न नसक्दा कवि लेखकहरुमा निराशता छाएका छन् । लेखकहरु आफु कृति रचनाको शिखरमा पुग्न चाहन्छन् ।कवि लेखकहरु कहिलै आत्मासन्तुष्टि हुदैनन् कवि लेखकहरुमा प्रतिस्पर्दा भइरहेको हुन्छ , संर्घष नै जीवन हो, कवि लेखकहरु कलमका माध्यमबाट संघष गर्दछन् । उनीहरुको संर्घषको रणभूमि भनेको साहित्य रचनाको भूमि हो । युग सापेक्ष सफलता पाउन नसक्दा कवि लेखकहरुमा नैराष्य छाउँछ । सफलता प्राप्त गर्न नसके पनि केही हदसम्म सफलता प्राप्त भइरहेको हुन्छ । असफलता नै सफलताको घोतक हो ।

यसरी 'यस्ले सकेन' कविता छोटा भएता पनि सारा स्रष्टाहरुको विवशताको प्रस्तुतीकरण गर्न सफल छ । तृतीय पुरुष कथन ढाँचामा रचित तर स्रष्टाकै विवशता वर्णित कविता हो । प्रतीकात्मक रुपमा हेर्दा यस कविताले सफलताका शिखर चुम्न नसकेका सवै साहित्यकारहरुको प्रतिनिधित्व गरेको छ । धेरै प्रयास गरेपनि विविध कारणले सफलता पाउन नसकेका लेखकहरुको जीवन विशेषता यस्तै रहेको छ ।

## १४. एउटा मरेको आत्मा

'एउटा मरेको आत्मा' कविता गद्यलयमा रचना भएको छोटालामा गरि ५ भाग र साठी पाउमा विभाजित छ । सरल भाषाशैलीको प्रयोग गरिएको छ । मानव जीवन विसङ्ग छ । त्यही विसङ्गतिवादी दृष्टिकोण यस कवितामा प्रस्तुत गरिएको छ । बाँचेको जीवन मरेजस्तो, मरेको जीवन सन्तोषले प्राण नगएजस्तो जीवन व्यवस्थाको कविताले प्रस्तुतीकरण गरेको छ । "एउटा आत्मा मऱ्यो तर अझ प्राण गएको छैन" शव्दले विसङ्गतिवादी दृष्टिकोण राख्दै कवितामा भनिएको छ ।

आज एउटा आत्मा मरेको छ हजुर !

तर-प्राण त गएको छैन ।

अभक्ष खाएर हैन हजुर,

तर बिराएँ भनें के छ कसुर,

मर्न त मन थिएन हजुर,

मार्नेको फेला परेपछि, (श्लोक १)

जीवन जीउन ज्यादै कठिन छ । बाँच्ने रहर भएपनि बाँच्न नपाउने बाध्यता रहेको छ । बाँचेको जीवन अस्तित्वहिन भएको छ । अस्तित्वको खोजीमा मानव सङ्घर्ष गरिरहेको छ । अरुको साहयता खोजी रहेको मानव आत्मा अलि-अलि सहयोग पाइने बितिकै अवश्य उठ्नेछ। उसका लागि अरुको सहयोगको प्रतीक्षा नै ठूलो कुरा भएको छ । मानिस सुख खोज्दछ तर त्यो सुख पाउन गाह्रो छ । सुखको खोजीमा मानिस भौतारिरहेको हुन्छ भन्दै कवितामा भनिएको छ ।

आफूले हेरेको उज्यालो त हजुर !

कालो सन्ध्या बन्दो रहेछ,

दिन र रातको दोसाँधमा गुञ्जिएको

आरधाना त हजूर !

पुजारीलाई पनि घिनलाग्दो हुने रहेछ ! (श्लोक ६)

आफ्नो इज्जत बचाउनको लागि केहि गर्नु पर्छ  तर केही लागत छैन भने कसरी आफ्नो इज्जत बचाउने ? यो कठिन छ त्यसैले 'संघर्ष नै जीवन हो, जीवन नै संर्घष हो, 'एउटा मरेको आत्मा'  कविता विसङ्गतीवादी कविता हो । यस कवितामा पटक-पटक दोहोरिएको 'हजुर' शव्दले कवि भूपि शेरचनको कविता शैलीलाई सम्झाउँछ भने अर्कोतर्फ अस्तित्ववादी, कविता भएकोले मोहन कोइरालाको 'फर्सीको जरा' कविताको निकटता देखिन्छ । विसङ्गत जीवनले अस्तित्वको खोजी गर्छ । यस कवितामा मानव जीवनको यथार्थलार्य प्रस्तुत गरिएको छ ।

## १५. आन्दोलनको ज्वाला

'आन्दोलनको ज्वाला' शार्दूलविक्रीडित छन्दमा रचना गरिएको छ । यस कवितामा जम्मा चौध श्लोक र अठाइस पाउ रहेका छन् । पद्यलयमा लेखिएको यो कवितामा सरल र रोचक भाषाशैली रहेको छ । यस कवितामा २०४६ सालको जनआन्दोलनको अवस्था प्रस्तुत गरिएको छ ।

नेपालमा वि.स. २०१७ सालदेखि २०४६ सालसम्म निरङ्कुश पंचायती शासकहरुले शासन गरे । सारा गरिब जनताहरु देशमा प्रजातन्त्र ल्याएको तर त्यो प्रजातन्त्रको स्वादनै जनताले चाख्न नपाई पंचायति व्यावस्था वि.स. २०१७ सालमा आएको थियो । प्रजातन्त्र प्रेमीहरु विभिन्न प्रकारले आन्दोलनका कार्यक्रम जारी गर्दै आए ।  २०३६ सालमा जनमत

संग्रह ल्याउन पंचायती सरकार बाध्य भयो । अनेक बाधा जाल भेलका अगाडी प्रजातन्त्रप्रेमी जनताहरुको केही उपाय चलेन । पुनः निर्दलीय व्यवस्थाले आसनग्रहण गरी नै रह्यो । स्वतन्त्रताको  प्राप्तिको निम्ति सङ्घर्ष देश भर एक साथ भयो । पंचायती शासनले नेपाली जनतालाई पिंञ्जराको सुँगा बनाएको थियो । बन्दगृहमा थुनिएको सुँगाले २०४६ सालमा शसक्त संघर्ष गरेर पिजरा तोडेर बाहिर नीस्कियो र सफलता पनि पायो । स्वतन्त्रताको हक अधिकार प्राप्तिका लागि पंचायती शासन विरुद्ध देशभरी शान्तिपूर्ण जनआन्दोलन भयो । यो सफलता नेपाली जनताका लागि ठुलो सफलता थियो । जनआन्दोलन देशका हरेक भू-भागमा चर्किएको बेला दमनकारी शासकहरुले हजारौँ नेपाली जनतालाई अङ्गभङ्ग बनाए । सयौं नेपाली प्रजातन्त्र प्रेमीहरु शहीद वन्नु पऱ्यो । सयौं नारीहरुको सिउँदाको सिदुर पुछियो । यहि ब्याथालाई सुक्ष्म आख्यानात्मक शैलीमा यसरी कवितामा ब्यक्त गरिएको छ ।

पोते खै दुलही ? भनेर रणमा सासु भुतुक्कै मरिन्

उन्को सिन्दुर सिद्धियो प्रिय ढले व्बारी विधुवा परिन् ॥ (श्लोक १)

तातो गोली लागेर पानी - पानी भन्दै वीर योद्धाहरु रणभूमीमा ढले । पंचायती शासकहरुले नेपाली जनतालाई दबाउने छाडेन । भावना कहिल्यै पनि दबाएर दब्दैन, आन्दोलनको ज्वालालाई जति दबायो उति उग्ररुप लिन्छ । बोली बन्द गर्दा वा जनआवाज थुन्दा कहिल्यै पनि थुनिदैन । क्रान्तिकारीहरु तातोगोली देखि पनि डराउँदैनन् । आफू मरेपनि नेपालीहरु स्वतन्त्रता पूर्वक बाँच्न पाउनु पर्छ भन्ने विशाल, स्वच्छ भावना वीर शहिदहरुको रहेको हुन्छ । तानाशाही दानवहरु एक दिन न एक दिन अवश्य पर्दाफास भएरै छाड्छ भन्दै कवितामा भनिएको छ ।

फासीवाद गिरोह - चक्र रणको पर्दा उघारी दिए

छिप्तैथे अभियुक्त दानवहरु ऐनासरी देखिए ॥ (श्लोक ११)

अन्याय, अत्याचार, शोषण, दमन आदि स्वतन्त्रता प्रेमी जनताहरुको ठूलो सत्रुता हुन् । शोषित जनता एक दिन अवश्य एक जुट भएर शोषणको विरुद्ध उठ्छ अनि एक दिन अवश्य सफलता हात पर्दछ भन्ने सन्देश यस कविताले दिएको छ । 'आन्दोलनको ज्वाला' कविताले २०४६ सालको जनआन्दोलन र २०६३ को लोकतान्त्रिक आन्दोलनका दृष्टिले पनि उत्तिकै महत्व बोकेको छ ।

## १६. आत्महत्या

'आत्महत्या' कविता मन्दक्रान्ता छन्दमा रचना गरिएको छ । यस कवितामा जम्मा १६ श्लोक र ३२ पाउ रहेका छन् । यस कविता पद्य लयमा रचिएको छ । सरल भाषाशैलीको प्रयोग गरिएको छ । मानवीय जीवनको निरशता बाध्यता व्यक्त गर्नु यस कविताको विषय वस्तु रहेको छ ।

मान्छेका मनमा जब मानसिक निराशता, कुण्ठाले अधिपत्य जमाउँछ तव उसको मानसिक अवस्थामा त्यसले नकरात्मक असर पुऱ्याउछ । मर्न कसैलाई रहर हुदैँन, त्यो वाध्यता हो । लाऊँ, खाऊँ भन्ने विचार सबैमा हुन्छ । आफ्नो आयु कसैलाई पनि थाहा हुदैन भन्दै कवितामा भनिएको छ ।

मर्न पर्ने विधिवत प्रथा कर्मबाटो छँदैछ

आफ्नो आयु कति भइसक्यो जानकारी हुँदैछ ॥(श्लोक ३)

आफ्नै आत्महत्या गरेर जीवन लीला समाप्त गर्नेहरुको लागि एक पटक पाएको जीवन अर्थहिन वन्दछ । माया ममता नपाउने मानिसले सजिलै आत्महत्या गर्दछ । मानिस जब निराश साहाराहिन वन्दछ तव उ आत्महत्या गर्न तम्सिन्छ । आत्महत्या गर्नेलाई लोकले घृणा गर्दछ । यसै प्रसंगमा कवितामा भनिएको छ ।

मेरा साथी समुह सबले थुक्तछन् थुक्क पाजी

लाछी ! भाते ! कुमति ! हिजडा ! बुद्धि तेरो नजाती ॥ (श्लोक १३)

यसरी आत्महत्या कवितालाई हेर्दा शैलीगत रुपमा अन्त्यानुप्रास युक्त कविता हो । यसले मानवीय जीवनको वास्तविकतालाई प्रस्तुत गरिएको छ । निरशता, बाध्यता, विवशता आदि कारणले जीवन विसंगत बन्ने अवस्था सिजर्जना हुन्छ भन्ने कुरा प्रस्तुत गरिएको छ ।

## १७. तिम्रो रहस्य के छ ?

'तिम्रो रहस्य के छ ?' कविता गद्य लयमा लेखिएको स्वच्छन्दतावादी कविता हो । लामा छोटा गरि २६ पाउहरुमा रचना भएको यो कविताले जीवनको यर्थाथताको प्रस्तुतीकरण गर्दछ ।

यो कविता प्रश्नात्मक शीर्षकमा रचना भएको छ । मानव मनका भावनाहरु कहिले पनि बुझ्रेर सकिन्न । त्यसैले मानव मन रहस्यको भण्डार हो । मानव मन परिवर्तनशील हुन्छ , एकछिनमा सुखानुभुति, एकछिनमा दुःखानुभुति भइरहन्छ । फूल आज ढकमक्क फूल्छ भोली ओइलिन्छ , मानव मनको अवस्था पनि त्यस्तै छ , आज उमङ्ग भएको मन भोली निराश भईरहेको हुन्छ । वाहिरी देखावटी र भित्री आत्मा फरक-फरक हुन्छ । कसैको बाहिरी मुस्कान मिठो हुन्छ, तर भित्री आत्मा कलविष भएको पनि हुन सक्छ । यसै प्रसङ्गमा कवितामा भनिएको छ ।

तिम्रो म देख्छु आँखा, आसुँ त सिद्धिएछ

भित्रै म डुब्न खोज्थे, भाडै त रित्तिएछ ॥ (श्लोक ७)

प्रेमका प्रसंगबाट हेर्दा प्रेमीले प्रेमीकालाई हेर्दा अघात माया गर्छ तर प्रेमीका त्यस्ती छ जसमा मायाको भण्डारमा खडेरी लागेको छ अथवा प्रेमीकाका लागि प्रेमीको मायाको भण्डारमा खडेरी लागेको छ । त्यसैले प्रेमी वा प्रेमीकाको जीवन उराठ लाग्दो भएको छ । तिम्रो रहस्य के छ ? कविता प्रतिकात्मक शैलीमा रचना भएको कविता हो । यस कवितामा 'तिमी' द्वारा सम्बोधित व्यक्ति कुनै विरक्तिएको नायकको नयिका भए जस्तो आभाष पाइन्छ । विभिन्न प्रंतीकहरुबको प्रयोग गरी मानव मनको आरोह अवरोहहरुको प्रस्तुतीकरण गरिएको छ । फूललाई प्रेमको प्रतीक, आँसुलाई बिछोडको प्रतिक, तलाउ प्रेमको सागरको प्रतीकका रुपमा प्रयोग गरिएको छ ।

## १८. टुक्राटाक्री

'टुक्राटाक्री' कविता झाँक्रीखोलेका कविताहरु मध्येको पृथक कविता हो यस कवितामा जम्मा ८ वटा टुक्रे कविताहरु फरक फरक छन् । पाँचवटा टुक्रा कविता शादूलविक्रीडित र तीन वटा टुक्रा कविता मन्दाक्रान्ता छन्दमा रचना भएको छ । सबै टुक्रे कविताहरु चतुष्पदी कविता हुन् र प्रत्येक कवितामा चार चार पाउका एक एक श्लोक रहेका छन् । आठै टुक्रा भानुभक्तीय छन्दमा छन् । कविको भावना अभिव्यक्ति गर्न सफल देखिन्छ । आदिकवि भानुभक्त आर्चायको शिल्प र छन्द संरचनामा आठै टुक्रे कविताहरु संरचित भएका छन् । ती आठै टुक्रा कविताहरुको परिचयात्मक अध्ययन तल प्रस्तुत गरिएको छ ।

### १. दुख्ता

'दुख्ता' कविताले मान्छेको अटोठ प्रवृतिलाई जनाउँछ । हरेक मानिसले व्यवहार गर्दा अटोठका साथ गर्नु पर्दछ । दृढ संकल्प लिएर व्यवहार गर्दा जीवनमा सफलता पाउन सकिन्छ । सच्चा एवम् विश्वासी व्यवहारले मानिसको शिर सँधै ठाडो हुन्छ । जीवनको यात्राको क्रममा दृढ संकल्प लिएन भने बाटो भुल्न सक्छौं, सँधै अरुको विश्वासले पनि कहिले काँही धोका दिन सक्छ । कसैको पनि विश्वास गर्नु हुदैन । कसैको आत्मा बुझ्न सकिदैन भन्ने सन्देश यस कविताले दिन खोजेको छ ।

### २. साँच

वैशालु जीवनमा सवै मानिसमा सौन्दर्यले बास गर्दछ । मानिस सौन्दर्य प्रेमी प्राणी हो र रुप र गुणमा आकर्षित हुन्छ । सौन्दर्य आँखाको पोषण तत्व हो । लाखौं सौन्दर्य प्रेमी प्राणीहरु सौन्दर्यमा झुमिन्छन् । जसरी फुलमा लाखौं पुतलीहरु घुम्छन् । फुल अत्यन्तै राम्रो हुन् । त्यसैले सुन्दरताले पनि कहिले काँही कनकरात्मक असर पारीरहेको हुन् । आफ्नो अस्तित्व वचाउनको लागि सौन्दर्य साँची राख्नुपर्छ । रस विनाको फुल र सौन्दर्य विनाको जिवन निरर्थक वन्दछ ।

## ३. भेलजोगाउ

प्रेमको सागरमा डुवेपछि मानिसले चेतना गुमाउछ । ऊ प्रेममा अर्धपागल बन्दछ । अर्काको मन पनि आफ्नै मन जस्तो लाग्दछ । कसैको उन्मादले छोएको युवा युवती समयमा होस पुऱ्याउन सक्दैनन् र पछि पश्चतापको पिडामा खस्दछन् । यस कविताले मानिसको जवानी अबस्थामा आउने भेल र आधीबेरी उसकै लागि थाम्न ज्यादै कठिन हुन्छ भन्ने कुरा उल्लेख गर्दछ । प्रतीकात्मक रुपमा हेर्दा वर्षा र भेलले जवानी अवस्थामा आउने उन्मातको अवस्थालाई व्यक्त गरेको छ ।

## ४. नदेउ

नदेउ कविता निसेधात्मक कविता हो । प्रेमले मानिसलाई स्वर्गीय आनन्द दिन्छ । कसैलाई मृत्यूको मुखमा समेत पुऱ्याउन सक्छ । कसैलाई प्रेम अर्पण गर्दा उसको प्रस्ट विचार वुझ्नु पर्दछ । त्यसैले यस कवितामा कसैलाई बुझेर मात्र प्रेम गर्नुपर्दछ नत्र धोका पाइन्छ भन्ने सन्देश दिइएको छ ।

## ६. देऊ

'नदेउ' कविताले निषेधात्मक अभिव्यक्ति व्यक्त गर्दछ भने देऊ कविताले समर्पणको भाव व्यक्त गर्दछ । आफ्नो सच्चा प्रेमीलाई जीवन दिए हुन्छ । आफ्नो सम्झेर रुप र गुण र धन दिने व्यक्तिले धोका नदेला । मानिसको साच्ने प्राण कतै हुदैन । जवानी वर्षको भेल हो । यसैलाई कसैलाई पनि रोक्न सक्दैन । समयमा होस पुऱ्याउन नसके कुनै वेला पछुताउनु पर्छ । सूक्ष्म अख्यानात्मक शैलीमा प्रस्तुत यस कविताले प्रेमी होस् या प्रेमीकाले आफ्नो प्रेम पात्रलाई आफू सर्वेत्कृष्ट व्याक्ति भएकाले असल भावनाका साथ प्रेम गर, प्रेम त्यस्तो वस्तु हो जो जीवन भरि पवित्र हुनुपर्छ भन्ने भाव व्यक्त गर्दछ ।

## ६. बन्धुरोग

दाजुभाइको सम्वन्ध अंशीयारी सम्बन्ध हो । भातृत्वको सम्बन्ध सवैभन्दा नजिकको सम्वन्ध हो । मानिस धन भने पछि हुरुक्क हुन्छ । भातृत्वको सम्बन्ध पनि विर्सन्छन् अंशको बिषयलाई लिएर घात प्रतिघात भएमा त्यसले बंशको हित हुन सक्दैन । दाजुभाई बिच कहिल्यै कलह गर्नु हुदैन । दाजुभाई बिचको भावना सधै स्वच्छ र पबित्र हुनुपर्दछ । एकले अर्कालाई ज्यान दिएर सहयोग गर्नुपर्छ । दाजुभाई बीचमा कलह गर्यो भने छरछिमेक समेतले हेप्न सक्छ र भविष्यमा दुख पाइन्छ भन्ने सन्देश यस कविताले दिन खोजेको छ ।

## ७. पुरुषको रोग

पुरुष भएर पुरुषले आफ्नो कर्तव्य वुझ्न सकेन भने पुरुष हुनुको औचित्य रहदैन । पुरुषमा घमण्डीपन हुन्छ । पुरुषले महिला माथी भेदभावपूर्ण व्यवहार गर्दछ । पुरुष आफूलाई

असल, सक्षम र आफ्नी अर्धाङ्गिनी आफ्ना दासीका रुपमा हेर्ने रोग पुरुषहरुमा रहेको हुन्छ । नारी जातिको आफ्नै किसिमको स्वभिमान हुन्छ त्यो स्वभिमानलाई स्वीकार नगर्नु पुरुषको रोग हो । नारीलाई भेदभाव गर्ने पुरुषसँग जीवन निर्वाह गर्दा यस सृष्टि नै रहदैन भन्ने भाव यस कविताले गर्दछ ।

## ८. नारीको रोग

समाजमा पुरुषको रोग भए जस्तै नारीको पनि रोग हुन्छ । नारीको लागि गर्जी - गर्जी गृहकलह गर्नु नै ठूलो रोग हो । नारी जातिहरुमा आफ्नै किसिमको घमण्डहरु रहेका हुन्छन् । इर्ष्यालु, शकांको भावना उत्पन्न हुनु नारीको रोग हो । नारीको सवैभन्दा ठूलो रोग नै कुमति लाग्ने हो भन्ने भाव व्यक्त गरिएको छ ।

## १९. थुक्क

थुक्क कविताले शीर्षकमै चिन्ता व्यक्त गर्दछ । सरल भाषाशैली मन्दक्रान्ता छन्दमा रचना भएको यो कविता २० श्लोक र ४० पाउ रहेका छन् । एउटा गरिब घरपरिवार भित्र सिर्जना हुने घृणा लाचारी बिवशता कुण्ठा आदिको प्रस्तुतीकरण कविताले गरेको छ ।

भारी बोकेर आफ्नो जीवन चलाउने गरेको गरिबको शारीरिक अवस्था हेर्दा ज्यादै दयनीय हुन्छ । टाउकामा नाम्लाको छाप, कालो चरचर चिरा परेको हात खुट्टा लिएर वाच्नु बाध्य भएको छ । वरपीपलको छाहारीमा भारी बिसाएर सुर्तीको सर्को उडाउदा उनले ज्यादै स्वर्गीय अनुभूती गर्दछ । उनी अफ्नो भाग्यलाई संझी आफै थुक्क भन्ने शव्द प्रयोग गर्दछन् । आफ्नो अस्तित्वलाई बचाँउनको लागि जहान छोराछोरीको पेट भर्नको लागि जस्तै रोगी, पीडित भए पनि संर्घष गरी रहनुपरेको छ । जतिनै छोराछोरी भए पनि त्यो दुख बिसाउन पाएको छैन भन्दै कवितामा भनिएको छ ।

छोरा-ध्वाँसे शिरभर धुलो हाली खेल्दै दगुर्दै

तिघ्रे ल्वाँठे लडिवडि गरे, भेटिट्यो जे हसुर्दै ॥ (श्लोक ५)

यस कवितामा मानवीय जीवनको यर्थाथतालाई प्रस्तुत गरिएको छ । थूक्क ‘लाचारी, विवसता, घृणा, चिन्ता, व्यथा र कुण्ठा मिश्रित सिर्जना हो ।

## २०. हेर्ने आँखाको खाँचो छ ।

हेर्ने आखाँको खाँचो छ । कविता सरल भाषाशैली र गद्यलयमा लेखिएको छ । अभिधात्मक अर्थ शीर्षक रहेको छ । जम्मा छ भागमा संरचित कवितामा लामा छोटा गरी ५४ वटा पाउ रहेको छ । यस कवितामा भित्री ज्ञानको आँखाको महत्वको बारेमा स्पष्ट पारेको छ ।

मानिसको आँखाको अत्यन्तै महत्व हुन्छ । बाहिरी २ वटा आँखाको भन्दा भित्री ज्ञानको आँखाको महत्व छ किनभने ज्ञान नभएको मानिस देखावटीमात्र आँखा देख्ने तर भित्री रुपमा भने अन्धो हुन्छ । बाहिरी आँखा नहुदैमा मानिस अन्धो हुदैंन यदि उसको आँखा छ भने ज्ञानको आँखा चौथर्फी दृष्टिवान आँखा हो । ज्ञानवान मानिसले अर्कालाई कहिल्यै नराम्रो अज्ञानी देख्दैन । आफू भलो त जगत भलो भन्ने भावना राख्दछ । विश्व ब्रहमाण्डको ज्ञान हासिल गर्न भित्री आँखा चाहिन्छ । संसारका मानिसहरु एकै घरका परिवार सरह हुन् भन्ने भावनाको विकास ज्ञानको आँखा सक्षम भएमा मात्र हुन्छ । ज्ञान विनाको मनिस पशुतुल्य हुन्छ । ज्ञानविनाको मानिस आँखा भएर पनि अन्धो हुन्छ । देशका लागि करोढौं  खराव नागरीक भन्दा लाखौं विद्धान वा असल नागरिक वेश हुन्छन् । विश्व शान्तिका लागि भातृत्वको भावना नागरिकमा हुनुपर्छ यसका लागि पनि चर्मचक्षु भन्दा ज्ञानको आँखा मानिसमा चाहिएको छ भन्दै कवितामा भनिएको छ ।

तिमीलाई आँखाको डाम होइन

विवेकी चक्षु चाहिएको छ

चर्मचक्षुको आकारभन्दा

अन्तरचक्षुको केन्द्र चाहिएको छ

त्यो सबैमा पाइँदैन,

हत्या, हिसां र उत्पीडनभित्र

चर्मचक्षुको खाँचो परे पनि

भातृत्व, शान्ति र समानताको रक्षा गर्न

दिव्य दष्टिको खाँचो छ

अन्तरचक्षुको खाँचो छ, हेरर देख्नका लागि

अन्तर चक्षुको खाँचो छ

अन्तर चक्षुको खाँचो छ ॥ (श्लोक ६)

विश्वमा शान्ति सद्भाव कायम गर्नु छ भने ज्ञानको आँखाको अत्यन्तै आवश्यकता पर्दछ । हाम्रो वाहिरको आँखा छालाका आँखा हुन् । यस संसारलाई हेर्नका लागि भित्रि आँखाको आवाश्यकता पर्दछ भन्ने भाव यस कविताले व्यक्त गरेको छ ।

## २१. कस्ती सुन्दरी ?

'कस्ती सुन्दरी' कविता गद्य लयमा लेखिएको छ । संरचनाको दृष्टिवाट हेर्दा १५ भाग रहेको छ । यो प्रतीकात्मक शीर्षक राखिएको कविता हो । यस कविताको शीर्षक ले नारीको सुन्दरतालाई झल्काए जस्तो देखिएता पनि वास्तविक विषयवस्तु प्रजातन्त्र रहेको छ ।

क्रूर राणा साषनको विरुद्धमा वीर नेपालीहरुले संर्घष गरे । त्यही संर्घषको कारण वि.स. २००७ सालमा प्रजातन्त्र ल्याउन सफल भयो । प्रजातन्त्र फस्टाउनुको सट्टा यसको दुरुपयोग भएको छ । गरिवको जीवन उक्सिन सकेन । प्रजातन्त्रको महत्वलाई कसैले पनि वुझ्न सकेन । जनताको नायिकेले गरिब जनताको मर्मलाई वुझ्न सकेन । प्रजातन्त्र विकृत अवस्थामा लाचारी वन्न पुग्यो, यसै सन्दर्भमा उल्लेख छ ।

नेताको बलभित्र वहुदलको खलवलभित्र र

गोप्य सम्बन्धको दलदलभित्र

बेस्सरी कस्एिर लठ्ठिएको छु (श्लोक ९)

नेपालीहरु सवैको लागि प्रजातन्त्र प्यारो हो । त्यसको सही तरीकाले उपभोग गर्न जान्दैनन् । सही तरिकाले उपभोग गर्न नजान्ने हरु पातकी वन्न पुगेका छन् । स्वतन्त्रताले आज सज्जन मानिसहरु दुर्जन बन्न पुगे । सबै स्वार्थी, सबै कोडी सबै अनुसाशनहीन त्यसैले अव प्रजातन्त्रको महत्व गिर्दैछ , समाप्त हुदैछ ।

कवि झाँक्रीखोलेका गद्य कविताहरु मध्ये उत्कृष्ठ कविता कस्ती सुन्दरी रहेको छ । यसमा विभिन्न प्रतीकहरुको सुन्दर संयोजन भएको छ । शव्द चयन शैली शिल्प कवितामा उत्कृष्ठ वन्न पुगेको छ ।

## २२. चुनाव महिमा

'चुनाव महिमा' कवितामा मन्दाक्रान्ता छन्दको प्रयोग गरिएको छ । जम्मा चौध श्लोक र अठाइस पाउमा संरचना गरिएको छ । सरल भाषाशैलीको प्रयोग गरिएको छ । चुनाव महिमा शीर्षकमा कवितले चुनावी चाल, चरित्र र चतुऱ्याइको चर्को चर्चा गरेका छन् ।

हाम्रो देश नेपालमा वि.स. २०४६ सालमा राजनैतिक परिवर्तन भई पञ्चायती व्यावस्थाको अन्त्यसँगै बहुदलीय व्यवस्थाको स्थापना भयो । जनतामा उत्साहको लहर छायो । प्रजातान्त्रिक भावना अनुसार वि.स. २०४८ सालमा नेपालमा आमनिर्वाचनको घोषणा गरियो । सबै राजनीतिक दलहरु चुनावी प्रतिस्पर्धामा उत्रिए । पूर्व मेचीदेखि पश्चिम महाकाली सम्मका राजनैतिक दलका नेताहरु र जनताहरु उर्लिए । आफ्नो अस्तित्व जोगाउनको लागी नेताहरु आफ्नो संगठनलाई बलियो वनाउनतर्फ लागे । सबै राजनीतिक पार्टीहरु आ-आफ्ना घोषणा

पत्र लिएर जनता समु प्रवचन दिदै पुगे, सबै नेताहरुलाई कुर्सी प्यारो थियो भन्दै कवि आफ्नो भावहरु कवितामा यसरी व्यक्त गर्दछन् ।

कुर्सी प्यारो पद विजयको राल खुस्क्यो नझार

सेखी खस्क्यो चुरिफुरी कडा जीत्न खोज्छौं नहार (श्लोक ११)

राजनीतिक दलका नेताहरु चुनावमा विजय हुँदा खुसीले गद्गद् हुन्छन् भने हार्दा विछिप्त हुन्छ । चुनावी कार्यक्रम नै राजनीतिक पार्टीहरुको लागि सबै भन्दा महत्वपूर्ण अवसर कुरा यस कविताले व्यक्त गरेको छ । यस कविताले चुनाबी यर्थाथतालाई प्रस्तुत गरिएको छ ।

## २३. के खाने के नखाने ?

यो कविता शादूर्लविक्रीडित छन्दमा रचना गरिएको छ । यसमा जम्मा छ श्लोक र बाह्र पाउ रहेका छन् । यो कविता औपदेशिक बनेर कर्तव्य र अर्कतव्यको वाटो देखाएका छन् ।

मानिस परिश्रमी हुनुपर्दछ । मानिसले आफ्नो पौरखको भरमा बाँच्न सिक्नु पर्दछ । अरुलाई शोषण गर्नु हुदैँन, दुख दिनु पनि हुदैन भन्ने भाव यस कवितामा व्यक्त गरिएको छ । मानिस प्यासी भोगी भएपनि आफ्नो सत्मार्गमा हिड्नु पर्दछ । असल र चरित्रवान बन्नु पर्दछ । अरुलाई ठगी अन्याय गर्दा, अत्यचार गर्दा, शोषण गर्दा आफैलाई सताउँछ । आफ्नो सच्चा कमाइ गरेर खानुपर्दछ । मानिस धर्तीमाताको एउटै सन्तान हो । सृष्टी सबैको लागि समान छ भन्दै कवितामना भनिएको छ ।

तिम्रो सन्तति को छ ? नार्य जननी पत्नी नखाने गर

सृष्टीः भित्र समान विश्व छ बुझ्यौ ! सिद्धान्त खाने गर ॥ (श्लोक ६)

सृष्टिमा कसैलाई भेदभाव गरिएको छैन, तत्लो जात माथिल्लो जात, गरिब र धनी भनेर भेदभावको सिर्जना त समाजले गरेको हो । मानिस नैतिकवान, चेतनशील बन्नु पर्ने यस कविताले सन्देश दिन खोजेको छ । यस कविता विम्बात्मक र प्रतिकात्मक रुपमा हेर्दा आँसु दुःखको प्रतीक, तिर्खा, प्यास मोहभावको प्रतीक रहेका छन् । कथन पद्धतीका दृष्टिले हेर्दा द्वितीय पुरुष र तृतीय पुरुष कथन पद्धति रहेको छ । “के खाने के नखाने ?” मा कवि उपदेशक बनेर कर्तव्य-अर्कतव्यको बाटो देखाएका छन् ।

## २४. खै के के चाहिएको छ !

खै के के चाहिएको छ’ कविता गद्यलयमा लेखिएको छ । यसमा जम्मा आठ अनुच्छेद र एकसय चौध हरफ रहेका छन् । अभिधात्मक शीर्षक रहेको ‘खै के के चाहिएको छ! सरल भाषाशैलीमा लेखिएको कविता हो । आजको समाजको तस्विर यस कवितामा उतारेको छ ।

विसङ्गतिवादी दृष्टिकोणको प्रस्तुीकरण यो कविताले गरेको छ । हरेक मानिसको जीवन विसङ्गत छ । मानिस बेवारिसे भई, अर्काको अन्याय र अत्याचार सहेर बाँच्नु बाध्य भएको छ । हरेक क्षेत्रमा परिवर्तन चाहिएको छ । हाम्रो देश कृषि प्रधान देश हो । कृषि उत्पादन परम्परागत भएकाले प्राविधिक ज्ञान मानिसलाई चाहिएको छ । साहुको घरमा श्रम र पसिना बगाउन बाध्यभएको छ । श्रमको लागि रोजगारीको आवश्यकता परेको छ । अन्तराष्ट्रिय देशमा गएर शोषण र अन्याय सहेर श्रम गर्न नेपालीहरु विवश भएका छन् । बिहान बेलुका छाक टार्नको लागि रोजगार छैन । त्यसैले चाहिएको छ भन्दै कबितामा भनिएको छ ।

बिहान बेलुकाको गुजारा गर्ने रोजगारी छैन भने
नहुने मेसिनजस्तो रोजगारलाई
त्यसको समाधान चाहिएको छ
श्रमको भरमा मात्र बाच्न सक्नेहरुलाई
घण्टा-घण्टा परिश्रम गरेर
दिनकाट्ने मेलो चाहिएको छ,
बिनाकामको जिन्दगी बाच्ने यन्त्रलाई
जिन्दगीको अर्थ नहुँदा
बाँच्ने अर्थ पुऱ्याउन, केही नभए पनि
एउटा दिनचार्य चाहिएको छ,
त्यो रोजगारी पाइयो भने
अरु त खै के के चाहिएको छ ॥ (श्लोक ३)

आधुनिक युवायुवतीहरुमा बोलचालको भाषा, ड्रेस र मुलायम केसमा परिवर्तन आएको छ । परम्परागत शैलीलाई बिर्सेर बिदेशी शैलीलाई अपनाउन पुगेको छ । आजका युवायुवतीहरु मनोरञ्जनमा समय बिताउँछन् । राजनीतिक क्षेत्रमा पनि अरुलाई दबाएर आफू ठूलो बन्ने अवसर सवै पार्टीहरुलाई चाहिएको छ ।

यस कवितामा हाम्रो समाजमा देखापरिरहेका विकृति र विसङ्गतिलाई यर्थाथतामा प्रस्तुतीकरण गर्दै एउटा किसान वर्गदेखि लिएर राजनीतिक पार्टीहरुको यर्थाथता प्रस्तुत गरिएको छ ।

## २५. समय

समय कविता गद्यलयमा रचना भएको छ । यसमा जम्मा (७८) हरफ रहेका छन् । सरल भाषा शैलीमा लेखिएको छ । तृतीय पुरुष र प्रथम पुरुष कथन ढाँचामा कविता संरचित छन् । 'समय' मा कवि आकाशिएका छन्, बतासिएका छन्, भूतको प्रतिक्षा गर्छन । वर्तमानको पनि प्रतीक्षा गर्छन् र भविष्यत्को पनि पतीक्षा गर्छन् ।

समय भूत, वर्तमान र भविष्यतमा विभाजित छ । कवि भूत, वर्तमान र भविष्यतको धेरै प्रतिक्षा गर्दछ । मानिसको जीवन आशै आशले भरिएको छ भविश्यमा केहि बनौ, केही गरौँ भन्दा भन्दै मानिसको जीवनलीला अन्त्य हुन्छ । समयको अन्तरालमा धेरै परिवर्तनहरु आइरन्छन् , दुख र सुखको जीन्दगी बिताएर समय सँगै मानिस सङ्घर्ष गरिरहन्छ । समयमा आफै सक्रिय हुन सकियो भने सफलता मिल्छ । आफू चाँहि निस्कृिय भए अरुको सहयोगको कुनै अर्थ रहँदैन । जीवनयात्राका क्रममा हिड्दा हिड्दै जीवन भोग गर्दै जाँदा कहिले अगाडि वढ्न सकिन्छ भने कहिले पछाडी धकेलिनु पर्छ । समय बित्दै जाँदा मानिस पनि उमेरगत रुपमा बूढो हुँदै जान्छ । यसै प्रसङ्गमा कवि कवितामा लेख्छन् ।

त्यो आकृति त शिरोमणि लेखनाथको जस्तो थियो

दारी फुलेछन्, कपाल झरेछ, दिक्क लाग्यो । (श्लोक २)

समयले कसैलाई पनि पर्खिदैन । समय गतिशील हुन्छ । सबै मानिसलाई बाँच्न रहर हुन्छ तर बाँच्न पाउँदैन । मानिसका लागि भविष्य अनिश्चित छ, तर सुनौलौ भविष्यको कल्पना गर्दै बाचेको छ । कवि साहित्यकारहरुका लागि अझ समय महत्वपूर्ण छ काव्य रचना गरौँ । सफलताको शिखर चुम्न सकौँ भन्दा भन्दै उसको जीवन लीला समाप्त हुन्छ, त्यसैले जीवन विसङ्गत छ भन्ने भाव यस कवितामा गरिएको छ । 'समय' कविता प्रतीकात्मक कविता हो । समय कविताले भूत, वर्तमान र भविष्यतकालीन अवस्थामा जीवनावस्थामा हुने उत्तारचढाप परिस्थितिहरुको प्रस्तुतीकरण गरेको छ ।

## २६. होसियार रहनुपर्छ

होसियार रहनुपर्छ गद्य लयमा संरचित कविता हो । दुई अनुच्छेद र एकसय दुई हरफमा कविता संरचित छ । अभिधात्मक शीर्षक रहेको कविता सरल भाषाशैलीमा लेखिएको छ । 'होसियार रहनुपर्छ' शीर्षकमा कविको व्यङ्ग्यचेत उर्लिएको छ ।

आजको विश्वको परिवेशलाई हेर्ने हो भने मानिस डर, त्रास, भयले ग्रसित भएको छ । बाँच र बचाउ भन्ने भावनार्थ विकास सवैमा गराउनु अत्यावश्यक भई सकेको छ । पृथ्वीमा भएको सम्पूर्ण वस्तुहरु देखी होसियार रहनुपर्छ भन्ने भाव कविले व्यक्त गरेका छन् । राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेशमा भएको त्रासपूर्ण वातावरणले मानिस स्वतन्त्रपूर्ण वातावरणमा

वाँच्न पाएको छैन । अत्याचारीहरुले निमुखाहरुप्रति अत्यचार गरेका छन् । त्यसैले समाजमा धेरै नागरिकहरु दमित, पीडित भएर बाँच्न बाध्य हुनुपरेको छ । दमित, पीडितहरुबाट अत्याचारीहरु पनि होसियार रहनुपर्छ । दमित र पीडितहरु क्रान्तिकारी वनेर उठ्नु पर्दछ । विश्वमा संघर्ष तुफान जस्तो भएर उर्लिएको छ, यसको वेग समुन्द्रको ज्वारभाटा उठे जस्तो भएको छ । यसले कस्तो रुप लिन्छ त्यो भन्न सकिन्न । यसबाट सबै शतर्क हुनुपर्छ भन्दै खतराको संकेत गर्दै कवितामा भनिएको छ ।

सुन्यौ साथी ! आइतवार के भयो ?

अँ,महासागरका पानीहरु

तुफान उर्लिएको लहैलहैमा ज्वारभाटा उठ्दै

उठ्दै-बस्दै ठूलो प्रवेगका साथ

कता कता हराइसके भन्थे ।

जलमार्ग र जहाजहरु धरासयी भएर

पृथ्वी-गर्भभित्र विलाइसके भन्थे ।॥ (श्लोक ४)

विश्वमा निर्माण भएको आणविक बम विष्फोटन भई वायूमार्ग ध्वस्त हुन्छ । द्वन्द्व-युद्ध चर्किन्छ । त्यसैले मानिसको जीवनको कुनै ग्यारेन्टी छैन । त्यसैले मानिस होसियार रहनुपर्छ । भविष्यमा विश्वमा जतातत‍ै लडाई, झै झगडा भइरहन्छ त्यसवाट कोहि पनि अछुतो रहन सक्दैन । विश्वका प्राणीहरु गोलो बारुदको तापमा पिल्सिएर आत्तिदै मर्नुपर्छ । प्राकृतिक प्रकोप बाढी र पहिरोदेखि पनि टाढा भाग्न पाइदैन । शक्ति सम्पन्न राष्ट्रहरुका अगाडी कमजोर राष्ट्रहरुको केही उपाय चल्दैन । त्यसैले युद्धमा पहिले कमजोर राष्ट्रहरु नष्ट हुन्छ, होसीयार रहनु पर्दछ भन्ने भाव यस कविताले व्यक्त गरेको पाइन्छ ।

## २७. निभ्न आँटेको बत्ती

'निभ्न आँटेको बत्ती' शार्दूलविक्रीडितम् छन्दमा रचिएको कविता हो । जम्मा १६ श्लोक ३२ पाउमा कविता संरचित छ । सरल भाषाशैलिमा लेखिएको छ ।

साहित्यकारहरुका लागि कृति रचना गरेर सफलता प्राप्त गर्न ज्यादै कठीन छ । रचनकारहरुले काव्य रचना गर्दा पाठकको मन जित्न सक्नुपर्छ, पाठकको मन जित्न नसक्दा कवि रचनाकार आफू भित्र छट्पटीन पुग्दछन् । स्रष्ट्राहरुले अभिव्यक्त गर्ने माध्यम भनेको भाषा हो । कला, कौशल आफ्नो काव्यमा प्रयोग गर्नुपर्छ । साहित्य रचनामा सफलता पाउनको लागि त्याग र तपश्या गर्नुपर्दछ । भेद भक्तिको भावना जागृत गराउने मौलीक काव्य सवै भन्दा उपयुक्त काव्य हुन्, यसै प्रसङ्गमा कवितामा भनिएको छ ।

तिम्रो मौलीकता म लान्न कहिल्यै छोडें बरु प्रेरणा

नासो हुन् दुइ शब्द अन्त्य निदका काव्यात्मक आरोहण ॥ (श्लोक ११)

साहित्य स्रष्टामा शब्द भण्डारको क्षमता बृहत छैन भने उसले आफू भित्रको क्षमतालाई बाहिर प्रस्फुटन गर्न सक्दैन । अर्थयुक्त  भएमा साहित्य लोकप्रिय बन्दछ अर्थ नलाग्ने, भावभुमी प्रकट गर्न नसक्ने साहित्य हुन सक्दैन, रसात्मक अनुभुति काव्यको मुल लक्ष्य हो । साहित्य सिद्धान्त अनुसार साहित्य रचना गर्न प्रतिभा, व्युत्पति र अभ्यास अनिवार्य चाहिन्छ अनि मात्र साहित्य उत्कृष्ट बन्न सक्छ भन्दै कवितामा भनिएको छ ।

शोकाकूल बनेछ काव्य रचना अभ्यस्त कर्ता बिना

नेपाली मुलको सुसंस्कृति उठे मेटिन्छ पो तिर्सना ॥ (श्लोक १६)

'निभ्न आटेको बत्ती' प्रतीकात्मक कविता हो । साहित्य रचनाका क्षेत्रमा उदाएर सफलताको शिखर चुम्न नसकि अधोगतितिर गइरहेको रचनाकारहरुको वास्तविक पीडा व्यथा व्यक्त गरेको छ । शव्दको थुप्रोले मात्र साहित्य बन्न सक्दैन । स्रष्टामा कवित्व गुण, क्षमता र शिल्प अनिवार्य हुनुपर्दछ  भन्ने सन्देश यस कविता दिएको छ ।

## २८. यो कविता भएन

'यो कविता भएन' गद्यलयमा संरचित कविता हो, यसमा जम्मा ८ अनुच्छद र सत्तरी हरफहरुमा रहेका छन् । शीर्षक लाक्ष्यणीक रहेको छ । सरल भाषाशैलीमा लेखिएको छ । 'यो कविता भएन' कवितामा आफूले लेखेको कविता भयो की भएन भन्ने प्रश्न सोधे जस्तो देखिन्छ ।

यस कवितामा कवि आफूलाई विना क्षमता घिस्री रहेको ठान्दछन् । आफू जस्तै कयौं कविहरु कवित्व क्षमताको अभाव भएपनि केही गर्न बन्न सकिन्छ की भनेर घिस्री रहेका छन् । क्षमता नहुदाँ कविमा रहेको कवित्व बाहिर प्रस्फुटन हुन सक्दैन । जव आफ्नो क्षमता भाषाका माध्यमवाट बाहिर प्रस्फुटन गराउन सकिदैन । संसार चियाउँदा पनि कविता लेख्ने कुनै विषयवस्तु भएन भने के का बारेमा कविता लेख्ने त्यसैले कविलाई एउटा विषयवस्तु चाहिन्छ, त्यो विषयवस्तुले कवि मनलाई प्रभाव पर्न सके मात्र कवित्व पनि प्रस्फुटन हुन्छ, त्यसैले एउटा न एउटा विषयवस्तु कविलाई अनिवार्य चाहिन्छ भन्दै कवितामा भनिएको छ ।

आकाशतिर फर्केर हेरें

सूर्य र ताराहरु उस्तै थिंए ।

नयाँ पुरानो केही थिएन

अनि खै ! के को कविता लेख्नु ॥ (श्लोक ५)

कविताको विषयवस्तु खोज्दा खोज्दै कवि मस्तिष्क थकित हुन्छ । विषयवस्तुको अभावले कविता के का बारेमा लेख्ने भन्ने पीडा कविहरुमा रहन्छ । कविका कवित्व क्षमता प्रवल छ भने  सुक्ष्म कुरा पनि बृहद विषय वस्तु बन्दछ , क्षमता छैन भने अगाडि पहाडै आएर मूर्त रुपमा प्रस्तुत भएपनि कविहरु अन्धकार बन्दछन् ।

यसरी ‘यो कविता भएन’ शीर्षकमा कविता लेखेर कविले आफूलाई कविताका क्षेत्रमा सफल बनाउन खोजेका छन् । लाक्ष्यणीक अर्थमा हेर्दा आफुलाई कविता लेख्नमा क्षमता नभएको देखाए तापनि यदि कविताले उनमा भएको क्षमता प्रकट गर्दछ ।गद्यलयमा लेखिएको कवितामा पनि ज्यादै छोटा छरिता प्रभावयुक्त हरफहरुको प्रयोग भएको छ । प्रथम र तृतीय पुरुष मिश्रित कथन ढाँचामा कविता संरचित छ ।

## २९. काग र काकाकुलहरु

‘काग र काकाकुलहरु’ अभिधात्मक शीर्षक रहेको छ । सरल भाषाशैलीमा लेखिएको छ । जसमा बाह्र अनच्छेद र एक सय असी हरफमा कविता संरचित छ । काग र काकाकुलहरुको माध्यमबाट दानव रुपी मानिसहरुलाई व्यङ्ग्य प्रहार गरेको छ ।

काग र काकाकुलको स्वर मानिसको लागि उराठ लाग्दो हुन्छ । कागको स्वरले नराम्रो सन्देश दिन्छ । काग जस्तै स्वभाव मनुष्यहरुमा पनि भएको पाइन्छ । समाजमा रहेका बाठा मानिसहरुबाट गरिब, दुःखी मानिसहरु अन्यायमा परेको पाइन्छ । काग रुपी मानिसहरुले अन्याय अत्यचार गर्दै आइरहेको छ । मनमा पीर र व्याथा पोख्ने ठाउँ नभएर अन्याय सहनुपरेको छ भन्दै कवितामा भनिएको छ ।

साँझको मेरो बासमा समेत

घेरा हाली हाली झट्टा झकाउन ।

दलवल र दवावका साथ

सुइरे चुच्चाहरु शिरमा भसाउन

निरन्तर लागिरहँदा पनि

मनको व्यथा पोख्ने ठाउँ नभएर

मैले त्यो सहनुपरेको छ ॥ (श्लोक १)

मानिसको वाहिरी शरीर सुन्दर भए पनि भित्र आत्मा अशुद्ध हुन्छ । मानिसको जीवन विसङ्गत छ । हाम्रो देश नेपालका सवै जातको फूलबारी हो । जातको विषयलाई लिएर एक अर्कामा भेदभाव गर्दछ । एक सुकीमा गुटबन्दी बनेर युद्ध गर्न तम्सिएका छन् । बन्धुत्वको भावना सङ्कीर्ण रहेको छ । डाको थुनेर मौन शोकमा रुनुपरिरहेको छ । जिउँदो लास बनेर

मुर्कुटर्‍या भई बाँच्नु परेको छ । आफूले सोचे जस्तो जीवन बन्न सक्दैन । जिवनको अधोगति भएर मानिस पागल बन्दछ । पारिवारिक असुरक्षाको कारणले तड्पिइरहेको छ । मुटुमाथि ढुङ्गा राखी बाँच्नुपरेको छ भन्दै कवितामा भनिएको छ ।

"सुरक्षा छ" को बाहानाबाजीमा

सज्जन भएको बनावटी कला देखाउन

मुटुमा ढुङ्गा राखेर किच्न नसकी

मुटु फुट्ने जानी जानी पनि

आफै दुङ्गो बनेर

मैले त्यो सहनुपरेको छ ॥ (श्लोक ५)

अन्याय र अत्यचार सहेर भएपनि आफ्नो अस्तित्व गुमाउनु हुदैन । इज्जतको ख्याल राख्नुपर्दछ । काग र काकाकुलहरुलाई चित्त नबुझाउने खराव र चरित्रहिन व्यक्ति तथा साना र कमजोर राष्ट्रहरुलाई सँधै आफ्नो रुपमा प्रयोग गर्न पुँजीवादी, शक्तिशाली राष्ट्रको प्रतीकका रुपमा प्रयोग गरिएको छ । सुँगालाई व्याक्ति वा राष्ट्रको प्रतीकका रुपमा प्रयोग गरिएको छ । गद्य कविता भए पनि धेरै ठाउँमा अन्त्यानुप्रासको संयोजनले लयात्मक बन्न पुगेको छ । काग र काकाकुलहरुको माध्यबाट सिँगो राष्ट्रको चित्रण गरिएको छ ।

## ३०. पौरखीको इतिहास

यो कविता पनि सरल र रोचक छ । 'पौरखीको इतिहास' कविता झ्याउरे छन्दमा रचना भएको छ ।

नेपालमा जन्मिएका छोराहरु कर्मठ वीर छन् । सुख सयलका साथ जीवन बिताउनको लागि श्रम, मेहनत गर्नु पर्दछ । मेहनतको फल अत्यन्तै मिठो हुन्छ । नेपालीहरु वीर, कर्मठ भए पनि यहाँ भेदभाव भइरहेको छ । धनी वर्ग र गरिव वर्गको बीचमा भेदभावको ठूलो खाडल वनेको छ । धनी वर्गाको मानिसहरु दिनप्रतिदिन ठूला सिँडी चढि रहेका छन् । गरिब वर्गका मानिसहरु दिन प्रतिदिन शोषित र पीडित हुनु परेको छ । आफ्नो हक र अधिकारको लागि लड्नुपर्दछ । ठूला वर्गवाट गरिव वर्गहरु दासी वन्नु परेको छ । नेताहरुको राष्ट्र परिवर्तनको भाषणमा नै सिमित भएको छ । गुलिया वचनको भर परेका जनता निराश भइरहेको छ  भन्दै कवितामा भनिएको छ ।

नेताको भाषण सुनेर देश आमुल फेरियो

भएन परिवर्तन राष्ट्र पाँच पुस्ता तुरियो

शाषन भित्र दशले हजार अलमल पारेर

गुलिया बचन खुवाइ राख्छन यो हाम्रो भनेर

नारा छ हाम्रो भाषण छ राम्रो ठुलो छ एकता

ठालुले सोभ्का थिचेर खाने यो कस्तो विभेद ? (पृष्ठ ६०/६१)

'पौरखीको इतिहाश' कविता अभिधेयात्मक  र लक्ष्यार्थक रहेको छ । धनी वर्ग र गरिव वर्ग वीच द्वन्द्व देखाइएको छ । ठूलाहरुको शासनले जनताको हित नगरकोले दास वन्नु परेको छ । जनताले राजनीतिक परिवर्तन पछि जुन कुराको आशा राखेको थियो त्यो पाउन सकेको छैन । साथै वीर र कर्मठ नेपालीहरु प्रति शोषण भएको छ भन्ने कुरा यस कवितामा देखाइएको छ ।

## ३१. शहर र गाउँ

'शहर र गाउँ' कविता द्रुतविलम्वित छन्दमा रचना गरिएको छ । अभिधात्मक शीर्षक रहेको छ । सरल भाषाशैलीमा लेखिएकोछ । शहर र गाउँलाई तुलना गरेर लेखिएको छ ।

शहरमा भन्दा गाउँमा नै जीवन सुखी हुन्छ । गरिबहरु झुपडीतिरनै बाँस बस्न मन पराउछन् । गरिब मेहनती र परिश्रमी हुन्छ । प्राय गरिबहरु गाउँमा नै वस्छन् । जति नै दुःख कष्ट गर्नु परेपनि गरिबहरु बाध्य छन् । उनीहरुको सुखको दिन कहिल्यै आएको छैन । शहर सुविधा सम्पन्न भएको छ । ठुला ठुला घरहरुको निर्माण भएको छ । सवारी साधनहरुको विकास भएको छ । नयाँ नयाँ सञ्चारको साधानको विकास भएको छ भन्दै कवितामा भनिएको छ ।

मटर, बाइक, फोन सुसंख्या यी

प्रविधि साधन सीप उठाउने ॥ (श्लोक ९)

शहरमा जति सुकै सुविधा भए पनि , धनिहरुले सुख पाए पनि गरिव निमुखाहरुको जीवन दुःखमानै गुज्रिरहेको छ । गरिबले श्रम गरे अनुसार सम्पति आर्जन गर्न सकेको छैन । त्यसैले यस कवितामा शहर र गाउँको वास्तविक यर्थाथता कवितामा प्रस्तुत गरिएको छ ।

## ३२. सगरमाथा

'सगरमाथा' कविता स्रग्धरा छन्दमा संरचित गरिएको छ । अभिधात्मक शीर्षक रहेको छ । सरल भाषाशैलीमा लेखिएको छ । यस कवितामा हिमालहरुको प्रकृति चित्रण गर्दै सगरमाथाको महिमा गान गाइएको छ ।

नेपाल हिमालको देश हो । यहाँ धेरै हिमश्रृङ्खलाहरु छन् । ती हीमश्रृङ्खलाहरुले नेपालको इज्तलाई विश्वमानै परिचित बनाएको छ । विश्वकै सर्वोच्च शिखर सगरमाथा हो ।

हिउँ नै हिउँले ढाकिएको हिमाल सौन्दर्यको प्रतिक हो । प्रर्यटकहरु हिमाल प्रति दिन दिनै लोभिरहेको छ भन्दै कवितामा व्यक्त गरिएको छ ।

यो मौका छोप्न तम्से अविरल दुनियाँ स्तम्भ घुम्टो हटाऊ

तिम्रो सौन्दर्यले प्रयटक दिनदिनै लोभिए झन रमाऊ ॥ (श्लोक ३)

हिमालबाट हिम नदी बगेर किसानहरुलाई सिँचाइमा ठूलो योगदान दिएको छ । हाम्रो देशमा सगरमाथा मात्र नभएर माछापुछ्रे, मकालु, अन्नपूर्ण र लात्से आदि विश्वमा नै परिचित हिमालहरु रहेका छन् । हिमाल सौन्दर्यको प्रतीक मात्र नभएर शान्तिको प्रतिक पनि हो । सगरमाथाले प्रत्येक मानिसको मन लोभ्याउन सफल भएको छ । द्धितिय पुरुष र तृतिय पुरुष कथन ढाँचाममा संरचित सगरमाथा कविता संरचित छ । नेपाललाई सगरमाथाको देश, हिमालयको देश भनेर चिनाउनु नै यसको मुख्य उद्देश्य रहेको छ ।

## ३३. मेरो रविहाट

'मेरो रविहाट' कविता तोटक छन्दमा लेखिएको छ । यसमा जम्मा २८ श्लोक र ५६ पाउ रहेका छन् । अभिधात्मक शीर्षक रहेको छ । सरल भाषा शैलीमा संरचित छ । कवि झाँक्रीखोलेको घर फुएतप्पा नजिक इलाम र पाँचथर जिल्लालाई साँध लगाउने हाट बजारमा रवि बजारको बारेमा वर्णन गरिएको छ ।

उच्च पहाडी क्षेत्रमा अवस्थित उक्त स्थान प्राकृतिक दृष्टिले पनि मनोरम छ । रवी वजारमा रहेको मानिसहरु आफ्नो श्रम र पसिना कमाउनको लागि विदेशमा बगाउँछन् । रविको विकाश गराउनको लागि रवि बासी सम्पूर्ण जातजातिका मानिसहरु एकजुट बन्नुपर्छ । सबैले सहयोग गरे रवि पनि नेपालका प्रख्यात स्थलहरु मध्ये एउटा बन्न पुग्छ । धन जोड्न, सुख खोज्न रविहाटका मानिसहरु घरनै विर्सेर विदेश जान्छन भन्ने प्रसंग उल्लेख गर्दै कवि भन्छन् ।

धन जोड्न मधेश झरेर बसे

धन खोज्न विदेश चिनेर पसे

सुख खोज्न गए परदेश पसे

घर बिर्सि उतैतिर मात्र बसे ॥ (श्लोक ५)

रवि हाट प्राकृतिक सुन्दरताले भरिएको छ । यसको रचना विचित्रको छ । रविमा ठुला ठुला विल्डिङ्ग बनेको छ । रविहाटमा हामीलाई आवश्यक पर्ने सामानहरु खरिद गर्न सक्छौं र वेच्न पनि सक्छौं । रवि मोतीको दाना जस्तै निर्मल छ । हामीले हाम्रो जन्मभूमीलाई कहिल्यै

पनि विर्सन हुदैन । आपम्फ्नो जन्मथलोलाई भुल्यौं भने हाम्रो अस्तित्वनै समाप्त हुन्छ । यस कवितामा आफ्नो जन्मभूमी प्रति प्रेम गहिरो हुन्छ भन्ने सन्देश दिन खोजीएको छ ।

## ३४. हिम-वैभव

'हिम-वैभव' कविता प्रमाणिका छन्दमा संरचित कविता हो । १२ श्लोक २४ पाउमा सरल भाषाशैलीमा लेखिएको छ ।

पहाडलाई सौन्दर्य प्रदान गर्ने वस्तु हिउँ हो । हिउँ नभए पहाडको रुप नै विग्रन्छ । हिउँ पहाडको गहना हो जसले पहाडलाई झकिझकाउ पार्दछ । पहाडका टाकुरालाई हिउँले ढाक्दा चाँदी झैँ टल्कन्छ । हिमालले पर्यटकको मन जित्न सफल भएको छ । हिमालमा आरोहण गर्ने आरोहीहरु आउछन् । हिमालको सौन्दर्यले हाम्रो देशको कला र धर्म संस्कृतिलाई प्रकट गर्दछ । हिमाल साँच्चै स्वर्ग जतिकै सुन्दर छ भन्दै कवितामा भनिएको छ ।

म स्वर्ग हूँ भनी भनी

चुलिन्छ विश्व टाकुरा

गरेर दिव्य प्रार्थना

चढौं न स्वर्ग टाकुरा ॥ (श्लोक १२)

यसरी विभिन्न अलङ्कारहरुको संयोजनले कवितालाई सुन्दर वनाएको छ, कवितामा हिउँलाई चाँदीसँग तुलना गरेर उपमा उलङ्कारको प्रयोग गरिएको छ । कवितामा हिमाललाई स्वर्गको एक टुक्रा सँग दा जिएको छ । हिमालको महिमा गान गाउँनु नै यस कविताको उद्देश्य रहेको छ ।

## ३५. वसन्त

वसन्त कविता उपजाति छन्दमा संरचित चतुष्पदी कविता हो । यसमा जम्मा १० श्लोक र ४० पाउ रहेकाका छन् । वसन्त ऋतु ६ वटा ऋतुहरु मध्ये सबै भन्दा उपयुक्त भएको छ । वसन्तलाई ऋतुराजका रुपमा महिमा गान गाउनु यसको उद्देश्य रहेको छ ।

वसन्त ऋतुको आगवन भएपछि पहाड तराई सबै तिर नविनता छाउँछ । हरियाली वातावरणले प्रकृति जगतलाई मनोरम बनाउँछ । पशुपँक्षीहरु आनन्दमा नाच्न थाल्छन् । शिशिर ऋतुमा उजाड भएका डाँडाहरु वसन्त ऋतु आए पछि सुगन्धित फुलहरु फुलेर डाडाँ पाखा सबैतिर नयाँ पन आँउछ । ऋतुहरुकै राजाका रुपमा वसन्त ऋतुको चित्रण गरिएको छ ।

राजा ऋतुका चुनिए वसन्त

रानी बनेकी छ चरी अनन्त

वसन्त जिस्किन्छ ऊ हेरिरन्छे

वसन्तलाई  किन ऊ सहन्छे ? ॥ (श्लोक ७ )

कवितामा वसन्त ऋतु र जगंलकी पंक्षी चरी लाई प्रेम र प्रेमीकाका रुपमा लिइएको छ । वसन्त ऋतुले प्रकृति जगतमा हरियाली छाएर आफ्नो कर्तव्य पुरा गरेको छ । वसन्त ऋतु आए पछि कवि मन पनि रमाउने भएकाले वसन्तकालीन प्रकृतिको प्रभाव कविमा पर्दछ । विषय वस्तुका आधारमा शीर्षक सार्थक छ किनभने कविताको विषयवस्तु वसन्त ऋतुमा प्रकृतिजगतमा आउने नयाँ पन हो । त्यसैले 'वसन्त' उपयुक्त देखिन्छ । शैलीगत रुपमा स्वच्छन्दतावादी काव्य शैलीमा जसतो सरलता पाइन्छ । तृतीयपुरुष कथन ढाँचामा संरचित कविता आलंकारिक दृष्टिले पनि सवल रहेको छ ।

## ३६. भ्रष्टाचार

'भ्रष्टाचार' कविताको अभिधात्मक अर्थ रहेको छ । यसमा जम्मा २० श्लोक र ४० पाउ छन् । यसमा सरल भाषाशैलीको प्रयोग गरिएको छ । यसमा कविताले भ्रष्टचार गर्नेहरुको यर्थाथलाई प्रस्तुत गरिएको छ ।

महान राष्ट्रभक्त हुँ भन्ने व्यक्तिहरु आफ्नो हातमा शासन लिएपछि  अर्काको हितको लागि भन्दा आफ्नै स्वार्थ पहिला पुरा गर्दछ । मानिसहरु जहिले पनि मोजमस्ति गर्छन् । अर्काको लुटेर ठगेर खान पनि पछि पर्दैन भन्दै कवि भन्दछन् ।

निलेर अर्व सम्पति म खर्व नै पचाउँदै

चुली चुली थुपार्नमा डकैत कार्य गर्नु छ ॥ (श्लोक ८)

लाखौ सम्पति भए पनि भ्रष्टचार नगरी चित्त नवुझाउने प्रवृती भ्रष्ट व्यक्तिहरुमा रहेको छ । टन्न भ्रष्टचार गरेर देश विदेश घुम्ने मनोरञ्जन गर्ने खोजीमा भ्रष्टचारीहरु लिन भएर लाग्दछन् । भ्रष्टहरुको लागि भ्रष्टचार गरेर मोजमस्ति गर्नु कुनै अनौठो कुरा होइने । भ्रष्टचारीहरु धम्की दिएर पनि भ्रष्टचार गर्न पछि पर्दैन । भ्रष्टचार गर्नेहरुको जिवन मोजमस्तिमा वितेको छ । राष्ट्रको सम्पति खल्तिमा भरेर, राष्ट्रलाई खोक्रो वनाई मोज मस्ति गर्ने भ्रष्टचारीको वास्तवकितालाई यस कवितामा चित्रण गरिएको छ ।

## ३७. तीनतिर्की

तीनतिर्की कविता भुजङ्गप्रयात छन्दमा रचना भएको चतुष्पदी कविता हो । यसका जम्मा ८ श्लोक र ३२ पाउ रहेका छन् । वि.स. २०५२ साल देखि सुरु भएको जनयुद्ध र त्यसबाट सिर्जित वातावरणको प्रस्तुति गर्न कविताले खोजेको छ ।

नेपालमा वि.स. २०५२ साल फागुन देखि रोल्पावाट जनयुद्धको सुरुवात भएको थियो। जनयुद्धले दिनप्रतिदिन बिकराल रुप लिदैं गयो। सुरुमा सदरमुकाम र शहरी क्षेत्रमा सुरक्षित छ भन्ने मानिसहरु देखि लिएर व्यारेकमा रहेका सैनिक अधिकृतहरु पनि डराउन थाले। युद्ध चल्दा चल्दा वाक्क भए पछि हरेक नागरिकले मावोवादीहरु सँग वार्ता गरि शान्ति स्थापना गर्नु पर्ने कुरालाई सरकारलाई ज्यादै जोड गर्न थालेर यसै सन्दर्भमा मध्यस्त कर्ता स्थापना गरी सरकार र माओवादी विद्रोहि बीच वार्ताको अवस्था सिर्जना भयो। कविता पत्रात्मक शैलीमा लेखिएको छ, यसमा पात्र, 'ख' र पात्र 'ग' रहेका छन्। पात्र 'क' ले तत्कालीन अवस्थामा जनयुद्ध गर्ने नेकपा मावोवादी 'ख' सरकार र 'ग' पात्र चाहिँ 'क' र 'ख' को झगडा मिलाउन मध्यस्त कर्ता रहेको छ। किनकी द्वन्द्ध मिलाउन अग्रसर हुने मध्यस्थकर्तालाई ज्यादै कठिन छ किनकी उसले 'क' र 'ख' दुवैका आफ्ना कुरा सुनेर दुवैलाई माँन्य हुने अवस्था सिर्जना गर्नुपर्छ। युद्धको रनहामा परेको 'क' समुहलाई वार्तामा ल्याएर सम्झौता गराउन 'ग' को उद्देश्य रहेको थियो। त सामान्य तवरले 'क' वार्तामा आउन र सम्झौता गर्न चाहादैन 'ख' समुह लडाई गर्दा दिक्क भएको छ। उसलाई शान्तिपूर्ण रुपमा 'क' समुह वार्ता आएर समस्या समाधान भए हुन्थ्यो भन्ने चाहाना छ। 'क' र 'ख' आ आफ्नै कुराम अडिग रहदाँ वार्ता सफल हुन पनि सकेन।

यसरी पत्रात्मक शैली अपनाएर लेखिएको तिनतिर्की कविता फरक किसिमको कविता हो। वार्ताको नाममा खानेकाम मात्र गरेका कुराको यथार्थ कवितामा यसरी गरिएको छ।

मुछे मासु चोक्टा लुछे खान थाले
निपाने भुँडीमा भरी टन्न हाले
आहा ! साधुजी के भयो ? भन्छ एक
थपौं सन्तजी ? मासु चोक्टा अनेक ॥ (श्लोक ५)

## ३८. जुवाडे

'जुवाडे' कविता अभिधात्मक शीर्षक रहेको छ। सरल भाषाशैलीमा लेखिएको छ। मालिनी छन्दमा रचना गरिएको छ। जुवाडे सामाजिक यर्थाथवादी कविता हो।

जुवा खेल्दा - खेल्दा घर परिवारमा श्रीमानले आफ्नो सम्पूर्ण सम्पति स्वाहा पारेर श्रीमतिको औंठी पनि लैजाने प्रयत्न गर्दछ। त्यतिमात्र होइन माइतवाट ल्याइएको दाइजो समेत जुवा खेल्नका लागि माग्न थाल्छ। जुवाको नशाले जुवाडेलाई सताइरहेको हुन्छ। हाम्रो समाजको अवस्था पनि यस्तै छ। जुवा खेल्न र भए भरको सम्पति हान्ने अनी स्वास्नीको गरगहना समेत माग्ने नदिए जवर जस्ती खोसेर लैजाने र त्यो पनि स्वाहा पार्ने उद्देश्यले यहाँ पुरुष पात्रमा भूत चडेको छ। जति जुवा खेले पनि सन्तुष्ट छैन, सम्पति सकिएपछि स्वास्नीका गरगहना समेत माग्दै। कवितामा भनिएको छ।

भुतुतु किन गर्छेस् देन चाँडो म जान्छु

अझ पनि थुतुनो त्यो चल्छ की बोल त् पोल्छु (पृ. ७०)

जुवाडे पुरुषहरुले स्त्रीलाई गाली गर्दै कुटपिट समेत गर्दछ । आँशु खसालेर दिनरात सहदैं वस्नु परेको छ । श्रीमतिलाई हप्काई दप्काई गरेर गरगहना र दाइजोमाग्दा श्रीमतिलाई ज्यादै पीर छ । ऊ निराश भएर उत्तर दिन्छे । म सँग रुपियाँ पैसा पनि छैन । भए भरको सबै सकियो अव म के दिनु ? लान्छौ नै भने वरु लगाएको कपडानै दिन्छु अरु केही छैन । वरु नांगै बस्छु । दैव कस्तो दु:ख परेको वेला सम्म समेत सहयोग गर्दैन  भन्दै स्त्री आँसु खसाल्छे । केही छैन भन्दा भन्दै कठोर हृदय भएको पुरुषले स्वास्नीको घाँटी समायो र स्त्री चिच्याउँछे भन्दै कवि कवितामा भनिएको छ ।

पुरुष: कर धरि विचरीको घाँटी चुल्ठो समायो

स्त्री: मसँग बचत केही छैन भन्दै कराई ॥ (पृ.७० )

यसरी एउटा घरकी नारीले आफ्नो जुवाडे श्रीमानवाट सहनु परेको पीडालाई कविताले व्यक्त गर्दछ । करुण रस युक्त यस कविताले आजका नारी वर्गका समस्या र घरेलु हिँसालाई प्रस्तुत गरेको छ ।

## ४.३ चारखोलाको लहर कविता संग्रहको निर्ष्कष

कवि झाँक्रीखोले नेपालको पूर्वी पाहाडी क्षेत्रका ससक्त कवि हुन् । उनको 'चारखोलाको लहर' (२०५९) कविता संङ्ग्रह पहिलो प्रकाशित कृति हो । नेपाली समाजमा झल्झली देखिएका विविध विषयवस्तुलाई कविताका माध्यमबाट पाठकहरु समक्ष पुऱ्याउन सफल भएका छन् । यस संग्रहमा ३८ वटा लामा-छोटा कविताहरु छन् । समाजमा व्यक्त गरिने गरिबी, भोकमारी, थिचोमिचो, चाप्लुसी, षडयन्त्र, दमन अत्यचार, वर्गीय तथा लिंगीय विभेध आदिलाई कवितात्मकबन्किमा ढालेका छन् ।

यस संग्रहका कविताहरुलाई मोटामोटी रुपमा वर्गिकरण गर्दा प्रकृतिसँग सम्वन्धित कविता, स्थान विशेषका कविता, शान्ति र मानवातावादी कविताहरुमा वर्गिकरण गर्न सकिन्छ । देश र जनताका लागि जीवनलाई हाँसी-हाँसी आहुति दिन सफल शहिदहरुको वलिदान पूर्ण कामलाई बिर्स्यौ भने शहिदको रगतले हामीलाई धिकार्ने छ भन्ने सन्देश यस कवितामा पाउन सकिन्छ । समाजमा कसैले पनि श्रमको शोषण गर्नु हुँदैन । यदी श्रमको शोषण गर्यौ भने मानो खाएर मुरि उब्जाउन सफल अन्नदाता कृषकको पौरखको कदर नभएको ठहर्दै किसानको पौरखको कदर गर्न सन्देश दिएका छन् । आधा आकाश ओगटेका नारीहरुलाई हातमा हात मिलाई हरपल सबैले साथै अगाडि वढौं भन्ने नारीवादी कविताहरु पनि लेख्न सफल भएका छन् । हामी शान्ति कर्मी नेपालीहरु विश्वास मान्यताका आधारमा अगाडि बढेका छौं । हामी शान्तिका उपासक हौं । मानव समाजमा बन्धुत्वको भावना फैलाउनु पर्दछ । बुद्धको अनुयायीहरुले गर्नुपर्ने कामको ब्याख्या गर्दै सहि दिशा निर्देश गरेका छन् ।


वि.स. २०४३ देखि २०५८ सम्मको काल अवधिभित्रका यी रचनाहरुले त्यस समयको जल्दोबल्दो तस्विर उतारेको छ । झाँक्रीखोलेले भविष्यमा अझ सुन्दर रचना दिन सक्ने विश्वास यस संग्रह भित्रका कविताले नै दिलाएका छन् ।

## ४.४ झाँक्रीखोलेका खण्डकाव्यहरुको अध्ययन, विश्लेषण र मूल्याङ्कन

### ४.४.१ खण्डकाव्यको सैद्धान्तिक परिचय

#### ४.४.१.१ खण्डकाव्य शव्दको व्युत्पति

साहित्यका कथा उपन्यास, नाटक आदि विभिन्न विधाहरु मध्ये कविता एउटा प्रमुख प्राचीनतम् विधा हो । फुटकर कविता खण्डकाव्य र महाकाव्य कविताका विभिन्न उपविधा हुन् । कविताका यी तीन उपविधा मध्ये खण्डकाव्य कविताको उपविधागत एउटा भेद हो । गीति, कोष, खण्ड, नव्य र महा शव्दमा काव्य शव्दको मेल भइ गीतिकाव्य, कोशकाव्य, खण्डकाव्य नव्य काव्य र महाकाव्य शव्द वन्दछ ।[१८] खण्ड र काव्य दुई शव्द मिलेर खण्डकाव्य बनेको हुन्छ ।[१९] खण्ड भन्नाले कुनै पूर्ण भाव विषय अन्तर्गतको एक खण्ड, भाव वा अंशलाई वुझिन्छ भने काव्य भन्नाले रागात्मक, श्रुतिरम्यता शव्दसरलता र भाव गहनता भई सांकेतिक भाषाका माध्यमले छन्द वा लयमा रचना गरिएको पद्य कृति विशेषलाई बुझिन्छ । अभिव्यक्ति शैली, विधाको स्वरुप आकार, आयामका भिन्नताको आधारमा विद्वानहरुले विधागत वर्गीकरण गरेका हुन् । प्रस्तुतिका आधारमा साहित्यलाई श्रव्य साहित्य र दृष्य साहित्य गरी दुई विधामा वर्गीकरण गरिएको छ । भाषिक माध्यमका आधारमा पनि गद्य साहित्य र पद्य साहित्य गरी दुई विधामानै वर्गीकरण गरिएको छ । त्यसै गरी विधागत प्रकारका आधारमा कविता, आख्यान, नाटक र निबन्ध जस्ता चार शाखालाई साहित्यको मूल विधा मानिन्छ । यी चार विधाहरुको पनि उपविधाहरु छन् । साहित्यको विधागत वर्गीकरणलाई यसरी वृक्षचित्रवाट पनि देखाउन सकिन्छ ।[२०]




१८. कृष्ण प्रसाद आचार्य, गौतम, नरेन्द्र प्रसाद र आधुनीक नेपाली खण्डकाव्य र महाकव्य काठ्माण्डौ दिक्षान्त पुस्तक भण्डार, प्रकाशन, २०६१ पृ. १४

१९. कृष्ण प्रसाद आचार्य, गौतम, नरेन्द्र प्रसाद र आधुनीक नेपाली खण्डकाव्य र महाकव्य२०६१ पृ. १४

२०. कृष्ण प्रसाद आचार्य, गौतम, नरेन्द्र प्रसाद र आधुनीक नेपाली खण्डकाव्य र महाकव्य  २०६१ पृ. २२

## ४.४.२ खण्डकाव्यको परिभाषा

पूर्वीय तथा पश्चिमी साहित्यको विभिन्न विद्वान्हरुले प्राचीनकालदेखि नै खण्डकाव्यलाई चिनाउने क्रममा यस सम्बन्धी अवधारणाहरु अघि सार्दै आएको छ । ती मध्ये कही अवधारणाहरुलाई प्रस्तुत गरी एउटा उपयुक्त परिभाषा तयार गर्न आवश्यक देखिन्छ । संस्कृत साहित्यमा अन्य विधा र प्रवन्ध काव्य अन्तर्गत महाकाव्यको निकै व्यख्या विवेचना भएको पाइन्छ । खण्डकाव्यको परिचय, परिभाषा र यसका आधारभूत मान्यतालाई त्यति चर्चा गरेको पाइदैन । पूर्वीय साहित्यको चिन्तन परम्परामा खास गरि धेरै पछिमात्र चर्चा भएको देखिन्छ । यसको कारण खण्डकाव्यको रचना पनि पछि नै भएको हुन सक्छ । खण्डकाव्य सम्बन्धी विभिन्न प्रमुख धारणाहरु तल प्रस्तुत गरिन्छ ।

भामह - “शव्द र अर्थको सहभाव काव्य हो ।'' [२१]

विश्वनाथ - “जीवन जगत्को एकदेशीय वा एक खण्डको अभिव्यक्ति नै खण्डकाव्य हो ।”[२२]

सोमनाथ सिग्देल -“काव्यको एक टुक्रा जस्तो छोटो कथानक लिएर श्रृङ्खलित रुपमा विचै वाट उठेर बीचैमा टुङ्गिएको सर्गवन्धन, सन्धिबन्धनहरु, नभएको छोटो काव्यलाई काव्य भन्दछन् ।”[२३]

अतः संस्कृत हिन्दी र नेपालीका आचार्यहरुले विभिन्न समयमा गरेका परिभाषाको निचोडमा पुग्दा खण्डकाव्य भनेको महाकाव्यको एक खण्ड, अशं वा भाग भन्ने वुझिन्छ । माहाकाव्यमा सिगों जीवन- जगतको अभिव्यक्ति हुनेहुदाँ यसलाई कविताको वृहत् रुप भनिन्छ र खण्डकाव्यले जीवनको जगतको एक पक्षीय, एक देशीय वा एक खण्ड अभिव्यक्ति गर्ने र कविताको लघुरुपभन्दा ठूलो भएकोले यसलाई कविताको मझौला रुप भनिएको हो ।

---

२१. कृष्ण प्रसाद आचार्य, गौतम नारायण प्रसाद र आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य काठ्माण्डौ २०६१ । पृ. २

२२. कृष्ण प्रसाद आचार्य, गौतम नारायण प्रसाद र आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य । काठ्माण्डौ २०६१ । पृ. १५

२३. कृष्ण प्रसाद आचार्य, गौतम नारायण प्रसाद र आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य । काठ्माण्डौ २०६१ । पृ. १५

### ४.४.३ खण्डकाव्यको संरचना

संरचना भनेको बनोट हो । संरचनाको दृष्टिले कविताका अन्य विधा भन्दा यो भिन्न हुन्छ । फुटकर कविता, मुक्तक आदिमा सानो कुरा भनिने भएकाले आफै मिलेर आउँछ, तर खण्डकाव्यको आकार मझौला हुने भएको हुँदा संरचना वा अभिव्यक्तिमा ध्यान दिनु पर्छ ।[२४] फुटकर कविताको आकार, प्रकार र आयाम सङ्क्षित हुने भएकोले फूटकर कविता स्वतः संरचित हुन्छ । तर जब कविको परिपक्व अनुभूति विस्तृत रुपमा व्यक्त हुन थाल्दछ तब विस्तृत अनुभुतिलाई क्रमवद्ध एवम् व्यवस्थित रुपमा प्रस्तुत गर्न सुगठित संरचनाको आवश्यक पर्दछ । अर्थात अनुभूतिको विस्तृत अभिव्यक्तिको क्रम शुरुभएपछि ठोस रुपमा संरचना सचेत हुनुपर्दछ । यसलाई ठोस संरचना सचेत लघु रुप (फुटकर कविता) को भन्दा मझौला रुप (खण्डकाव्य) को संरचना प्रविधि सुगठित हुन्छ । यसरी संरचना संचेतनाका दृष्टिले खण्डकाव्यलाई हेर्दा फूटकर कविताको भन्दा खण्डकाव्यको संरचना सुगठित एवम् उपल्लो स्तरको हुन्छ । अतः खण्डकाव्यको संरचना फुटकर कविताको भन्दा ठूलो र महाकाव्यको भन्दा सानो भएकोले खण्डकाव्य संरचनाका आधारमा कविताको मझौला रुप अन्तर्गत पर्दछ ।

### ४.४.४.खण्डकाव्यका तत्वहरु

खण्डकाव्य निर्माणका निम्ति आवश्यक तत्व वा घटकलाई यसरी विभाजन गर्न सकिन्छ ।

क. शिर्षक ख. विषय वस्तु ग. अनुभूति घ. पात्रविधान ङ. संरचना च. लय छ. रस एवम् प्रभाव ज. विम्ब प्रतिक अलङ्कार झ. भाषाशैली

### क. शीर्षक

प्रत्येक खण्डकाव्यमा निश्चित शीर्षक रहेको हुन्छ । शीर्षक बिनाको खण्डकाव्य कल्पना असम्भव हुन्छ । खण्डकाव्यमा बोलिएको प्रत्येक बोलीले एउटा निश्चित नाम निर्क्यौल गर्न पुग्दछ त्यही नै सहायक शीर्षक हुन्छ ।

### ख. विषय वस्तु (आख्यानीकरण)

खण्डकाव्य रचनाका लागि छानिएको वस्तु चयनलाई नै मुल रुपमा खण्डकाव्यको विषयवस्तु मानिन्छ । यस्ता विषयवस्तुहरु ब्रह्माण्ड भित्रका यावत वस्तु, मानवीय स्वभाव र ज्ञान्, विज्ञान्, धर्म, संस्कार, सँस्कृति, देशकाल, राजनिति आदि विविध पक्षसँग सम्वन्धित हुन्छन् । विषयवस्तु आफैमा सुन्दर, कलापूर्ण उपयुक्त, आकर्षक र प्रभावपूर्ण हुनुपर्दछ ।

---

२४. धिमिरे वुद्धि, समालोचना कुसुम, इलाम, २०६५ । पृ. २०

## ग. अनुभूति (स्वभाव)

आन्तरिक प्रत्यक्ष स्मृति वा कल्पना शक्तिद्धारा प्राप्त भएको मानसिक अनुभव, मनोदशा मनस्थिति मनोभाव वा मनोरोगलाई अनुभुति भनिन्छ । अनुभुति खण्डकाव्यको प्रमुख आधारभूत तत्व हो । खण्डकाव्यको मूल तत्व भाव पक्ष हो । भाव पक्षलाई कविताको आत्मा पनि मानिन्छ । कविको अनुभूति वा मनोभाव भाषाका माध्यमवाट अभिव्यञ्जित भएको हुन्छ । जीवनमा देखापर्ने मूलत सुखमय र दुःखमय गरी दुई प्रकारका भाव रहेका छन् । खण्डकावयमा मानविय जीवनका सुखमय अनुभूति भन्दा दुःखमय अनुभूति वढी गहन, मार्मीक र तिब्रतर हुने गर्दछन् । सुखमय तथा दुःखमय भाव नै कविताको प्रमुख तत्व हो । अत : अनुभुति खण्डकाव्यको मात्र आधारभूत तत्व नभइ कविताको सवै उपविधागत भेदकै अमूर्त आधारभूत तत्व मानिन्छ ।[२५]

## घ. पात्र विधान

खण्डकाव्यमा कथा वस्तुलाई गति दिने र त्यसलाई अगाडी लैजाने काम पात्रले गर्दछ। पत्र वा चरित्रको अभावमा कथा वस्तु निर्माण हुन सक्दैन । महाकाव्यको आकार, आयाम र संरचना कथानक विस्तृत हुन्छ । त्यसकारण माहाकाव्यमा धेरै पात्र हुन्छन् भने खण्डकाव्यमा जिवन जगतको कुनै पक्षको मात्र चित्रण गर्ने भएकोले यसमा थोरै पात्रहरु ह्न्छन् । कविले खण्डकाव्यको विषयवस्तु अनुसारका चरित्रहरुको चयन गरेको हुन्छ । खण्डकाव्यमा ऐतिहासिक, पौराणिक र सामाजिक विषयवस्तु भएमा पात्रहरु पनि क्रमशः इतिहास, पुराण र समाजवाट लिइएको हुन्छ ।[२६] सूक्ष्म वा क्षीण कथानक भएका खण्डकाव्यमा चरित्रको प्रधानता रहदैन । त्यस्ता खण्डकाव्यमा चरित्रको क्षतिपूर्ती सुक्ष्म अध्ययन र भावको अवन्ति सुत्रले गरेको हुन्छ । जस्तै लेखनाथ पौडेलको ॠतुविचार खण्डकाव्यमा खास खास चरिहत्रहरु छैनन् । खण्डकाव्यमा चरित्रहरु सिंगो समाजको प्रतिनिधित्व गर्ने हुनुपर्दछ । खण्डकाव्यको नायक शुशिल संघर्षशिल कर्तव्यनिष्ठ, आर्दश र धिरदत्त गुणयुक्त हुनुपर्दछ । नायिका प्रधान खण्डकाव्यमा कुशल गृहिणी, पति परायण प्रेमाकाक्षिणी, आदि मध्ये एक हुन सक्दछ ।

## ङ. संरचना (सर्गयोजना)

सर्गयोजना श्लोक, चरण, पाउ आदि अन्वितजस्ता कुरा खण्डकाव्यका आन्तरिक संरचना हुन् ।

---

२५. कृष्ण प्रसाद आचार्य, गौतम नारायण प्रसाद र आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य दीक्षान्त पुस्तक प्रकाशन, कीर्तिपूर, काठ्माण्डौ २०६१ । पृ. २९

२६. कृष्ण प्रसाद आचार्य, गौतम नारायण प्रसाद र आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य २०६१ । पृ. २२

फुटकर कविता भन्दा ठूलो  र माहाकाव्य भन्दा सानो हुन्छ । खण्डकाव्य आकार , आयाम, संरचना, अध्ययन र विषयवस्तुका दृष्टिले हेर्दा कविताको मझौला रुप वा मझौला संरचना हो । फुटकर कवितामा संरचनाको त्यति आवश्यक पर्दैन किनभने यो लघु रुप भएकोले स्वतः संरचित आएको हुन्छ । फुटकर कविता भन्दा खण्डकाव्य विस्तृत अनुभुतिलाई व्यक्त गर्नुपर्दा कविताको संरचना तत्वमा सचेत हुनुपर्दछ । फुटकर कविताको तुलनामा खण्डकाव्यका संरचना सुगठित नै हुन्छ । खण्डकाव्यमा सर्गयोजना भएपनि वा नभए पनि अनुभुति तत्व र आख्यान तत्वका आधारमा संरचना तत्व सुगठित हुनुपर्दछ ।[२७]

## च. लय

लय मानिसको हृदयमा उव्जने साङ्गीतिक लहर वा तरंग हो । मधुर लयको श्रुतिरम्यताको झङ्कारले गर्दा सहृदयका संस्कारगत रुपमा मनमा रहेका भाव कुण्डलीलाई उद्दिप्त गराई भावमा आनन्दको सञ्चार गर्ने हुदाँ लय खण्डकाव्यको प्रमुख तत्व हो । गेयात्मकता वा साङ्गीतिकता प्रधान गर्ने श्रुतिमधुर ध्वनी नै छन्द वा लय हो । खण्डकाव्यामा मात्र होइन कविताको न्यूनतम् एकाइदेखि वृहत एकाई सम्म लय तत्व अनिवार्य हुन्छ । खण्डकाव्यमा शास्त्रीय छन्द लोकलय वा मुक्त लय अन्तरलय को प्रयोग गरिएको हुन्छ ।[२८] अतः खण्डकाव्यका लागि लय अतिआवश्यक तत्व मानिन्छ ।

## छ. रस

खण्डकाव्यमा जवनजगत्को एक पक्षको मात्र चित्रण हुने भएकोले कथा वस्तु पनि एउटै रस प्रवाहमा गतिशिल हुन्छ । श्रृङ्गार, वीर, शान्त, करुण, अदभुत र हाँस्य रस मध्ये कुनै एक रसको मात्र खण्डकाव्यमा प्रयोग गरिएको हुन्छ ।[२९] खण्डकाव्यमा सुखान्त वा दुखान्त कुनै पनि भावको अभिव्यक्ति हुन सक्दछ । अतः रस आनन्दको प्रतीक भएको हुँदा खण्डकाव्यको अनिवार्य तत्व मानिन्छ ।

## ज. बिम्ब प्रतीक र अलङ्कार

बिम्बले काव्यलाई शसक्त पार्दछ । त्यसैले बिम्ब काव्यको शसक्त तत्व हो । प्रतीकको अर्थ संकेत चिन्ह भन्ने हुन्छ । कुनै चिजलाई संकेत गर्न सजिव वा निर्जिव वस्तुलाई प्रतीक भनिन्छ ।

---

२७. कृष्ण प्रसाद आचार्य, गौतम नारायण प्रसाद र आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य  २०६१ । पृ. ३१

२८. कृष्ण प्रसाद आचार्य, गौतम नारायण प्रसाद र आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य  २०६१ । पृ. ३१/३२

२९. कृष्ण प्रसाद आचार्य, गौतम नारायण प्रसाद र आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य  २०६१ । पृ. ३२

अलङ्कार काव्यका गहना हुन् । यिनले काव्यको शोभा र सुन्दरता बढाउने काम गर्दछ । यिनले काव्यको शोभा बढाएर काव्यलाई अलङ्कृत पार्ने काम गर्दछ त्यसैले बिम्ब प्रतीक र अलङ्कार काव्यको अत्यन्तै महत्वपूर्ण तत्व हो ।

## झ. भाषाशैली

सुव्यवस्थित ढगंले क्रमवद्धरुपमा राख्ने कामलाई बिन्यास भनिन्छ । सुहाउदिलो रुपमा मिलाएर व्यवस्थित गर्ने वा योजनावद्ध रुपले राख्ने तरिका नै विन्यास हो । कृतिको संरचक तत्वको सन्दर्भमा भाषा शैली बिम्ब प्रतीक, लय, छन्द, अलंकार आदिको व्यावस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ । भाषा भनेको कृतिलाई प्रस्तुत गर्ने माध्यम हो । भाषाका माध्यमवाट नै साहित्यिक कृतिको रचना हुन्छ । गद्यमा सामान्यतया सोझो अभिव्यक्ति र विषयवस्तु युक्त भाषाको प्रयोग हुन्छ । भने पद्यमा विशिष्ट अभिव्यक्ति र व्याकरण सम्मत भाषाको प्रयोग हुन्छ । साहित्यमा भाषाको महत्वपूर्ण स्थान हुन्छ । मुलतः भाषिक प्रयोगले नै खण्डकाव्यलाई अन्य विधावाट पृथक तुल्याउछ । खण्डकाव्यको भाषालाई विशिष्ट तुल्याउन शैली, बिम्व, प्रतिक, अलङ्कार लय, छन्द विविधता आदिले पनि महत्वपूर्ण भूमिका खेल्दछ ।

शैली शव्द अंग्रेजी शव्द स्टाइल को नेपाली रुपान्तरण हो । शैलीले साहित्यिक रचनामा लेखकका व्यक्ति विशेषको छाप दिने वा विषय वस्तुका अनुकुल भाव अभिव्यक्ति हुने खास ढाँचालाई वुझाउँछ । भाषा र शैलीका बीचमा अन्योयाश्रित सम्वन्ध छ । भाषा अभिव्यक्ति हो । ढंग वा तरिका नै शैली हो । यो खण्डकाव्यको अनिवार्य तत्व हो ।

### ४.४.५ नेपाली खण्डकाव्यको विकासक्रम

हाम्रो नेपाली भाषामा आएका खण्डकाव्यात्मक कृतिहरुको ऐतिहासिक पृष्ठभूमिलाई सरसर्ति हेर्दा नेपाली खण्डकाव्यको काल विभाजन तीनकालमा गर्न सकिन्छ । नेपाली कविता जस्तै खण्डकाव्यलाई पनि प्राथमिक,मध्यमिक र आधुनिक गरी तीनकालमा विभाजन गरेर अध्ययन गर्नुपर्ने हुन्छ । नेपाली कविता लेखनको थालनी वि.स.को १९ औं दशकबाट भएको हो । त्यस भन्दा अघिको अलिखित लोक साहित्यको पृष्ठभूमिबाट नै कविता लेखन कार्यको उदय भएको हो भन्ने वुझिन्छ । लोक गीतबाट कविता र लोक गाथाबाट खण्डकाव्यत्माक कृतिको सिर्जना भयो भन्ने धेरै विद्वानहरुको ठम्याई छ । ११ औं दशकमा शुरु भएको नेपालीभाषा भए पनि लगभग ८०० वर्ष सम्म मौखिक रुपमै रहेको  र पृथ्वीनारायण शाहको एकीकरण अभियान पछि नेपाली कविहरु देखापर्दछन् र कविताले लिखितरुपमा अभिव्यक्त हुने सुअवसर पाएको देखिन्छ । कोशी कर्णाली प्रदेशका लोकगाथाहरु चाँचरी, भारत, पैकेलो आदि र पूर्वी नेपालको वालुन, बाह्रमासे कविता संगीनी गीत, लोकगीत जस्ता लयात्मक गाथाहरुवाट खण्डकाव्यको प्रादूर्लभाव र विकास भएको हो । विभिन्न लोकगीत र छन्दवद्ध कवितात्मक अभिव्यक्तिवाट कविताका विविध प्रकार शुरुभएको कुरालाई स्वीकार्दा छोटो वा छरितो कथापरक प्रभावकारी कविताको रुप खण्डकाव्य हो भन्ने कुरा सिद्ध हुन आउँछ । त्यसैले यस रचनालाई कविताको अख्यानपरक मध्यम रुप भनिएको छ ।

### क. नेपाली खण्डकाव्यको प्रारम्भिक काल वा प्राथमिक काल (१८२६-१९४०)

यस कालमा आएको खण्डकाव्यात्मक कृतिहरु संस्कृतका पुराण, धर्मग्रन्थ र अन्य व्यावहारिक भैषज्य ग्रन्थसँग सम्वन्धित देखिन्छन् ।

त्यसका प्राथमिक कालका कवि देवज्ञकेशरी अर्यालको "अश्वशुभाशुभ परिक्षा" (१८८०) वीरशाली पन्तको कृष्ण चरित्रमा आधारित पौराणिक आख्यानयुक्त "सरस प्रेमावली" उदयनन्द अर्यालको "बेताल पच्चीसी" (१८७२) लोककथामा आधारित प्रथम खण्डकाव्यात्मक कृतिमा खण्डकाव्यको आभास मात्र देखिन्छ । यसपछि वसन्त शर्माको "कृष्ण चरित्र" मौलिक रचना हो भने समुन्द्र लहरी लोकलयमा रचित आख्यानात्मक रचना हो । वसन्त शर्माका यी दुवै कृतिहरु प्राथमिक कालमा सशक्त खण्डकाव्यका सफल रचना पनि मानिन्छन् ।[३०] यसपछि यदुनाथ पोखेलको 'कृष्ण चरित्र' र 'गोर्खा सेना वर्णन' यी दुई कृति पनि खण्डकाव्यात्मक रुपका भएपनि वसन्त शर्माका खण्डकाव्यको तुलनामा फितला देखिन्छन् ।

३०. घिमिरे, बुद्धि 'समालोचना कुसुम' इलाम, २०६५ पृ. २२

रघुनाथ पोखेलको 'सुन्दरकाण्ड' भने यदुनाथका रचनाको तुलनामा कवित्वका दृष्टिले भन्दा पनि आकार प्रकार र कथाका आधारमा खण्डकाव्यात्मक कृतिको रुपमा लिन सकिने प्राथमिक कालीन रचना हो । यस्तै हीनव्याकरणी विद्यापतिको "बाह्रमासा" र "गीत गोविन्द" दुई काव्य पाइन्छन् । बाह्रमासा मौलिक प्रकृतिपरक काव्य हो र गीत गोविन्द स्तुतीपरक कृति हो । यो कृति जयदेवको गीतगोविन्दको क्लीष्ट अनुवाद भएको र मौलिकता कम भएकोले खण्डकाव्यगुण धारण गर्न नसकेको अनुभव हुन्छ । पतन्जली राजु गजुऱ्यालका थुप्रै कृतिहरु भएको अनुमान हुन्छ । पाइएका कवितात्मक कृतिहरुमा "अध्यात्मरामायण बालुन" लोकलयमा लेखिएको रामकथामा आधारित खण्डकाव्यात्मक कृति हो भने "तीर्थावली" "मत्स्येन्द्र नाथको कथा" "उत्तरगाथा" "बोक्सी चरित्र" "वालगोपाल"वााणी "हरिभक्तमाला" "जयमिनी भारत" आदि कृतिहरु आकारप्रकारका दृष्टिले मात्र खण्डकाव्य भन्न सुहाउने देखिन्छ ।[३१]

प्राथमिक कालका विशेष प्रतिभा आदिकवि भानुभक्त आचार्यका खण्डकाव्यात्मक कृतिहरुमा - "वधूशिक्षा" "भक्तमाला" "प्रश्नोत्तरी" जे जस्ता भए पनि विषयवस्तु, आकार र कवित्वका दृष्टिले खण्डकाव्य कृतिको रुपमा नेपाली वाङ्मयमा स्वीकारिएको छ । भानु भक्तकालिन नै यस पछिका ज्ञानदिलदासको "उदयलहरी" निगुर्ण व्रम्ह्को उपासनासँग सम्वन्धित लोक लयमा आधारित लोकप्रिय कृति हो । नरवहादुर राणाको "जंगवहादुरको सवाई" हरिदासको "धूव्र चरित्र" र "प्रलह्लद" चरित्र छविलाल नेपालको "पत्रशिला" षडानन्द लोहनीको "कृष्णचरित्र" वैयाकरण नेपालको " किष्किन्धा काण्ड " र अश्वगुण दोशनिरुपण जस्ता कृतिहरु पनि खण्डकाव्यात्मक कृतिको रुपमा प्राथमिक कालमा देखापरेका छन् । मौलिकभन्दा रुपान्तरित वा अनुदित भई धेरै भएकोले प्राथमिक कालीन खण्डकाव्यहरु नेपाली खण्डकाव्य परम्पराको थालनी वा सुरुवात मात्र मानिन्छ । फुटकर रचना, खण्डकाव्य र माहाकाव्य समेत रचना भएको पाइन्छ ।  कालमा अनेकौँ विषय वस्तु वीर, करुण, हास्य आदि अनेकौँ रसको समेत प्रतिपादन भएको पाइन्छ । धेरै जसो भक्तिपरक रचना भएकाले यस काललाई वीर रसवाट थालिए पनि भक्तिभावना वा निर्गुणा उपासना आदिमा अधिकांश रचना र कविहरुको समय खर्च भएको भक्तिभाव सँग नै सम्वद्ध समय भनेर यस काललाई भक्तिकाल भनिन्छ ।[३२]

३१. घिमिरे, बुद्धि, समालोचना कुसुम इलाम २०६५ । पृ. २३

३२. घिमिरे, बुद्धि, समालोचना कुसुम इलाम २०६५ । पृ. २३

## ख. नेपाली खण्डकाव्यको माध्यमिक काल (१९४१ देखि १९७४)

खण्डकाव्य लेखनका दृष्टिले प्राथमिक काललाई स्वीकारिए पनि प्रकाशनका निम्ती नेपाली साहित्यका सवै विधाहरुमा नै प्रकाशनको थालनी भने माध्यमिक कालमा आएर मात्र भएको पाइन्छ । यसरी हेर्दा नेपाली साहित्यको माध्यमिक काल प्रकाशन वा मुद्रणको काल हो भन्न सकिन्छ । प्राथमिक कालवाट माध्यमिक काललाई अलग्याउने प्रमुख कार्य नेपालीमा लेखिएका कृतिहरु खोजी र प्रकाशन तथा रचनामा काव्य सौन्दर्यको सचेतता रहेको पाइन्छ । वीरधारा र स्तूती काव्य परम्परामा आधारित प्राथामिक काल भन्दा भिन्दै सौन्दर्य बोकेका कारण माध्यमिक कालीन कवितामा श्रृङ्गारिक धाराको स्थापना भएको देखिन्छ । यस कालमा मोतीराम भट्टको अगुवाईमा भानुभक्तीय रामायण प्रकाशित  भएर लोकप्रियता पाएपछि माध्यमिक कालका कविहरुको प्रेरणा पाएर विभिन्न किसिमका कविताहरुको रचना गरे । सँस्कृत र अरवी भाषा साहित्यका श्रृङ्गारिक भाव धारा समातेर त्यसको परिवर्तित परिस्थिती र शाषक वर्गको ऐय्यासी परम्परा अनुरुप नै प्राथमिक कालीन वीर एवं भक्ति धारावाट श्रृङ्गारिक अभिव्यक्तिमा विषय वस्तु र रचना समेटिए । त्यसैले मोतीरामको कवि मण्डलीले विभिन्न श्रृङ्गारिक रचनाहरुलाई नै अभिव्यक्तिको माध्यम बनाए । उर्दू, फारसी र अरवीको प्रभावमा गीत, गजलहरु पनि नेपाली भाषामा भित्रिए । प्राथमिक कालका जस्तै सवाई, लहरी, बाह्रमासा आदि पनि प्रसस्त लेखिएको, यसै स्रोतवाट खण्डकाव्यहरु सिर्जना हूने अवसर प्राप्त भयो  अर्कातर्फ भारतीय भाषा साहित्य हिन्दी, उर्दू, वंगाली, फारसी आदिको प्रभाववाट पनि आफ्नो भाषाको उन्नतीमा माध्यमिक कालीन नेपाली कविहरु जुटेको देखिन्छ । राष्ट्रभाषावाट अनुदित प्रतिच्छाया वा प्रभाव ग्रहण गर्दै तथा अरबी, फारसी र लोक परम्पराकै स्रोतमा यस अवधीमा खण्डकाव्यहरु सिर्जना भएको पाइन्छ । आख्यान र कथावस्तुले पौराणिक रुप अथवा अरवेली, फारसी अति रञ्जनात्मक रुप समेत ग्रहण गरेको र कविताले पनि यसै रुपलाई धारणा गरेको देखिन्छ । अरबी फारसीमा प्रभावित गजल पनि यस युगको भाषा विकास र विस्तार कै प्रतीक हुन् ।

माध्यमिक कालमा आएका पौराणिक आख्यान समातेर खण्डकाव्यात्मक कृति रचना गर्नेहरुमा होमनाथ खतिवाडा, शिखरनाथ सुवेदी लक्ष्मिदत्त पन्त, मोतीराम भट्ट गोपीनाथ लोहनी, केदारनाथ खतिवाडा, कृष्णप्रसाद रेग्मी, कुञ्जविलास गौतम, शम्भुप्रसाद ढुङ्गेल, वाणीविलास पाण्डे, हरिविक्रम थापा, रामप्रसाद सत्याल, रामप्रसाद भट्टराई, तुलसी दत्त भट्टराई, हरिभक्त लामिछाने आदि प्रमुख कविहरु छन् ।[३३]

३३. घिमिरे, वृद्धि, “समालोचना कुशुम” इलाम, २०६५ । पृ. २४

यी कविहरु मध्ये रामायण, महाभारत, पुराण कथालाई विषय वस्तु वनाएर कसैले माहाभारतपर्व, वनपर्व, कर्णपर्व जस्ता महाभारतका कथाहरुको भावलाई आधार मानेर नेपाली भाषामा पद्यात्मक भावानुवाद गरे भने कसैले पुराण र महाभारतका सानातिना कथांशबाट खण्डकाव्यात्मक कृतिहरु तयार गरे ।

मोतीराम भट्टका "गजेन्द्र मोक्ष" "उषा चरित्र"प्रल्हाद भक्तिकथा आदि कृति उपलव्ध छन्  शम्भुप्रसाद ढुङ्गेलका ध्रुबचरित्र, कर्णपर्व आदि उन्नत काव्यात्मक संरचना छन् । केदारनाथ खतिवडाका खण्डकाव्यात्मक कृतिमा नलदमयन्ती कथा र रम्भा -शुकसम्वाद हुन् । महाभारतको अनुवाद चाँहि महाकाव्यत्मक कृति मानिन्छ । यस्तै शिखरनाथ सुवेदीका कर्णपर्व रमाश्वमेद काण्ड, पिनासको कथा आदि मझौला कृतिको रुपमा छन् । कृष्णप्रसाद रेग्मीका श्रृङ्गारिक कविताका साथै महाभारतका आदिपर्व, वनपर्व, उद्योगपर्व, सत्यहरिस्चन्द्र जस्ता कृतिहरु रसिला र खण्डकाव्यत्मक कृतिको रुपमा चिनिन्छन् । माध्यमिक काल मोतिराम भट्टको नेतृत्वमा पुरै अगाडि वढे पनि माथिका सवै कविहरुको महत्वपूर्ण योगदान रहेको पाइन्छ । पौराणिक आख्यानका अतिरिक्त यस कालमा श्रृङ्गारिक अतिरन्जनात्मक आख्यान वा कथा पनि काव्य सौन्दर्यको स्थापनका निम्ति अत्यन्तै महत्वको देखिन्छ । यस क्रममा अरवी, फारसी, उर्दू भाषाको प्रभाववाट आएको श्रृङ्गारिक आख्यानले यस काललाई नै श्रृङ्गारिक काल वा श्रृङ्गारिक धाराको रुपमा चिनिएको छ । अतिरन्जनात्मक वा अति वर्णनात्मक कथाहरुको माध्यमवाट पनि माध्यमिक कालले कविता मात्र होइन साहित्यका सवै विधामा ख्याति पाएको पाइन्छ । छिमेकी देशका भाषा साहित्यको प्रभावमा आाएका मोतीराम भट्टका कमलभ्रमर, "संबाद चन्दबदनी", "बेश्यावर्णन" जस्ता खण्डकाव्यात्मक कृतिहरुका अतिरिक्त नरदेव पाण्डे, सिद्धिनाथ सर्मा, कुञ्जविलास शर्मा, बाणविलास पाण्डे आदिका कृतिहरु पनि अरवी, फारसी, आख्यानात्मक आख्यानहरुवाट प्रभावीत भएर आएका सुन्दर खण्डकाव्यात्मक कृतिहरु रोमान्चक अतिमानवीय कथापूर्ण र धेरै जसो श्रृङ्गारिक भावधारका छन् ।

माध्यमिक कालको विशेषता नै श्रृङ्गारको प्रतिपादन गर्नु हो । नेपाली परम्परामा देखिएको लोक लयात्मक काव्य निर्माणमा पनि माध्यमिक कालमा पर्याप्त प्रयास भएको पाइन्छ । यस फाँटमा सवाई, लहरी र वाह्रमासा जस्त कवितात्मक कृतिलाई समावेश गर्न सकिन्छ । माध्यमिक कालमा विशेषतः लोक प्रेरित काव्यले श्रृङ्गारिक धारालाई  वढी प्रभाव पारेको देखिन्छ । यसैले माध्यमिक काललाई श्रृङ्गारिक धाराको काल भनिएको हो ।[३४] स्थान वर्ण, धार्मीक गीत वा आध्यत्मिक भजन परक कवितात्मक कृतिहरु पनि यस लोक धारामा पर्याप्त छन् ।

---

३४. घिमिरे, वुद्धि, "समालोचना कुशुम" इलाम, २०६५ । पृ. २५

जस्तै जैमुनीभारत बालुन अथवा धार्मिक वा सँस्कृतिपरक भजन आदि विशेष रुपमा उल्लेखनीय छन् । शम्भु प्रसाद ढुङ्गेलको चन्द्रप्रताप वर्णन जस्ता कृतिहरु र जगन्नाथ सेढाँइको भुचन्द्र चन्द्रिका र चन्द्र मयुख जस्ता कृतिहरु पनि माध्यमिक कालका विशेषताकै रुपमा हेर्न सकिन्छ । व्यक्तिपरक स्तुतीकाव्य पनि यस कालमा प्रसस्त आएका छन् । माध्यमिक कालका विविध विषय, स्थान, भाव, व्यक्ति आदिका वर्णनमा आधारित भएर थुप्रै काव्य कृतिहरु आए । ती मध्ये छरितो लेखनसँग सम्वद्ध भएर खण्डकाव्य नै धेरै जसो लेखिएका छन् । प्राथमिक कालिन कृतिहरुको प्रकाशन र नेपाली भाषाका पत्रपत्रिकाहरुको प्रकाशन, समालोचनाको थालनी जीवनी, निबन्ध आदि विधाको प्रारम्भ माध्यमिक कालका विशेष विशेषता भएकोले यस उत्तारार्ध कालले आधुनिक काललई निम्तायो । साहित्य जनमुखि बनाउन ठूलो सहयोग गऱ्यो । यी विशेषताहरु नै यस कालका गणनीय र मुख्य हुन् ।[३५]

## नेपाली खण्डकाव्यको आधुनिक काल :

नेपाली खण्डकाव्यलाई नेपाली कविताको विकासक्रमसँग जोडेर हेर्नुपर्ने भएकोले आधुनिक काललाई उत्तरमाध्यमीक कालले पृष्ठभुमी तयार गऱ्यो । पत्र पत्रिकाको प्रकाशनका साथै थुप्रै कविताहरु ती प्रकाशनमा समेटिएर । यसै क्रममा विषय वस्तुलाई विस्तार पूर्वक लेख्न चाहने केही कविहरुले कविताको मझौला रुप खण्डकाव्यलाई आफ्नो लेखनको विषय बनाएको पाइन्छ । नेपाली कविताको आधुनिकको प्रारम्भ विन्दू लेखनाथको भाषा परिस्कारबाट मान्दा “वर्षा विचार” वि.स. १९६६ बाटै सुरु भए पनि वि.स. १९७४को शूक्ति सिन्धुको प्रकाशन पछि मात्र नेपाली कविताको माध्यमिक काल सकिएर आधुनिक काल सुरुभएको कुरालाई विभिन्न दृष्टिबाट स्वीकारिएको छ । अनेकौं कविका फुटकर कविताहरुका अतिरिक्त ‘ऋतुविचार’ ‘वुद्धिविनोद’ जस्ता कृतिहरु वि.स. १९७३ /७४ मा प्रकाशित हुँदा हुँदै छन्दको वन्धनवाट मुक्त भई कविताले नवीनतम् भाव समेत ग्रहण गरेको देखिन्छ । वि.स. १९७४ सम्ममा समग्र रुपमा यहाँ कवितामा आधुनिकताले प्रवेश गरेको पाइन्छ । यही नै खण्डकाव्यको पनि आधुनिक कालको थालनी मान्नु पर्दछ । हुनत वि.स. १९७९ को शोक प्रवाहवाट कविताको स्तरीयता र खण्डकाव्यको सुरुवात भएपनि लेखनाथको तीनसय श्लोक ऋतुविचार १९७३ लाई नै आधुनिक खण्डकाव्यको स्तरीयकृति मानिएको छ । त्यसैले कविशिरोमणि लेखनाथ पौड्याल नै यस धाराको थालनी कर्ता मानिएको हो । नेपाली खण्डकाव्यको आधुनिक काल पनि वि.स. १९७३ देखि हाल सम्मको अवधिलाई स्वीकारेको देखिन्छ ।[३६]

---

३५. घिमिरे, वुद्धि, “समालोचना कुशुम” इलाम, २०६५ । पृ.२६

३६. घिमिरे, वुद्धि, “समालोचना कुशुम” इलाम, २०६५ । पृ. २६

हुनत साहित्यको आधुनिक काल हाल उत्तर आधुनिकताको विज्ञान र प्रविधिको युगमा पुगेपनि “मुनामदन” जस्ता केही प्रसिद्ध कृतिहरुलाई नाटकीकरण गर्ने वा दृष्य श्रव्य विधामा समेटिने प्रयास वाहेक आम रुपमा नेपालीमा देखापरेका काव्य कृतिहरु दृष्यात्मक बनाउने प्रयास भने भएको छैन । खण्डकाव्यको आधुनिक काललाई निम्नलिखित चारवटा धारामा विभाजन गर्न सकिन्छ ।

## १. शास्त्रीयतावादी धारा (१९७५ - १९९१)

आधुनिक नेपाली खण्डकाव्यको प्रथम चरण वि.स. (१९७५-१९९१) मा संस्कृत काव्य धाराको प्रभाव लिएर देखापरेको शास्त्रीयतावादी काव्यधारालाई परिस्कारवाद पनि भनिन्छ । नेपाली खण्डकाव्य फाँटमा यस धाराको थालनी लेखनाथ पौड्यालको “ऋतु विचार” खण्डकाव्यवाट भएको हो । यस शास्त्रीयतावादी काव्य धाराको प्रारम्भ, उत्कर्ष र उन्नयनमा पुऱ्याउने कार्य लेखनाथ पौड्यालबाट भएको हो । उनले परिस्कार, परिमार्जन, परिशोधन, संयम, सन्तुलन  र काव्यनुशासन कायम गरी निजानुभुतिलाई आख्यनीकरण गरी खण्डकाव्यको संरचना प्रदान गरेका छन् । नेपाली सामाजिक जीवनको प्रतिविम्व यस धाराका खण्डकाव्यहरुमा पाइन्छ ।

आधुनिक नेपाली खण्डकाव्यको प्रथमचरण मानिने संस्कृत काव्यधाराको प्रभावमा रहेको शास्त्रीयतावादी, परिष्कारवादी काव्यधाराका खण्डकाव्यहरुमा विषयवस्तुगत स्तरीयता, बौद्धिकता, भाषिक नियम  र अनुशासनमा जोड दिइएको पाइन्छ । खण्डकाव्यका विधागत सचेतनामा परिपुष्टता, सिल्पगत परिस्कार परिमार्जन तथा स्तरीयता भाव, शैलीको सन्तुलन, भावना र बौद्धिकताको समायोजन, आत्मापरक भन्दा बस्तुपरकतामा जोड र पूर्वीय दर्शनबाट प्रभावित देखिन्छ । आर्य संस्कृतिप्रतिको महिमागान, सामाजिक संचेतना, प्रकृतिचित्रण, धार्मिकता, सांस्कृतिक पुर्नजागरण, आध्यत्मवादी जीवन दृष्टि, आर्दश नैतिक मूल्यप्रति चासो, शोषणदमन आदिको चित्रण, जातीयजागरण जस्ता विभिन्न प्रवृति पाइन्छन् । यस अवधिमा मुख्यरुपमा भीमनिधी तिवारी, लेखनाथ पौडेल, माधवप्रसाद घिमिरे, गुणराज उपाध्यय, कुलचन्द्र गौतम, मुकुन्दशरण उपाध्याय, हेमचन्द्र शर्मा, बालकृष्ण सम आदि सशक्तरुपमा देखिन्छन् ।[३७]

---

३७. कृष्णप्रसाद आचार्य, गौतम नारायण प्रसाद, आधुनिक नेपाली खयडकाव्य र महाकाव्य, दिक्षान्त पुस्तक प्रकाशन कृतिपूर, काठ्माण्डौ, २०६१, पृ. ४२

## २. स्वच्छन्दतावादी धारा (१९९२-२०१६)

आधुनिक नेपाली खण्डकाव्यका द्वितीय चरण अन्तर्गत पश्चात्य काव्य धाराको प्रभाव परेको देखिन्छ । स्वच्छन्दतावादी काव्य धारा (१९९२-२०१६) नेपाली खण्डकाव्यको उर्वर काल हो । नेपाली खण्डकाव्यको फाँटमा यस धाराको थालनी महाकवि लक्ष्मी प्रसाद देवकोटको 'मुनामदन' (१९९२) खण्डकाव्यबाट भएको हो । यस धारामा देवकोटाले मात्र २ दर्जन जति खण्डकाव्यको रचना गरेका छन् ।[३८] अन्य खण्डकाव्यकारहरुका खण्डकाव्य पनि प्रयाप्त छन् । स्वच्छन्दतावादी काव्यको आरम्भ उत्कर्ष र उन्नयनमा पुऱ्याउने कार्य लक्ष्मी प्रंसाद देवकोटाबाट भएको हो अंग्रेजीका वर्डस्वर्थ किड्स् शैली र वाहिरन जस्ता स्वच्छन्दतावादी कविका काव्य प्रकृतिवाट देवकोटा प्रभावित छन् । पाश्चात्य स्वच्छन्दतावाद प्रकृति चित्रण मानवतावाद, प्रगतिवाद, व्यङ्ग्य विद्रोह र काव्यका अभिव्यक्तिगत स्वतन्त्रता लिएर देखापरेको हो । त्यसकै प्रभावलाई देवकोटाले भित्राएका छन् । उनले परिस्कारवादी काव्य धाराका नियम अनुशासनका तट्बन्धनलाई तोड्दै कविता काव्यमा स्वच्छन्दता, उन्मुक्तामा, स्वतन्त्रता बिजूलीवेगी, वायूपंखी, दिव्य उडान, आँशु कवित्व, निर्झर लेखन आदिबाट प्रभावित भएको देखिन्छ ।

स्वच्छन्दतावादी धाराका देवकोटका सहजकर्मी खण्डकाव्यकारहरु सिद्धिचरण श्रेष्ठ, माधव घिमिरे, युद्धप्रसाद मिश्र, कुमार वहादुर जोशी, घनश्याम कँडेल, देवयानी, धर्मराज थापा, वासुदेव त्रिपाठी आदि उल्लेखनीय रहेका छन् । स्वच्छन्दतावादी काव्य धाराका खण्डकाव्यहरुमा प्रकृति चित्रण, लोकगाथा, दन्त्य कथा, सामाजिक, ऐतिहासिक, राष्ट्रिय भावधारा, पौराणिक ग्रीक पुराकथालाई कथावस्तुको मुल श्रोत भनिएको छ ।[३९]

---

३८. ३७. कृष्णप्रसाद आचार्य, गौतम नारायण प्रसाद, आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, दिक्षान्त पुस्तक प्रकाशन कृर्तिपूर, काठ्माण्डौ, २०६१, पृ. ४२

३९. कृष्णप्रसाद आचार्य, गौतम नारायण प्रसाद, आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, २०६१, पृ.४५

## ३. प्रयोगवादी धारा (२०१७-२०३०)

वि.स. २०१६ सालमा महाकवि लक्ष्मिप्रसाद देवकोटाको देहवसान भए पछि नेपाली कविता काव्यको इतिहासमा नयाँ प्रवृत्तिको थालनी हुन्छ । आधुनिक नेपाली खण्डकाव्यको द्वितीय चरण अन्तर्गत पाश्चात्य धाराको प्रभावमा दोस्रो मोढको रुपमा देखापरेको प्रयोगवादी धारा वि.स (२०१७-२०३०) का प्रवर्तक मोहन कोइराला हुन् । नेपाली कविता काव्यमा मोहन कोइरालाले भित्राएको नयाँलेखन पद्धतिलाई प्रयोगवादी धारा भनिन्छ । उनले सुरुवात गरेको यस प्रयोगवादी धारामा धेरै सहकर्मी कविहरु देखापरेका छन् जसले गर्दा यस धाराको विकासमा ठूलो टेवा पुग्न गयो ।

प्रयोग भनेको नयाँ परीक्षण र वाद भनेको विचार वा दर्शन हो । पाश्चात्य साहित्यमा देखापरेका नवीन प्रवृतिका साथ वि.स. २०१७ सालको रुपरेखा पत्रिकामा

मोहन कोइरालाले 'घाइते युग' कविता प्रकाशन भएवाट यस प्रयोगवादी काव्य धाराको थालनी भएको हो । प्रयोगवादी कविता काव्य आधुनिक भौतिकवादी विचारक नित्सेको ईश्वरको मृत्युको घोषणा डार्विनको विकासवाद मार्क्सको द्वन्द्वात्मक, भौतिकवाद, फ्रायडको यौन मनोविज्ञान, आधुनिक जीववैज्ञानिक चिन्तन, विसङ्गति र दर्शन विज्ञानले सिर्जना गरेका अनेकौँ वैज्ञानिक षड्यन्त्रवाट प्रभावित भएको छ । आजको विसङ्गतिवादी युगले मान्छेका जीवनमा जुन निस्सारता हिनता, व्यर्थता र जटिलता थपेको छ । त्यसैको अभिव्यक्ति दिने नाममा अमूर्त लेखन, अवचेतना, लेखन, दूर्वोध्य जस्ता प्रयोगधर्मी नवीन प्रवृद्विहरु यस धारामा रहेका छन् ।[४०] कवितामा पाठकले स्पष्ट भाव वोध गर्न सक्दैन । यस धाराका केन्द्रीय प्रतिभा मोहन कोइराला हुन् । अन्य सहकर्मीहरु द्वारीका श्रेष्ठ, मदन रेग्मी, कर्ण महर्षी, रत्नसमशेर थापा  आदि रहेका छन् । यस धारामा कविताको कथावस्तुको मूलश्रोत लोकगाथा सामाजिक, ऐतिहासिक, पौराणिक राष्ट्रिय आदि विषयवस्तुको श्रोत नभई अवचेतन मनका अमूर्त अनुभुतिनै यस धाराका खण्डकाव्यका कथावस्तुका मुल श्रोत हुन् ।

४०. कृष्णप्रसाद आचार्य, गौतम नारायण प्रसाद, आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, २०६१, पृ.४७

## ४. समसामयिक धारा (वि.स.२०३१-हालसम्म)

आधुनिक नेपाली कविता काव्यको अन्तिम धारा तथा वर्तमान अवस्थामा चलिरहेको धारा समसामयिक धारा हो । वि.स. २०१७ सालमा प्रयोगवादी काव्यधाराको थालनी भएपछि रचना गरिएका कविता काव्यहरु सम्प्रेषणको संकटमा परे । यस धाराका कविता नबुझिनु र नअर्थिनुका कारणबाट साहित्य र पाठक बिचको सम्वन्ध विच्छेद हुन गयो ।

समसामयिक धाराका नयाँ कवि प्रतिभाहरुले प्रयोगवादी असम्प्रेष्य प्रवृतिलाई छाडेर समसामयीक नेपाली समाजका तत्कालीन सामाजिक राजनैतिक, आर्थिक क्षेत्रमा देखिएका विकृति विसङ्गतिलाई सम्प्रेशित शैलीका माध्यमले नेपाली कवितामा नयाँ प्रवृतिहरु भित्र्याउन थाले । कवि प्रतिभाले नेपाली काविता काव्यहरुको फाँटमा भित्र्याएको नयाँ प्रवृतिहरुलाई नव लेखन तथा युवा नव लेखन भन्ने नयाँ नामाकरण गरियो । यसलाई आधुनिक नेपाली कविता काव्यको समसामयिक धारा भनिन्छ । समसामयिक धारामा च्याउ उम्रेजस्ता साना तिना काव्यिक आन्दोलन भएका छन् । जस्तैः वुटपालिस आन्दोलन सडक कविता क्रान्ती कोलाज आन्दोलन, तरलवाद, जनआन्दोलन आदि । समसामयिक धाराका बहुमुखी प्रतिभाषाली कविहरु कृष्णप्रसाद पराजुली विष्णु नविन ऋषिराम न्यौपान, दैवज्ञराज न्यौपाने, मन्जुल शैलेन्द्र शाकार, घनश्याम कडेलँ, कविताराम, अविसुवेदी, शैलेन्द्रप्रकाश, श्रीहरीफुइयाल, सरुभक्त हुन् । पहिलो नयाँ पुस्ताका मित्रलाल पन्नानी जगत उपध्याय, गोविन्द आर्चाय्, कृष्ण राज डि.सी, वुद्धि घिमिरे, मित्रलाल दाहाल, पिताम्वर भण्डारी आदि ।[४१]

४१. कृष्णप्रसाद आचार्य, गौतम नारायण प्रसाद, आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, २०६१, पृ.४९/५०

## ४.४.६ खण्डकाव्यको विकासक्रमको सम्वन्धमा झाँक्रीखोलेको योगदान

१९औं शताव्दीको पूर्ववत् देखि पृथ्वीनारायण शाहको राज्य एकीकरण सँगै नेपाली कविताको आरम्भ भएको कुरा उल्लेख गरिएको छ । नेपाली खण्डकाव्यको विकाश यात्राको प्रशङ्गलाई पनि उल्लेख गरिएको छ । १८ औं शताव्दी सम्म नेपाली साहित्य अलिखित लोकधारामा प्रभावित थियो । अलिखित लोकगीत, लोकगाथा र लोककथासँग नेपाली कविता काव्यको ऐतिहासिक सम्वन्ध भए पनि खासगरी लोकगीत बाटै नेपाली कविता काव्यले माथि उठ्ने अवसर पाएको हो । लोकगीतसँग पुर्ख्यौली सम्बन्ध भएको कविता विधाको विकास यात्रालाई तीन चरणमा विभाजन गरिएको छ । जस अनुसार प्राथमिक काल (१८२६ देखि १९४०) माध्यमिक काल (१९४१-१९७४) र आधुनिक काल (१९७५- हाल सम्म रहेको छ । प्राथमिक कालमा रचना भएका खण्डकाव्य वीरता, भक्तिपरक र स्तुतिपरक रहेका छन् । वीरकालीन धाराका केन्द्रीय प्रतिभा सुवानन्ददास र भक्तिपरक काव्यका केन्द्रिय प्रतिभा आदिकवि भानुभक्त आर्चाय हुन् । प्राथमिक कालपछि नेपाली खण्डकाव्यको माध्यमिक कालको थालनी हुन्छ । यस कालका केन्द्रीय प्रतिभा मोतीराम भट्ट हुन् । नेपाली खण्डकाव्यको माध्यमिक काल श्रृङ्गारिक भाव धारामा केन्द्रित रहेको छ । यस कालको अन्त्यतिरका खण्डकाव्यमा सामाजिक चेतना, जातीय जागरण साँस्कृतिक स्वर राष्ट्रिय भावना जस्ता प्रवृतिहरु भेटिन्छन् ।

नेपाली खण्डकाव्यमा  लेखनाथ पौड्यालको उदयसँगै वि.स. १९७५ देखि आधुनिक काल (परिष्कारवादी धारा) को उदय हुन्छ । यो परिष्कारवादी धारा बढी परिस्कार र परिमार्जनमा केन्द्रित हुन गयो । यस धाराका कविले स्वयं अनुशासनमा जोड दिएको पाइन्छ । यस धाराका केन्द्रीय प्रतिभा लेखनाथ पौड्याल हुन् । लेखनाथ पछिको धारालाई स्वचच्छन्दतावादी धारा (१९९० देखि २०१६) भनिन्छ । यो धाराको थालनी र उत्सर्गमा पुऱ्याउने काम लक्ष्मी प्रसाद देवकोटाबाट भएको हो ।यस धारामा देवकोटाले पाश्चात्य काव्य शैलीलाई आत्मासाथ गरी खण्डकाव्यको रचना गरेका छन् । वस्तुपरकता भन्दा आत्मापरकता स्वच्छन्दता एवम् हार्दिकतानै यस धाराका मूल प्रवृति हुन् । यस धाराका केन्द्रिय प्रतिभा लक्ष्मिप्रसाद देवकोटा हुन् । नेपाली कविता काव्यमा देखापरेको अर्को धारा प्रयोगवादी धारा ( २०१७ देखि २०३०) हो । यस धाराका प्रवर्तक मोहन कोइराला हुन् । उनले अमूर्त लेखन अवचेतन, अपरम्परागत नवलेखन र नवीन विम्बको प्रयोगबाट यस धाराका कविता काव्य दुर्वोध्य वन्न पुगेका छन् । तापनि २०३१ सालदेखि हाल सम्मको समयलाई समसामयिक धारा भनिन्छ । यस धारामा पुरानै प्रवृतिको पुनरुक्ती भएको पाइन्छ । यस धारालाई निर्माणधिन धारा भनिन्छ । वि.स. २०२३ सालमा अर्ती कविता लेखेर लेखनकार्यमा अगाडी वढेको पाइन्छ ।

झाँक्रीखोले स्वच्छन्दवादी प्रगतिवादी खण्डकाव्यकार हुन् । उनको  खण्डकाव्यहरुमा स्थानीय चित्रण सामाजिक स्थिति विसङ्गति विकृति आदिको वर्णन  पाइन्छ । राष्ट्रिय भावना,

मानवतावादी सचेतना उत्थान, उन्नति, आदिको कामना जीवनवादी एवम् शान्तिको आकाक्षा आदि विषय वस्तुहरुलाई मूख्य रुपमा लिएका छन् ।[४२] यी नयाँ र पुरानो पुस्ताको लहरमा झाँक्रीखोलेको योगदान पनि महत्वपूर्ण रहेको छ । उनका हाल सम्म ३ वटा खण्डकाव्य प्रकाशित भएका छन् । ती खण्डकाव्यहरु फरक - फरक किसिमका विषयवस्तु समेट्न सफल भएका छन् । कवि झाँक्रिखोलेको "कविता सँग बिछोड" (२०६०) पहिलो प्रकाशित खण्डकाव्य हो । यस खण्डकाव्यमा कविको कविता सँग विछोड पो होलाकी ! भन्ने त्रासद्धीपूर्ण कवि उद्गार यहाँ व्यक्त भएको छ । साथै "कवितासँग विछोड" शीर्षक राखेर रचिएको भए पनि कवितासँग कहिलै बिछोड नहोस् भन्ने कवि कामना यहाँ व्यक्त भएको देखिन्छ ।[४३] व्यौलीढुङ्गा मन्तिर (२०६२) दोस्रो प्रकाशित खण्डकाव्य हो । यस खण्डकाव्यले पौराणिक किम्वदन्तीलाई विषयवस्तु बनाई प्राचीनकालको मान्छेको अवस्थालाई चित्रण गरेका पाइन्छ । "भूमिगत'' ( २०६६) तेस्रो प्रकाशित खण्डकाव्य हो । यस खण्डकाव्यमा प्राचिनकालदेखि हाल सम्मका कविहरुको प्रंसङ्ग उल्लेख गरिएको छ । कवि झाँक्रीखोले निरन्तर रुपमा साहित्य रचनामा अघिबढीरहेका पाइन्छन् ।

४२. चापागाई नरेन्द्रप्रसाद प्रा. डा. झाँक्रीखोलेका काव्यका सम्वन्धमा । (भुमिका खण्ड)

४३. भण्डारी, मोहन 'दुइ शव्द' (भूमिका खण्ड)

## ४.४.७ “कवितासँग विछोड” खण्डकाव्यको अध्ययन

### परिचय

“कविता संग विछोड” खण्डकाव्य झाँक्रीखोलेको पहिलो प्रकाशित खण्डकाव्य हो । परम्परागत मान्यता अनुसार चार चरणलाई एक श्लोक मान्दा प्रस्तुत काव्य एक सय साढेतीन श्लोकमा रचिएको देखिन्छ । शार्दूलविक्रीडित छन्दमा लेखिएको यस कृतीमा चार सय चौध चरण रहेको पाइन्छ । वि.स. २०६० सालमा एक हजार प्रति प्रकाशित भएको खण्डकाव्यको पुःन संस्करण भएको छैन । पुस्तक प्रकाशन गर्ने क्रममा मुद्रण गर्ने काम लक्ष्मी अफसेट प्रेस दमक १३ झापाले गरेको छ । यस पुस्तकको भूमिका लेख्ने काम समीक्षक मोहन भण्डारीले गर्नु भएको छ भने भुमिका खण्डमा नै समीक्षक तथा प्राध्यापक डा. नरेन्द्र चापागाईको “झाँक्रीखोलेका काव्यका सम्वन्धमा” शीर्षकमा लेखिएको समीक्षामूलक लेख समावेश गरिएको छ । पुस्तकको प्राक्कथनमा लेखकले वि.स. २०६० साल वैसाख २ गते इलामको कर्फोक मा.वि.मा भएको कवि गोष्ठिमा साहित्यकारहरु राष्ट्रकवि माधवप्रसाद घिमिरे, इन्द्रवहादुर राई, लख्खीदेवी सुन्दासको उपस्थिति रहेको थियो । सोहि गोष्ठीका क्रममा “चारखोलाको लहर (२०५९) को कवि माधवप्रसाद घिमिरेवाट विमोचन भएको उल्लेख छ । सोही कार्यक्रममा घिमिरेलाई शुभकामना लेख कवितात्मक शैलीमा उल्लेख गर्दै उक्त शुभकामना लेखेको एकप्रति यो खण्डकाव्यको भूमिका खण्डको प्राव्कथनमा समावेश गरिएको छ जसको एकटुक्रा वा श्लोक यस्तो रहेको छ ।

ए वैशाख ! बढार यी दशकका हत्या कथा ज्यानका
साठीसाल समुङ्गला सगुन दे सद्भाव विश्वासका ।
यो राष्ट्रोन्नतिमा मिलेर जनता मौरी बनून् सर्वदा
मान्छे मानव हो समान हकको आस्था नहोस् अन्यथा ॥

खण्डकाव्यमा प्रायः श्लोकहरु चतुश्पदी भए पनि तीनओटा श्लोकहरु भने द्विपद्वी रहेका छन् । आवरण भागमा अगाडि पट्टी साङ्केतिक चित्र प्रस्तुत गरिएको छ । जसमा एउटा विरक्तिएको जस्तो देखिने चरो त्यही सँग दुःख, पिडाले शोक विह्वल भएकी स्त्रीको अनुहार कपाल पनि जिङ्रिएको भएको, अगाडि अनुहारमा पुस्तकले छोपेको पुस्तक अनुहार पट्टी नभएर अर्को पट्टी फर्किएको कारुणिक चित्र अङ्कित गरिएको छ । पुस्तक पछाडि पट्टीको भागमा रचनाकारको फोटो सहित कवि परिचय प्रस्तुत गरिएको छ ।

## विषयवस्तु

कवि झाँक्रीखोलेद्धारा रचित कवितासँग बिछोड (२०६०) खण्डकाव्य पहिलो प्रकाशित खण्डकाव्य हो । काव्यको आ-आफ्नै विषयवस्तु रहेको हुन्छ । कुनै काव्यले इतिहास, कुनैले पुराण कुनैले सामाजिक विषयवस्तु, कुनैले प्रेम आदिलाई विषयवस्तु वनाएका हुन्छन् भने यो खण्डकाव्यको विषयवस्तु अलिक फरक किसिमको रहेको छ । यो खण्डकाव्यको विषय वस्तुको चयन गरिनु नै यसको आफ्नो मौलिक विशेषता रहेको छ । कविता नै यस खण्डकाव्यको मुख्य विषय वस्तु रहेको छ ।

यसरी चारैतिरबाट कविताको मर्म र स्वरुपमाथी बलात्कार भैरहेको सन्दर्भमा कविता स्वयं पनि आफ्नो अवस्थामा अडिन नसकी जतासुकै घुमीहिड्ने व्यभिचारिणी भई भन्ने गुनासो व्यक्त गर्दै र कवितालाई आफ्नै छन्दमय अस्तित्वमा रहन आग्रह गर्दै कवि यादव अधिकारिले यो काव्यकृति रचना गर्नु भएको छ ।[४४] यसमा श्री अधिकारी भित्रको कवित्व चेतना उकुसमकुस भएर छन्दमय लहरसँगै बाहिर निस्कन छट्पटाइ रहेको देखिन्छ । कविता रुपमा विद्यमान आफूभित्रका ती भावनात्मक बिम्वहरुलाई पक्रिन नसकी त्यसै हराउलान् कि ! अनि कवितासँगै विछोड पो होला कि ! भन्ने त्रासदिपूर्ण कवि उद्‌गार यहाँ व्यक्त भएको छ ।[४५] "कवितासँग विछोड" शीर्षक राखेर रचिएको भएपनि कवितासँग कहिल्यै विछोड नहोस् भन्ने भाव राखेर रचिएको भए पनि कविता सँग कहिल्यै विछोड नहोस् भनेर कवि कामना यहाँ व्यक्त भएको देखिन्छ । कवितासँग कवि यसरी पोखिन्छन् ।

तिम्रो भाव म भित्र टाँस्न मनको सद्‌भाव पोख्ने गरे ।

श्रीको आर्जन पूर्ण पार्न दिलको उन्माद लेख्ने गरेँ ॥ (पृ.६)

नेपाली कविताको इतिहास हेर्दा संस्कृत भाषालाई हेर्नुपर्ने हुन्छ । नेपालको राष्ट्रिय पहिचानलाई विर्सनु हुँदैन । हाम्रो नेपाली मौलिकतालाई नै कविताको विषयवस्तु बनाउनुपर्दछ । हिमाल, पहाड, मैदान हिउँका अनेक झरना झङ्कारहरु नेपालको पहिचान हो । नेपाली सँस्कृतिलाई अपनाउनुपर्दछ । शुरु - शुरुमा संस्कृतमा प्रचलीत छन्दहरुलाई प्रयोग गरेर नेपाली कविता रचना भएका थिए । समयको अन्तरालसँगै गद्य कविताको जन्म भयो । यो मौलाएको पनि छ । त्यस्तै जापानी कविता लेखन शैली 'हाइकु' त्यस्तै कविताको लघु रुप मानिने मुक्तक तथा प्यारेडी शैलीको

४४. भण्डारी, मोहन, दुई शव्द (भुमिका खण्ड)

४५. भण्डारी, मोहन, दुइ शव्द (भूमिका खण्ड)

कविताको जन्म भएको छ । भाव, छन्द, लय नै बिर्सिएको छ भन्दै खण्डकाव्यमा भनिएको छ ।

तान्का हाइकू हो सँगी अघि यता नेपाल आयो भनी
पछ्याई किन ? एकतीस उ हुँदा धाई कुमारी बनी ॥
सत्रौं अक्षर लम्ब हाइकू वुढो देखेर लोभी भयो
बत्तीसा गुणकी अदृष्य तरुनी, संसार आफ्नै थियो ।

दोचारे किन ? प्रौढ यौवनपना जानेर आफैपनि
पर्देशीसित साथ लाग्नु यसरी मेरो विरोधी बनी ॥
भाकाभाव, विधान छन्द्र लय औं सङ्गीत वाणी विना
जानाजान जवान छैन जब ऊ जाबो छ सम्वेदना ॥ (पृ. ७)

यस खण्डकाव्यमा कवि आफ्नो कवितासँग गुनासो पोख्दछन् । नेपाली संस्कृतिलाई लोग्ने बिनाको हुनलाई गर्भमा रहेको शिशुलाई झैँ घाँटी निमोठिएको छ । कविता सिर्जनामा अनवरत् अभ्यास र साधना अनिवार्य हुनुपर्दछ । भन्दै कवि भन्दछन् ।

अभ्यासी ऋषिको प्रयास नभए यो योग के साध्य छ ? ।
विद्रोही मनको विकार नगए स्रष्टा अनाभ्व्यस्त छ ॥ (पृ.१२)

परम्परागत शास्त्रीय शैलीदेखि वाहेक अन्य शैलीलाई प्रयोग गरे लेखिएका कविता कविताको विकृत रुप बन्न पुगेको हो । नेपाली कविताको पूर्वाधार भनौं या उद्गम स्रोत भनेको शास्त्रीय छन्द नै हो । यसलाई उपेक्षा गर्नुहुन्न, आफ्नो माटोको प्रेम नै सच्चा राष्ट्रियता हो । यसलाई विर्सिन्नु हुन्न । हाम्रो भाषा संस्कृति, मातृभूति हाम्रो पहिचान हो। शस्त्रीय छन्दलाई भुल्नु हुदैन भन्दै खण्डकाव्यमा भनिएको छ ।

छन्दोच्चारण मन्त्र बीज अघिको शास्त्रीय सौदा लगी
पोको माइतमा चढाउँछु सबै नेपाल लेखुन् कवि ॥
मेरा माइतमा प्रपञ्ज मतिको अर्को कुनै भाइ छ
साह्रै काव्यिक म्याँउम्याँउ बहना गुट्बन्दिको दाँइ छ ॥ (पृ.१३)

कवितासँग बिछोड खण्डकाव्यको विषयवस्तु नै कविताको वर्णन रहेको छ । आजको कवि चेतना पद्य सृजनाबाट पलायन हुँदै गद्य कवितातर्फ लागेको छ । अझ त्यो भन्दा पनि पर गजल, मुक्तक, हाइकु, पप प्यारोडी जस्ता विकृत रुपतर्फ अभिमुख भैरहको प्रतीत हुन्छ ।

त्यसैले कवि कविताप्रति गुनासो व्यक्त गर्दछन् । यस खण्डकाव्यमा राष्ट्रको हितको लागि उर्लेको नयाँ जोस कविको हृदयमा उच्च बनी फैलिएको छ । नेपालमा वस्ने सवै नेपालीहरु बरावर हुन् । नेपालराष्ट्रलाई चिनाउने हिमचुली र वीर युद्धवीर योद्धाहरुको बारेमा वर्णन गरिएको छ । नेपालको राष्ट्रप्रतिको भक्ति वा देश प्रेमपूर्ण राष्ट्रिय भावलाई खण्डकाव्यको विषयवस्तु रहेको छ । कवि झाँक्रीखोलेले नेपाली समाजका पूराना अन्धविश्वास, रुढीवादी, भेदभाव र आर्थिक असमानताप्रति विरोध गर्दै सर्वसाधरणको हक अधिकारको सुरक्षा गरी प्रत्येक नेपालीको उन्नतिको कामना गरेको छ ।

## पात्र विधान

कवि झाँक्रीखोलेको 'कवितासँग विछोड' खण्डकाव्यमा बाह्य रुप हेर्दा स्त्री पात्र भएको जस्तो अनुभुती भएता पनि वास्तविकता फरक छ । यसमा कविता नै पात्र हो । कविताले नै खण्डकाव्यको कथावस्तुलाई अगाडी बढाएको छ । शुरुशुरुमा संस्कृतमा प्रचलित छन्दहरुलाई प्रयोग गरेर नेपाली कविता रचना भएका थिए । समयको अन्तरालसँगै गद्य कविताको जन्म भयो । त्यसैले कविताको रुपमा नै विकृति आएको छ । परम्परागत शैली तथा कविताको मौलिक रुप अन्त्य हुन लागेको छ भन्दै कवितामा भनिएको छ ।

के के काव्य रचेँ अनेक गुणका वेछन्द वा छन्दका

उस्का लागि सँधै खटेर म बसें त्यो द्वारमा वन्दक ॥

रत्याएर विशाल यो महलको चाबी दिने योजना

रित्तै बन्न पुगेछ यो समयमा घोप्ट्यो सबै कल्पना ॥ (पृ. ५)

कवितालाई स्त्रीको रुपमा वर्णन गरेको छ । कविताको सौन्दर्यको बारेमा कवि यसरी वर्णन गर्दछ ।

चौबन्दी र तुना टपक्क तनमा पोते खुलेको थियो ।

सारी पाउजु औ सुपुष्प - करले शोभा थपेको थियो ॥

रातो सिन्दुरको ललाट सिउँदो आलोक पत्नी थिइन्

उन्को प्रेम नजानिदो दह थियो आँखा हराई दिइन् ॥ (पृ.२)

## देशकाल, वातावरण वा परिवेश

खण्डकाव्यमा आख्यान अगाडि बढाउने निश्चित ठाउँ, समय तथा परिवेश उल्लेख भएको पाइन्छ । यस खण्डकाव्यको देशकाल परिवेशलाई हेर्दा खास स्थानीयकरण भएको

देखिदैन । समयलाई हेर्दा प्राचीन अवस्थामा नै नेपाली कविता लेख्न परम्परागत रुपमा चली आएको उल्लेख भएकोले यसले प्राचीनतादेखि उत्तर आधुनिकता सम्मलाई समेटेको पाइन्छ । परिवेशलाई हेर्दा नेपाली कविता जहाँ जहाँ लेखिन्छ त्यो नै खण्डकाव्यको परिवेश हो । यसले नेपाली कविता लेखनमा देखिएका विकृतिहरुलाई चित्रण गरेको छ । नेपाली कविता पूर्वी नेपाल भन्दा बाहिर दार्जिलिङ्, सिक्किम, आसाम आदि स्थान देखि लिएर पश्चिममा महाकाली पारी सम्मको लेखकहरुले नेपाली भाषामा कविता लेख्दछन् । त्यसकारण खण्डकाव्यको स्थान यति नै हो भन्न सकिन्न । वातावरणलाई हेर्दा कविता लेखनका क्रममा देखिएका विकृत रुप नै वातावरण हो ।

## केन्द्रिय कथ्य

खण्डकाव्यको केन्द्रीय कथा वस्तु मुख्य कथ्य हो । यस खण्डकाव्यको केन्द्रिय कथ्य नै कविता लेखनका क्रममा नाम आएको विसङ्गतिले सिर्जिएको विकृत रुप हो । नेपाली कविता लेखनको सुरुवात परम्परागतशास्त्रीय छन्दमा मात्र नभएर जस्तो लेखे पनि कविता जे लेखे पनि कविता भन्न थाल्नु र कविताको विकृति तथा विकृत रुप नै यसको केन्द्रिय कथ्य हो ।

## भावविधान

खण्डकाव्यमा कथावस्तुको घटना विकास सँगै निश्चित भावको जन्म गराएको हुन्छ । भाव विधान खण्डकाव्यहरुमा कथानकका आधारमा कथानकले नै व्यक्त गर्दछ जसमा लेखकको भावना अभिव्यक्त हुन्छ । भाव विधानमा खण्डकाव्यको मर्म उल्लेख हुन्छ । यस खण्डकाव्यले कविता लेखनमा भएको विकृतिहरुको भाव यसरी व्यक्त गर्दछ ।

प्यारोडी - मितिनी बनेर लयमा आफन्त नाताधारी
प्यारी बन्न रुचाँउथी अकविता तादात्म्य मिल्नेगरी
पर्देशी दुलही विदेश घरकी यो देशमा भित्रिई
छाडा भाइ दुरुस्त रुपगुणका देखेर ऊ इत्रिई ॥ (पृ.८)

कविहरुले नेपाली भाषामा नै कविता लेखेपछि नेपाली कविता परम्परालाई नछाड्नु भन्ने भाव कवि व्यक्त गर्दछन् ।

## लयविधान

लय मानिसको हृदयमा उब्जने साङ्गीतिक लहर वा तरगं हो ।[४६]

---

४६. कृष्णप्रसाद आचार्य, गौतम नारायण प्रसाद, आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, काठ्माण्डौ दिक्षान्त पुस्तक भण्डार, प्रकाशन, २०६१ पृष्ठ ३२

पद्य कविताको लयात्मकता नै मूल पहिचान हो । "कवितासँग विछोड" खण्डकाव्य शार्दूलविक्रीडित छन्दमा रचना भएको छ । अन्त्यानुप्रास युक्त कविता लेखनको शैलीमा रचना भएको खण्डकाव्य हो । छन्द मिलाउने क्रममा व्याकरणिक मान्यताको तोडमोड भए पनि काव्य श्रुतिरम्य बनेको छ । खण्डकाव्यमा तीन ओटा श्लोक द्विपदी भए पनि छन्द र अन्त्यानुप्रास मिलेर लयात्मक भएको छ ।

गाँजा खान गजक्क गाजरमुखी गाण्टी लुठी पल्किई
गोठालासँग गूपचुप गुजरा गर्दै उतै सल्किई ॥
त्यस्को वाण पचाइ भित्र मुटुमा पछ्याउँथी हर्षले
धोती फेर्न सिपालु यो नकचरो छिल्ल्यो छुसी गर्वले ॥ (पृ. १०)

साझा हूँ कविता सहूँ म कसरी ईष्या छ मेरो जहाँ
मोडिन्छन् गुण, रुप शील दिनहूँ पाइन्न रक्षा यहाँ ॥
स्रष्टा झाँगिन पाँउछन् जति थरी कुर्दै छु ढोके बसी ॥
बस्दा बेश मलाइ कामुक सवै रम्छन् म भित्रै पसी ॥ (पृ. ११)

यसरी लयविधानका दृष्टिले यो खण्डकाव्य अन्य खण्डकाव्यकारहरुका खण्डकाव्य भन्दा दुर्वल छैन बरु सबल छ ।

## बिम्व, प्रतीक र अलङ्कार

काव्यलाई सिंगारेर चिरीच्याट्ट पार्ने काम अलङ्कारले गर्ने भएकाले अलङ्कार गहना हो । काव्यमा उपमा, रुपक, यमक, श्लेष, उत्प्रेक्षा, अतिशयोक्ति जस्ता अलङ्कारहरु प्रयोग हुन्छन् । साहित्यिक भाषा शैली आलङ्कारिक हुने भएकाले नै अन्य भाषाशैली प्रयोग फरक-फरक हुन्छ । काव्यमा कतै शव्दालङ्कार कतै अर्थालङ्कारको प्रयोग गरिएको हुन्छ त्यसैले काव्यमा एउटा नै एउटा अलङ्कार अवश्य हुन्छ ।[४७] यस खण्डकाव्यमा धेरै ठाँउमा उपमा साधर्ममूलक अलङ्कारको सुन्दर संयोजन गरिएको छ ।

४७. रामनाथ ओझा, गिरी मधुसुजन, न्यू हिरा बुक्स इन्टरप्राइजेज नयाँबजार, कीर्तिपुर काठ्माण्डौ, २०५८, पृ. ३२

प्यारी ए कविता ! गजक्क किन हो ? खुल्नै नसक्ने भयौ
मेरो मानसकार्य कौतुहलको चाबी नखोल्ने भयौं ।
तिम्रो शून्य दिमाग छैन, विदुषी हैनौ भनी ठान्दिन
धेरै पढ्छु म चित्र आकृति नया तिम्रो भने जान्दिन ॥ (पृ. ४)

खण्डकाव्यमा कवितालाई सुन्दरी युवतीसँग तुलना गरिएको छ । काव्यमा कतिपय ठाउँमा कविताको अतिशय वर्णन गरिएको छ । त्यसकारण अतिशयोक्ति अलङ्कारको पनि संयोजन भएको पाइन्छ ।

फुल्नैपर्छ विशेष काल प्रतिभा स्रष्टा र द्रष्टा कवि
ती प्राचीन विधान छन्द र नयाँ सङ्गीतका आरति
धेरै दौडिनु पर्छ यो भुवनमा गङ्गा उता पुग्नुपर्छ ।
उत्साही जनका मुहान जलले यात्रा छिटो बग्नुछ (पृ. १५)

यसरी यो खण्डकाव्यमा विभिन्न प्रकारका आलङ्कारहरुको सुन्दर संयोजन भएको पाइन्छ । काव्यमा विभिन्न प्रतीकहरुको पनि प्रयोग पाइन्छ ।

जस्तै : कोपिला विकास हुँदै गरेको कविताको प्रतीक, कविताको विकृतिको प्रतीक, गधा अबुझ व्यक्तिको प्रतीक, ऋषि ज्ञानको प्रतीक आदि ।

## सर्गयोजना

पूर्वीय काव्यशास्त्रीहरुले खण्डकाव्यको संरचनाको लागि सर्गको अनिबार्यतामा जोड दिएका छैनन् ।[४८] खण्डकाव्य मानवीय जीवनको एक भाग वा अंशको वर्णन, एकरसात्मक मात्र पनि हुन सक्ने भएकोले सर्ग वा भाव खण्ड विभाजन गरिरहनुपर्छ भन्ने आवश्यकता छैन, त्यसैले हुनसक्छ यो खण्डकाव्यमा सर्ग बिभाजन लाई प्राथमिकता दिइएको छैन । सर्ग विभाजन नगरे पनि खण्डकाव्य पूर्ण भएको छ । त्यसैले सर्ग विहिन खण्डकाव्य हो तर पनि पूर्वीय साहित्य मान्यता अनुसार काव्य रचना उपयुक्त नै देखिन्छ ।

४८. कृष्णप्रसाद आचार्य, गौतम नारायण प्रसाद, आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, काठ्माण्डौ दिक्षान्त पुस्तक भण्डार, प्रकाशन, २०६१ पृष्ठ १५

## भाषाशैली

भाषा भनेको कृतिलाई प्रस्तुत गर्ने माध्यम हो । काव्यात्मक भाषा मिठासपूर्ण बन्नुपर्छ । यस खण्डकाव्यको भाषा मिठासपूर्ण रहेको छ । काव्यलाई जनजिब्रोमा झुण्डयाउने माध्यम भनेको भाषा हो । कवितासँग बिछोड खण्डकाव्य शुद्ध नेपाली भाषामा लेखिएको कृति हो ।

यस खण्डकाव्यमा नेपाली भाषामा प्रयुक्त ठेट, आगन्तुक, तत्सम र तद्भव शव्दहरुको प्रयोग गरिएको छ । जुन नेपाली भाषामा दख्खल भएकाहरुका लागि सामान्य भाषा शैली भनेको अभिव्यक्तिको तरिका हो । हुन त काव्यमा आलङ्कारिक भाषाशैली रचना भएकोले शैली  कम्जोर हुदैन । त्यसमा पनि "कवितासँग विछोड" खण्डकाव्यको शैली सहज सरल र बोधगम्य रहेको पाइन्छ ।

## उद्देश्य

काव्य रचनाको एउटा न एउटा उद्देश्य रहेको हुन्छ । परम्परामगत मान्यता अनुसार धर्म, अर्थ मोक्ष मध्ये कुनै एउटा उद्देश्य अनिवार्य रहन्छ काव्य रचनामा उद्देश्य अनुसारको विषयवस्तु चयन गरिएको हुन्छ । उद्देश्य एउटै खण्डकाव्यका पनि खण्डकाव्य अनुसार फरक फरक रहन्छ । खण्डकाव्यको उद्देश्य औपदेशिक विषयवस्तुलाई साहित्यिकीकरण गरेको हुन्छ ।  कुनै उद्देश्य सामाजिक सन्देशको स्वर उद्‌वोध  गर्नु हुन्छ । 'कवितासँग बिछोड' खण्डकाव्यको पनि आफ्नै प्रकारको उद्देश्य रहेको छ । यस खण्डकाव्यका रचनाकार 'झाँकीखोले' नेपाली कविता परम्पराप्रति सचेत छन् । कविता परम्परा भनेको छन्दवादी परम्परा हो, यो परम्परागत शैली र आयमदेखि पर गएर शैलीलाई अपनाउन पुगेको हुन्छ । कविहरु जसका कारण गद्य कविता, मुक्तक, हाइकु , प्यारोडीले नेपाली छन्दबद्ध कविता परम्परालाई विस्थापित गर्दै लगेको छ । यसबाट नया शैलीको प्रारम्भ त भयो तर नेपाली कविताको मौलिक पहिचान दिनप्रतिदिन हराएर गएको छ । सबै नेपाली कविताका स्रष्टाहरुले परम्परागत शैलीमा लेखौं, छन्दको महत्व , अनुप्रासको महत्व, लयको महत्व बुझौं, नेपाली परम्परागत कविता शैलीलाई बचाऔ भन्ने धाराणा व्यक्त गर्नु यस खण्डकाव्यको उद्देश्य रहेको छ । तसर्थ यस काव्यका रचनाकार झाँक्रीखोले पनि नेपाली कविता परम्परालाई केही हदसम्म तोड्ने परम्पराका रहेका छन्  ।

## शीर्षक शार्थकता

'कवितासँग बिछोड' खण्डकाव्यको नाम मात्र सुन्नेले कुनै एउटी स्त्रीसँग कसैको विछोड भएको हो की भन्ने अनुमान गर्दछ तर यो अनुमान विल्कुलै गलत बन्दछ । यस खण्डकाव्यको कविता भनेको त नेपाली परम्परागत शैलीका कविता हुन कुनै स्त्री होइन । बिछोड कवितासँग स्रष्टाहरुको भएको छ । स्रष्टाहरु परम्परागत शैलीलाई छोडेर नया शैलीलाई अपनाउन थालेको देखिन्छ । नेपाली कविताले आफ्नो वास्तविकतालाई हराएर नयाँ

रुप अगाल्न थालेको छ । त्यसैले कवितासग स्रष्टाको नाता टाढा भएको छ भन्दै खण्डकाव्यमा उल्लेख छ

नाता भाई भएर प्रेम यिनको टाढा छ बैरी सरी

एकै माइत काव्यको दिनदशा पल्टिन्छ छक्क परी ! ॥

आगामी दिन छन्दहार पगरी पैऱ्याउँला माथमा

फाल्छन् हार कि बन्धुका मुलुकमा ! निष्ठा छ के के वहाँ ? (पृ. १३)

यो काव्य रचनाको उद्देश्य नै नेपाली परम्परागत कविता शैली दिनप्रतिदिन अन्त्य हुदै गएको छ , त्यसलाई जोगाउनु पर्छ भन्ने रहेको छ । काव्यमा वर्णित विषयवस्तुले पनि वास्तविक कवितासँग कविहरु टाढिएका छन् । त्यसकारण कवि र नेपाली परम्परागत छन्दोवद्ध कविता टाढिएको  देखाईएकाले खण्डकाव्यको शीर्षक सार्थक छ ।

## ४.४. ८ 'कवितासँग बिछोड' खण्डकाव्यको निश्कर्ष

कवि झाँक्रीखोलेद्धारा रचना गरिएको "कवितासँग बिछोड" खण्डकाव्यको प्रकाशन वि स २०६० सालमा भएको हो । उनको "चारखोलाको लहर" (२०५९) कवितासङग्रह प्रकाशित भएको एक बर्ष बित्ता नबित्तै "कबितासँग विछोड" खण्डकाव्य प्रकाशन भएको हो । "कवितासग विछोड" खण्डकाव्य शार्दूलविक्रीडित छन्दमा लेखिएको छ । यस कृतिमा चारसय चौध चरण रहेको पाईन्छ । यसमा समसामयिक युग जीवनीको यार्थथ प्रस्तुती रहेको पाइन्छ । यसमा कविको विचार पनि मुखरित भएको पाइन्छ । खण्डकाव्यको सरचनामा सौन्दर्य उत्पादन गर्ने प्रतिभा, क्षमता कविको पर्याप्त रहेको देखिन्छ । यस खण्डकाव्यको प्राक्कथनमा कविलाई २०६० साल माघ १२ गते श्री पञ्चमी तिथिको पावन पर्वले काव्य रचनामा अभिप्रेरित गरेपछि सरस्वतीको भक्त बनी पुरानै शास्त्रीय परम्परामा कविता खोज्न दौडिरहेको प्रसङ्ग उल्लेख गरिएको छ ।आफ्नी कविता गुमाउने म कस्तो मान्छे, भनेर आफैले आफैलाई प्रश्न गरिएको छ ।यस खण्डकाव्यमा कवि कवितासँग बिछोड पो होला कि, भन्ने त्रासपुर्ण कवि उद्‌गार यहाँ व्याक्त भएको छ । 'कवितासँग बिछोड' शीर्षक राखेर रचिएको भए पनि कवितासँग कहिलै विछोड नहोस् भन्ने भाव व्यक्त गर्दछ । यस खण्डकाव्यमा प्रत्येक श्लोकको सुक्ष्म् आख्यान श्लोक सँग मिलेको पाइदैन । कविताको वर्णनको क्रममा विभिन्न बिम्ब र प्रतीकको रुपमा नेपाली समाज, युगीन चेतना, नेपाली  संस्कृतिका पुनः जागरणको स्वरहरु यस खण्डकाव्यका विषयवस्तुका रुपमा आएका छन् । स्थानीय चित्रण, सामाजिक स्थिति विसङ्गति, विकति आदिको वर्णन, राष्ट्रिय भावना, मानवतावादी सचेतना, उत्थान उन्नती, सुधार आदिको कामना जीवनवादी दृष्टिकोण एवम् शान्तिको आंकाक्षा उनका यस खण्डकाव्यको मुल विषय वस्तु बनाएको पाइन्छ । यसमा कविले सामाजिक यर्थाथ र जीवनको आर्दशलाई अभिव्यक्त गर्ने प्रयास गरेको पाइन्छ ।

यस खण्डकाव्यमा कवि कविताबाट प्रभावित भएको छ । कविता र कवि यस खण्डकाव्यको मूख्य चरित्र हुन् । झाँक्रीखोले भित्रको कवित्व चेतना उकुसमुकुस भएर छन्दमय लहर सँगै वाहिर निस्किन छट्पटाई रहेको देखिन्छ । यस खण्डकाव्यमा कविले कवितालाई सिगांरले भरिपूर्ण भएको अत्यन्तै राम्री देख्दछ । कवि चोखो मनले भक्ति तपस्या गर्दछ । राष्ट्रलाई चिनाउने हिमचुली, युद्धवीर योद्धाहरुले कविलाई अझ नयाँ जोश र जाँगर थपिदिन्छ । नेपाली समाज आर्थिक स्तरमा सामान्तवादी समाज व्यावस्थाबाट अस्तव्यस्त भएको छ । मानिसहरु अनेक जनजातिका भए पनि, हिमाल, पहाड, तराई जुनसुकै ठाउँमा वस्ने भएपनि सवै नेपाल आमाका सन्तान हुन् । हिउँका अनेक झर्ना, झङ्कार नेपाली बाजा सवै नेपालको गौरव हो । राष्ट्रको हितको लागि थोत्रा जीर्ण, प्रथा खरिद - त्याग्नु पर्दछ । स्वदेशी पनको कला र सँस्कृति, आफ्नो भेषभूषालाई हामीले विर्सनु हुँदैन भन्ने सन्देश दिन यो खण्डकाव्य सफल भएको देखिन्छ ।

कविले आफ्नो कविता प्रति धेरै प्रेम गर्दछ  तर कविता हराँउछ । कवि आश्र्चयले जिल्ल पर्दछ । ठूलो चिन्तामा डुवेर कवि कविताको बाटो खोजीरहन्छ । कवितालाई नभेट्दा गलेर थकित हुन्छ । कवि भन्ने गर्दछ, तिमी थपक्क बसिदेउ म कोर्दै जान्छु भन्दछ । यसरी कविता माथि बलत्कार भएको छ । कवितालाई आफ्नै छन्दमय अस्तित्व राख्नु आग्रह गर्दछ । कविताको मौलिकता नै हराएको छ । त्यसैले नेपाली मौलीकतालाई विर्सनुहुँदैन भन्ने सन्देश यस खण्डकाव्यले दिएको छ ।

## ४.४.९ 'ब्यौलिढुङ्गामन्तिर' खण्डकाव्यको अध्ययन

'व्यौलिढुङ्गामन्तिर' झाँक्रीखोलेको दोस्रो प्रकाशित खण्डकाव्य हो । पूर्वीय साहित्य सिद्धान्त अनुसार मानवीय जीवन जगतको एक पक्षको चित्रण नै खण्डकाव्य हो ।[४९] यस काव्यमा पात्रको जीवनको एक खण्ड वा भागको चित्रण गरिएको छ । ब्यौलिढुङ्गामन्तिर खण्डकाव्यमा खण्डकाव्यकारले आफ्नो कर्मथलो फुएतप्पा गा.वि.स. आस पासलाई मुख्य परिवेशका रुपमा प्रस्तुत गरेका छन्  । इलाम जिल्लाको फुएतप्पा गा.वि.स. सिरानमा एउटा ठूलो ढुङ्गा छ । जसलाई व्यौलीढुङ्गा भनिन्छ । किबंदन्ति अनुसार जन्तिद्वारा छाडिएको व्यौली ढुङ्गामाथि वसेर रोएको किम्वदन्ति प्रचलित छ ।

आवरण पृष्ठमा अगाडि पट्टी एउटा ढुङ्गामा स्त्रीको जस्तो अनुहार भएको चित्र र त्यसकै छेउमा एउटा मन्दिरको चित्र राखिएको छ । त्यसभन्दा तल साना घरहरुको चित्र छ । एकापट्टि एक युवक, अर्कापट्टी घासँबोकेकी युवतीको चित्र राखिएको छ ।

---

४९. कृष्ण प्रसाद आचार्य गौतम नारायणप्रसाद, आधुनिक नेपाली खण्डकाव्य र माहाकाव्य (काठमाण्डौ : दिक्षान्त पुस्तक भण्डार) पृ. १५ ।

त्यसकै एक छेउमा खोलाको चित्र वडो रमाइलो पारेर कोरिएको छ । पाचँ खण्ड चौवालीस उपखण्डमा संरचित खण्डकाव्यमा जम्मा पाँच सयभन्दा वढी श्लोक रहेका छन् । समालोचक माधव भण्डारीद्धारा भूमिका लेखिएको यो खण्डकाव्यमा सर्वाधिकार लेखकमा उल्लेख भएको छ । प्रतिगोटा रु ५१ मूल्यको यो खण्डकाव्यको दोस्रो प्रकाशन २०६२/०२/०२ गते रहेको छ । यस खण्डकाव्यलाई मुद्रण गर्ने काम भने लक्ष्मी अफसेट प्रेश दमक १३ झापाले गरेको छ र पुस्तकको पछाडि पट्टी भागमा कवि परिचय दिने क्रममा फोटो सहित प्रकाशित कृतिहरु र प्रकाशोन्मुख कृतिहरु उल्लेख गरिएको छ ।

## विषय वस्तु

खण्डकाव्यको विषयवस्तुमा विविधता पाइन्छ । स्थानीय परिवेशमा घट्न सक्ने काल्पनिक घटना र मौलिक रिति थितिहरुलाई छन्दोवद्ध गरी काव्यको सिङ्गो रुप निर्माण भएको छ । खण्डकाव्यको विषयवस्तु भने इलाम जिल्लाको पश्चिममा पर्ने फुएतप्पा का क्षेत्रका पहिलेदेखि चल्दै आएका परम्परागत सामाजिक, साँस्कृतिक, आर्थिक विषयवस्तु रहेका छन् । यसका सहायक विषयवस्तुहरुमा भने यस क्षेत्रको प्रकृतिक साधन स्रोतहरुको प्रस्तुतिगर्न हल्का श्रृङ्गारिकता प्रस्तुत गर्नु, जीवन जगत्को संर्घष तथा आञ्चलिकता प्रस्तुति नै विषयवस्तुका रुपमा रहेका छन् ।

'ब्यौलीढुङ्गा' इलाम जिल्लाको रवी बजार नजिकै रहेको छ । त्यही ढुङ्गाको नामवाट खण्डकाव्यको नाम ब्यौलीढुङ्गामन्तिर राखिएको छ । किम्बदन्ति अनुसार १ समयमा बाटो अल्मलीएर जन्तीले छाडेको ब्यौली आफ्नो घुम्टो ओडेर आलाप विलाप हुदैं बसेर रोएको कारुणिक कथा त्यस क्षेत्रमा अझै पनि जनजिब्रोमा प्रचलित छ । ब्यौली नै छोडिन सक्ने त्यस बेलाको समय कस्तो थियो होला भन्ने कुरा किम्बदन्तिका आधारमा वुझ्न सकिन्छ । त्यस क्षेत्रमा आर्थिक कठिनाइका कारण मानिसहरु प्राय कृषिमा निर्भर भएका, शिक्षाका अवसर नपाएका जस्ता घटनाहरु काव्यमा विषयवस्तु बनेका छन् । परम्परागत समाजमा पनि उच्चजातिको बाम्हण पुत्र सँग मगर जातिको छोरीको प्रेम विवाह भएको छ । समाजको अप्ठ्यारो उपस्थिति हुँदा हुँदै पनि विवाह सफल भएको । नव दम्पतीहरुले फुएतप्पामा रहेको जुरीथुम्काको शिवजी मन्दिरमा गएर पुजा आजा गरेका विषयवस्तुले खण्डकाव्यलाई रोचक बनाएको छ । खण्डकाव्यका मुख्य पात्र सिद्धिवोल र सन्दीपाको जीवनमा अनेकौं दुःख कष्टहरुले सताएको, दाउरा खोज्न जाँदा सन्दीपा लडेर सिकिस्त घाइते हुनु, उपचारका लागि घोपा पुऱ्याउनु, वल्लतल्ल निको भएर घर फर्काउनु जस्ता घटनाहरुले खण्डकाव्यमा कारुणिकता थप्दछ । त्यस क्षेत्रमा प्रचलीत परम्परागत धामी झाँक्रीको चलन, धाननाचँको चलन र रितिरिवाज आदिले साँस्कृतिक विषयवस्तुलाई प्रस्तुत गर्दछ । सिद्धिबोल र सन्दीपाको भेटमा झल्किएको प्रेम प्रसङ्ग विवाह पछिको आत्मीय व्यवहारले खण्डकाव्यमा श्रृङ्गारिक भाव अभिव्यक्त गर्दछ ।

यस खण्डकाव्यमा वर्णित विषय वस्तुको सेरोफेरोमा आञ्चलीकताको प्रयोग पाइन्छ । "ब्यौलीढुङ्गामन्तिर" (२०६२) खण्डकाव्यमा ५ वटा खण्ड रहेको छ । प्रत्येक खण्डको उपखण्डहरुको बेग्लाबेग्लै शीर्षक रहेको छ । पाँचवटा खण्डमा जम्मा ४३ वटा शीर्षक रहेका छन् । प्रत्येक खण्डको उपखण्डको कथावस्तु निम्नानुसार रहेको छ ।

## पहिलो खण्ड

### १. ब्यौलीढुङ्गाको रमित

पहिलो खण्डको पहिलो क्रममा 'ब्यौलीढुङ्गाको रमित' शीर्षक रहेको छ । ब्यौलीढुङ्गाको रमित मा वाटो अल्मलिएर जन्तीले छाडेकी ब्यौली आफ्नो घुम्टो ओडेर अलाप विलाप गर्दै त्यहि ढुङ्गामा बसेर रोएको कारुणिक कथा प्रस्तुत गरिएको छ । नारिहरु नियतिले गर्दा रात दिन आँसुमा डुबेर बाँचेका छन् भन्दै खण्डकाव्यमा भनिएको छ ।

उस्को हाँस्ने दिन नियतिले शुन्य पारेर लुट्छ
फन्दा पर्दा असमय यहाँ आँसुमा रात डुव्छ
कोही मोती नयन सर हुन् छाति फुट्दै रसाए
उस्तै मोती सर ठहरिने भावना हुन् बिलाए ॥३३॥

यी पंक्तिले कारुणिकताको सजीवतालाई प्रस्तुत भएको छ ।

### २. सिस्नो टिप्ने केटी

पहिलो खण्डको दोस्रो उपभागको शीर्षक 'सिस्नो टिप्ने केटी' राखिएको छ जसमा सन्दिपा र सिद्धिबोलको परिचय हुनुभन्दा अगाडिको परिस्थितिको वर्णन गरिएको छ । सन्दीपाको रसिलो बोली अनि लज्जालु स्वभावको वर्णन गरेको पाइन्छ । सिद्धिवोलले अपरिचित सन्दिपालाई आफ्नो बनाउने कुरा काव्यमा यसरी प्रस्तुत गरिएको छ ।

काली भन्दा सहन नसकी ओठ लेप्र्याउलिन् कि !
साली भन्दा अपरिचितले झटू दङ्ग्याउलिन कि !
रातो टीको उपर सिँउदो हाल्छु आफैं भनूकि !
नता गाँसी गिरिवर सँगी पार्वती झै बनूँ कि ॥ ११॥

सिद्धिवोलले सन्दीपालाई आफ्नो मुटुभन्दा पनि प्यारो ठान्दछ । नदिमा ढुङ्गा हानेर आफ्नो प्रेमीका सन्दीपा प्रतिको प्रेम व्यक्त गर्दछ । सन्दीपाको श्रृङ्गारिक प्रेमको व्याख्या गर्दै सन्दीपालाई शुशिल गुणले मुक्त कन्याका रुपमा चित्रण गरेको छ ।

## ३. सिद्धिबोल र सन्दीपा संवाद

पहिलो खण्डको तेस्रो उपखण्डमा सिद्धिवोल र सन्दीपा संवाद शीर्षक राखिएको छ । जसमा सन्दीपालाई तरुनी र सिद्धिवाललाई युवा भनेर संवोधन गरिएको छ । पात्र सिद्धिवोल र सन्दीपाको चिनजान प्रसङ्ग उल्लेख गर्दै रोचक प्रेममय वार्तालाप प्रस्तुत गर्दै काव्यमा भनिएको छ ।

तरुनीः को हौ दाजु ?मगर तनया हुँ वुझ्यौ ! लाज लाग्छ

शिक्षा - दीक्षा अनपढ भएँ वोल्न संकोच लाग्छ ।

सन्दिपा हुँ परिचय दिए लेकको ठाउँ जान

आफु को हौ ? किन वन पसी डुल्दैछौ यो बिहान ? ॥ १६ ॥

युवक : घुम्ने मान्छे म बुझ बहिनी नाम हो सिद्धिवोल

निर्माताको कमल नयन चित्र मेरो बिहाल

तिम्रो बाजा मधुर धुनले चित्त पग्लेर आयो

अर्न्तआत्मा वचन मनको बाधँ फुट्दै रसायो ॥१७॥

परम्परागत समाजमा पनि उच्च जातिको ब्राह्मण पुत्रसँग मगर जातिको छोरी सँग विवाह गर्न अप्ठ्यारो परिस्थिति सृजना हुने कुरा तरुनीले उल्लेख गरेको पाइन्छ । सवै मानिस एउटै हो । धनी भए पनि गरिव भए पनि सवै बराबर हुन् । जातले मानिस ठुलो सानो हुँदैन । सृष्टीले पनि भेदभाव गर्दैन भन्दै युवक तरुनीप्रति आफ्नो प्रेममय भाव अभिव्यक्त गर्दछ ।

## ४. सिद्धिबोलको गाउँ

पहिलो खण्डको चौथो खण्ड शीर्षक 'सिद्धिबोल गाउँ' राखिएको छ । जसमा देउमाई किनारमा रहेको गाउँको वर्णन गरिएको छ । कन्काईको डाँडा, पाखा, वन चउर, लुम्दे, आम्चोक, रवी, सराङ्ग आदिको प्राकृतिक सौन्दर्यको वर्णन गर्दै काव्यमा भनिएको छ।

सानो जिल्ला प्रकृति विधिको स्वर्ण हाँस्यो इलाम

फुएतप्पा मन हरिलिने गाउँ हो दिव्य– धाम

लुम्दे, आम्चोक, रवि र सराङ् गाउँ सीमान्त हुन्छ

पूर्वी किल्ला नजिक जहिले एकतप्पा रहन्छ ॥६१॥

श्रीअन्तुबाट सूर्योदय हुँदाको पूर्वीकिरणले गर्दा सिद्धिवोलको गाउँ साँच्चै नै रमाइलो देखिन्छ । फाकफोक खोला मोतीको थोपा झैँ  झुलझुल गर्दै सुशेलीरहेको छ । सिद्धिवोललाई आफ्नो गाउँप्रति अत्यन्त माया भएको कुरा व्यक्त गर्दछ अनि सन्दीपाले अझ माया थपिदिए अझ राम्रो हुन्छ भन्ने भाव यसले व्यक्त गर्दछ ।

## ५. कौशिकबस्ती

पाँचौ उपखण्डको शिर्षक 'कौशिकबस्ती' रहेको छ । जुन बस्तीमा रेग्मी थरका मानिसहरु बसोबास गर्दथे । यस खण्डमा त्यस ठाउँको सामाजिक साँस्कृतिक विषयवस्तुको वर्णन गर्दै भनिएको छ ।

रेग्मी प्रर्भाकर (प्रभाकर) अत्ति छिटो उठ्दथे गर्न सन्ध्या

शङ्कर् बाजे स्तुति जप गरी चित्त पार्थे उदाङ्ग

मैावा उन्को विगत दिनको कर्म गर्ने थलो हो

ल्याए  "हर्के" मगर गणले बास तिन्को यतै भो ॥६८॥

कौशिक वस्तिका पूर्खाहरुले दुःख सुख गर्दै आफ्नो धर्म सँस्कृतिलाई जोगाएको कुरालाई उल्लेखगरिएको छ । कौशिकबस्तिका मानिसहरु खेतीपाती, पशुपालन व्यावसाय गरेर जीवन निर्वाह गर्दथे भन्ने कुरा उल्लेख गरिएको छ ।

# दोस्रो खण्ड

## ६. विवाह

दोस्रो खण्डमा जम्मा ११ वटा उपखण्डहरु रहेका छन् ।  विवाह पहिलो उपखण्डको शीर्षक रहेको छ । काव्यत्मक शैलीमा सिद्धिवोल र सन्दीपाको विवाह प्रसंग उल्लेख गर्दै भनिएको छ ।

आफ्ना भित्री रहर सवका पूर्ण गन्तव्य पुग्छन्

फूल्मालाको तिथी तय गरी घोषणा शङ्ख फुक्छन्

बेला आयो लगन दिनको यज्ञमा भीड लाग्छ

जन्ती गन्ती गरि नसकिने छातीमा ब्याज लाग्छ ॥८८॥

## ७. वरवधुको विदाई

दोस्रो खण्डको पहिलो उपखण्डको शीर्षक 'वरवधुको विदाई' रहेको छ । चेली विदा भई आमा, वावु, दिदी र दाजु वहिनी साथी छुटिदाँ आँशु झरेको प्रसंगलाई उल्लेख गरिएको छ । त्यस्तै गरी वरवधुको विदाइको प्रसंग उल्लेख गरिएको छ । विवाहका अन्तीम चरणमा पुगेपछि वावुआमावाट आशिर्वाद दिदै काव्यमा भनिएको छ ।

तिम्रो कर्म रमाउने सुफथको यात्रा चलाउ अब

नौलो सृष्टि ! सजाउने गृहलिला आफै समाऊ अब

भावी सन्ततिको भविष्य झरिलो चम्काउने कार्यमा

बाँधौली गृह-दम्पती उपजको उत्कृष्ट आयोजना ॥९३॥

सीता जस्तो पतिव्रता नारी हुनुपर्दछ । कैकेयी जस्तो घर नै विनास गर्ने नारी हुनु हुदैन । राष्ट्रप्रति भक्तिभाव राख्नु पर्दछ । त्रिलक्ष्मी र सरस्वती गुणवती ऐश्वर्य भित्राउने प्रसंग उल्लेख गरिएको छ । सम्पति वलियो नभएकोले दाइजो दिन सकिन भन्दै सन्दीपाको बावु आमाले आफ्नो छोरी विरानो हुने होकी भन्ने प्रसंगलाई उल्लेख गरिएको छ । आफ्नो पौरखी हातहरु चलाएर खानुपर्दछ । शोषक वर्गहरुमको दवावलाई पन्छ्याउने गर्नुपर्दछ । सन्दीपाको वावु आमाको मुटुमा भक्कानो भएपनि आफ्नो छोरीको सुखमय जीवनहोस् भनी आर्शिवाद दिदैँ विदाई गरेको कुरालाई यस काव्यमा प्रस्तुत गरिएको छ ।

## ८. नव दाम्पतिमा बिदाइको प्रभाव

आँठौ उपखण्डको शिर्षक नव दम्पतिमा विदाइको प्रभाव रहेको छ । यसको विषयवस्तु विवाह सकिएपछि विदा भएर घर फर्कदै गरेको अवस्थामा वरवधुमा सिर्जीत वातावरण उल्लेख गर्दै भनिएको छ ।

ब्यौला-ब्यौली तनमन दिई सुन्दछन् शिष्ट वाणी

अर्ती, दीक्षा गुरु चरणको त्यो विहेको कहानी

ब्यौलो आर्कषित भई उतै भुल्यो मन्त्र ठानी

कस्तो शिक्षा ? हृदय भरिने दुःखको दिव्य वाणी ॥११७॥

## ९. जुरीथुम्की माथि दाम्पति

यसको विषयवस्तु फुएतप्पामा रहेको जुरीथुम्की माथिको शिव मन्दिर र त्यस मन्दिरमा सिद्धिवोल र सन्दीपाले गरेको पूजाआजा को उल्लेख गरिएको छ । आफ्नो इच्छा सफलहोस् भन्दै शिवको मन्दिरमा पूजा गर्दछ । जुरीथुम्की डाडाँमा वसेर ती जोडी आफ्नो पशुपति प्रिय गाउँ रमाउँदै हेर्छन् । भन्ने कुरा खण्डकाव्यमा यसरी प्रस्तुत गरिएको छ ।

जूरीथुम्की पशुपतिपुरी धाम फन्को लगाई

हेर्छन् जोडी पशुपति प्रिया गाउँ आफ्नो रमाई

झाँक्रीखोला भिर शिखरमा पारि ठाडो "मुसेनी"

थाप्लो वन्थ्यो मगर गणको त्यो महिम्ब सिरानी ॥१२५॥

## १०. फुएतप्पाको धुरी जुरीथुम्को

दोस्रो खण्डको पाँचौ उपखण्डको शीर्षक फुएतप्पाको धुरी जुरीथुम्कीको शीर्षक राखिएको छ । जसमा जुरी थुम्कीको प्राकृतिक मनोरम दृष्यको वर्णन गरिएको छ । राँके, फुङ्सेङ, रवी र नवमी बिचमा धेरै खोला रहेका छन् । जुरी थुम्कीका मानिसहरु ९५ प्रतिशत श्रमिक, पौरखी र जाँगरीला छन् । खेतीपाती श्रम र पशिना पाखुरीका धनि छन् । विद्यालयको गुरुप्रति शिष्ट चेलाले सँधै श्रद्धा गर्दछन् भन्दै खण्डकाव्यमा भनिएको छ ।

खोली विद्यालय गुरु यहाँ पाठ वेदाङ्ग ज्ञान

दीक्षा दिन्थे प्रभुचरणको गर्दथे भक्ति, मान

सेवा गर्थे प्रतिदिन गुणी विप्रका शिष्ट चेला

श्रद्धा आस्था गुरुकुल प्रथा ब्रह्मबेत्ता शुशील ॥१३८॥

## ११. अघोषित सहिद

खण्डकाव्यको ११ औं उपखण्डको शीर्षक 'अघोषित शहिद' राखिएको छ । जसमा एक समयमा फुएतप्पा आसपासमा दुइजना गुरुहरुको हत्या र सन्दीपाले उनीहरुप्रति देखाएको करुण विषय वस्तु प्रस्तुत छ ।

नरपशुमिली गुरुको हत्या गरेकोले सन्दीपा विरहले रुदैं गरेको प्रसंग खण्डव्यमा व्यक्त भएको छ । जस्तै :-

जोडि आत्मा दृढ दिल हुने "सोम + तुला" भएछन्

आफ्नो माटो अनी सहचारी श्री विना एक्लीएछन्

आमा एक्ली विरह गृहणी ती डिकुरा रुँदैछन् ।

पत्नी चौँधों शरदकि 'जनी' आँसुले भु धुर्दैछन् ॥१४१॥

## १२. श्री विष्णु मा.वि.

खण्डकाव्यको बाह्रौ उपखण्डको शीर्षक श्री विष्णु मा.वि रहेको छ । जसमा विष्णु मा.वि. नै विषयवस्तु रहेको । वरको छेउमा चौतारी थियो । विष्णुमायाको नाममा धर्म पाटी पधँरो निर्माण गरिएको थियो तर आज त्यो जीर्ण भएको छ । वर- पिपलको वोट पनि रहेन । शिक्षाको ज्योति ल्याउनको लागि पाटी भएको ठाउँमा विष्णु मा.वि. को निर्माण भएको छ । विद्यालय भनेको विद्याको मन्दिर हो भन्दै खण्डकाव्यमा भनिएको छ ।

यो विद्याको घर पनि कुनै व्यक्ति फेर्ला कि नाम

सोचे वीष्णू ! विलय नहुने चम्किद्यौ मन्जुधाम

विष्णु मा.वि. भनिरहन यो गाउँ के गर्छ होला ?

बामे सर्दै थिरथिर गरी काँधले थाम्छ होला ॥१४९॥

## १३. दाता

ख्ण्डकाव्यको तेह्रौँ उपखण्डको शीर्षक 'दाता' रहेको छ । जसमा सामाजिक हितका लागि सहयोग गर्नेहरुको चर्चा गरिएको छ । दम्भी स्वार्थी कुटिल मनमा त्याग गरेर सामाजिक हितको लागि सहयोग गर्नुपर्दछ भन्ने भाव प्रस्तुत गरिएको छ । कीर्ति राख्नको लागि चन्दा दिदा झन प्यास लाग्छ भन्ने अभिव्यक्ति यसरी प्रस्तुत भएको छ ।

दाता बन्ने रहर मनमा लिन्छु जो भन्न सक्छ

उस्को भन्दा डवल बढिया के दिने ? सोच जाग्छ

दिन्छन् मान्छे निज धन भए श्रोत के छैन लाग्छ ?

कीर्ति : राख्ने रहर छ भने जे दियो प्यास जाग्छ ॥१५२॥

## १४. आततायीको धर्म

चौधो उपखण्डको शीर्षक 'आततायीको धर्म राखिएको छ जसमा समाजमा देखा परेको अशान्ति र त्यसका कारण सिद्धिवोल र सन्दीपामा सिर्जना भएको त्रासमय वातावरणको चर्चा गरिएको छ । नरपशुहरुले मान्छे मारेर खाल्डोमा लगाएको छ । प्यारो युगल जोडीलाई नै बिछोड गराएर छुट्याएको छ । बाँच्ने, खाने, रहर नै समाप्त भएको छ । नियतिले नवुझि दम्पतिको शोख खोसेको छ । सन्दीपाको हृदयमा ढ्याङ्ग्रो बजेको छ भन्दै खण्डकाव्यमा भनिएको छ ।

थुम्की कस्तो ? विगत घटना जे छ भन्दै छ आज

सन्दीपाको हृदय गतिमा बज्छ ढ्याङ्ग्रो खराब

मान्छे कस्ता ? नियति नबुझी दम्पती शोख खोस्ने

ज्वालो जल्दा पनि हृदयमा स्वादिलो पाठ लेख्ने ॥१६१॥

## १५. घृतकौशिक बस्ती

पन्ध्रौ उपखण्डको शीर्षक 'घृतकौशिक बस्ती' रहेको छ । जसमा माक्लुम्वा आसपास बसोवास गर्ने खनाल घरका मानिसहरुको जीवन पद्धति विषयवस्तु रहेको छ । पाङ्दुवाको वन चउरमा गाई चराउँदै त्यहाको मानिसहरु जीवन बिताउथे । घाँसको राम्रो व्यवस्था गरी गोठ बनाई गाई, वस्तु राख्ने गर्दर्थे । माक्लुम्वाको मानिसहरु कोही घरजम गरेर देश पर्देश लाग्थे ।

## १६. तीर्थयात्रा

सोह्रौं उपखण्डको शीर्षक 'तीर्थयात्रा रहेको छ जसमा विभिन्न तीर्थ स्थलहरु रहेका छन् । ठूला माई, नदी हिमजला : पोखरी आदि तीर्थयात्रीहरुको लागी आकर्षकको केन्द्रबिन्दु बनेको छ । अनेकौं तीर्थयात्रीहरु शान्ति खोज्न काशी, बृन्दावन जान्छन् । काठ्माण्डौका पशुपति, रुपन्देहीको उपवन गण्डकीको मुक्ती क्षेत्र, चारधाम तीर्थयात्रीको लागि महत्वपूर्ण स्थान रहेको उल्लेख गर्दै खण्डकाव्यमा भनिएको छ ।

काशी, बृन्दावन कति पुगे शान्ति खोजेर कोही

कोही जान्छन् सतल उता चारधाम गर्नलाई

काठ्माण्डौका पशुपति भए कौसिकी बाह्रक्षेत्र

रौपन्देही उपवन भयो गण्डकी मुक्ति क्षेत्र ॥१९२॥

## तेस्रो खण्ड

तेस्रो खण्डमा जम्मा आठ ओटा उपखण्डहरु रहेका छन् । खण्डकाव्यमा सँत्रौ उपखण्डदेखि तीनको शुरुवात भएको छ ।

## १७. मुसेनी डाँडो जुरीथुम्कोलाई होच्याउँछ

सत्रौं उपखण्डको शीर्षक 'मुसेनी डाँडो जुरीथुम्कीलाई होच्याउँछ' रहेको छ जसमा मुसेनी डाँडा र जुरीथुम्कीको विषयवस्तु रहेको छ । मुसेनी डाँडा निकै अग्लो स्थानमा रहेको छ

। भौगोलिक विविधताले गर्दा जुरीथुम्को मुसेनी डाँडो भन्दा होँचो रहेको छ । जुरी थुम्कि ठगिएको छ । धुरीथुम्कोलाई पनि मुसेनी डाँडो जस्तै अग्लो हुने इच्छा यहाँ प्रस्तुत गरिएको छ ।

उँभो उठ्ने इच्छा अनवन्त लिन्थ्यो यदि भने
सँधै अभ्यासी भै प्रगतिपथ चढ्थ्यो दिनदिनै
अलौकी त्यो द्रष्टासित विनयिता मौन तपसी
लिला सम्झी सम्झी  युग बितिगयो छैन प्रगति ॥२०१॥

कैयौँ तपस्या गर्दा पनि जुरीथुम्को जस्ताको तस्तै रहेको कुरा उल्लेख भएको पाइन्छ । विधाताले गर्दा ठगिएको छ । नियतिले गर्दा जुरीथुम्कोलाई बामन बनाएको छ भन्ने प्रसङ्ग उल्लेख गरिएको छ ।

## १८. घर भित्रिएकी बुहारी

अठारौँ उपखण्डको शीर्षक 'घर भित्रिएकी बुहारी' रहेको छ । जसमा सन्दीपाको विवाह पछि घरमा भोग्नु परेको राम्रा नराम्रा परिस्थितिहरुको विषयवस्तु रहेको छ । सन्दीपाले आफ्नो सासू आमालाई मान सम्मान गर्ने गर्दछिन् भन्दै खण्डकाव्यमा भनिएको छ ।

बुहारीले ढोगिन् शिर तल नुह्यो पाउ उपरी
कठै सासू आमा किन विमुख छन् ? श्रावण-झरी ।
न  'धन्यै हो व्वारी' वचन उनको सुन्न सकियो
सुकन्याको भक्ति : जड प्रकृतिमा अर्पण भयो ॥२०७॥

सन्दीपा र सिद्धिबोलको अन्तर जातीय विवाहले गर्दा सन्दीपाले सासूवाट अपमानित हुनुपरेको थियो भन्ने कथा प्रस्तुत गरेको पाइन्छ ।

## १९. रबिगाउँ

उन्नाइसौँ उपखण्डको शीर्षक 'रबिगाउँ' रहेको छ जसमा इलाम र पाँचथरको सीमा क्षेत्रमा पर्ने रबि बजारको विविध पक्षहरु विषयवस्तु रहेका हुन् । रविगाउँ मुसेनीका पल्लापट्टि रहेको छ । त्यहाँ पुर्खा देखिनै वढीमात्रमा राईहरुको बसोवास रहेको पाइन्छ । जरिवुट्टे बिन्ध्यागरि शिखर झैँ उन्नति भएको छ । रबिगाउँका छोराहरु बर्मा र मलया, जलस्थल सेना अरबिया जस्ता बाह्य मुलुकमा गएका छन् । रबि बजारमा गगनचुम्वी महलको निर्माण भएको छ । नयाँ- नयाँ सडक निर्माण भएको छ । रबि गाँउका किसानहरु कुटे, कोदालीका अधिनमा

रहेर दिन बिताँउछ । कडा परिश्रम गरेर नै मकै, कोदो जौँ आदि अन्न भित्रयाउँछ भन्दै खण्डकाव्यमा भनिएको छ ।

कुटे कोदालीका अधिन रहने बाध्य जीवन
जरीबुट्टे भित्तो दिनदिन खनी बित्दछ दिन
मकै, कोदो, जौ वा अझ प्रिय छ तोरी कृषकको
मलायामा पुग्ने तमस सपना गर्भ-गृहको ॥२२०॥

## २०. नयाँ पाहुना

बिसौँ उपखण्डको शीर्षक नयाँ पाहुना रहेको छ । यसमा सन्दीपाको घरमा आएका पाहुना र पाहुनाप्रति सन्दीपाले गरेको सद्व्यवहार विषयवस्तु रहेको छ । हर्ष खुसीका साथ साँझपख घरमा आएको पाहुनालाई राम्रो सँग स्वागत गर्दथी । मान्छेहरु मरेको देखेर धरा रोए पनि जन्मेको देखेपछि हास्थिन् भन्दै खण्डकाव्यमा भनिएको छ ।

नयाँलाई नौलो कर कमलले स्वागत गरी
उषा आइन् दोश्री मृदुल रविकी सुन्दर परी
धरा रुन्थिन पस्थे अतिथि जननी गर्फ गृहमा
जसै फिर्थे हाँस्थिन् अतीथी विधिका चीर निदमा ॥२२९॥

## २१. माल्टेनी पाखो

एकाइसौँ उपखण्डको शीर्षक माल्टेनी पाखो रहेको छ  जसमा माल्टेनी पाखामा बसोबास गर्ने तामाङ जातिलाई विषयवस्तु बनाइएको छ । तामाङ् जातिका मानिसहरुको डाला, नाङ्ला, थुम्से, मान्द्रा जस्ता समानहरु बाँस-चोयाबाट बुन्ने गर्दछन् । तामाङ् जातिको आफ्नै भाषा र सँस्कृति रहेको छ अरु जातिको बुझ्न मुस्किल पर्दछ भन्दै खण्डकाव्यमा भनिएको छ ।

राई लिम्वू मगर जतिले बुझ्दछन् हाउभाउ
भषा बुझ्नै अकुशल भए छेउ जादैं नजाउ
चर्क्यौं मुख चरचरी मार्पितो चर्चरायो
थर्थर, मान्छे अबुझ पनका हंश नै लर्खरायो ॥२३५॥

## २२. चारपाटे लेक

बाइसौँ उपखण्डको शीर्षक 'चारपाटे लेक' रहेको छ । जसमा चारपाटे लेकमा मानिसहरुको दिनचर्याको चर्चा गरिएको छ । चारपाटे लेकको डाडाँ, पाखा, वन, तरु र लता जस्ता प्रकृतिको वर्णन गरिएको छ । कटुसका रुखहरु भएको घना वनजङ्गल फाँड्ने र पहाड पर्वत भत्काएर बाटो बनाउने कार्यले हिजोकी सुन्दर प्रकृति आज विधवा बनेकी छ । प्रकृतिको यस्तो रुप हेर्दा उनको बिहाल भएको अनुभूती हुन्छ भन्दै कवि भन्दछन् ।

सिमसिम पर्ने मनसुन झरी दर्दरी दर्किंदो हो

दर्के पर्ने दरदर झरी छड्किँदै झर्किदो हो

ठूला बाक्ला कटुस रुखमा छैन हावा सुसेला

उस्ती राम्री प्रकृति, विधवा रुप देख्दा विहाल ॥२३९॥

## २३. कर्मनियति

तेइसौँ उपखण्डको शीर्षक कर्म नियति रहेको छ जसमा सिद्धिबोल र सन्दीपाको भाग्यको चर्चा गरिएको छ । सन्दीपाले जीवनमा भोग्नु परेका दुःख कष्टलाई कर्म नियतिको रुपमा यसरी चित्रण गरिएको छ ।

डोको भारी लचलच गरी दाउरा खेप हाली

कैंडा लाग्दा सबल पिँडुला मासि रितिन्छ खालि

घोडेजात्रा प्रतिदिन चली दादुरे लेक ताकी

मान्छेको यो नियति उसको ! को हुने कर्ममाथि ? ॥२४५॥

## २४. मृत्युसँग लाप्पा

चौबीसौँ उपखण्डको शीर्षक 'मृत्युसँग लाप्पा' राखिएको छ जसमा दाउरा खोज्न जाँदा सन्दीपा लडेर घाइते भएपछि उपचारका क्रममा मृत्युसँग गर्नुपरेको सङ्घर्षको चर्चा गरिएको छ । सन्दीपाले मृत्युसँग चुनौती गरेको प्रसङ्ग उल्लेख गरेको छ । सन्दीपा लडे पनि दैवले नै बचाएको कुरालाई चित्रण गरेको पाइन्छ ।

यो यात्रामा अझतक कुनै ठेस लागेन मेरो

यो केटीको गजब छ हरे ! धन्य आत्मा बचेको

वचने यस्को दिन कम थियो दैवले त्यो बचायो

यो छोराको परिणति हरे ! के दशामा फसायो ॥२६३॥

## खण्ड चार

### २५. कोप्चे पाखो

ख्ण्डकाव्यमा पच्चिसौँ उपखण्डदेखि खण्ड चारको सुरुवात भएको छ । पच्चीसौँ उपखण्डको शीर्षक कोप्चे पाखो राखिएको छ जसमा कोप्चे पाखामा बसोवास गर्ने मानिसहरुको दिनचर्याको प्रस्तुतीकरण गरिएको छ । कोप्चे पाखोमा विविध जात जातिको बसोबास रहेको पाइन्छ  यिनीहरुको मुख्य पेशा भनेको खेतीपाती हो । खेती गर्नको लागि मूखेखोलाको पनी प्रसस्त पाइन्छ । कोप्चे पाखो हेर्दा जमिन मलिलो टार बारी रहेको कुरा प्रस्तुत गरिएको छ ।

### २६. पहिरो

छबिसौँ उपखण्डको शीर्षक 'पहिरो' राखिएको छ जसमा इलामको पश्चिमी क्षेत्रमा पहिलेदेखि मानिसहरुको पेसाका रुपमा रहेको पशुपालन व्यवसाय र मानिसहरुको जीवनपद्धतिको चर्चा गरिएको छ। पहिरोको कारणले बाली बगैचाँ, खेतीपाती पुर्छ साथै पशुधनको बासको टुङ्गो हुदैन । मान्छेहरु भागेर टाढा-टाढा सम्म भाग्छ । बास बस्ने घर न चुलो जोगाउन मुस्किल हुन्छ । जनप्रतिनिधिले भोकानाङ्गा विचलितहरुको सेवा गरेमा जनताहरु खुशी हुन्छन् भन्दै खण्डकाव्यमा भनिएको छ ।

राम्रो नेता पिडित जनको गर्छ सेवा बुझेर

चन्दा देला विगत छतिको राज्यवाटै थुतेर

पाए जेथो मन पनि खुशी हुन्छ आसा भरोसा

ख्वाएँ भन्ने जनप्रतिनिधी लिन्छ विश्वास आसा ॥३०२॥

देशमा रहेका भष्टचारीहरुले रकम हसुरेर खान्छ । ती प्राकृतिक प्रकोपबाट विचलित मान्छेहरुको पीर व्याथा बुझ्दैन भन्ने भाव प्रस्तुत गरेको पाइन्छ ।

### २७. नर्कटे गोठ

सत्ताइसौँ उपखण्डको शीर्षक 'नकर्टे गोठ रहेको छ जसमा पहिलेदेखि लिम्बुजातिको किपटको रुपमा रहेको नर्कटे भन्ने ठाउँ र त्यस ठाउँमा भएको पशुपालनबाट नै विषय वस्तु रहेको छ । त्यहाँको किसानहरुले पशुपालन र खेती गरी अन्न भकारीमा लगाउने सपना देख्दछ भन्दै खण्डकाव्यमा भनिएको छ ।

केहि वाँकी शिशिर दिनमा नर्कटे गोठ सारी

बालीनाली घरतिर लगे धान बाँधे भकारी

छारी सार्दै मलजल गरि खेत बाँझो नजोती

लेठा बाँकी यदि रहिरहे चित्त मान्दैन राति ॥३१२॥

## २८. लिम्बूगाउँ

२८ औं उपखण्डको शीर्षक लिम्बू गाउँ रहेको छ । जसमा उल्लेख अनुसार प्राचिन कालमा लेप्चा जातिको वसोवास रवीपूर्व इलामको फुएतप्पा क्षेत्रमा पनि रहेको उल्लेख छ । ती पृथ्वी नारायण शाहको एकीकरण अभियान उत्ता लेप्चाजाति बस्तथे । पूर्वी पाटो विजय पश्चात अन्त कतै खेदीएर अहिले सुव्वा जातिको वसोवास रहेको पाइन्छ । त्यस सुव्वा जातिको शाखा परपर सम्म फैलीएको छ भन्दै खण्डकाव्यमा भनिएको छ ।

उन्को पालो पनि बितिसक्यो फेरिए एक सुब्बा

'जस्लालेको' उदय हुन गो ती थिए माक्कमुक्क

यस्तै शाखा परापरा बढे फैलियो लिम्बूवान

मिल्द सच्चा विवरण छुटी अल्प होला बयान ॥३२०॥

लिम्वूजातिको आफ्नै भाषा सँस्कृति रहेको पाइन्छ । खोर्सानीको ढिडी खान मनपराउँछन् साथै सुन गहना लगाउन पनि पछि पर्दैन । लिम्बूजातिहरु साहषी हून्छन् भन्ने भाव समेत यस काव्यमा प्रस्तुत गरिएको छ ।

## २९. रीति स्थिति र विश्वास

१९ औं खण्डको शीर्षक रीतिस्थिति र विस्वास रहेको छ । जसमा इलाम जिल्लाको पश्चिमी गाविसहरुमा प्राचीनकालदेखि चल्दै आएका रीतिरिवाज र पाँचथर जिल्लाको कतिपय ठाउँहरुमा चलिआएका धर्मकर्म, धामी, झाँक्री आदि चालचलनहरुको बारेमा चर्चा गरिएको छ । युवा युवतीहरु घेरा हालेर पालाम भन्ने गर्दछन् भन्दै काव्यमा भनिएको छ ।

घेरा हाल्छन् युवक युवती हात बाँध्ने छ इच्छा

गाए 'पालाम' प्रणय दुवै दौतरीको सदिच्छा

उफ्रे झोली अघि पछि दुवै पाद - पालो छ सोही

औंठी साट्ने रहर नभए चिन्ह छोडिन्छ केही ॥३३७॥

## ३०. मीतसँगको भेट

तीसौं उपखण्डको शीर्षक 'मीतसँगको भेट' राखिएको छ जसमा धेरै पहिलेदेखि भेटघाट नभएकाले मीतलाई चिन्न गाह्रो परेको घटना उल्लेख छ । सिद्धिबोल र सन्दिपा मीतलाई भेट्न

आएको प्रसंग उल्लेख भएको पाइन्छ । आफ्नो मीतलाई समेत चिन्न कठिन पर्दछ । झन सन्दीपालाई चिन्न मुस्किल पर्दछ । वालापनमा मीत सम्वन्ध गाँसी हासेँको भुल पर्नु भयो की ! भन्दै सिद्धिवोलले आफ्नो मितलाई भनिएको छ ।

बोल्यो लिम्वू हजुर,! किन हो ? भुल पर्नु भयो कि ?

हाम्रो बालापन सहृदई प्रेम झुट्टा  थियो कि !

वहाँ जोडी उस दिन दुवै मीत सम्वन्ध गाँसी

हाँसेकाथ्यौँ तर हजुरले बिर्सिएको छ साथी ॥३४७॥

सिद्धिबोल र उसको मीत बीच पढाइको बारेमा र दुःख सुखको एकआपसमा बार्तालाप गरेको पाइन्छ । फेरी भेटहुने वाचा गर्दै ती दुई मीत छुटिएको भाव व्यक्त गरिएको छ ।

## ३१. धाननाँच पर्व

खण्डकाव्यको ३१ औँ उपखण्डको शीर्षक धाननाच पर्व राखिएको । जसमा प्राचीन कालदेखिनै लिम्बूजातिको सँस्कृति धान नाँच पर्व र त्यस पर्वले  उत्साहको भाव व्यक्त गरेको छ । धाननाँचमा तरुण सँगीनीहरु हातेमालो गरी धान नाच्दछन् । धान नाच्दा सानो भूल भयो भने माफ माग्ने चलन रहेको पाइन्छ भन्दै खण्डकाव्यमा भनिएको छ ।

निष्टा श्रद्धा सरल जनका स्वागतादी सुकृत्य

चेलीबेटी  सहृदयी  बनी भावना हुन्छ व्यक्त

सानो गल्ती यदि हुन गए भन्दछन् माफ पाऊँ

जित्ने बानी कति पनि यहाँ हुन्न माटो समाऊँ ॥३६७॥

## ३२. धामी झाँक्री र पूजा-आजा

३२ औँ उपखण्डको शीर्षक धामी झाँक्री र पूजा आजा राखिएको छ । प्राचीनकालदेखिनै देवी देवता मन-मन जपी फलाक्दै जोखना हेर्ने चलन छ । स्यौला-ढ्याङ्ग्रो डङडङ कुट्दै साम्बको नाच अत्यन्तै राम्रो हुन्छ । दियो धुपौर बालेर द्यौताको पूजा गर्ने गरिन्छ । यहाँ फेदाङ्बाको मन्त्र दिव्य हुन्छ भन्दै चर्चा गरिएको पाइन्छ ।

आयो ठूलो गुरुवर यता यान थापेर मान

चेला बन्छौ गुरु, गुरु पुजी लेउ दीक्षान्त ज्ञान

फेदाङ्वाको गुरु जप ढिलो के छ ? सेर्गेम जान

उस्को किर्ति : अनुकरणता दिव्य हो मन्त्रदान ॥३७०॥

यस ३२ औँ उपखमण्डमा प्राचीनकालदेखि रही आएको धामीझाँक्रीको प्रचलन र त्यस प्रति मानिसहरुमा रहेको विश्वास आदिका बारेमा चर्चा गरिएको छ ।

## ३३. बिहे र भोजको सूचना

३३ औं उपखण्डको शिर्षक बिहे र भोजको सुचना राखिएको छ । जसमा इलाम जिल्लाको जितपुरदेखि पाँचथर सम्मका विभिन्न स्थलहरुमा चलिआएको बिहे र भोज भत्तेर आदिको चलनलाई उल्लेख गरेको पाइन्छ । नातागोता हित-मीत अरु फाल्टु आफन्तलाई वोलाई बिहे-भोज खाने चलन रहेको छ । मिष्ठान भोजन गरी बाजा घन्काएर रमाइलो गर्ने चलन रही आएको छ ।

निम्तारुले दिनदिन गनी भोग-सैागात खोजे

रागाँ, पाडा, सुँगुर  कुखुरा मासुका लागि रोजे

घन्क्यो बाजा प्रतिघर सुने सूचना पुग्छ पारि

च्याब्रुङ् घन्क्यो प्रतिदिन यतै वन्धुको जानकारी ॥३७७॥

## ३४. सम्झनाको चिनो

३४औं उपखण्डको शीर्षक ‘सम्झनाको चिनो’ राखिएको छ । जसमा मृत्यु पछि उसका नाममा बनाइने पाटी पौवा वा फलैचाले मृतक प्रति गहिरो सम्झना गराउने कुरा उल्लेख छ । किसानहरु बाडी - पहिरो गएकोले घर खेतीपाती नष्ट गरेकोले चिन्तामा परेको छ । मान्छेको मृत्यु पश्चात स्मतिको लागि पार्टी बनाउने प्रचलन छ । भन्ने कुरा उल्लेख गरिएको छ ।

ढुङ्गेपाटी पथ नजिकको सम्झनामा रहन्छ

को मान्छे हो ? स्मृति पटलमा कृतिको याद हुन्छ

उस्का आफ्ना प्रियजन मिली बन्न लाग्यो फलैंचा

आत्मा उस्को चिर निद लिई हाँस्छ रे ! पाई सच्च ॥३८४॥

## ३५. सेना र सभ्यता

३५औं उपखण्डको शीर्षक सेना र सभ्यता रहेको छ । जसमा  प्राचीनकालदेखि सैन्य शक्तिको विकास हुँदै आएको छ । प्राचीनकालमा युद्धमा गुलेलीको प्रयोग गरिन्थ्यो गोर्खालीले गरेको विजयले गर्दा विश्वमानै कृर्तिमान राख्न  सफल भएको छ  भन्नेकुरा यी पंक्तिमा व्यक्त भएको छ ।

गोर्खालीको समर झरिलो युद्धले विश्व छेके

आफ्नो राष्ट्रोन्नति पछि सधैं विश्वमा नाम लेखे

जान्छन् साथी नवयुवक झैं बन्दुके दासतामा

घुम्छन् छोरा विकट रणका सैनिकी त्रासदीमा ॥३८९॥

आज पनि शक्तिको रुपमा विभिन्न ठाउँमा सैन्य विकास भइरहेको प्रसंग उल्लेख गर्दै इलाम जिल्ला बाँझो गा.वि.स. मा रहेको लारुम्वामा विकास भइरहेको शैन्य शक्तिको चर्चा गरिएको छ। राष्ट्र हितको लागि प्राण समेत त्याग गर्न वीर नेपालीहरुको प्रशंसा गरिएको छ।

## खण्ड पाँच

### ३६. आङ्चेरेतिर

खण्डकाव्यमा ३६ औँ उपखण्डदेखि पाँचौ खण्डको शुरुभएको छ । पाँचौ उपखण्डमा जम्मा आठ उपखण्ड रहेको छ । ३६ औँ उपखण्डको शीर्षक 'आङ्चेरेतीर' राखिएको छ । आङ्चेरे भन्ने ठाउँको कृषि व्यवसाय र सिद्धिबोल र सन्दीपाको घुमफिरको चर्चा गरिएको छ। माघे मैन्हामा सुन्तला खेती प्रसस्त रहेको पाइन्छ। आङचेरे भन्ने ठाउँमा पाटीवर र पिपलको बोट रहेको छ । खेतीपाती गर्नको लागि योग्य जमिन रहेको छ । प्रसस्त फलफूल भएकाले सन्दीपा र सिद्धिवोललाई लोभ्याउछ । खाँदा-खाँदा मधुर रसले तृप्त हुन्छ । आङ्चेरे ठाउँ अत्यन्तै राम्रो भएकाले जति नै डुली डुले पनि सन्दीपाको रहर नमेटिएको कुरा उल्लेख गरिएको छ। यस शीर्षकमा जम्मा साढे १० श्लोक छन्।

### ३७. तल्लोपाटी

३७ औँ उपखण्डको शीर्षक तल्लो पाटी राखिएको छ। यसमा १२ वटा श्लोक छन्। राणाकालीन समयमा पढ्ने लेख्ने अवसरको लागि कुनै पाठशाला थिएनन् । राणाहरुको बलजफतले गर्दा सर्वसाधारण जनताका छोराछोरीले पढ्न लेख्न पाएको थिएनन् । जतिनै पाटिपौवाको निर्माण भए पनि र नाम भने राणाहरुको रहन्थ्यो । राजा त्रिभूवनको पालामा हुलाक, पाठशाला बनेको थियो। घरघरको मान्छेहरु जुटेर पाठशालामा ज्ञानको ज्योति फैलाउदै जान्थे। पाटी नै ज्ञानको कार्यशाला बनेको थियो भन्ने कुरा उल्लख भएको पाइन्छ।

मान्छे पढ्थे घर घर जुटी गाउँको पाठशाला

पाटी रुपान्तर भइदिए ज्ञानको कार्यशाला

पञ्चे-सत्ता मुलुक रहँदा पञ्चको भाउ आयो।

यो सत्ताको प्रतिफल मिले थ्यो अनूदान पायो ॥४०९॥

## ३८. बाटाको बर

३८ औँ उपखण्डको शीर्षक “बाटाको बर” राखिएको छ । जसमा पहिलेदेखि सेवाका दृष्टिले बाटोको छेउमा बर पिपल रोप्ने गरेको सिद्धिबोलको गाउँमा विशालवरको रुख रहेको छ । त्यही वरको छाहारीमा मानिसहरु शितल ताप्ने गरेको, सिद्धिबोल र सन्दीपाले गर्मीको समयमा आराम लिएको प्रसंग उल्लेख छ ।

सिद्धि :+ सन्दी लुरुलुरु उँभो वृक्षको फेद आई

सेता दारी तरुण तपसीका धनीका समाई ॥४२९॥

यहाँ तरुण तपसीको रचयिता कवि शिरोमणि  लेखनाथ पौड्यालले कल्पना गरेको वृक्ष झैँ बाटाको वरलाई देखेर झझल्को आएको प्रसङ्ग उल्लेख भएको छ ।

## ३९. च्याण्डाँडो

३९औँ उपखण्डको शीर्षक च्याण्डाँडो रहेको छ । यसमा ५ श्लोक छन् । जसमा मानिसहरुको मृत्युलाई विषयवस्तु बनाइएको छ । च्याण्डाँडोमा जेठाबाजे अघिनै पुगिसकेको थियो । त्यसैले उसको भाइहरुलाई पनि झट्टै आउने करवीरले खबर गर्छ । जीउँदा मान्छे मृतक भएपछि च्याण्डाँडोमा खित्का छोडेर हाँस्ने गर्दछ  भन्ने प्रसङ्ग उल्लेख गरेको पाइन्छ । कालले घरघर डुल्दै लुक्दै ढुक्दै हिड्छ अनि टप्प टिपेर लान्छ ।

## ४०. घरतिर फिर्दा

४०औँ उपखण्डको शीर्षक घरतिर फिर्दा राखिएको छ । यस शीर्षकमा जम्मा ८ वटा श्लोक रहेका छन् । जसमा सिद्धिबोल र सन्दीपा मावलीवाट घर फर्केको यात्रा सुनौलो रहेको कुरा उल्लेख छ । माइजु सिद्धिबोल र सन्दीपालाई देखेर खुसी हुन्छिन् । सिद्धिबोल र सन्दीपा मामा र माइजुको सेवा पाइ  पुनर्जन्म पाएँ भन्दै खुसी व्यक्त गर्दछिन् । कुनै पर्वमा भेट होला भन्दै प्रियजन दुवैलाई हात जोडेर सिद्धिवोल र सन्दीपा घरतिर लागेको प्रसंङ्ग उल्लेख भएको पाइन्छ ।

फिर्छौ हामी घरतिर कुनै पर्वमा भेट होला

मामा सम्झी कुदिन र दशा भोलि हट्ने छ होला

श्रद्धा पोखी प्रियजन दुबैलाई जोडेर हात

लागे बाटो घर तिर दुबै सिद्धि + सन्दी सुसाथ ॥४५३॥

मिठा - मिठा शिशिर फलका पोका बोकेर आमालाई दिई खुसी पार्ने सन्दीपा र सिद्धि बोलको धोको रहेको छ ।

## ४१. सभ्यता र शान्तिको द्योतक नारी

४१औँ उपखण्डको शीर्षक 'सभ्यता र शान्तिको द्योतक' नारी राखिएको छ जसमा नारी जातिको महिमागान गाइएको छ । नारी करुण दिलकी हुन्छिन् । बुहारी नै पछि सासु हुन्छिन् । नारीले नारीलाई दमन गर्नु हुँदैन । हातेमालो गर्दै विजयपथमा अगाडि बढ्नुपर्दछ । नारी र पुरुषमा कुनै भेदभाव गर्नुहुदैन, दुबैले बराबर अंश बाँडेर खान पाउनुपर्दछ भन्ने प्रसंङ्ग उल्लेख भएको छ । महिलामाथी दमन गर्नुहुँदैन । महिलाले पनि सत्ता सञ्चालन गर्न सक्दछन् । विश्वमा शान्ति स्थापनाको लागी नारी र पुरुष हातेमालो गरेर अगाडि बढ्नु पर्दछ भन्ने भाव व्यक्त गरिएको छ ।

हातेमालो गर पुरुषका साथमा अग्र जाउ

नारी सत्ता दृढ विजयको लक्ष्यको साँध लाऊ

कल्याणका हित वचनले विश्वमा शान्तिमाग

यो आतङ्की क्रुर समयको चक्रमा जाइलाग ॥४६५॥

## ४२. दशैंको टीका

४२औँ उपखण्डको शीर्षक 'दशैंको टीका' राखिएको छ । यस शीर्षकमा २० श्लोक छन् । जसमा फरक - फरक सांस्कृतिक पृष्ठभूमी बोकेको सिद्धिबोल र सन्दीपाले हर्ष उल्लासका साथ विवाह पछिको बडा दशैं मनाएको कुरा उल्लेख छ । सन्दीपा सुँगुर कुखुरा पालौँ भन्छे तर बाह्मण निति र समाजले मान्दैन । ब्राह्मण सँस्कृतिले सन्दीपाको इच्छा पुरा हुन सक्दैन । अन्तर जातीय विवाहले गर्दा सन्दीपाको जीवनमा ठूलो क्रान्तीनै आएको छ भन्ने भाव यहाँ उल्लेख भएको पाइन्छ ।

यस्तो नौलो थिति छ खिचडी खानु के स्वाद पाई ?

अन्तर्जातिः थिति चलनको मान्यता राख्नलाई

ठूलो क्रान्तिः युग अवधिको हान्नु पर्नेछ फड्को

कट्टर्पन्थी जग जड - प्रथा जातिको जाग्छ खड्को ॥४७५॥

सन्दीपा सुक्क सुक्क गर्दै पतिसँग आफ्नो पीर र व्याथा पोख्छिन् । सिद्धिबोलले चिन्ता गर्नु पर्दैन ढुक्क भएर वस भन्दै सन्दिपालाई सम्झाउँछ । सन्दीपा र सिद्धिबोल शुभ विजयको टीका लगाई माइती भेट्न जान्छन् । सन्दीपा दशैँमा माइत गएर विजय दशमीको टीका लगाई भोज खाएको प्रसङ्ग उल्लेख गरिएको छ ।

## ४३. अमुक विजयीको जन्म

४३ औँ उपखण्डकोशीर्षक 'अमुक विजयीको जन्म' राखिएको छ । जसमा सन्दीपाको गर्भबाट पहिलो बच्चाको जन्म भएको र जन्मउत्सव भव्य रहेको कुरा उल्लेख छ । बास बस्नको लागि झुपडी नै प्यारो हुन्छ । श्रम र पसिना स्वर्ग जतिकै सुन्दर हुन्छन् । सन्दीपालाई रामको जानकी झैँ कुशल गृहिणीका रुपमा उल्लेख गरिएको छ । नानी पैदा भए पश्चात आफन्तले घर नजिकका सबैलाई डाकेको कुरा यहाँ प्रस्तुत गरिएको छ । सिद्धिबोल र सन्दीपाले नयाँ संस्कार विधिबाट नाम जुराए भन्दै भनिएको छ ।

सिद्धि : आफै दृढतर बनी घोषणा गर्न लाग्यो

हाम्रो नानी फरक गुणको जन्मियो भन्न लाग्यो

हेर्दा नानी सकुशल थियो दाम्पती यी रमाए

संस्कारादी  नवविधि थियो नाम आफै जुराए ॥४९१॥

## १. पात्रविधान

खण्डकाव्यले जीवन जगतको कुनै एक पक्षको मात्र चित्रण गर्ने भएकोले यसमा थोरै पात्रहरु हुन्छन् ।[५०] यस खण्डकाव्यमा पात्रगत विविधता पाइन्छ । खण्डकाव्यमा पात्रहरु मुख्य, सहायक र गौण रहेका छन् । ब्यौलीढुङ्गामन्तिर खण्डकाव्यमा मुख्य पात्र सिद्धिवोल र सन्दीपा हुन् । सहायक पात्रहरु सिद्धिबोलका मीत, सन्दीपाको आमा बाबु छन् । गौणपात्रहरुमा विभिन्न किसिमका जातजाति र धर्म मान्ने मानिसहरु, कौशिक र घृतकौशिक बस्तीका मानिसहरु, विवाहका जन्तीहरु, शिक्षादिने गुरुहरु आदि रहेका छन् । मुख्यपात्र सिद्धिवोल र सन्दीपाको अर्न्तरजातीय विवाह गरेको प्रसङ्गलाई यस खण्डकाव्यमा देखाएको छ ।

## २. देशकाल र वातावारण परिस्थिति

निश्चित स्थान, समाज र निश्चित समयको वातावरणको चित्रणलाई नै देश काल परिस्थितिको चित्रण हो ।[५१]

---

५०. कृष्ण प्रसाद आचार्य, गौतम नारायण प्रसाद, आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, दीक्षान्त पुस्तक भण्डार, प्रकाशन काठ्मण्डौ, २०६१, पृ. ३२

५१. लुइटेल डा. खगेन्द्र प्रसाद कविता सिद्धान्त र नेपाली कविताको इतिहास, नेपाल राजकिय प्रज्ञा - प्रतिष्ठान कमलादी काठमाण्डौ, २०६०, पृ.९१/९२

यस खण्डकाव्यमा प्राचिन समयलाई लिइएको छ भने ब्यौलिढुङ्गा रबि गाविसदेखि इलामको पश्चिमी गाविस फुएतप्पाको दक्षिणमा लुम्दे र उत्तरमा पाँचथर जिल्लाको विभिन्न टोल, वस्तिहरुमा घटना घटेका स्थानको रुपमा लिन सकिन्छ ।

## ३. भावविधान

काव्यले मूख्य भाव पाठक समक्ष छाड्दछ, लेखक साहित्यकारका मनका भावहरु रचनाका माध्यमवाट प्रस्तुत भएका हुन्छन् । यस खण्डकाव्यमा प्राचीनकालमा मानव जीवनको संघर्षपूर्ण स्थितिलाई व्यक्त गरेका छन् । समाजमा विषेष गरी नारीहरुको कष्टकर जीवनको बारेमा उल्लेख गरिएको छ । त्यहाँका बासिन्दाहरुको परम्परागत खेतीपाती रीतिरिवाज तथा चाडपर्वहरुलाई जीवित राख्दै जीवन विताउन चाहान्छ । ब्यौलीढुङ्गा माथि वसेर जन्तीद्वारा छाडिएकी नारीको अवस्था कस्तो थियो भन्ने कुराको सङ्केत समेत यस ब्यौलीढुङ्गामन्तिर खण्डकाव्यले दिन्छ । विभिन्न जातजातिको भाषा सँस्कृति प्राकृतिक वर्णन समेत गरिएको पाइन्छ । देशको विभिन्न ठाउँमा रहेको प्राकृतिक सम्पदाहरु राष्ट्रिय सम्पति हो । यसको संरक्षण सदुपयोग गर्नु पर्दछ भन्ने भावहरु यस खण्डकाव्यमा व्यक्त गरेका छन् ।

## ४. केन्द्रीयकथ्य

केन्द्रीय कथ्यले मुल कथ्यलाई प्रस्तुत गर्न खोजीएको कथा वस्तुलाई जनाएको हुन्छ । 'ब्यौलीढुङ्गामन्तिर' खण्डकाव्यको केन्द्रीय कथ्य भनेको सिद्धिवोल सन्दिपाको जीवनमा घटेका घटनाहरुको प्रस्तुती गर्नु इलाम जिल्लाको पश्चिमी भेगमा रहेको पाँचथर जिल्लाको विभिन्न भु-भागहरुमा रहेको धार्मिक सामाजिक साँस्कृतिक आदि विषयवस्तुहरुको वर्णन र मानव जीवनका दुःख, पीडा रोदन, हाँसो खुसी आदिको प्रस्तुतीकरण गर्नु नै खण्डकाव्यको केन्द्रीय कथ्य हो ।[५२] यस काव्यको कथावस्तु ब्रह्मण पुत्र सिद्धिवोल र सन्दिपा बिच प्रेम विवाह र उनीहरुको जीवनमा आएका उत्तारचढाप नै यस काव्यको केन्द्रीय कथ्य रहेको छ ।

'ब्यौलीढुङ्गामन्तिर' खण्डकाव्यमा सिद्धिवोल र सन्दिपाको विवाह पश्चात जगंलमा दाउराको भारी बोक्दा लडेर घाइते हुनु, घोपा लगेर उपचार गर्नु, त्यही लिम्वुजातिको मितसँग भेट हुनु, नचिनेर अलमल्ल पर्नु, जस्ता केन्द्रीय कथ्य रहेको छ । धर्म सँस्कृति, प्राकृतिक दृष्यको वर्णन, मठमन्दिरको वर्णन आदि यस खण्डकाव्यको केन्द्रिय कथ्य रहेको छ ।

---

५२.कृष्ण प्रसाद आचार्य, गौतम नारायण प्रसाद, आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, दीक्षान्त पुस्तक भण्डार, प्रकाशन काठ्मण्डौ, २०६१, पृ. २९

## ५. लय

लय काव्यको अनिवार्य तत्व हो । लयात्मक काव्य बन्नकालागि अनुप्राश, मिल्नुपर्छ । अन्त्यानुप्रास मिलेकाकाव्य लयात्मक बन्दछ । 'ब्यौलीढुङ्गामन्तिर' खण्डकाव्यमा मन्दाक्रान्ता सार्दूलविक्रीडित, शिखरिणी जस्ता शास्त्रीय बार्णिक छन्दको प्रयोगले बढी लयात्मक बनाएको छ साथै अन्त्यानुप्रयास अलङ्कारको प्रयोगले श्रुतिमधुर बनाएको छ । अन्त्यानुप्रयासको उदाहरण तल प्रस्तुत छ । जस्तै :

आमा रुन्थे तल विरहमा वेदना आँशु झारी ।

रुन्थी व्यौली गिरी शिखरमा मूर्ति आफैं विगारी

यो ब्यौलीको अटल प्रतिमा रुन्छ प्राचीन नासो ।

उस्का मोति नयन सरछन् दुष्टको हुन्छ हाँसो ॥ (श्लोक २)

## ६. विम्ब, प्रतीक अलङ्कार योजना

अलङ्कार काव्यका गहना हुन् । यिनले काव्यको शोभा र सुन्दरता बढाउने काम गर्दछ । ब्यौलीढुङ्गामन्तिर खण्डकाव्यमा विभिन्न विम्ब, प्रतीक र अलङ्कार हरुको सुन्दर संयोजन गरिएको छ । त्यहाँको नदि, नाला, शशी शितलताको पतीक, ब्राह्मण मगर जातिगत विविधताको प्रतीक संयोजन पाइन्छ । विम्बात्मक रुपमा प्राकृतिक र साँस्कृतिक भुत प्रेत, धामी झाँक्रीलाई लिइन्छ । आलङ्कारिक रुप १, उपमा २, रुपक ३, यमक ४, दीपक जस्ता अलङ्कारको प्रयोग भएको छ । काव्यमा धेरै श्लोकहरुमा स्वभावोक्ति अलङ्कारको प्रयोग भएको पाइन्छ । जस्तै :

दानी मान्छे जप तप गरी तीर्थमा देह त्यागी

जान्छन् सोर्गे गृह परिजना स्नेहका नग्न रागी । (श्लोक १९०)

## ७. सर्ग योजना

खण्डकाव्यमा जीवन जगतको एकभागको वर्णन गरिएको हुन्छ । जीवनको एक भाग वा खण्डलाई वर्णन गर्ने क्रममा विभिन्न खण्डहरुमा कथावस्तुको प्रकृति अनुसार विभाजन गरिन्छ । यो कृति पाँच खण्ड र त्रिचालीस उपखण्डमा विभाजित छ ।

## ८. भाषाशैली

भाव वा विषयलाई व्यक्त गर्ने कलालाई नै शैली भनिन्छ । भाषाको अभिव्यञ्जना अभिव्यन्जन शक्तिको उपयोग गरेर खण्डकाव्यको कथा वस्तुलाई प्रभावकारी तुल्याउनु शैलीको खास विशेषता हो । भाषिक प्रयोगको आधारमा शैली, सरल र जटिल गरी दुई किसिमको हुन

सक्छ । 'ब्योलीढुङ्गामन्तिर' खण्डकाव्यमा सरल भाषाशैलीको प्रयोग गरिएको छ । त्यही कतै काव्यमा लक्षार्णाथक र व्याञ्जनार्थक श्लोकहरुको प्रयोग भएको पाइन्छ । काव्यमा प्रयुक्त पद पदावली, वाक्य खण्ड, कथानक खण्डमा उपयुक्त देखिन्छ ।

## ९. उद्देश्य

काव्यको रचना गर्नुको एउटा न एउटा उद्देश्य रहेको हुन्छ । उद्देश्य काव्यमा प्रयोग भएको कथानक वा कथावस्तुमा निर्भर रहेको हुन्छ । कवि झाँक्रीखोलेले मुख्य उद्देश्य आफ्नै गाउँ घरको प्राकृतिक, भौगोलिक वर्णन साँस्कृतिक वस्तुहरुको प्रस्तुतीकरण गर्नु हो । फुएतप्पा लगायतका आसपास क्षेत्रमा पहिले देखिनै चल्दै आएका धर्म, सँस्कृति, परम्परा आदिका साथै प्राकृतिक दृष्टिले वनपाखा, खोलानाला, हिमाल प्रर्वत आदि विषय वस्तुको वर्णन गर्दै राष्ट्र प्रति भक्तिको भावना व्यक्त गर्नु ब्यौलिढुङ्गामन्तिर खण्डकाव्यको उद्देश्य रहेको पाइन्छ ।

## १०. द्वन्द्वविधान

यस ब्यौलीढुङ्गामन्तिर खण्डकाव्यमा सिद्धिबोल र सन्दीपा बीचमा आन्तरिक द्वन्द्व रहेको पाइन्छ । सिद्धिबोल र सन्दिपा बीचमा मानसिक उतारचढाप सन्दीपा घाइते हुँदा कालसँग गर्नु परेको द्वन्द्व बिरामी सिकिस्त बन्दै गएपछि सिद्धिबोलका मनमा भएका आन्तरिक मानसिक द्वन्द्व हुन् ।

## ११. शीर्षक सार्थक

ब्यौलीढुङ्गामन्तिर खण्डकाव्यको शीर्षक पाँचथर जिल्लाको रवीवजार नजिक रहेको ब्यौलीढुङ्गा नामको ढुङ्गाको नामबाट राखिएको छ । 'ब्यौलीढुङ्गामन्तिर' नाम राखेर प्राचिनकालमा जन्तीद्वारा बाटो अल्मलिएर छोडिएकी ब्यौली घुम्टो ओडेर ढुङ्गामाथि वसेर रोएको किम्बदन्तिलाई काव्यमा प्रस्तुत गर्ने प्रयास गरिएको छ । त्यस क्षेत्रका मानिसहरुले यो किम्बदन्ति मुखमुखै राखेका छन् । ब्यौलीढुङ्गा नै त्यस क्षेत्रको मानिसको लागि सदा स्मरणको विषयवस्तु बनेको पाइन्छ

## ४.४.१० ब्यौलिढुङ्गामन्तिर खण्डकाव्यको निष्कर्ष

कवि झाँक्रीखोलेको 'ब्यौलीढुङ्गामन्तिर' (२०६२) दोस्रो प्रकाशित खण्डकाव्य हो । 'ब्यौलीढुङ्गमन्तिर' लाई कविले आफ्नो गाउँ फुएतप्पाको सेरोफेरोमा केन्द्रित गराएका छन् । त्यतैको एक उच्च स्थलमा अवस्थित एक ढुङ्गालाई ब्यौलीढुङ्गा भनिन्छ । जसमाथि बसेर जन्तिद्वारा अल्मलिएर छोडेकी एउटी बेहुली रोएको किम्वदन्ति प्रचलित छ । ब्यौली नै छोडिन सक्ने नारीको अवस्था त्यस वेला कस्तो थियो भन्ने कुराको छनक समेत यसले दिन्छ ।

यस काव्यमा  मन्दाक्रान्ता, शादूर्लविक्रिडित शिखरिणी जस्ता शास्त्रीय वार्णिक छन्दमा आवद्ध पाँच सय भन्दा वढी श्लोक छन् । यसरी पूर्वीय सिद्धान्त अनुसार आकार प्रकारको आधारमा यो खण्डकाव्य सुहाउदो रचना हो ।  पूर्ण विषयका दृष्टिले यो सँस्कृत वाङ्मयका पुराणका लक्षणसँग मिल्दोजुल्दो देखिन्छ । पुराणमा सूर्य वशँ झैँ यसका पनि रेग्मी कौशिक वंश अनी खनाल धृतकौशिक वंशको वर्णन छ । त्यस वाहेक त्यहाका आदिवासी सेर्पाले छोडेका बासिन्दालाई राई लिम्बूहरुको झण्डै वँशावली भन्न सुहाउँने वयान, परम्परा र रीतिथिति पनि यहाँ देखाइएको छ । विविध ठाउँको प्राकृतिक भौगोलिक वर्णन गरिएको पाइन्छ ।

पाँच खण्ड र ४३ उपखण्डमा विभाजित यस काव्यको कथावस्तु मगर पुत्री सन्दीपा र उच्च वर्णको सिद्धिबोल बीचको प्रेम विवाह र अमिल्दो वर्ण व्यवस्था बिच आउने अफ्ठ्याराहरुको व्यवस्थित संयोजन गरिएको छ । सिद्धिवोल र सन्दिपाको विवाह पछि जंगलबाट दाउराको भारि बोकी ओरालो झर्दा लडेर सन्दीपा घाइते हुँदा घोपा लगेर उपचार गराँउदा मृत्युसँग लाप्पा खेल्दै बल्ल तल्ल जाति भएको, त्यहि लिम्वूमित सँग भेट हुँदा उसलाई चिन्न अलमल्ल भाएको वेलामा सिद्धिबोलको मानसिक अन्यौल भएको जस्ता घटना प्रभावकारी छन् । यति भएर पनि कथानकमा धेरै आरोह-अवरोह एवम् आन्तरिक कथा बाह्य द्वन्द्वहरुको कमि भएकोले तिनले पाठकलाई त्यति उत्कण्ठित वनाउदैन । बरु त्यहाँका रीतिथिति चाडपर्व र गीत संगीतका वर्णन आर्कषक र सजिव छन् । नेपालको  मौलिकतालाई यस खण्डकाव्यमा प्रस्तुत गरिएको छ ।

## ४.४.११ "भूमिगत" खण्डकाव्यको अध्ययन , विश्लेषण र मूल्याङ्कन

झाँक्रीखोले काव्यसाधनासँगै अन्तर उद्वेलित भाव तरङ्गहरुलाई बटुलेर बैचारिक धागोमा उन्दै कवितामालाको स्वरुप निर्माण गर्ने एउटा सशक्त कवि हुन् । कुशल डकर्मीले ढुङ्गाहरु मिलाएर सुन्दर पर्खाल उभ्याए जस्तै शव्दहरु खेलाउँदै तिनलाई टप-टपटिपेर कविताको पङ्क्तिमा जोड्दै सिङ्गो काव्यलोक निर्माण गर्ने कवि वास्तवमा विश्वकर्मा नै हुन्छ ।[५३] पूराना साहित्य शास्त्रहरुले कविलाई स्वयंभू अर्थात ब्रहानै भनेका छन् । अनेक छन्दहरुले सम्पूर्ण संस्कृत साहित्य संसारलाई समेटेका हुन्छन् । कविले "भूमिगत" (२०६६) खण्डकाव्य अघि दुई ओटा खण्डकाव्य र एक कविता सङ्ग्रह प्रकाशित गरिसकेका छन् ।

यस "भूमिगत" खण्डकाव्यमा दिवंगत महाकवि देवकोटासित बार्तालाप गरेको शैलीमा नेपाली साहित्यका केही विगतका स्रष्टा र कृतिको चर्चाका साथै कविताको वर्तमान धारा र भविष्यको केही आशा पनि राखेको पाइन्छ । सँगसँगै केही राजनैतिक असन्तुष्टि समेत काव्यमा व्यक्त गरिएको छ । "जे देखिन्छ त्यही देखिन्छ"का साथै "आफू जस्तो उस्तै अरु पनि बनुन्" भन्ने कुरा यस काव्यमा देखिन्छ ।[५४] कवि छन्दका लेखक भएकाले गद्य कविताप्रति केही वितृष्ण जनाउनका साथै आयामेली लेखनदेखि लिलालेखन सम्मका कुरामा पनि केही प्रश्न चिन्हहरु उभ्याएको पनि काव्यका अध्ययनबाट अनुभूति हुन्छ । व्यङ्ग्यलोचन नामको एउटा काल्पनिक पात्र र मृत्यु पछि स्वर्गको सुख भोगिरहेका महाकवि लक्ष्मीप्रसाद देवकोटा बीच भएको संवाद काव्यमा प्रस्तुत भएको छ । नेपाली साहित्यका केही जीवित र केही दिवङ्गत कवि, साहित्यकारहरुको चर्चा र स्वर्गीय हालखवर समेत सोधपुछ गरिएको छ । अनुष्टुप छन्द अधिक र झ्याउरे मन्दाक्रान्ता, शिखरिणी, शार्दूलविक्रीडित तथा स्वागता गरी जम्मा ६ वटा छन्दहरुमा रचिएको यस खण्डकाव्यमा भानुभक्त आर्चायदेखि वर्तमान प्रवासी साहित्यकार इन्द्रवहादुर राईसम्मका धेरैजना कवि, साहित्यकारहरुको साहित्यिक प्रवृति प्रस्तुत गरिएको छ ।

### विषयवस्तु :

"भूमिगत" (२०६६) झाँक्रीखोलेको तेस्रो प्रकाशित खण्डकाव्य हो । इलाम जिल्लाको करफोकमा हालका राष्ट्रगानका रचियता व्याकूल माहिलाद्धारा २०६६ साल कार्तिक ३१ गते देवकोटा शतवार्षिकी मनाउने क्रममा बिमोचित हुने सुनौलो अवसर यस काव्यले प्राप्त गर्‍यो । साथै नेपाली कविता साहित्यमा अगाडी बढ्ने प्रेरणा समेत प्राप्त भयो । यस काव्यको आवरण अग्रभागको अगाडि देवकोटा त्यस भन्दा तल पिडीत जस्तो देखिने व्यक्ति र त्यसको छेउमा चार घेरा भित्र थुनिएकी युवतीको चित्र अंकित गरिएको छ ।

---

५३. प्रतिभा निकेतन दमक , झापा , प्रकाशकीय २०६६/६/२४

५४. रमेश खकुरेल "भूमीगत" (खण्डकाव्य) हेरेपछि

काव्यको विषयवस्तु नै कवि र उनीहरुका कृति रहेकोले काव्यको शुरुमा बलीरहेको दीपहरुको बीचमा देवताको चित्र राखिएको छ ।त्यसपछि नेपाली कवितामा आदि कवि भानुभक्त आचार्यको तस्विर सहित चर्चा गरिएको छ । त्यसपछि देवताको फोटो राखिएको छ भानुभक्तको चर्चा गरिएको छ कवि शिरोमणि लेखनाथ पौड्यालको तस्विर सहित चर्चा गएिको छ । मोतिराम भट्टपछि कवि शिरोमणि लेखनाथ पौड्यालको तस्विर सहित चर्चा गरिएको छ । लेखनाथको चर्चापछि नाट्यसम्राट बालकृष्ण समको तस्विर सहित चर्चा र व्यङ्ग्य गरिएको छ । त्यसपछि क्रमश भीमनिधि तिवारी, सिद्धिचरण श्रेष्ट, म. वी. वि. शाह, विश्वेश्वरप्रसाद कोइराला,भूमिशेरचन, मोहन कोइराला , ईश्वर बराल , इन्द्रबहादुर राई , गोपालप्रसाद रिमाल , राष्टकवि माधवप्रसाद घिमिरे र अन्त्यमा मदनमणि दीक्षीत समेतको चर्चा, अनुकरण र उनीहरुप्रति व्यङ्ग्य गरिएको छ । यस खण्डकाव्यमा ५१८ श्लोक छन् । यस संग्रहमा सङ्ग्रहित कविहरुको सक्षिंप्त चर्चा यसरी गर्न सकिन्छ ।

## १ भानुभक्त आचार्य

व्यङ्ग्यलोचनले माहाकवि देवकोटालाई साहित्य स्रष्टा भानुभक्त आचार्य स्वर्गमा अप्सरा सगै लागि रणभुल्ल भएको छ की ! भन्दै प्रश्न गरेको पाइन्छ । महाकवि देवकोटालाई तिमीजादा भानुभक्त कहाँ बस्थे भन्दै प्रश्नात्मक शैलीमा व्यङ्ग्यलोचनले व्यङ्ग्य प्रस्तुत गर्दै महाकविलाई भनिएको छ ।

कहाँ बस्थे तिमी जाँदा भानुभक्त शुरु कवि ?

स्रष्टा भेट्ने सदिच्छाले आएथे कि त्यहाँ रवि ?॥२१॥

त्यसपछि भानुभक्त आचार्यको बारेमा वर्णन गरिएको छ । भानुभत्त आचार्य नेपाली कविताको प्राथमिककालीन भक्तिधारामा कलम चलाउने कविहरुमध्ये सर्वाधिक चर्चित र प्रतिभाशाली कवि हुन् ।[५५] उनको जन्म तनहुँ जिल्लाको चुँदी रम्घामा भएको हो । कवि भानुभक्तका फुट्करदेखि कविताको महान् रुप महाकाव्य एवं गद्यविधातर्फ केही चिठी चपेटा उपलब्ध छन् । यिनको भक्त माला र वधूशिक्षा र वधुशिक्षा मौलिक , प्रश्नोत्तरमाला र रामगीता अनुदित एवं रामायण आदि कृतिहरु रहेका छन् । भानुभक्तले समाज सुधार , नैतिक औपदेशिक , धार्मिक , अध्यात्मिक भावधारालाई कविताका माध्यमबाट व्यक्त गरेका छन् ।

## २. मोतीराम भट्ट

मोतीराम भट्ट स्वर्गमा पुगेर कवि मण्डली माथि कस्तो स्तम्भ खडा गरेको छ भन्दै प्रश्न गरेको पाईन्छ ।

---

५५. पौड्याल , कृष्णविलास र नेपाली साहित्यको ऐतिहासिक परिचय , काठमाण्डौ नविन प्रकाशन भोटाहिटी , २०५९ । पृष्ठ ९७

स्वर्गमा पनि काव्य सिर्जनामा नभाड्नु भन्दै व्यङ्ग्यलोचनाले मोतीराम भट्टलाई व्यङ्ग्य गरेको पाईन्छ । मोतीराम भट्टलाई गजल विधामा किन लागेको, उर्दूका तालमा फसेर भन्दै व्यङ्ग्य प्रहार गर्दछ।

ती कुनै गाजलीलाई लोभ्याँउथे ? सँगै बसी

गाजली किन लागेकी ? उर्दूका तालमा फसी ॥ ५३॥

मोतीराम भट्टलाई नेपाली साहित्यका युग प्रर्वतक भएको हुनाले युवाकविद्वारा पुकारिन्छ । उनले वि. स.१९३६ मा मोतीमण्डलीको स्थापना गरे । नेपाली कविताको माध्यमिककालका सशक्त प्रतिभाशाली कवि हुन् । यिनको सबल नेतृत्वमा नेपाली कवितामा युगान्तकारी परिवर्तन आउनका साथै शृङ्गारिक धाराको प्रतिष्ठापन भएको छ । यिनले कविताको फुटकरदेखि खण्डकाव्य सम्म सृजना गरेका छन् । शृङ्गारिक भाव , देशप्रेम र राष्ट्रिय महिमा गायन गर्ने कवि भट्टले प्रकृति ,नारी सौन्दर्य , भाषा साहित्य , ईश्वर आदिलाई समान रुपमा काव्यमा प्रयोग गरेको देखिन्छ ।[५६] नेपाली साहित्यको गजल , कविता , निबन्ध ,जीवनी ,कथा आदि विषयमा कलम चलाएका छन् । मोतीराम भट्टका कृतिहरु पञ्चक प्रपञ्च , गजेन्द्र मोक्ष , तीजको कथा , पिकदूत , प्रह्लाद भक्तिकथा , उषा चरित्र आदि हुन् ।

## ३ कवि शिरोमणि पौड्याल

परिष्कारबादी कवि शिरोमणि लेखनाथ पौड्यालको परिष्कारवादसँग महाकवि लक्ष्मी प्रसाद देवकोटको स्वच्छन्दतावादी शैली अपमानित भएको छ । शिरोमणि कविको मर्यादा अपमान हुन पुगेकाले महाकवि आफै प्रताडित पो हुनु भएको कि भनी ब्यङ्लोचनाले प्रश्न गर्दै भनिएको छ ।

तिम्रो स्वच्छन्दले उन्को मर्यादा अपमानित

परिष्कार नमिल्नाले आफैं छौ कि प्रताडित ?

कविशिरोमणि लेखनाथ पौड्यालले नेपाली साहित्यका फाँटमा परिस्कारवादी शैली शिल्पका उत्कृष्ट काव्यका रचना गरेका छन् । शैलीगत परिष्कार परिमार्जन लेखनाथ पौड्यालको प्रमुख विशेषता हो । उनी दार्शनिक वा चिन्तनशील कवि हुन् । कविताका क्षेत्रमा कलम चलाएको पाईन्छ ।

---

५६. पौड्याल , कृष्णविलास र नेपाली साहित्यको ऐतिहासिक परिचय , काठमाण्डौ नविन प्रकाशन भोटाहिटी , २०५९ । पृष्ठ १०८

नैतिक दृष्टान्त (१९७४) पिजँडा को सुगा (१९७४) गौथलीको चिरिबिरि (१९९२) र कालमहिमा (१९९२) आदि विभिन्न फुट्कर कविताको साथै लालित्य कथा संग्रह (भाग१) (२०१०) र भाग २, २०, २५ र लेखनाथ पौडेलका प्रमुख कविता (२०४६) ले उनको परिष्कारवादी कवि व्यक्तित्वलाई फराकिलो पारेका छन् तरुण तपसी (२०१०) नव्य काव्य उनको कविता यात्राको सर्वोच्च निशानी बनेको छ।[५७] नेपाली राष्ट्रिय प्रकृतिको चित्रण साथै एक वार्षिक ऋतु चक्रको चित्रण गर्दै खण्डकाव्यमा भनिएको छ।

आयो बेला शरद पछिको सिर्जन सौम्य

वसन्तीका उपवन घना कुञ्ज   कल्लोल चाल

नेपाली हुन् रसिक कृषिका वाग बानि वजार

कीर्ति : कस्तो ? छ ऋतुभरिको काव्य **ऋतोर्विचार** ॥११३॥

ऋतुविचार,वुद्विविनोद, गीताञ्जली खण्डकाव्य, नैतिक दृष्टान्त, धन महिमा आदि कविता तरुण तपसी नव्य काव्यमा तत्कालीन नेपाली समाजको झझल्को पाइन्छ । नेपाली समाज आर्थिक स्तरमा समानतावादी समाज व्यवस्थाबाट जर्जर बनेको, सामाजिक दृष्टिले अस्तव्यस्त भएको नेपाली जनजीवनको यर्थाथ चित्रण कविता काव्यमा दिएका छन् । उनले कवीतामा परिष्कार परिमार्जनको साथै शास्त्रीय नियम र अनुशासनको पालना गरेका छन् ।

## ४. नाट्य सम्राट बालकृष्ण सम

बाालकृष्ण त राणाका पुत्र हुन् ती आज स्वर्गमा छन् की कता गए भन्दै व्यङ्गलोचनले महाकविलाई व्यङ्ग्य प्रहार गर्दछ । बालकृष्ण सम नेपाली साहित्यमा स्थापित बहुमुखी प्रतिभाका धनी हुन् । सम सम्पन्न परिवारमा जन्मिएको हुनाले उनको वाल्य जीवन अभाव र अपुगमा झेल्नु परेन । राणा शासन निरङ्कुशी भएकाले वालकृष्ण स्वर्गमा पुगे पछि पनि खतरा पो हुन्छ कि भन्दै व्यङ्ग प्रस्तुत गरेको पाइन्छ ।

थियो निरङ्कुशी किल्ला राज्य सान गयो गयो

अत्यचार जहाँ चर्को स्वर्ग नै खतर भयो ॥१२७॥

वालकृष्ण समले नेपाली कविता साहित्यमा लेखनाथ पौडेलले प्रतिपादन गरेको परिस्कारवादी काव्यधारालाई कविता सृजनाको केन्द्र बिन्दु बनाएका छन् । आगो र पानी खण्डकाव्य (२०११) र चिसो चूल्हो महाकाव्य (२०१५) परिष्कार वादी शिल्प चेतनाले खारिएका माझिएका उत्कृष्ठ कृति हुन् ।

---

५७. कृष्णप्रसाद आचार्य, गौतम नारायणप्रसाद , आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, २०६१,पृष्ठ ५५

'भावनाको बौद्धिक कोमलता नै कविता हो'। भनेर समले कवितालाई परिभाषित गरेका छन् ।[५८] उनका कविताहरु भावना पक्ष भन्दा बौद्धिकता तथा चिन्तनशीलताका पक्षवाट उचाईमा पुगेका छन् । आगो र पानी खण्डकाव्य (२०११) र चिसो चूल्हा (२०१५) परिष्कारवादी शिल्प चेतनाले खारिएका उत्कृष्ठ कृति हुन् । मुटुको व्याथा (१९८६) मुकुन्द इन्दिरा (१९९४) अमर सिंह(२०१०) आदि उत्कृष्ट नाट्य कृतिहरु रहेको छ । आधुनिक नेपाली नाटकको प्रथम चरणका प्रवर्द्धक पाश्चात्य दुखान्त नाट्य चेतनालाई नेपाली नाट्य विधामा प्रवेश गराउने सम नेपाली नाटकको नाट्य सम्राट हुन् । खण्डकाव्यकार वालकृष्ण सम मानववादी कवि हुन् । वहुमुखी प्रतिभाका धनी वालकृष्ण समले नाटक, एकाङ्की, निवन्ध, प्रवन्ध कथा र कविता जस्ता विविध विधामा कलम चलाई कविता काव्यमा निकै ख्याती प्राप्त गरेका छन् । भने नाटक विधाम सर्वोच्च शिखर नै बनेका छन् ।

## ५. लक्ष्मीप्रसाद देवकोटा

नेपाली साहित्यका एक उज्वल नक्षत्र एवंम् वहुमुखी प्रतिभाका धनी हुन् । उनी लक्ष्मीूजाको दिन जन्म भएकोले लक्ष्मी प्रसाद देवकोटा भने तापनि उनी लक्ष्मीका प्रसाद हुन सकेनन् बरु उनी सरस्वतीका वरद पुत्र हुन पुगे ।[५९] महाकवि लक्ष्मिप्रसाद देवकोटाले नेपाली साहित्यको कविता, कथा, निवन्ध, नाटक, उपन्यास आदि विभिन्न विधामा कलम चलाएका छन् ।

अरु विधामा भन्दा उनले कविता र निवन्ध विधामा विशेष ख्याति प्राप्त गरेका छन् । कविता र निवन्ध मध्येमा पनि उनको साहित्यिक योगदानको सर्वोच्च प्राप्ति कविता विधा नै रहेको छ । मुनामदन खण्डकाव्य र भिखारी कविता संग्रहका कविताहरुको प्रकाशन सँगै देवकोटको काव्य यात्रामा स्वच्छन्दतावादी धारामा खण्डकाव्यको रचना गर्ने प्रथम कविको रुपमा चिनाएको छ । लुनी, कुन्जीनी, म्हेन्दू आदि खण्डकाव्य र शाकुन्तला (२००२) सुलोचना (२००३) र वनकुसुम (२००३) महाकाव्य स्वच्छन्दतावादी धाराका कृति हुन् । स्वच्छन्दतावादी कविता यात्राका प्रारम्भमा विशुद्ध प्रकृतिवादी, मानवतावादी कविताको रुपमा देखा पर्दछन् । देवकोटको कवितामा ईश्वर, प्रकृति र मान्छेका बीचमा त्रिकोणात्मक सम्वन्ध स्थापित हुनुपर्दछ भन्ने मान्यता पाइन्छ ।

साहित्यकार लक्ष्मीप्रसाद देवकोटा मानवताका पूजारी हुन् । उनको भिखारी, गरिब, यात्री आदि फुट्कर कविता र मुनामदन कुञ्जिनी, मायाविनी सर्सी खण्डकाव्य एवंम्

---

५८. कृष्णप्रसाद आचार्य, गौतम नारायणप्रसाद , आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, २०६१,पृष्ठ ७०

५९. कृष्णप्रसाद आचार्य, गौतम नारायणप्रसाद , आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, २०६१,पृष्ठ ७९

महाकाव्यहरु समेत देवकोटाको मानवतावादी काव्य हो । स्वच्छन्दतावादी कवि देवकोटा प्रकृतिप्रेमी एवम् प्रकृति सौन्दर्यका माहानायक हुन् । आँशु कवित्व देबकोटाको काव्य यात्राको सुरुदेखि अन्त्य सम्मनै देखापरेको प्रवृति हो । देवकोटा धारा प्रवाह कविताको रचना गर्ने कवि हुन् भन्दै काव्यमा भनिएको छ ।

लेख्ने तल्तलको धुन चुरोट हातमा हुँदा

भावधारा बगिरन्थे औंलाले लेखनी हुँदा ॥१६५॥

उनी एकै आशनमा वसेर धेरै कविता लेख्न सक्थे । एकरातमा कुञ्जिनी, आदि म्हेन्दू र आँशु खण्डकाव्य लेख्ने, दशौं दिनमा सुलोचना माहाकाव्य, तीन महिनामा साकुन्तला माहाकाव्य ६४४ फुटकर कविता लेखेका छन् । र साहित्यका धेरैविधामा कलम चालाएवाट उनको आशु कवित्व स्वत सिद्ध भएको देखिन्छ । साहित्यकार लक्ष्मिप्रसाद देवकोटा मानवताका पूजारी हुन् । मानवतावाद देवकोटाको प्रमुख प्रवृति हो । मानिस जातिपातिका आधारमा ठूलो हुने होइन उसको भित्रको गुण शील, स्वभाव एवम् सत् चरित्रले ठूलो हून्छ । देवकोटा अरुलाई दिन भनेपछि हुरुक्क हुन्थे भन्दै खण्डकाव्यमा भनिएको छ ।

लुगासम्म दिएँ माग्दा रिक्तिएपछि भन्दथें

"फेरी भेटौं म जोगीन्थें आफै जोगी म बन्दथें ॥१८७॥

## ६. साहित्यकार भीमनिधि तिवारी

सामाजिक जीवनका मानसिक पक्षमा त्यति ध्यान नदिने तिवारी यर्थाथ जिवनका सामन्य घटनाको चित्रण गर्नमा सिमीत रहेका छन् । आफूले देखे सुनेका घटनालाई यर्थाथ रुपमा प्रस्तुत गर्नु तिवारीको विशेषता हो । उनका नाटकमा सरल, सहज र स्वभाविक भाषाशैलीको प्रयोग गरेको पाइन्छ । यिनका कृतिहरु सहनशीला शुशिला,पुतली, किसान, नैनीका राम, आर्दश जीवन, विवाह, सत्य हरिस् चन्द्र आदि । सामाजिक जीवनका मानसिक पक्षमा त्यति ध्यान नदिने तिवारी यर्थाथ जिवनका सामान्य घटनाको चित्रण गर्नमा सिमित रहेका छन् ।

## ७. सिद्धिचरण श्रेष्ठ

आधुनिक नेपाली कविताको फाँटमा स्वच्छन्दतावादी काव्य धाराका थालनीकर्ता महाकवि लक्ष्मीप्रसाद देवकोटा सँगै सहवर्तक भई काव्य साधना गर्ने युग कवि सिद्धिचरणको जन्म ओखलढुङ्गामा भएको थियो ।[६०]

---

६०. कृष्ण प्रसाद आचार्य, गौतम नारायणप्रसाद , आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, २०६१, पृष्ठ १२३

कसैले ओखलढुङ्गाको माया विर्सियो भन्दा टाउको रन्किन्थ्यो तर उसको गाउँ प्यारो भन्ने कुरा बनावटी हो भन्दै खण्डकाव्यमा व्यङ्ग्य गरिएको पाइन्छ ।

गाउँ प्यारो भन्ने कुरा बनावटी रै छ

सुविधाका भोगी मान्छे कुञ्ज प्यारो रै छ

वालक्रीडा प्यारो हुन्छ बुढो भएपछि

त्यो समय पाँइदैन त्यसको किन खोजी ? ॥२१९॥

युग कवि सिद्धिचरण श्रेष्ठले आफ्नो प्राणभन्दा प्यारो गाउँ छोडे पनि ओखलढुङ्गा कविताको रचना गरी आफ्नो गाउँलाई स्मरणीय बनाउन सफल भएका छन् । उनले सातवर्षसम्मको बाल्यकाल ओखलढुङ्गामा बिताए । उनले रचना गरेका कविता संग्रहहरु 'मेरो प्रतिविम्ब' )२०२१), कोपिला (२०२१) कुहिरो र घाम ( २०४५), सिद्धिचरण श्रेष्ठका प्रतिनिधि कविता (२०४५) , तिरमिर तारा (२०४६) र खण्डकाव्यहरुमा उर्वशी (२०१७) ज्यानमारा शैल (२०२३), मङ्गलमान (२०४९)० र आँसु(२०५०) आदि उल्लेखनीय कृति रहेका छन् । सिद्धिचरण श्रेष्ठको कविता एवम् काव्यमा आत्मपरक प्रकृतिको महिमा गान गरेको पाइन्छ । कविले आफ्ना काव्यहरुमा नेपाली राष्ट्रिय प्रकृतिको महिमा गान कविले गरेका छन् । प्रकृतिप्रेमी कवि सिद्धिचरण श्रेष्ठले मेरो प्यारो ओखलढुङ्गा कविता निकै सुन्दर ढगंले प्रकृतिको महिमा गान गरेका छन् । ओखलढुङ्गा कविता देखि उवर्सी, आँशु आदि खण्डकाव्यमा सुन्दर, सुकोमल एवम् भीषण भाववद्ध प्रकृतिलाई समेत मानवीकरण गरेका छन् । युग कवि सिद्धिचरण श्रेष्ठले देशमा भएका अन्याय अत्याचार, शोषण, दमन आदिको विरुद्ध कलम चलाएका छन् । साथै गरिब, दिन, दुःखी प्रति साहानुभुति भाव प्रकट गरेका छन् । उनले नेपाल र नेपाली वीर जातिको परिचय दिएका छन् । उनको काव्य कृतिहरुमा सोझो नेपाली जनताहरु दास हुनु परेको छ भन्ने भाव पाउन सकिन्छ भन्दै खण्डकाव्यमा भनिएको छ ।

लालमोहर लागेको देश जनता दास हो

देशका लागि किरिया खाई फेर्दै छ सास त्यो

देशमा चल्छ कुचक न्याय उल्टो छ शासन

तस्कर गुठ अगाडि पर्ने सर्वोच्च आसन ॥२५३॥

## ८. म. वि. वि. शाह

कवि म.वि.वि. शाह स्वच्छन्दतावादी र राष्ट्रबादी कवि हुन् । परम्परागत नियमलाई अस्विकार गरि विद्रोह गर्नु उनको विशेषता हो । कवि म.वि.वि.शाह रारा कि अप्सरा

काव्यकारचना गरी साहित्यको क्षेत्रमा धनी बने । यीनका कवितामा नारी प्रेम र भक्तिभाव पाइन्छ भन्दै खण्डकाव्यमा भनिएको छ ।

नारीमुखी कुनै स्रष्टा युगद्रष्टा हुनु थियो
नेपाली हितका निम्ति धोकादार बनिरह्यो ॥२७५॥

नारी पात्र पछि जागिन् गीत - गङ्गा सुसाउने
नारीक दिलकी नारी ब्यूँभ्काएर उठाउने ॥२७६॥

म.वी.वि. शाहको उसैका लागि (२०१५) फेरी उसैको लागि २०२१, अभ्कै उसैको लागि(२०४५), कविता संग्रहहरु प्रकाशित छन् । यिनका कविताहरु सरल, सरस, भाषाशैलीमा लेखिएका छन् ।

## ९. साहित्यकार विश्वेश्वरप्रसाद कोइराला

विश्वेश्वर प्रसाद कोइराला बहुमुखी प्रतिभाशाली व्यक्तित्व हुन् । भनिन्छ प्रतिभा भगवानको वरदान हो ।[६१] प्रतिभाशाली मानिसलाई मानव समाजमा भागयमानी भन्ने गरेको पाइन्छ । कोइराला जसरी राजनैतिक क्षेत्रमा प्रजातान्त्रिक समाजवादका प्रखर व्याक्तित्वको रुपमा सुपरिचित छन् । त्यसरी नै आधुनिक आख्यान साहित्यको क्षेत्रमा पनि अगुवा साहित्य शिल्पका रुपमा प्रतिष्ठित वन्न पुगेका छन् ।

विश्वेश्वरप्रसाद कोइराला नेपाली साहित्यमा मनोविज्ञानको महत्व बुभ्केर साहित्य सृजना गर्ने नेपाली कथाको पहिला मनोवैज्ञानिक कथाकार हुन् । यिनको युग प्रवृति सामान्य असामान्य गरी मनोविश्लेषण र यौन - मनोविश्लेषणमा आधारित छन् । तसर्थ कथाकार कोइरालाले आफ्ना उत्कृष्ठ मनोवैज्ञानिक कथाहरुद्वारा नेपालीकथाको आधुनिक युगलाई शसक्तरुपमा अगाडि वढाएका छन् । यिनी मानिसका भित्री मनमा रहेका अनेक थरी मसिना-मसिना भावना वा समस्या र गाठाँहरुलाई लिएर नयाँ किसिमका उत्कृष्ट कथाहरु एक पछि अर्को गर्दै, लेख्दै अगाडि जान्छन् । मानिसको मनोविज्ञानका विभिन्न पक्षहरु मध्ये विपरित लिंगी नर नारी बीचका पारस्पारिक आर्कषण, चाहाना र सम्वन्धलाई लिएर शिष्ट मनेवैज्ञानिक कथा लेख्न कोइराला नामुद मानिन्छ । नेपाली कथा साहित्यका शीर्षस्थ व्यक्तित्व विश्वेश्वर प्रसाद कोइरालाका ‘चन्द्रवदन’ देखि ‘एकरात’ सम्मका कथाहरु क्रमशः दोषी चस्मा स्वेत भैरवी, आदि रहेका छन् ।

६१. ढकाल, प्रा. डा. भूपति, विश्वेश्वरप्रसाद कोइराला कथा र उपन्यासहरुको विश्लेषण अद्वैतमार्ग, बागवजार, काठमाण्डौ, २०६०, पृ. १

उपन्यासहरु सुम्निमा, तीनघुम्ती आदि रहेका छन् । उनको प्राय सवै कृतिहरुमा यौन मनोविश्लेषण पाउन सकिन्छ । कोइरालाको मधेस तिर कथामा यौन मनोयोगको वेजोड प्रस्तुति रहेको छ । ३० वर्षे विधवाको माध्यमबाट पेटको भोग भन्दा यौन भोग अतिकष्टकर हुन्छ भन्ने खण्डकाव्यमा देखाएको छ ।

विश्वेश्वर विदा मागी आउँछन् अब तल्तिर

विधवा उसको गोरे कता भाग्यो कठैवरा ! ॥३४०॥

त्यस्तै गरी यस खण्डकाव्यमा सुम्निमा उपन्यासको चर्चा गरिएको छ । "तीनघुम्ती" उपन्यास लेखेर विश्वेश्वर प्रसाद कोइराला थला परेको भन्ने कुरा उल्लेख गरेको पाइन्छ ।

## १०. भूपि शेरचन

भूपि शेरचन स्वच्छन्दतावादी भावधारामा प्रभावित देखिन्छन् । बीचमा उनी प्रगतीवादी कविका रुपमा विकसित र चर्चित बने । पछिल्लो चरणमा उनमा निराशाको स्वर पनि पाइन्छ । कवि भूपि शेरचनले लेखेका तीनवटा कविताहरु नै उनले दिएका मुख्य योगदान हुन् । उनले गद्यलयमा पनि पद्यात्मक संगीतको सुमधुर ध्वनी दिए ।

उनको काव्य कृर्तिहरु नयाँ झ्याउरे (गीति कवितासंग्रह) निर्झर (कवितासंग्रह) कृती घुम्ने मेचमाथि अन्धो मान्छे (कवितासंग्रह) गरी तीनवटा पुस्तककार कृतिहरु लगायत अनेक फुटकर कविताहरु लेखेका छन् । व्यङ्ग्य लोचनले भूपिशेरचनलाई स्वर्गमा पनि घुम्ने मेचमा नै बस्छन् कि भन्दै व्यङ्ग्य प्रहार गर्दै खण्डकाव्यमा भनिएको छ ।

भू.पी. सेर्चनको माथि के छ हालतमा आजको ?

कि घुम्नेमेचमा बस्छन् अन्धो खेल तमासको ? ॥३४६॥

भूपि शेरचनको अल्पायुमै मृत्यु भएकोले लेख्ने धोको अधुरै छ भन्ने भाव व्यक्त भएको पाइन्छ । पुर्नजीवनको माग आएको छ भन्ने प्रसङ्ग उल्लेख गरेको पाइन्छ । उनले राष्ट्रिय तथा अन्तराष्ट्रिय महत्वका विषयमा चासो देखाउँदै राष्ट्रिय जीवनमा देखापरेका सामाजिक विकृति, आर्थिक असमानता तथा अनुशासनहीनता, वर्गीय शोषण, प्रशासनिक अन्याय आदिलाई तीव्र व्यङ्ग्य गर्दै कृतिहरुको रचना गरेको पाइन्छ । गद्यकवितालाई अनुप्रासमय, सरल, कोमल र चमत्कारिक तुल्याउनु उनको मौलिकता रह्यो । त्यसैले नेपाली साहित्यको क्षेत्रमा भूपी शेरचनको विशिष्ट स्थान रहेको छ ।[६२]

६२. लुईटेल, खगेन्द्रप्रसाद, कविता सिद्वान्त र नेपाली कविताको इतिहास, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाण्डौ, २०६०, पृ. २५९

## ११. मोहन कोइराला

मोहन कोइराला प्रयोगवादी कवि हुन् । परम्परित भाषिक क्रमलाई भाँचभुँच गरी नअर्थिने  र नवुभिने खालका काव्यहरुको रचना गरेको पाइन्छ ।[६३] पुराना पुस्ताका पछीपछि बढ्दै अब नयाँ पुस्ताहरुको कवि उदाएको छ भन्दै खण्डकाव्यमा भनिएको छ ।

नयाँ पुस्ता आयो उदीत प्रतिभा काव्य सरमा

कुनै डुङ्गा हाँक्ने प्रखर कवि छन् की संमरमा ?

पुराना पुस्ताका पछि पछि वढेका कविहरु

नयाँ बाटो हिंड्दा सृजन रथका काव्यिक-तरु ॥३६९॥

## १२. इश्वर वल्लभ

इश्वर वल्लभ आयामेली कवि हुन् । युगीन विविधतालाई प्रभावशाली ढङ्गले कवितात्मक अभिव्यक्ति दिने आयामेली कवि ईश्वर बल्लभका कवितालाई युगिन जीवनका सङ्कीर्णताको घेरा नाघेर विशालतालाई आत्मासात् गरेको देखिन्छ । यिनी जीवनलाई परम्परागत रुपमा नअर्थ्याई आयामेली दृष्टीकोण प्रस्तुत गर्ने कवि हुन् । यिनका कवितामा युगीन जीवनका जटिलता, विवशता  र जीवन मूल्यका खोजी जस्ता प्रवृति पाइन्छन् ।[६४] आँगाका फूलहरु हुन्, आँगाको फूलहरु होइनन् (२०२९) एउटा शहरको किनारमा (२०३४) समानान्तर (२०३८) कस्मै देवाय (२०४२) यिनका प्रकाशित कविता संग्रह हुन् । यीनी दुरह, क्लिस्ट र दूर्वोध्य भाषा शैली भएका बौद्धिक कवि हुन् ।

## १३. इन्द्रवहादुर राई

इन्द्रवहादुर राई कथाकार उपन्यासकार र समालोचकका रुपमा चर्चित रहेका छन् । मानवीय जीवनको निस्सारता, अर्थहिनता र संगतिहिनतालाई मुल विषयको रुपमा प्रस्तुत गर्दछन् । इन्द्रवहादुर राईका सिर्जनात्मक प्रस्तुती साहित्यिक कृतिहरु १, विपना कतिपय ( २०१७)  २, कथास्ता (२०२७) ३, कठपुतलीको मन (२०४६) कथासंग्रह १. आज रमिता छ ( २०२०) उपन्यास, भानुभक्तका कृति अध्ययन (सम्पादन) (२०२६) नेपाली उपन्यासका आधारहरु (२०३१) ३. टिपेका टिप्पणीहरु (२०३१) आदी, रहेका छन् ।

६३. कृष्ण प्रसाद आचार्य, गौतम नारायणप्रसाद , आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, २०६१, पृष्ठ १७१

६४. पौड्याल, कृष्णविलास, नेपाली साहित्यको ऐतिहासिक परिचय र समालोचना, नवीन प्रकाशन, काठ्माण्डौ, २०५९, पृ. १६४

उनका कृतिहरुमा यर्थाथता, सामाजिकता, निम्न तथा मध्यम वर्गीय चरित्र , दार्जिलिङ्ग सिक्किमतिरको सामाजिक वातावरण, मान्छेको जटिल मानसिकताको उद्घाटन सामाजिक साँस्कृतिक समन्वय आन्चलिकता, प्रयोगात्मकता , बौद्धिकता र केही दूर्वोध्यता तथा मनोवैज्ञानिकता आदि पाइन्छ ।[६५]

## १४. गोपालप्रसाद रिमाल

कवि गोपालप्रसाद रिमालले नेपाली साहित्यमा सर्वप्रथम गद्य कविता लेखनको सबल र समुज्वल प्रारम्भ गरे । सर्वप्रथम उनले नै गद्य कवितामा तीव्र सांगीतिक प्रवाहको धारा बगाए । प्रकृतिका विम्ब तथा प्रतीकका माध्यमबाट अभिव्यक्ति दिने सुन्दर कलालाई सम्मानित र उल्लेखनीय पारेर उनले कवितामा प्रस्तुत गरे । उनका फुटकर कविताहरु आमाको सपना ( २०१९) संकलीत छन् । उनले थोरै कविता लेखेर पनि धेरै कविताहरु लेख्ने अनेक कविहरुले भन्दा वढी नै उचाँई नेपाली कवितामा थपे । सामाजिक यर्थाथलाई कवितामा प्रस्तुत गरे ।

## १५. माधवप्रसाद घिमिरे

माधवप्रसाद घिमिरे परिस्कारवादी शैली शिल्प र स्वच्छन्दतावादी भाव धारा लिएर नेपाली कविता काव्य फाँटमा देखापरेका छन् । नेपाली साहित्यमा घिमिरेले कविता काव्य, गीतिनाट्य र बालकविताका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका छन् । उनले पापीनी आमा, राजेश्वरी जस्ता खण्डकाव्य र विभिन्न फुटकर कवितामा मानवतावादी स्वर प्रतिध्वनित गराएका छन् । उनले थोरै शब्दमा धेरै विषय र भाव व्यक्त गर्दछन् । मानवीय मर्म र वेदनाको गायन उनको काव्यगत मूल स्वर हो । उनका कविता काव्यमा मानव जीवनको कुण्ठा, नैरास्य, घृणा जस्ता मानवतावादी माहान विचार अभिव्यक्त भएको पाइन्छ । राष्ट्रकवि घिमिरे प्रकृतिप्रेमी एवंम् सौन्दर्यवादी कवि हुन् । उनको काव्यमा प्रकृतिको चित्रण गरेको पाइन्छ । उनले आफ्नो कविता काव्यमा राष्ट्र राष्ट्रियता, सँस्कृति एवम् राष्ट्रिय वीरताका स्वरहरु पाइन्छ । राष्ट्रनिर्माता खण्डकाव्यमा राष्ट्रवादी भावना व्यक्त गरेका छन् ।[६६]

## १६. मदनमणि दिक्षित

मदनमणि दिक्षित समसामयिक युगका शसक्त साहित्यकार हुन् । उनको कृतिहरुमा राष्ट्रिय र अन्तरराष्ट्रिय अनेक क्षेत्रमा व्याप्त विकृति र विसंगतिको आक्रोसपूर्ण चित्रण पाइन्छ।

---

६५. रामप्रसाद ज्ञवाली, भट्टराई गणेश प्रसाद साधारण नेपाली, काठ्माण्डौ : भुडिपुराण प्रकाशन, २०५६ । पृष्ठ २०७ ।

६६. कृष्ण प्रसाद आचार्य, गौतम नारायणप्रसाद , आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, २०६१, पृष्ठ १४६/१४७

यस खण्डकाव्यको अन्त्यमा : महाकवि पात्रको माध्यमबाट पृथ्वी माताले साहित्य स्रष्टा जन्माउदा साह्रै खुसी हुन्छिन् भन्दै काव्यमा भनिएको छ ।

आजकी पृविथी माता उपयुक्त कुरा सुनी
काव्य साहित्यकी स्रष्टा जन्माउन खुसी बनी ॥ ५०६

माधव प्रसाद घिमीरे तथा मदनमणि दिक्षित जस्ता साहित्य स्रष्टाको जन्मले युगको नेतृत्व हुन्छ । काव्यको क्षेत्रमा देखा परेको विकृति विसंगति को नै अन्त्य हुन्छ । मदनमणि दिक्षित तथा माधव प्रसाद घिमीरे जस्ता स्रष्टाले सिर्जनाको सिढीको जगलाई बलियो बनाउँछ ।

## १. पात्र विधान

'भूमिगत' खण्डकाव्यको पात्रविधानको अध्ययन गर्दा मूख्यपात्रका रुपमा व्यङ्ग्य लोचन नामको एउटा काल्पनिक पात्र र मृत्यु पछि सुख भोगिरहेका महाकवि लक्ष्मी प्रसाद देवकोटा रहेको छ । अन्य पात्रहरुमा भानुभक्त देखि लिएर साहित्यकार मदनमणि दिक्षित सम्म पात्र रहेको छ । यी पात्रहरुको माध्यमवाट नेपाली साहित्यका केहि जीवित र केही दिवङ्गत कवि साहित्यकारहरुको चर्चा र स्वर्गीय हाल खवर समेत सोधपुछ गरिएको छ । नेपाली साहित्यमा देखापरेको विकृति विसंगतिहरुको चर्चा गरेको छन् ।

## २. देशकाल वातावरण वा परिवेश

खण्डकाव्यमा आख्यान अगाडि वढाउने निश्चित ठाउँ, समय र परिवेश उल्लेख भएको पाइन्छ । यस खण्डकाव्यको देश काल परिवेशलाई हेर्दा प्राचीनकालका कवि देखि लिएर हाल सम्मका कविहरु रहेका छन् । काव्यमा नेपाली साहित्यका प्राथमिक कालीन कविहरु, त्यस पछि माध्यमिक कालीन कविहरु र आधुनिक कालीन कविहरु रहेका छन् ।

## ३. भाव विधान

यस खण्डकाव्यमा दिवंगत महाकवि देवकोटासित वार्तालाप गरेको शैलीमा नेपाली साहित्यका केही विगतका श्रष्टा र कृतिको चर्चा का साथै कविताको वर्तमान धारा र भविष्यका केही आशा पनि राखेको पाइन्छ । केही राजनैतिक असन्तुष्टि समेत काव्यमा व्यक्त भएको छ । जे देखिन्छ त्यही लेखिन्छ साथै "आफूजस्तो छ अरु पनि त्यस्तै वनुन्" भन्ने कुरा यस काव्यमा देखिन्छ । कवि स्वयम् छन्दका लेखक भएकोले गद्य कविताप्रति केही वितृष्णा जनाउनका साथै आयामेली लेखनदेखि लीला लेखन सम्मका कुरामा पनि केही प्रश्न चिन्हहरु उभ्याएको पनि काव्यको अध्ययनमा अनुभुति हुन्छ ।

## ५. केन्द्रीयकथ्य

केन्द्रीयकथ्यले मूल कथ्यलाई प्रस्तुत गर्न खोजीमएको मूल कथावस्तुलाई जनाएको हुन्छ । यस "भूमिगत" खण्डकाव्यको केन्द्रीयकथ्य भानुभक्त आचार्य देखि वर्तमान प्रवासी

साहित्यकार इन्द्रवहादुर राई सम्मका धेरै जना कवि, साहित्यकारहरुको साहित्यीक प्रवृति प्रस्तुत गरिएको छ । यस भूमिगत खण्डकाव्यमा दिवंगत महाकवि देवकोटासित वार्तालाप गरेको शैलीमा नेपाली साहित्यका केही विगतका स्रष्टा र कृतिको चर्चाको साथै कविताको वर्तमान धारा र भविष्यको केही आशा नै यस काव्यको केन्द्रीय कथ्य रहेको छ ।

यस "भूमिगत" खण्डकाव्यमा नेपाली साहित्यकारहरुको राजनैतिक असन्तुष्टि समेत काव्यमा व्यक्त गरिएको छ । व्यङ्ग्यलोचन नामको एउटा काल्पनिक पात्र र मृत्यू पछि सुखभोग गरिरहेको महाकवि देवकोटा बिच भएको संवाद नै यस काव्यको मूख्य कथ्य रहेको छ ।

## ६. लय

लय मानिसको हृदयमा उव्जने साँगीतिक लहर वा तरङ्ग हो । लय काव्यको अनिवार्य तत्व हो । लयात्मक काव्य वन्नको लागि अनुप्रास मिल्नुपर्छ । अन्त्यानुप्रास मिलेका काव्य लयात्मक बन्दछ । यस 'भूमिगत' खण्डकाव्यमा अनुष्टुप छन्द, अधिक र झ्याउरे, मन्दाकान्ता शिखरिणी छन्द, शार्दूलविक्रीडित तथा स्वगता गरि जम्मा छ वटा छन्दको प्रयोग गरिएको छ । जस्तै :

नयाँ पुस्ता आयो उदित प्रतिभा काव्य सरमा

कुनै डुङ्गा हाँक्ने प्रखर कवि छन् कि समरमा

पुराना पुस्ताका पछिपछि बढेका कविहरु

नयाँ बाटो हिंड्दा सृजना रथका काव्यिक - तरु ॥३६९॥

## ७. विम्ब, प्रतीक र अलङ्कार योजना

शव्द र अर्थमा रहेको विशेष वैचित्रले काव्य सुसोभित भई श्रोता बोद्धाहरुको हृदयमा भित्री आनन्द र उल्लास स्वरुप चमत्कार पैदा गर्ने वैचित्र्यको साधन अलङ्कार हो । काव्यमा अलङ्कार भएका अवस्थामा सौन्दर्य वृद्धि हुन्छ ।[६७] अलङ्कार काव्यको गहना हुन् । भूमिगत खण्डकाव्यमा विभिन्न विम्ब, प्रतीक र अलङ्कारको सुन्दर संयोजन गरिएको छ ।

## ८. सर्गयोजना

खण्डकाव्यको संरचनामा सर्ग हुनु वा नहुनुमा कुनै अनिवार्यता छैन । खण्डकाव्यको संरचना फुटकर कविता भन्दा ठूलो र महाकाव्य भन्दा सानो हुन्छ ।

६७. रामनाथ ओझा, गिरी मधुसूधन, शोध, सिर्जना र संस्कृतकाव्यशास्त्र, न्यू हिरा बुक्स इन्टरप्राइजेज नयाँबजार, कीर्तिपुर काठ्मण्डौ, २०५८, पृ. ३१७

खण्डकाव्य आकार, आयाम, संरचना, आख्यान र विषयवस्तुका दृष्टिले हेर्दा कविताको मझौला रुप वा मझौला संरचना हो । फुटकर कविताभन्दा खण्डकाव्य विस्तृत अनुभूतिलाई व्यक्त गर्नुपर्दा कविताको संरचना तत्वमा सचेत हुनुपर्दछ । खण्डकाव्यमा मानवीय जीवनको एक भाग वा अंशको वर्णन, एक रसात्मक पनि हुन सक्ने भएकोले सर्ग वा भाग खण्ड विभाजन गरिरहनुपर्छ भन्ने आवश्यकता छैन । त्यसैले हुन सक्छ यो खण्डकाव्यमा सर्ग विभाजनलाई प्राथमिकता दिएको छैन । सर्ग विभाजन नगरी खण्डकाव्य पुरा भएको छ । त्यसैले सर्गविहिन खण्डकाव्य हो ।

## ९. भाषाशैली

भाव वा विषयलाई व्यक्त गर्ने कलालाई नै शैली भनिन्छ । भाषाको अभिव्यञ्जना शक्तिको उपयोग गरेर खण्डकाव्यको कथावस्तुलाई प्रभावकारी तुल्याउनु शैलीको खास विशेषता हो । भाषिक प्रयोगको आधारमा शैली सरल र जटिल गरी २ किसिमको हुन्छ । यस ‘भुमिगत’ खण्डकाव्यमा सरल भाषाशैलीको प्रयोग गरेको पाइन्छ । कही कतै काव्यमा लक्षणार्थक र व्यन्जनार्थक श्लोकको प्रयोग भएको पाइन्छ । साहित्यकार मोतीराम भट्टलाई गजल विधामा किन लागेकी उदूका तालमा फसेर भन्दै व्यङ्ग्य प्रहार गर्दै काव्यमा भनिएको छ ।

ती कुनै गाजलीलाई लोभ्याउँथे सँगै बसी

गाजली किन लागेकी ? उर्दूका तालमा फसी ॥५३॥

काव्यमा प्रयुक्त पद, पदावली, वाक्यखण्ड, कथानक खण्डक्रम उपयुक्त देखिन्छ ।

## १०.उद्देश्य

काव्य रचना गर्नुको एउटा न एउटा उद्देश्य अवस्य रहेको हुन्छ । उद्देश्य काव्यमा प्रयोग भएको कथानक वा कथावस्तुमा निर्भर रहेको पाइन्छ । कवि झाँक्रीखोलेको यस खण्डकाव्यको मूख्य उद्देश्य नेपाली साहित्यका केही विगतका स्रष्टा र तिनका कृतिहरुको प्रस्तुतीकरण गर्नु हो । केही राजनैतिक असन्तुष्टि व्यक्त गर्नु यस खण्डकाव्यको उद्देश्य रेहेको पाइन्छ । दिवंगत स्रष्टाहरुको स्वर्गीय हालखवर समेत प्रस्तुत गरिएको छ । त्यसैले नेपाली कविता साहित्यमा ल्याएको राम्रा नराम्रा असरहरुको चर्चा गर्नु यस खण्डकाव्यको मूख्य उद्देश्य रहेको छ ।

## ११. शीर्षक सार्थक

यस काव्यमा दिवंगत महाकवि देवकोटासित वार्तालाप गरेको शैलीमा नेपाली साहित्यका केही विगतका स्रष्टा र कृतिको चर्चाका साथै ाविताको वर्तमान धारा भविष्यको केही आश पनि राखेको पाइन्छ । कवि स्वयं छन्दका लेखक भएकाले गद्य कविताहरु प्रति केही

वितृष्णा जनाएका छन् । साथै आयामेली लेखनदेखि लिला लेखन सम्मका कुरामा पनि केही प्रश्न चिन्हहरु उभ्याएको पनि काव्यमा अनुभुति हुन्छ । यस काव्यमा व्यङ्ग्यलोचन नामको एउटा काल्पनिक पात्र र मृत्युपछि स्वर्गको सुख भोगीरहेका महाकवि लक्ष्मीप्रसाद देवकोटा विच भएको संवाद काव्यमा प्रस्तुत भएकोले "भूमिगत" खण्डकाव्यको शीर्षक सार्थक रहको छ ।

## ४.४.१२ "भूमिगत" खण्डकाव्यको निष्कर्श

कवि झाँक्रीखालेको "भूमिगत"(२०६६) तेस्रो प्रकाशित खण्डकाव्य हो । व्यङ्ग्यलोचन नामको एउटा काल्पनिक पात्र र मृत्यु पछि स्वर्गको सुख भोगिरहेका महाकवि लक्ष्मीप्रसाद देवकोटा बीच भएको संवाद प्रस्तुत भएको छ । नेपाली साहित्यका केही जीवित र केही दिवंगत कवि, साहित्यकारहरुको चर्चा र स्वर्गीय चर्चा र स्वर्गीय हाल खवर समेत सोधपुछ गरिएको छ । यस काव्यमा अनुष्टुप छन्द, अधिक र झ्याउरे, मन्दाक्रान्ता शिखरिणि, शार्दूलविक्रीडित तथा स्वागता गरी जम्मा छ वटा छन्दहरुमा रचिएको छ । यस खण्डकाव्यमा भानुभक्त आर्चाय देखि वर्तमान प्रवासी साहित्यकार इन्द्रवहादुर राई सम्मका धेरै जना कवि, साहित्यकारहरुको साहित्यिक प्रवृति प्रस्तुत गरिएको

# परिच्छेद पाँचौ

## ५.१ उपसंहार

यो शोध पत्र त्रिभुवन विश्व विद्यालय, मानविकी तथा समाज शास्त्र संकाय अन्तर्गत स्नातकोत्तर दशौं पत्रको प्रयोजनको लागि तयार परिएको हो । शोधका लागि चयन गरिएको शीर्षक साहित्यसँग सम्बन्धित छ । मेची अन्चलको पहाडी जिल्ला इलामको फुएतप्पा गाविसलाई स्थायी ठेगना बनाई साहित्य साधनमा लागि परेका स्रष्टाका लेखहरुलाई सबै सामु परिचित गराई नेपालका गाउँबेशी, विकट पहाड, पर्वत, खोज आदिमा जन्मेर ओझेलमा परेका स्रष्टाहरुलाई अलिकति अगाडि लैजनाका लागि यो शोधपत्रको शीर्षक चयन गरिएको हो ।

वि.स. २०१० सालमा मेचि अञ्चलको पाँचथर जिल्लाको मौवा डाँडा गाउँ विकास समितिमा जन्मेका झाँक्रीखोले सानै उमेरदेखि विभिन्न कार्यक्रमहरुमा फुटकर रचनाहरुको माध्यमबाट सहभागी लिदैं विभिन्न पत्रपत्रिकामा प्रकाशन गरि नेपाली साहित्यका विविध विधाहरु कविता, कथा, निबन्ध, खण्डकाव्य, गजल आदि सबै क्षेत्रमा उतिकै प्रखर रुपमा अगाडि बढेका झाँक्रीखोलेका जम्मा पाँचवटा पुस्तकाकार कृतिहरु प्रकाशित छन् । वि.स. २०५९ सालमा "चारखोलाको लहर" कविता संग्रहको प्रकाशित गरेर शुरु भएको हो । उनको खण्डकाव्यहरु क्रमशः ''कवितासँग बिछोड'' (२०६०), "ब्यौलीढुङ्गामन्तिर" (२०६२), "भूमिगत" (२०६६) र "कथाभित्रको व्यथा" (कथा संग्रह) पनि प्रकाशित भएको छ । ती कृतिहरु मध्ये पनि झाँक्रीखोलेका कविता तथा खण्डकाव्य कृतिहरु "चारखोलाको लहर", "कवितासँग बिछोड", "ब्यौलीढुङ्गामन्तिर" र ''भूमिगत" कृतिहरुको समग्र मूल्याङ्कन गरिएको छ।

कवि झाँक्रीखोलेद्धारा रचना गरिएको "चारखोलाको लहर" कविता संग्रह पहिलो प्रकाशित कृति हो । नेपाली समाजमा झल्झली देखिरहेका विविध विषयवस्तुलाई कविता माध्यमबाट सारा पाठक सामु पुराउन सफल झाँक्रीखोलेको यो संग्रहमा जम्मा ३८ वटा लामा छोटा कविताहरु छन् । समाजमा व्यक्त गरिबी, भोकमरि, थिचोमिचो, चाप्लुसी, सडयन्त्र, दमन, अत्यचार वर्गीय तथा लिङ्गीय विभेद आदिलाई कवितमात्मक बान्कीमा ढालेका छन् । शहिदहरुको कर्मठता, त्याग र बलिदानको प्रशंसा गरेका छन् ।

कवि झाँक्रीखोलेद्वारा रचना गरिएको "कवितासँग विछोड" खण्डकाव्य दोस्रो प्रकाशित काव्य कृति हो । यस खण्डकाव्यमा कवि कवितासँग बिछोड शीर्षक राखेर रचिएको भएपनि कविता सँग कहिल्यै बिछोड नहोस भन्ने भाव व्यक्त गर्दछ । विभिन्न बिम्ब र प्रतीकको रुपमा नेपाली समाज युगीन चेतना र नेपाली सँस्कृतिका पुनर्जागरणका स्वरहरु यस खण्डकाव्यका विषयवस्तुका रुपमा आएका छन् । नेपाली कविताको मौलिकता हराउँदै गएको छ । त्यसैले नेपाली कविता लेखनको मौलिकतालाई विर्सनु हुदैन भन्ने सन्देश यस संग्रहले दिन खोजेको छ

। कवि झाँक्रिखोलेद्धारा रचना गरिएको "ब्यौलिढुङ्गामन्तिर" खण्डकाव्य तेस्रो प्रकाशित कृति हो । पाँच खण्ड र ४३ उपखण्डमा विभाजन गरिएको छ । यस काव्यको कथावस्तु मगरपुत्री सन्दीपा र  उच्च वर्णको सिद्धिबोल बीचको प्रेम विवाह र अमिल्दो वर्णव्यावस्था बीच आउने अफ्ठ्याराहरुको व्यवस्थित संयोजन हो । त्यहाँका रीति -थिती, चाडपर्व र गीत सङ्गीतका वर्णन आर्कषक छन् सजीव छन् । नेपालको मौलिकता यस खण्डकाव्यमा प्रस्तुत गरिएको छ । ''भूमीगत'' खण्डकाव्य झाँक्रीखोलेको चौथो प्रकाशित काव्य कृति हो । व्यङ्ग्यलोचन नामको एउटा काल्पनिक पात्र र मृत्युपछि स्वर्गको सुख भोगिरहेका महाकवि लक्ष्मीप्रसाद देवकोटा बीच भएको सम्वाद काव्यमा प्रस्तुत भएको छ । नेपाली साहित्यका केही जीवित र केही दिवङ्गत कवि, साहित्यकारहरुको चर्चा र स्वर्गीय हालखवर समेत सोधपुछ गरिएको छ । अनुष्टुप छन्द, अधिक र झ्याउरे, मन्दक्रन्ता, शिखरिणी, शार्दूलविक्रिडित तथा स्वागता गरी जम्मा छ वटा छन्दहरुमा रचिएका छन् । यस खण्डकाव्यमा भानुभक्त आचार्यदेखी वर्तमान प्रवासी सात्यिकार इन्द्रवहादुर राई सम्मका धेरै जना कवि साहित्यकारहरुको साहित्यिक प्रवृति तथा प्रस्तुत गरिएको छ । नवप्रकाशित 'कथा संग्रहमा "कथाभित्रको व्यथा" (२०६६) ले उनलाई युगल कथाकारका रुपमा समेत चिनाएको छ । यस कथासंग्रहमा जम्मा १४ वटा कथाहरु संकलित छन् । सामाजिक यर्थाथता, यौनमनोविज्ञानको प्रयोग र मिथकिय तत्वहरुको प्रयोग यस संग्रहमा संकलित कथाहरुमा पाइन्छ ।

झाँक्रीखोलेका कृतिहरुको भाषाशैली सरल स्पष्ट छ । काव्यमा प्रयोग गरिने तत्वहरुका दृष्टिले पनि उनका कृति कम छैनन् । रसात्मकता, विम्बात्मकता, सहजता, सरलता जस्ता गुणहरुले कृतिहरु सम्पन्न छन् ।

## ५.२ सम्भाव्य शोध शीर्षकहरु

साहित्यकार झाँक्रीखोलेको बारेमा अरुपनि अध्ययन अनुसन्धानका सम्भावनाहरु रहेका छन् । यस शोधपत्रमा सबै पक्षको अध्ययन, विश्लेषण र मुल्याङ्कन भएको छैन । अतः भविष्यमा झाँक्रीखोलेको शोध गर्ने शोधार्थीहरुका निम्ती विचारार्थ केही प्रस्तावहरु उल्लेख गर्न आवश्यक ठानिएको छ । झाँक्रीखोलेको कृतिहरलाई हेर्दा भविष्यमा निम्नअनुसारको शीर्षकमा थप शोधकार्य गर्न सकिने सम्भावना देखिन्छ ।

१. झाँक्रीखोलेको "कथा भित्रको व्यथा" कथा संग्रहको कृतिपरक अध्ययन विश्लेषण र मूल्याङ्कन

२. निबन्धकार झाँक्रीखोलेको प्रवृतिगत विश्लेषण र मूल्याङ्कन,

## ५.२ सन्दर्भ - ग्रन्थसुची


१. आर्चाय कृष्णप्रसाद, गौतम नारायण प्रसाद, आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, काठ्माण्डौ : दिक्षान्त पुस्तक भण्डार, २०६१ ।

२. ओभ्का, डा. रामनाथ, गिरी मधुसूदन, लोक साहित्य, आधुनिक नेपाली साहित्य र नेपाली निबन्ध, नयाँबजार, कीर्तिपूर, काठ्माण्डौ, २०५८ ।

३. ओभ्का, डा. रामनाथ, गिरी मधुसूदन, लोक साहित्य, आधुनिक नेपाली साहित्य र नेपाली निबन्ध, नयाँबजार, कीर्तिपूर, काठ्माण्डौ, २०५८ ।

४. ओभ्का, डा. रामनाथ, गिरी मधुसूधन, शोध सिर्जना र संस्कृत काव्यशास्त्र, न्यू हिरा बुक्स इन्टरप्राइजेज, कीर्तिपूर, काठ्माण्डौ, २०५८ ।

५. अधिकारी हेमङ्गराज, भट्टराई बद्रीविशाल, नेपाली शव्दकोष, विद्यार्थी प्रकाशन प्रा.ली. कमलपोखरी काठमाण्डौं : २०६१ ।

६.ढकाल, प्रा. डा. भुपति विश्वेश्वर प्रसाद कोइरालाको कथा र उपन्यासको बिश्लेषण, काठ्माण्डौ, २०६१ ।

७. घिमिरे, वृद्धि समालोचना कुसुम, इलाम : २०६५ ।

८. पौड्याल, कृष्णविलास, नेपाली साहित्यको ऐतिहासिक परिचय र नेपाली समालोनचा काठमाण्डौं : २०५९ ।

९. भुजेल, ध्रुवकुमार, नेपाली व्याकरण तथा रचना, उत्तम प्रकाशन राजविराज : २०४६ ।

१०. लुइटेल, खगेन्द्रप्रसाद, कविता सिद्धान्त र नेपाली कविताको इतिहास काठ्माण्डौ साभ्का प्रकाशन, २०६० ।

११. शर्मा, विनयकुमार नेपाली शव्दकोष, शव्दार्थ प्रकाशन, चाबेल काठ्माण्डौ : २०६३ ।

१२. त्रिपाठी, वासुदेव, नेपाली कविता भाग - ४, साभ्का प्रकाशन, २०४६ ।

१३. त्रिपाठी, वासुदेव, नेपाली कविता भाग-२, साभ्का प्रकाशन, २०४८ ।

१४. थापा, मैया साहित्यकार गजमोहन शाक्यको कविता कृतिको अध्ययन विश्लेषण र मुल्याङ्कन, स्नाकोत्तर शोध पत्र, नेपाली केन्द्रिय विभाग, म.र.ब. इलाम २०६७।

१५. पाठक, गुरुप्रसाद, कवि भ्काँक्रीखोलेको जीवनी व्यक्तित्वको अध्ययन, ।

स्नाकोत्तर शोध पत्र, नेपाली केन्द्रिय विभाग, म.र.ब. इलाम २०६७।